# भाग -१
# परिचय

## १.१ भूमिका

सहकारी भन्नाले स्वावलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारीता, खुलापन, सामाजिक उत्तरदायित्व लगायतका मूल्य बोकी विभिन्न व्यक्तिहरुले स्वेच्छिक रुपमा आफ्नो सामाजिक, आर्थिक र सांस्कृतिक  हितका लागि स्थापना गरिएको स्वायत्त संस्था हो । सहकारीले एकै स्थानमा बसोबास गर्ने व्यक्तिहरुको स्वामित्व वा व्यवस्थापनमा रहेको गैर नाफामूलक संस्था तथा व्यापारलाई समेत समावेश गर्दछ ।

सरकारले नेपालका सहकारीहरुलाई विकास कार्यक्रमहरुको एक अभिन्न अंगका रुपमा लिइरहेको छ । नेपालमा अधिकतम् सहकारीहरु कृषि खेती र कृषि उत्पादन क्षेत्रमा क्रियाशील छन् । कृषिलाई नेपालको अर्थतन्त्रको मुख्य आधारको रुपमा लिइन्छ, जुन ८०% जनसंख्याको जीविकोपार्जनको श्रोत हो । कृषकहरुलाई आफ्नो श्रोत साधन, माग तथा उत्पादन आदिको अधिकतम् उपयोग गर्नको लागि तथा सरकार र व्यापारिक फार्म समक्ष प्रतिनिधित्व गर्नको लागि सहकारी सबैभन्दा उपयुक्त संस्था बन्न सक्दछ ।

### आधुनिक सहकारीको परिचय

सहकारी सिद्धान्त, मूल्य तथा मान्यताको विकासलाई प्रवर्धन र सहयोग पुर्‍याउन सन् १९५४ मा कृषि मन्त्रालय अन्तर्गत सहकारी संस्थाहरूको नियमनकारी निकायका रुपमा सहकारी विभागको स्थापना भएको हो । सहकारी राहत र पुनर्वास कार्यक्रमको हिस्साको रूपमा चितवन जिल्लामा असीमित दायित्वको साथ बखान सहकारी क्रेडिट संस्था नेपालमै पहिलो सहकारी संस्थाको रुपमा गठन गरिएको थियो । सन् १९५९ मा पहिलो सहकारी संस्था ऐन लागु भएपछि सहकारी संस्थाहरुलाई कानूनी रूपमा मान्यता दिइएको हो ।

## १.२ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकार

सहकारी तथा गरिबी निवारण मन्त्रालयको गठन वि.सं. २०६९ मा सहकारी क्षेत्रको विकास र देशमा गरिबी निवारण तथा सहकारी क्षेत्रको विकासका लागि भएको हो । २०७५ सालमा भूमि सुधार मन्त्रालय र सहकारी तथा गरीबी निवारण मन्त्रालय आपसमा गाँभिएर हाल भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयवाट सहकारी विकासका कामहरु भइरहेको छ । सहकारी संस्था, संघ र महासंघहरुको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहकारीका प्रमुख कार्य क्षेत्रहरू वृहतस्तरमा नीति निर्माण, कार्यान्वयन, मूल्यांकन, सहकारी तथा गरिबी निवारण सम्बन्धी योजना र कार्यक्रम बनाउने, विकासको लागि योगदान दिने, सहकारीको सुदृढीकरण र नियमन गर्ने आदि हुन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी बिभागले नियमनकारी निकायका रुपमा काम गरिरहेको छ भने राष्ट्रिय सहकारी बोर्डले सहकारीको प्रबर्धनकारी निकायका रुपमा काम गरिरहेको छ । हाल देशमा लगभग ३४,००० भन्दा बढि सहकारी संस्थाहरू छन् । हजारौंका संख्यामा रहेका सहकारी संस्थाले सुशासनको माध्यमबाट आफ्ना सदस्यहरूलाई सेवा दिन प्रमुख भूमिका खेल्ने गर्दछन् र आर्थिक, सामाजिक तथा सांस्कृतिक उद्देश्य हासिल गर्न सहयोग गर्दछन् । सहकारी संस्थाको प्रभावकारिता व्यापक रुपमा सहकारीमा सुशासन हासिल गर्नका लागि आवश्यक कानून, मापदण्ड, मान्यता तथा प्रकृया सहित पारदर्शिता, सहभागिता, दूरदर्शिता तथा जवाफदेहिताका साथसाथै लेखा नीति, चार्ट अफ् एकाउन्ट तथा लेखामान आदि जस्ता आवश्यक वित्तीय औजारको पालना आदिमा निर्भर गर्दछ । तसर्थ राष्ट्रिय सहकारी नीति, २०६९ मा उल्लेख गरिए अनुसार भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय प्रभावशाली सुशासनको लागि आवश्यक नियमन, पारदर्शिता र जवाफदेहिताका लागि प्रतिबद्ध रहेको छ । यस प्रयासमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारीमा सुशासन पद्धतिका साथ-साथै लेखा नीति, चार्ट अफ एकाउन्ट र लेखा प्रतिबेदन निर्माण गर्न लागिरहेको छ । संस्थागत सुशासनका लागि सहकारी संस्थाहरूमा वित्तीय सुरक्षा, स्थिरता र सुदृढ वित्तीय अभ्यास, परिचालन क्षमता, प्रतिस्पर्धात्मकता,

सदस्य तथा कर्मचारीको सन्तुष्टि आदि आवश्यक हुन्छन् । सहकारी संस्थामा विश्वसनीयता र व्यापकता सुनिश्चित गर्नका लागि सुशासन एक महत्वपूर्ण पूर्वाधार हो । नेपालमा सहकारी संस्थाहरूको द्रुत रुपमा बढ्दो संख्याको सन्दर्भमा वित्तीय कारोबारमा एकरुपता कायम गर्न र सहकारी क्षेत्रको विश्वासनीयता सुनिश्चित गर्न सुशासनको मुद्दा एक प्रमुख चिन्ताको विषय भएको छ । वर्षौंदेखि सहकारी संस्थाहरूको कार्यसम्पादनमा कमजोरी देखिंदै आएका छन् (विशेष गरी कमजोर वित्तीय प्रणाली तथा अभ्यास भएका सहकारी संस्थाहरु) । जसका कारणहरूमा सहकारी संस्था र संघहरु सञ्चालन र व्यवस्थापनका क्रममा सहकारी कानून, नियम, मापदण्ड, मूल्य मान्यताको पालना नगर्नु आदि हुन् र जसले सहकारी संघ र संस्थाको सञ्चालन र व्यवस्थापनमा गैरजवाफदेहीता, गैरसहभागिता, गैरपारदर्शिता तर्फ उन्मुख गराउदछ । सुशासन लागु नहुनुको प्रमुख अवरोध मध्ये सहकारी संस्थाहरूमा सुदृढ र उत्तरदायी लेखा प्रणाली, लेखा नीति, चार्ट अफ एकाउन्ट र लेखा तथा वित्तीय व्यवस्थापनको अभाव एक हो । नेपालका सहकारी क्षेत्रमा सुशासन सुनिश्चित गर्नका लागि सहकारी संस्थाको प्रभावकारी निगरानी र नियमन, आचारसंहिताको अनुकरण र ग्रहण, कार्यकारी समितिको समय-समयमा चुनाव र पेशागत मापदण्ड पालना आवश्यक छन् । नेपालको सहकारी आभियानमा सुशासनको सुनिश्चितताका निम्ति विद्यमान सहकारी ऐन, नियमावली, आचरसंहिता, निर्देशिका तथा प्रकृयाहरूको समीक्षा गर्न आवश्यक छ । त्यसैगरी, सहकारी संस्थामा विश्वासनीय वित्तीय व्यवस्थापन प्रणाली कायम गर्न सुशासनको आवश्यकता पर्दछ । त्यसै अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यी कार्य पूरा गर्न पर्याप्त जनशक्ति र विशेषज्ञको अभावमा योग्य परामर्शदातालाई नियुक्त गरी सहकारी क्षेत्रको सञ्चालनमा सुशासन सुनिश्चित गर्ने वित्तीय व्यवस्थापन प्रणालीलाई ध्यानमा राखी सबै प्रकारका सहकारी संस्थाहरूलाई लागू हुने गरी लेखा नीति, चार्ट अफ एकाउन्ट र लेखा प्रारुप तयारीको योजना बनाएको हो ।

## १.३ यस कार्यको उद्देश्य

यस कार्यको मुख्य उद्देश्य निम्नानुसार छन्ः

- लेखा नीति, चार्ट अफ एकाउन्ट र लेखा प्रारुपको कार्यान्वयनको माध्यमबाट नेपालमा सहकारी क्षेत्रको सुशासनलाई सुदृढ़ र संस्थागत बनाउने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी मापदण्डहरुको तुलनात्मकता अभिवृद्धि गर्नको लागि समान वित्तीय र लेखा प्रणालीको विकास गर्ने,
- नेपालको सहकारी क्षेत्रका लागि चार्ट अफ् एकाउन्ट , लेखा नीति, लेखा प्रारुपको विकास गर्ने

## १.४ यस कार्यको कार्यक्षेत्र

यस कार्यको कार्यक्षेत्र भित्र पर्ने बिशेष गतिविधिहरू निम्नानुसार छन्ः

### १.४.१ पुस्तकको मुल्याङ्कन

हाम्रो कार्य अन्तर्गत पहिलो चरणमा, हामीले सहकारी संस्थाहरू र तिनीहरूको लेखा प्रणालीसँग सम्बन्धित पुस्तकहरू संकलन र समीक्षा गरेका छौं । त्यस्ता पुस्तकहरूले हामीलाई नियम कानून, नीतिहरु, लेखा र श्रेस्ता प्रणालीका साथै सहकारी संस्थाको विभिन्न क्षेत्रका कामका बारेमा जानकारी हासिल गर्न मद्दत पुर्यायो । हामीले उक्त पुस्तकहरु पुस्तक पसल, पुस्तकालय, विभिन्न कार्यालय र विभागबाट यस कार्यको भ्रमणका क्रममा संकलन गरेका थियौ । हामीले संकलन र समीक्षा गरेका केही प्रमुख पुस्तकहरू यसप्रकार छन्ः

- सहकारी ऐन, २०७४
- सहकारी नियमावली, २०७५
- सहकारी मापदण्ड, २०६८
- राष्ट्रिय सहकारी नीति, २०६९
- सहकारी संस्था दर्ता दिग्दर्शन (स्थानीय तह ), २०७४
- Philippine Government Chart of accounts for co-operatives
- Philippine Financial Reporting Framework for co-operatives

- नेफ्स्कुनद्धारा निर्मित लेखा नीति, चार्ट अफ् एकाउन्ट र वित्तीय रिपोर्टिङ ढाँचा
- नेपाल वित्तीय प्रतिवेदन मान (NFRS)
- लेखाङ्कन नीति, नियमहरु र नेपाल सरकारको दिशानिर्देशन
- सहकारी संस्थाहरूको PEARLS विश्लेषण
- सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, राष्टिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ र नेफ्स्कूनद्वारा प्रकाशित अन्य विभिन्न पुस्तक र सामग्री

### १.४.२ भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारीहरु तथा सम्बन्धित निकाय र संस्थाहरुसँग  बैठक तथा परामर्श

हामीले भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मन्त्रालयको समकक्षी टोलीसँग विस्तृत बैठक र परामर्श गरेका छौं । हामीले सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, नेपाल लेखामान बोर्ड, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) सँग परामर्श बैठक गरेका थियौं । यस सन्दर्भमा हामीले अध्ययन उपकरण (साक्षात्कारको लागि प्रश्नावली, परामर्श र अन्तरक्रियाको लागि जाँचसूची र फोकस समूह छलफल (FGDs) का साथै सहकारी तथा गरिबी निवारण मन्त्रालयका टोलीसँग परामर्शमा अध्ययनका साथै संरचना र कार्यसूची बिकास गर्‍यौं ।

### १.४.३ स्थलगत भ्रमण/सर्वेक्षण

हामीले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मन्त्रालयको समकक्षी टोलीसँग निम्न परामर्श गर्‍यौं ।

- हामीले प्रतिक्रिया र योगदान (feedback and input) लिनका लागि १० सहकारी संस्थाको कार्यालयमा परामर्श लिएका छौं ।
- हामीले सहकारीहरुको प्रकृति, कारोबार र गतिविधिको मात्राका आधारमा ३० प्राथमिक सहकारी संस्थासँग परामर्श लिएका छौं ।
- त्यसैगरी, हामीले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन), नेपाल केन्द्रीय कृषि सहकारी संघ लि., नेपाल केन्द्रीय

बहुउद्देश्यीय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि. र अन्य निकायसँग पनि परामर्श लिएका छौं ।

### १.४.४ ICA, WOCCU, ACCU, NEFSCUN, ICAN, NAS, NPSAS बाट चार्ट अफ् एकाउन्ट, लेखा नीति र सहकारी लेखा प्रतिबेदन संकलन तथा बर्गीकरण

हामीले नेपालमा रहेका सबैखालका सहकारी संस्थामा लागु हुने लेखा नीति र चार्ट अफ् एकाउन्ट संकलन गरेका छौं । हामीले ICA, WOCCU, ACCU, NEFSCUN, ICAN, NAS, NPSAS बाट पनि सामग्री संकलन गरेका छौं ।

### १.४.५ चार्ट अफ एकाउन्ट, लेखा नीति र सहकारी लेखा प्रतिबेदन तयार

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको अभ्यास, मापदण्ड र मूल्य मान्यताको अध्ययन, अवलोकन, तथा बैठकका आधारमा लेखा नीति, चार्ट अफ एकाउन्ट र सहकारी लेखा प्रतिबेदनको अनिवार्य र स्वेच्छिक प्रावधानहरूको विकास गरेका छौं ।

## १.५ सहकारी क्षेत्रका लागि लेखा प्रतिवेदनको आवश्यकता

सुशासनका लागि सहकारी संस्थाहरूमा वित्तीय सुरक्षा, स्थिरता र सुदृढ वित्तीय अभ्यास, परिचालन क्षमता, प्रतिस्पर्धात्मकता, सदस्य तथा कर्मचारीको सन्तुष्टि आवश्यक पर्दछ । सहकारी संस्थाको प्रभावकारिता व्यापक रुपमा सहकारीमा सुशासन हासिल गर्नका लागि आवश्यक कानून, मापदण्ड, मान्यता तथा प्रकृया सहित पारदर्शिता, सहभागिता, दूरदर्शिता तथा जवाफदेहिताका साथसाथै लेखा नीति, चार्ट अफ् एकाउन्ट तथा लेखामान आदि जस्ता आवश्यक वित्तीय औजारको पालना आदिमा निर्भर गर्दछ । नेपालमा सहकारी संस्थाहरूको द्रुत रुपमा बढ्दो संख्याको सन्दर्भमा वित्तीय कारोबारमा एकरुपता कायम गर्न र सहकारी क्षेत्रको विश्वसनीयता सुनिश्चित गर्न सुशासनको मुद्दा एक प्रमुख चिन्ताको विषय भएको छ । वर्षौंदेखि सहकारी संस्थाहरूको कार्यसम्पादनमा कमजोरीहरु देखिंदै आएका छन् (विशेष गरी कमजोर वित्तीय प्रणाली तथा अभ्यास भएका सहकारी संस्थाहरु) सुशासन लागु

नहुनुको प्रमुख अवरोध मध्ये सहकारी संस्थाहरूमा सुदृढ र उत्तरदायी लेखा प्रणाली, लेखा नीति, चार्ट अफ् एकाउन्ट र लेखा तथा वित्तीय व्यवस्थापनको अभाव एक हो । नेपालको सहकारी क्षेत्रमा सुशासन सुनिश्चित गर्नका लागि सहकारी संस्थाको प्रभावकारी निगरानी र नियमन, आचारसंहिताको अनुकरण र ग्रहण, कार्यकारी समितिको समय-समयमा चुनाव र पेशागत मापदण्ड पालना आवश्यक छन् । नेपालमा रही आएको सहकारी अभियानमा सुशासन सुनिश्चित गर्नका निम्ति सहकारी ऐन, नियमावली, विनियम, आचरसंहिता, दिशानिर्देश र प्रकृयाहरू समीक्षा गर्न आवश्यक छ । त्यसैगरी, सहकारी संस्थामा विश्वासनीय वित्तीय व्यवस्थापन प्रणाली कायम गर्न सुशासनको आवश्यक पर्दछ ।

# भाग -२
# सहकारीको लागि नेपाल वित्तीय प्रतिवेदन प्रारुप

## २.१ पृष्ठभूमि

नेपालमा सहकारी संस्थाहरू राष्ट्रको समग्र विकासको मुख्य स्तम्भको रूपमा स्थापित भएको छ । यस क्षेत्रको वृद्धिसँगै निष्पक्ष, पारदर्शी, बैज्ञानिक, समान लेखाङ्कन अभ्यासको आवश्यकतामा बृद्धि भएको छ । नेपाल वित्तीय प्रतिवेदन प्रारुपद्वारा निर्देशित अन्य व्यवसायिक संस्थाहरू र कम्पनी बाहेक सहकारी संस्थाहरूसँग सम्बन्धित यस्तो लेखा प्रतिबेदन प्रारुप उपलब्ध छैन । यस्तो आवश्यकताको उपस्थितिले सहकारीका लागि नेपाल वित्तीय प्रतिवेदन प्रारुपको मस्यौदा तयार गरिएको छ । यस्तो प्रारुप र मस्यौदाको मुख्य लक्ष्य समान, पारदर्शी, वैज्ञानिक र अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य लेखाङ्कन सिद्धान्त र प्रथाहरुको स्थापना गर्नु हो ।

सहकारी संस्थाका लागि नेपाल वित्तीय प्रतिवेदन प्रारुप, नेपाल वित्तीय प्रतिवेदन मान, नेपाल लेखा मान, सहकारी नियमावलीलाई ध्यानमा राखेर तयार पारिएको हो । यस प्रारुपको मुख्य विशेषता सबै खालका सहकारी संस्थाका लागि लेखा नीति निर्धारण गर्नु हो । यस प्रारुप सरल र साधारण भाषामा सरल बुझाइ र व्यापक प्रयोगका लागि तयार गरिएको हो र यस प्रतिवेदनको हरेक परिच्छेदले यसका प्रयोगकर्तालाई लेखा नीति र त्यसका प्रस्तुतीकरणको बारेमा प्रष्ट पार्दछ । यस प्रारुपले हाम्रो स्थलगत भ्रमणका क्रममा देखा परेका प्रत्येक समस्यालाई संबोधनका साथसाथै हल पनि गर्दछ ।

## २.२. प्रारुपका सामान्य प्रावधानहरु

# परिच्छेद - १
## सहकारी संस्थाका लागि वित्तीय प्रतिवेदनको अवधारणा

### १. क्षेत्र (Scope)
यस वित्तीय प्रतिवेदनको अवधारणाले निम्न कुराहरुलाई सम्बोधन गर्दछः

(क) सहकारी संस्थाको वित्तीय प्रतिवेदनको उद्देश्य

(ख) आवश्यक वित्तीय जानकारीको गुणात्मक विशेषता

(ग) वित्तीय विवरणका तत्वहरुको परिभाषा, मान्यता र मापन

(घ) पूँजी तथा पूँजी संरक्षणको अवधारणा

### २. सहकारी संस्थाको वित्तीय विवरणको उद्देश्य
सहकारी संस्थाको वित्तीय विवरणको उद्देश्य आर्थिक निर्णयका लागि (Economic Decision-making) आवश्यक वित्तीय स्थिति, कार्य संचालन विवरण र नगद प्रवाह सम्बन्धी जानकारी दिनु हो ।

वित्तीय विवरणले व्यवस्थापनको जवाफदेहिताको अवस्थालाई पनि दर्शाउँछ ।

### ३. वित्तीय विवरणका गुणात्मक विशेषताहरु
वित्तीय विवरणका मौलिक गुणात्मक विशेषताहरु निम्नानुसार छन्

### ३.१ सान्दर्भिकता (Relevance)
वित्तीय विवरणमा दिइएको जानकारी प्रयोगकर्ताको आर्थिक निर्णयको लागि सान्दर्भिक हुनुपर्दछ । सूचनामा गुणस्तरको सान्दर्भिकता तब हुन्छ जब त्यसले प्रयोगकर्तालाई भूत, वर्तमान वा भविष्यका घटनाहरुको मूल्याङ्कन, वा विगतका मूल्याङ्कनहरुको पुष्टि वा सुधार गरी प्रयोगकर्ताको आर्थिक निर्णयलाई प्रभाव पार्ने क्षमता राख्दछ ।

### ३.२ सारयुक्तता (Materiality)
सूचना महत्वपुर्ण हुन्छ र यो सान्दर्भिक तब हुन्छ जब यसको छुट वा गलत प्रस्तुतिकरणले गर्दा प्रयोगकर्ताले वित्तीय विवरणको आधारमा लिने

आर्थिक निर्णयमा प्रभाव पार्दछ । सारयुक्तता तत्वको आकार वा विशेष परिस्थितिमा हुने यसको छुट वा गलत प्रस्तुतिकरणका कारण हुने गल्तीको समीक्षामा भर पर्दछ ।

### ३.३ विश्वसनीय प्रतिनिधित्व (Faithful Representation)

विश्वासनीय विवरणले आर्थिक आयामलाई शब्द र अंङ्कमा प्रतिनिधित्व गर्दछ । विश्वासनीय प्रतिनिधित्वका तिनवटा विशेषता हुन्छन् । पूर्ण, तटस्थ र गल्तीबाट मुक्त । सञ्चालक समितिको उद्देश्य ती गुणहरुलाई संभव भएसम्म अधिकतम गर्नु हो ।

### ३.४ तुलनात्मकता (Comparability)

सहकारी संस्थाको वित्तीय स्थिति तथा कार्यप्रगतिको प्रवृति पत्ता लगाउन तथा वित्तीय स्थिति, कार्यप्रगति तथा नगद प्रवाहको मूल्याङ्कन गर्नको लागि वित्तीय विवरणको समयगत रुपमा तुलना गर्न प्रयोगकर्ता सक्षम हुनुपर्दछ । साथसाथै प्रयोगकर्ता वित्तीय विवरणको तयारीमा प्रयोग गरिएको लेखा सिद्धान्त र उक्त सिद्धान्तमा भएको परिवर्तन तथा सोको असरको बारेमा जानकार हुनुपर्दछ ।

### ३.५ प्रमाणीकता (Verifiability)

प्रमाणिकता भन्नाले विभिन्न जानकार तथा स्वतन्त्र निरीक्षकहरुले कुनै पनि प्रस्तुतीकरण विश्वासनीय प्रतिनिधित्व हो भनी सर्वसम्मतीमा पुग्न सक्ने अवस्थालाई जनाउँछ । सहकारीको हकमा प्रमाणीकता दुई किसिमका हुन्छन्ः प्रत्यक्ष (Direct) र अप्रत्यक्ष (Indirect)। प्रत्यक्ष प्रमाणीकता भन्नाले प्रत्यक्ष अवलोकनद्वारा रकम र अन्य प्रतिनिधित्वको प्रमाणीकता भन्ने बुझिन्छ । अप्रत्यक्ष प्रमाणीकता भन्नाले कुनै मोडेल, सूत्र वा अन्य प्रविधिमा आगतको (intput) जाँच वा त्यही तरिकाको प्रयोग गरेर प्रतिफलको (output) पुनःगणना भन्ने बुझिन्छ ।

### ३.६ समयबद्धता (Timeliness)

कुनै पनि वित्तीय जानकारी सान्दर्भिक हुनको लागि त्यसले प्रयोगकर्ताहरुको आर्थिक निर्णयलई प्रभाव पार्न सक्षम हुनुपर्छ । समयबद्धताले समयसीमा भित्र प्रयोगकर्ता र सम्बन्धित निकायलाई जानकारी उपलब्ध गराउँछ ।

### ३.७ बुझाइ (Understandability)

वित्तीय विवरणमा उल्लेख गरिएका जानकारीहरु लेखा, व्यवसाय तथा आर्थिक कारोबारहरुको उचित ज्ञान तथा यथोचित तरिकाले वित्तीय जानकारीहरुको अध्ययन गर्ने तत्परता भएको व्यक्तिले विस्तृत रुपमा बुझ्न सक्ने गरी प्रस्तुत गर्नुपर्ने हुन्छ । तर वित्तीय विवरणमा आवश्यक पर्ने विवरण बुझ्न गाह्रो हुन्छ भनेर त्यसमा समावेश नगर्ने होइन ।

## ४. वित्तीय विवरणका अन्तरनिहित अवधारणा

### निरन्तरताको अवधारणा (Going Concern)

वित्तीय विवरण तयार गर्दा सहकारी संस्थाको व्यवस्थापनले यस प्रारुप (framework) को प्रयोग गरी सहकारी संस्थाको व्यवसायिक निरन्तरताको क्षमताको मूल्याङ्कन गर्नुपर्दछ । व्यवस्थापनले कारोवार बन्द नगरेसम्म अथवा संस्था विघटन गर्ने मनसाय वा बाध्यता नभएसम्म सहकारी संस्था निरन्तरताको अवधारणामा चलेको मानिन्छ । संस्थाको निरन्तरताको अवधारणा उपयुक्त छ कि छैन भन्ने कुराको मूल्याङ्कन गर्न व्यस्थापनले प्रतिवेदन अवधिबाट बाह्र महिना पछिका सम्बन्धित सम्पूर्ण उपलब्ध सूचनालाई मध्यनजर गर्नुपर्दछ।

संस्थाको व्यवसायिक निरन्तरताको क्षमता मूल्याङ्कनको क्रममा यदि व्यवस्थापनले कुनै घटना वा परिस्थितिसँग सम्बन्धित सारयुक्त अनिश्चितता, जसले संस्थाको व्यवसायिक निरन्तरताको क्षमता माथि गम्भीर आशंका सिर्जना गर्दछ भने वित्तीय विवरणमा त्यस्ता अनिश्चितताहरुको खुलासा गर्नुपर्दछ । सहकारी संस्थाले आफ्नो वित्तीय विवरण व्यवसायिक निरन्तरताको अवधारणामा

तयार नगरेको अवस्थामा सो तथ्य र कारण सहित जुन अवधारणामा तयार पारिएको हो त्यसको खुलासा गर्नुपर्दछ ।

## ५. वित्तीय विवरणका तत्वहरु

वित्तीय विवरणले कारोबार तथा अन्य घटनाहरुको आर्थिक विशेषताका आधारमा मुख्य वर्गमा सामूहिकरण गरी त्यस्ता कारोबार तथा अन्य घटनाहरुको चित्रण गर्दछ, जसलाई वित्तीय विवरणका तत्व (Elements) भनिन्छ र संस्थामा तिनीहरुको प्रकृति र कार्यको आधारमा वर्गीकरण गर्न सकिन्छ ।

## ५.१ वित्तीय स्थिति (Financial Position)

वित्तीय स्थिति भन्नाले कुनै निश्चित मितिमा वित्तीय विवरणमा प्रस्तुत गरिएको सम्पत्ति, दायित्व, र इक्वीटी बीचको सम्बन्धलाई जनाउँछ ।

(क) सम्पत्ति भनेको सहकारी संस्थाको नियन्त्रणमा रहेको त्यस्तो श्रोत हो जुन विगतका घटनाहरुको परिणाम हो र जसको कारणबाट सहकारीलाई भविष्यमा आर्थिक लाभको अपेक्षा हुन्छ ।

(ख) दायित्व विगतका घटनाहरुबाट उत्पन्न भएको सहकारीको एक जिम्मेवारी हो जसको फछ्र्यौट गर्दा संस्थालाई आर्थिक लाभ दिने श्रोतको बाह्य प्रवाहको अपेक्षा गरिन्छ ।

(ग) इक्विटी भनेको सबै दायित्वहरु कट्टी गरिसके पछि सम्पत्तिमा बाँकी भएको हित (Interest) हो ।

सम्पत्ति वा दायित्वको परिभाषा पुरा गर्दैमा सबै तत्वहरु वित्तीय स्थिति विवरणमा सम्पत्ति वा दायित्वको रुपमा पहिचान (Recognize) गर्न सकिदैंन जबसम्म ती तत्वहरुले सम्पत्ति वा दायित्व पहिचानको मापदण्ड (criteria) पूरा गर्दैनन् । कुनै सम्पत्ति वा दायित्व पहिचान हुनु पूर्व त्यसबाट सहकारी संस्थामा प्रवाह हुने आर्थिक लाभको अपेक्षाले संभाव्यताको मापदण्ड पूरा गर्दछ भन्ने पर्याप्त रुपमा निश्चित हुनैपर्दछ ।

**सम्पत्ति**

सम्पत्तिको कारणबाट हुने भविष्यको आर्थिक लाभ भनेको यसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थामा नगद वा नगद सरहको प्रवाहमा योगदान पुऱ्याउनु हो । यस्तो नगद प्रवाह सम्पत्तिको प्रयोग वा निःसर्गबाट सिर्जना हुन्छ ।

अधिकांश सम्पत्तिहरु जस्तै जायदात, प्लान्ट र उपकरणको (Property, Plant & Equipment) भौतिक (Physical) रुप हुन्छ । यद्यपि सम्पत्तिको अस्तित्वको लागि त्यसको भौतिक रुप नै हुनुपर्छ भन्ने हुदैंन । कुनै सम्पत्तिहरु अदृश्य (Intangible) पनि हुन सक्दछन् ।सम्पत्तिको अस्तित्व निर्धारण गर्न स्वामित्वको दावी आवश्यक हुदैंन । जस्तै, संस्थाले पट्टा (Lease) मा लिएको कुनै सम्पत्ति संस्थाको लागि तब सम्पत्ति हुन्छ जब त्यसबाट अपेक्षित लाभ माथि संस्थाको नियन्त्रण हुन्छ ।

**दायित्व**

दायित्वको एउटा महत्वपुर्ण विशेषता भनेको सहकारी संस्थाले निश्चित ढंङ्गले कार्य गर्नुपर्ने वर्तमान जिम्मेवारी हो । त्यस्तो दायित्व कानूनी (Legal) दायित्व वा रचनात्मक (Constructive) दायित्व हुन सक्दछ । कानुनी दायित्व कुनै बाध्यकारी सम्झौता (Binding Contract) वा वैधानिक आवश्यकताको कारण कानुनी रुपले लागू हुन सक्छ । रचनात्मक दायित्व त्यस्तो दायित्व हो जुन सहकारी कार्यहरुबाट व्युत्पन्न हुन्छ जस्तैः

(क) विगतका स्थापित प्रवृति, प्रकाशित नीतिहरु वा प्रयाप्त निश्चित वर्तमान विवरणको आधारमा सहकारीले निश्चित जिम्मेवारी सकारेको संकेत गरेको भएमा र

(ख) नतिजाको रुपमा, सहकारीले ती सबै जिम्मेवारीहरु पुरा गर्नेछ भनी अन्य पक्षहरुलाई मान्य हुने अपेक्षा सिर्जना गरेको भएमा ।

वर्तमान दायित्व निर्वाहले सामान्यतया नगदको भुक्तानी, अन्य सम्पत्तिको हस्तान्तरण, सेवाको प्रवाह, त्यस दायित्वको अर्को दायित्वसँग प्रतिस्थापन वा दायित्वको इक्वीटीमा रुपान्तरण जस्ता कार्यहरुलाई समेट्छ । दायित्वको समाप्ति अन्य तरिकाबाट पनि हुन्छ जस्तैः साहूद्वारा आफ्नो अधिकारको त्याग गरेमा ।

## इक्वीटी (Equity)

इक्वीटी भनेको सबै दायित्वहरु घटाइसके पछि सम्पत्तिमा बाँकी रहेको हित हो । यसलाई वित्तीय स्थिति विवरणमा सदस्यको इक्वीटी (Member's Equity) , वैधानिक कोष (Statutory Funds), चन्दा तथा अनुदान (Donation and Grants) र पुनर्मूल्याङ्कन जगेडा (Revaluation Surplus) को रुपमा वर्गीकरण गरिन्छ ।

## उपलब्धि (Performance)

उपलब्धि भनेको संस्थाको वार्षिक आय र व्यय बीचको सम्बन्ध हो । आय वा व्यय धेरैजसो उपलब्धिको मापन वा अन्य कुनै मापनको आधार जस्तैः लगानीमा प्रतिफलको रुपमा प्रयोग हुन्छ । आय र व्ययलाई निम्नानुसार परिभाषित गरिन्छः

(क) आय भनेको प्रतिवेदन अवधिमा आन्तरिक प्रवाह वा सम्पत्तिमा बृद्धि वा दायित्वमा कमी जसका कारण सदस्यबाट योगदान र अनुदान बाहेक इक्विटीमा हुने बृद्धिको रुपमा हुने आर्थिक लाभमा बृद्धि हो ।

(ख) व्यय भनेको प्रतिवेदन अवधिमा बाह्य प्रवाह वा सम्पत्तिमा गिरावट वा दायित्वमा बृद्धि जसका कारण सदस्यलाई गरिने बाँडफाँड बाहेक इक्वीटीमा हुने कमीको रुपमा हुने आर्थिक लाभमा कमी हो ।

आय र व्ययको पहिचान दायित्व तथा सम्पत्तिको पहिचान र मापनबाट हुन्छ ।

## आय

आयको परिभाषाले अम्दानी (Revenue) र लाभ (Gains) दुवैलाई समेट्दछ ।

(क) आम्दानी भनेको सहकारी संस्थाको सामान्य गतिविधि (Ordinary Activities) बाट भएको आय हो र यो बिक्री, सेवा प्रवाहबाट आय, कमीशन, ब्याज, लाभांश, रोयल्टी र भाडा जस्ता विविध नामले परिचित छ ।

(ख) लाभ त्यस्ता अन्य वस्तुहरु (Items) हुन् जुन आयको परिभाषामा त पर्छन् तर आय भने होइनन् । जब लाभलाई कार्य सञ्चालन विवरण

(Statement of operation) मा प्रस्तुत गरिन्छ त्यस्ता लाभको जानकारी आर्थिक निर्णय गर्नका लागि उपयोगी हुने भएकाले ती लाभको प्रस्तुति प्राय अलग्गै गरिन्छ ।

**<u>खर्च (Expense)</u>**

खर्चको परिभाषाले घाटा र सहकारी संस्थाको सामान्य गतिविधिको क्रममा हुने खर्चलाई समावेश गर्दछ ।

(क) खर्च सहकारीको सामान्य गतिविधिको क्रममा हुन्छ र त्यसले बिक्रीको मूल्य, ज्याला, ह्रास आदिलाई समेट्छ ।खर्चले प्राय बाह्य प्रवाहको रुपमा नगद वा नगद सरह, मौज्दात (Inventory), जायदात, प्लान्ट र उपकरण (Property, Plant & Equipment) जस्ता सम्पत्तिको गिरावटलाई जनाउँछ ।

(ख) नोक्सानी त्यस्ता तत्वहरु हुन् जुन खर्चको परिभाषामा आउँछन् र सहकारीको सामान्य गतिविधिबाट उत्पन्न हुन्छन् । त्यस्ता नोक्सानीको जानकारी आर्थिक निर्णय गर्नका लागि उपयोगी हुने भएकाले ती नोक्सानीको प्रस्तुति प्राय अलग्गै गरिन्छ ।

## ६. वित्तीय विवरणका तत्वहरुको पहिचान

पहिचान भनेको सम्पत्ति, दायित्व, आय वा व्ययको परिभाषामा आउने तत्वहरुलाई वित्तीय विवरणमा समावेश गर्नु हो र यसले निम्न लिखित मापदण्ड (Criteria) पूरा गर्दछः

(क) सहकारी संस्थामा वा संस्थाबाट तत्वसँग सम्बन्धित भविष्यमा हुने कुनै आर्थिक लाभको प्रवाह हुने संभाव्यता हुन्छ ।

(ख) तत्वको लागत वा मूल्य सजिलैसँग मापन गर्न सकिन्छ ।

माथि उल्लेखित मापदण्ड पूरा गर्ने तत्व पहिचान नभएमा त्यस्ता तत्वहरुलाई लेखाङ्कन मितिको खुलासा, लेखा टिप्पणी वा अन्य कुनै व्यख्यामा समावेश गर्रिदैन ।

## ६.१ भविष्यमा हुने आर्थिक लाभको संभाव्यता

वित्तीय विवरणमा तत्वसँग सम्बन्धित आर्थिक लाभको सहकारी संस्थाबाट हुने आन्तरिक वा बाह्य प्रवाहको अनिश्चितताको मात्रालाई जनाउन प्रथम पहिचान मापदण्डका रुपमा संभाव्यताको अवधारणा (Concept of Probability) प्रयोग गरिन्छ ।

भविष्यमा हुने आर्थिक लाभको प्रभावसँग जोडिएको अनिश्चितताको मात्राको मूल्यांकन प्रतिवेदन अवधिको अन्त्यमा वित्तीय विवरण तयार गर्ने क्रममा उपलब्ध हुने तथ्य र प्रमाणका आधारमा गरिन्छ ।

## ६.२ मापनको विश्वासनीयता (Reliability of Measurement)

कुनैपनि तत्वले लागत समावेश गर्छ तथा उक्त लागतको मूल्य विश्वासनीय रुपमा मापन गर्न सकिन्छ वा सकिदैन भन्ने कुरा उक्त तत्वको लेखाङ्कनको दोस्रो मापदण्डको रुपमा लिइन्छ । अधिकांश अवस्थामा तत्वको लागत वा मूल्य थाहा हुन्छ । थाहा नहुने अवस्थामा तत्वको लागत वा मूल्यको अनुमान गर्नुपर्दछ । उचित अनुमानको प्रयोग वित्तीय विवरण तयारीको एक महत्वपूर्ण भाग हो र यसले वित्तीय विवरणको विश्वासनीयतामा कमी ल्याउँदैन । कुनै तत्वको उचित अनुमान गर्न नसकेको अवस्थामा त्यसलाई वित्तीय विवरणमा पहिचान गर्दिैन ।

पहिचानको मापदण्ड पूरा गर्न नसक्ने तत्व क्रमिक परिस्थिति वा घटनाका कारण भविष्यको कुनै मितिमा पहिचानका लागि योग्य हुन सक्दछ ।

पहिचानको मापदण्ड पूरा नगर्ने तत्वहरुलाई लेखा टिप्पणी वा अन्य कुनै पुरक सामग्रीमा खुलासा गर्नुपर्दछ । उक्त तत्वको जानकारी वित्तीय स्थिति, उपलब्धी र संस्थाको वित्तीय स्थितिमा आएको परिवर्तनको वित्तीय विवरणका प्रयोगकर्ताद्वारा गरिने मूल्यांकनको लागि सान्दर्भिक हुने भएमा उपरोक्तानुसार खुलासा गरिन्छ ।

## ७. वित्तीय विवरणका तत्वहरुको मापन

मापन भनेको वित्तीय विवरणमा उल्लेखित सम्पत्ति, दायित्व, आय तथा व्ययको मौद्रिक रकम निर्धारण गर्ने प्रकृया हो । यसले मापनको आधार चयन

गर्दछ । यस प्रारुपले संस्थाले विभिन्न सम्पत्ति, दायित्व, आय र व्ययको मापनमा प्रयोग गर्ने मापन आधार तोक्दछ ।

ऐतिहासिक मूल्य (Historical cost) र उचित मूल्य (fair value) दुई सामान्य मापनका आधार हुन् ।

(क) सम्पत्तिको हकमा, सम्पत्ति प्राप्तीको लागि दिइएको नगद वा खरिदको उचित मूल्य हो । दायित्वको हकमा, प्राप्त भएको नगद वा दायित्वको विनिमय गर्दा प्राप्त भएको सम्पत्तिको उचित मूल्य वा अन्य कुनै अवस्थामा साधारण व्यवसायका क्रममा दायित्व फछ्र्यौट गर्न भुक्तानी गर्नुपर्ने अपेक्षित रकम हो ।

(ख) साधारण कारोबारमा जानकार र इच्छुक पक्षहरुका बीच सम्पत्ति विनिमय गर्दा वा दायित्व फछ्र्यौट गर्दाको मूल्य नै उचित मूल्य हो ।

## ८. प्रारम्भिक पहिचानमा मापन

यस प्रतिवेदनले अन्य कुनै आधार (जस्तै उचित मूल्य) नतोकेसम्म सहकारी संस्थाले प्रारम्भिक पहिचानका क्रममा सम्पत्ति र दायित्वको मापन ऐतिहासिक मूल्यमा गर्नुपर्दछ ।

## ९. क्रमिक मापन (Subsequent Measurement)

### ९.१ सम्पत्ति

सहकारी संस्थाले प्रारम्भमा ऐतिहासिक मूल्यमा पहिचान गरेका अधिकांश सम्पत्तिलाई क्रमिक रुपमा अन्य मापन विधि प्रयोग गरी लेखाङ्कन गरिन्छ । उदाहरणका लागिः

(क) सहकारी संस्थाले जायदात, प्लान्ट र उपकरण (Property, Plant & Equipment) को मापन ह्रासकट्टी पछिको मूल्य (Depreciated Cost) र उठ्नुपर्ने रकम (Recoverable Amount) मा जुन कम हुन्छ त्यही मूल्यमा मापन गर्दछ ।

(ख) सहकारी संस्थाले मालशेष (Inventory) लाई लागत वा बिक्री मूल्यमा बिक्री गर्न लाग्ने लागत घटाई आएको मुल्य जुन कम हुन्छ त्यही मूल्यमा मापन गर्दछ ।

(ग) सहकारी संस्थाले प्रयोग वा बिक्रीको लागी राखेको गैरवित्तीय सम्पत्तिसँग सम्बन्धित क्षयीकरण नोक्सानीको मापन गर्दछ ।

(घ) सहकारी संस्थाले सूचीकृत धितोपत्रमा गरेको लगानीलाई उचित मूल्यमा मापन गर्दछ ।

कुनैपनि सम्पत्ति सहकारीले उक्त सम्पत्तिको बिक्रीबाट प्राप्त गर्ने अनुमान गरेको रकम भन्दा अधिक मुल्याङ्कन नहोस् भनेर कम से कम रकममा मुल्याङ्कन गरिन्छ ।

## ९.२ वित्तीय दायित्व बाहेकका अन्य दायित्व

वित्तीय दायित्व बाहेक अन्य अधिकांश दायित्वको मापन प्रतिवेदन मितिमा दायित्व फछ्र्यौट गर्नका लागि उचित अनुमानित रकममा गरिन्छ ।

## १०. समायोजन (Offsetting)

यस प्रतिवेदनले आदेश नदिएसम्म सहकारी संस्थाले सम्पत्ति र दायित्व वा आय र व्यय बीच समायोजन गर्न पाउँदैन ।

(क) मूल्याङ्कन व्यवस्था वापतको रकम (जस्तैः मालशेष काम नलाग्ने भएबापतको व्यवस्था वा पाउनुपर्ने रकमको संभावित नोक्सानी वापतको व्यवस्था) घटाएर सम्पत्तिको मूल्याङ्कन गर्नु समायोजन गर्नु होइन ।

(ख) यदि सहकारी संस्थाको साधारण सञ्चालन गतिविधिले लगानी र संचालन  सम्पत्ति सहित कुनै दीर्घकालीन (Non-Current) सम्पत्तिको खरीद र बिक्रीलाई समावेश गर्दैन भने संस्थाले त्यस्ता सम्पत्तिको निःसर्गमा लाभ र नोक्सानी लेखाङ्कन गर्दा निःसर्गमा प्राप्त रकमबाट सम्बन्धित सम्पत्तिको किताबी मुल्य (Carrying Value) र बिक्री खर्च घटाई गर्नुपर्दछ ।

# परिच्छेद -२

## सहकारी संस्थाको वित्तीय विवरणको प्रस्तुतिकरण

### १. उद्देश्य

यस परिच्छेदले सहकारी संस्थाको पछिल्ला वर्षको वित्तीय विवरण बिच तथा अन्य सहकारी संस्थाको वित्तीय विवरणसँगको तुलनात्मकताको लागि वित्तीय विवरणको प्रस्तुतीकरणको आधार प्रदान गर्दछ । यसले वित्तीय विवरणको प्रस्तुतीकरणका लागि सम्पूर्ण तत्वहरु, यसको ढाँचाको लागि निर्देशिका (Guideline) र यसको विषयवस्तुको लागि न्युनतम आवश्यकता तोक्दछ ।

### २. क्षेत्र

यस परिच्छेदले वित्तीय विवरणको उचित प्रस्तुतिकरण, यस प्रतिवेदनको आवश्यक पालना र वित्तीय विवरणलाई पूरा गर्ने तत्वहरुको बारेमा व्याख्या गर्दछ ।

### ३. वित्तीय विवरणका साधारण विशेषता/अन्तर्निहित मान्यता

सहकारी संस्थाको वित्तीय विवरणले निम्न अवधारणाहरु समावेश गर्नुपर्दछ ।

### ३.१ निरन्तरताको अवधारणा (Going Concern)

वित्तीय विवरण तयार गर्दा सहकारी संस्थाको व्यवस्थापनले यस प्रारुपको प्रयोग गरी सहकारी संस्थाको व्यवसायिक निरन्तरताको क्षमताको मूल्याङ्कन गर्नुपर्दछ । व्यवस्थापनले कारोवार बन्द नगरेसम्म अथवा संस्था विघटन गर्ने मनसाय वा बाध्यता नभएसम्म सहकारी संस्था निरन्तरताको अवधारणामा चलेको मानिन्छ । संस्थाको निरन्तरताको अवधारणा उपयुक्त छ कि छैन भन्ने कुराको मूल्यांकन गर्न व्यस्थापनले प्रतिवेदन अवधिबाट बाह्र महिना पछिका सम्बन्धित सम्पूर्ण उपलब्ध सुचनालाई मध्यनजर गर्नुपर्दछ ।

संस्थाको व्यवसायिक निरन्तरताको क्षमता मूल्याङ्कनको क्रममा यदि व्यवस्थापनले कुनै घटना वा परिस्थितिसँग सम्बन्धित सारयुक्त अनिश्चितता, जसले संस्थाको व्यवसायिक निरन्तरताको क्षमता माथि गम्भिर आंशका सिर्जना

गर्दछ भने वित्तीय विवरणमा त्यस्ता अनिश्चितताहरुको खुलासा गर्नुपर्दछ । सहकारी संस्थाले आफ्नो वित्तीय विवरण व्यवसायिक निरन्तरताको अवधारणामा तयार नगरेको अवस्थामा सो तथ्य र कारण सहित जुन अवधारणामा तयार पारिएको हो त्यसको खुलासा गर्नुपर्दछ ।

## ३.२ प्रोदभावी अवधारणा (Accural Basis)

यस प्रतिवेदनले स्पष्ट रुपमा उल्लेख नगरेसम्म सहकारी संस्थाले नगद प्रवाह विवरण बाहेक आफ्नो वित्तीय विवरण प्रोदभावी अवधारणाको आधारमा तयार गर्नुपर्दछ । तर सहकारी मापदण्ड, २०६८ अनुसार ऋणमा आर्जन हुने ब्याजलाई नगद प्राप्तिको आधार (Cash Basis) मा लेखाङ्कन गनुपर्दछ । यस अवधारणामा तत्वहरुलाई ती तत्वहरुको परिभाषा तथा पहिचान उनीहरुको आफ्नो मापदण्डभित्र पर्दछन् भने सम्पत्ति, दायित्व, आम्दानी, तथा खर्चको रुपमा पहिचान गरिन्छ ।

## ३.३ स्थिरताको अवधारणा (Consistency)

सहकारीले निम्न उल्लेखित अवस्था नभएसम्म आफ्नो वित्तीय विवरणको प्रस्तुतिकरण र वर्गिकरण एक अवधिदेखि अर्को अवधिमा समान राख्नु पर्दछ ।

(क) सहकारीको सञ्चालन तरीका वा वित्तीय विवरणको समिक्षामा केही महत्वपुर्ण परिवर्तन आएपछि यो स्पष्ट हुन्छ कि परिच्छेद ८ “लेखा नीति, अनुमान र त्रुटिहरु” मा उल्लेखित लेखा नीतिको चयन र प्रयोग गर्ने मापदण्डको अनुसार अरु कुनै प्रस्तुतीकरण र वर्गिकरण अझ बढी उपयुक्त हुन्छ ।

(ख) यस प्रारुपले वित्तीय विवरणको प्रस्तुतिमा परिवर्तनको माग गरेमा । वित्तीय विवरणको प्रस्तुती वा वर्गीकरणमा परिवर्तन भएको अवस्थामा वर्गीकरण गर्न असम्भव नभएसम्म सहकारीले तुलनात्मक रकम पुर्नवर्गीकरण गर्नुपर्दछ । सहकारीले तुलनात्मक रकमहरु पुर्नवर्गीकरण गर्दा निम्न बमोजिम खुलासा गर्नुपर्दछ ।

(क) पुर्नवर्गीकरणको प्रकृति

(ख) पुर्नवर्गीकरण गरिएको प्रत्येक तत्व वा तत्वका वर्गको रकम

(ग) पुर्नवर्गीकरणको कारण

तुलनात्मक रकमहरु पूनर्वर्गीकरण गर्न सम्भव नभएको खण्डमा सहकारीले त्यसको कारण खुलासा गर्नुपर्दछ ।

**३.४ सारयुक्तता तथा योग (Materiality and Aggregation)**

सहकारी संस्थाले समान तत्वहरुको प्रत्येक सारयुक्त (Material) वर्गलाई छुट्टा-छुट्टै प्रस्तुत गर्नुपर्दछ ।

असमान प्रकृतिका तत्वहरु सारयुक्त नभएसम्म सहकारीले अलग प्रस्तुतीकरण गरिरहनु पर्दैन । कुनैपनि छुट र गलत प्रस्तुतिकरण (Misstatement) ले एकल वा संयुक्त रुपमा वित्तीय विवरणको प्रयोगकर्ताको आर्थिक निर्णयलाई प्रभाव पार्दछ भने त्यस्ता छुट र गलत प्रस्तुतिकरण सारयुक्त हुन्छन् । छुट र गलत प्रस्तुतिकरणको सारयुक्तता त्यसको आकार र प्रकृतिमा आधारित हुन्छ । तत्वको आकार वा प्रकृति वा दुवैको संयोजन (Combination) यसको निर्धारक तत्व हुन सक्दछन् ।

**४. तुलनात्मक सुचना (Comparative Information)**

यस प्रारुपले अन्य व्यवस्था नगरेसम्म सहकारी संस्थाले चालु वित्तीय विवरणमा प्रस्तुत गरेको सबै रकमहरुको सम्बन्धमा पछिल्लो तुलनात्मक अवधिको तुलनात्मक विवरण खुलासा गर्नुपर्दछ ।

**५. प्रतिवेदनको समयावधी**

सहकारीहरुले कम्तीमा प्रत्येक वर्ष पूर्ण वित्तीय विवरण तयार गर्नुपर्दछ ।

**६. सहकारी संस्थाहरूद्धारा प्रतिवेदनको पालन**

सहकारी संस्थाले वित्तीय विवरण तयार गर्दा नेपाल सहकारी वित्तीय प्रतिवेदन प्रारुपलाई पालना गर्नुपर्दछ भने ती पालनाको बारेमा लेखा टिप्पणीमा स्पष्ट रुपमा उल्लेख गर्नुपदर्छ । सहकारी संस्थाले यस प्रारुपको सम्पूर्ण

व्यवस्था पालना नगरेसम्म वित्तीय विवरणलाई नेपाल सहकारी वित्तीय प्रतिवेदन प्रारुपको पालना भएको मानिने छैन ।

## ७. वित्तीय विवरणको पूर्ण प्रति (Complete Set Of Financial Statement)

सहकारीहरुको लागि वित्तीय विवरणको पूर्ण प्रतिमा निम्न कुराहरु पर्दछन्ः

(क) प्रतिवेदन मितिमा वित्तीय स्थितिको विवरण ,

(ख) प्रतिवेदन अवधिको लागि कार्य सञ्चालनको विवरण ,

(ग) प्रतिवेदन अवधिको लागि इक्विटीमा आउने परिवर्तनको विवरण ,

(घ) प्रतिवेदन अवधिको लागि नगद प्रवाहको विवरण

(ङ) महत्वपूर्ण लेखा नीति र अन्य व्याख्यात्मक जानकारीको सारांशलाई समावेश गर्ने लेखा टिप्पणी ।

## ८. वित्तीय विवरणहरूको पहिचान

सहकारीले स्पष्ट रूपमा प्रत्येक वित्तीय विवरण र टिप्पणीहरूलाई अन्य जानकारीहरुबाट विभाजित गरी पहिचान गर्नुपर्दछ । यसका अलावा सहकारी संस्थाले निम्न जानकारीहरु प्रयोगकर्ताहरुको स्पष्टताको लागी प्रस्तुत गर्नुपर्दछ ।

(क) सहकारी संस्थाको दर्ता गरीएको नाम

(ख) प्रतिवेदन अवधिको अन्तिम मिति र वित्तीय विवरणले समेटेको अवधि

(ग) प्रस्तुतिकरणमा प्रयोग भएको मुद्रा

**सहकारी संस्थाले लेखा टिप्पणीमा निम्न कुराको खुलासा गर्नुपर्दछः**

(क) दर्ता नंम्बर

(ख) दर्ताको मिति

(ग) संस्थाको रजिष्ट्रार्ड कार्यालयको ठेगाना (वा व्यापारको मुख्य ठाँउ यदि सो रजिष्ट्रार्ड कार्यालयको ठेगाना भन्दा फरक भएमा)

(घ) सहकारीको क्रियाकलाप र मुख्य गतिविधिहरुका प्रकृतिको विवरण

(ङ) कार्य सञ्चालनको क्षेत्र

(च) सञ्चालक समिति र लेखा समितिका सदस्यहरुको सूची तथा सञ्चालनको कार्यविधि

# परिच्छेद - ३
# वित्तीय स्थिति विवरण

## १. क्षेत्र

यस परिच्छेदको क्षेत्र सहकारीको वित्तीय स्थिति विवरणमा समावेश गरिने जानकारीहरु र तिनको प्रस्तुतीकरणको तरिका तय गर्नु हो । वित्तीय स्थिति विवरणमा प्रतिवेदनको मितिमा रहेको सहकारीको  सम्पत्ति, दायित्व तथा इक्वीटी समावेश गरिन्छ ।

## १.१ स्थिति विवरण पत्रमा समावेश गरिने जानकारीहरुः

स्थिति विवरण पत्रमा न्यूनतम् रुपमा निम्न उल्लेखित शिर्षक समावेश गर्नुपर्दछः

**सम्पत्तिसँग सम्बन्धित**

(क) नगद तथा नगद सरह

(ख) बैंक मौज्दात

(ग) लगानी

(घ) ऋण लगानी

(ङ) अन्य चालु सम्पत्ति ( क, ख, ग, घ बाहेकका )

(च) स्थिर सम्पत्ति

छ) अन्य दिर्घकालीन सम्पत्ति (खण्ड (च) मा पर्ने बाहेकका)

**दायित्वसँग सम्बन्धित**

(क) शेयर

(ख) कोष

(ग) बचत/निक्षेप

(घ) पुँजीगत अनुदान

(ङ) चालु दायित्व

(च) दिर्घकालीन दायित्व

*नोटः माथि उल्लेख गरिएको शिर्षकहरुको बिस्तृत विवरण चार्ट अफ् एकाउन्टस्मा खुलाईएको छ ।*

माथि उल्लेख गरिए बाहेक अन्य शिर्षक तथा उपशिर्षकहरु सहकारीको वित्तीय स्थिति विवरणलाई बुझ्न आवश्यक भएमा उक्त कुराहरु समावेश तथा प्रस्तुतीकरण गर्नुपर्दछ ।

## २. चालु/दीर्घकालीन बीच फरक

तरलताको आधारमा प्रस्तुत गरिएको अवस्थामा बाहेक सम्पत्ति र दायित्वलाइ चालु र दीर्घकालीन रुपमा वर्गीकरण गरी वित्तीय स्थितिको विवरणमा प्रस्तुत गर्नुपर्दछ । तरलताको आधारमा प्रस्तुत गरिएको अवस्थामा सम्पूर्ण सम्पत्ति तथा दायित्वलाई तरलताको क्रममा प्रस्तुत गर्नुपर्ने हुन्छ । तरलताको आधारमा वित्तीय स्थितिको विवरणमा प्रस्तुत गरेतापनि लेखा टिप्पणीमा सम्पत्ति तथा दायित्व प्रतिवेदन मितिदेखि १२ महिनाभित्र र १२ महिना पश्चात असुल हुने वा चुक्ता हुने सम्बन्धी खुलासा गर्नुपर्दछ ।

## २.१ चालु सम्पत्ति

निम्न कुनै अवस्थामा सम्पत्तिलाई चालु सम्पत्तिको रुपमा वर्गीकरण गर्नुपर्दछः

(क) सहकारीले कुनै सम्पत्तिलाई सञ्चालन चक्रमा असुल हुन सक्ने वा बिक्री गर्न सकिने वा उपयोग हुने अनुमान गरेका अवस्थामा ।

(ख) सहकारीले उक्त सम्पत्तिलाई मुख्यतयः व्यापारिक प्रयोजनको लागि राखेको अवस्थामा ।

(ग) सहकारीले उक्त सम्पत्तिलाई प्रतिवेदन मितिको बाह्र महिनाको अवधिमा असुल हुने अनुमान गरेको अवस्थामा ।

(घ) प्रतिवेदन मितिको बाह्र महिनाको अवधिसम्म विनिमय वा दायित्वको भुक्तानी गर्न प्रतिबन्धित अवस्थामा बाहेक अन्य नगद तथा नगद सरहका सम्पत्ति ।

सहकारीले उक्त सम्पत्तिहरु बाहेक अन्य सम्पत्तिहरुलाई दीर्घकालीन सम्पत्तिको रुपमा वर्गीकरण गर्नुपर्दछ । स्पष्ट रुपमा सञ्चालन चक्रको पहिचान

गर्न नसकिएको अवस्थामा बाह्र महिनाको अवधिलाई नै सञ्चालन चक्रको रुपमा लिइनेछ ।

**२.२ चालु दायित्वः**

निम्न कुनै अवस्थामा दायित्वलाई चालु दायित्वको रुपमा वर्गीकरण गर्नुपर्दछ ।

(क) कुनै दायित्वलाई सञ्चालन चक्रमा भुक्तानी हुन सक्ने अनुमान गरेका अवस्थामा ।

(ख उक्त दायित्वलाई मुख्यतया व्यापारिक प्रयोजनको लागि राखेको अवस्थामा ।

(ग) उक्त दायित्वलाई प्रतिवेदन मितिको बाह्र महिनाको अवधिमा भुक्तानीयोग्य हुने अनुमान गरेका अवस्थामा।

(घ) दायित्वलाई कम्तीमा प्रतिवेदन मितिको बाह्र महिनाको भन्दा बढी अवधिसम्म विलम्बित गर्न निशर्त अधिकार नभएको अवस्थामा ।

उक्त दायित्वहरु बाहेक अन्य दायित्वहरुलाई दीर्घकालीन दायित्वको रुपमा वर्गिकरण गर्नुपर्दछ ।

**३. वित्तीय स्थिति विवरणमा तत्वहरुको एकत्रीकरणः (Aggregation)**

यस परिच्छेदले सामान्य रुपमा अलग प्रकृति तथा कार्य भएका तत्वहरुलाई वित्तीय स्थिति विवरणमा अलग प्रस्तुतिकरण गर्नुपर्ने तत्वहरुको (Items) उल्लेख गर्नुपर्दछ । यसका अतिरिक्तः

(क) आकार, प्रकृति तथा कार्यका आधारमा कुनैपनि तत्व वा समान प्रकृतिका तत्वहरुको योगलाई वित्तीय स्थिति विवरण बुझ्नको लागि समावेश गर्नु सान्दर्भिक हुने भएमा उक्त तत्वलाई समावेश गर्नुपर्दछ ।

(ख) सहकारीको वित्तीय अवस्था बुझ्नको लागि सान्दर्भिक हुने जानकारी प्रस्तुत गर्नको लागि कुनैपनि तत्व वा समान प्रकृतिका तत्वहरुको योगको वर्णन (Description) तथा क्रमबद्धता लाई परिमार्जन गर्न सकिनेछ ।

अन्य तत्वलाई छुट्टै प्रस्तुत गर्ने वा नगर्ने भन्ने निर्णय निम्न कुराहरुको मूल्यांकनमा निर्भर गर्दछः

(क) सम्पत्तिको रकम, प्रकृति तथा तरलता ।

(ख) सहकारीमा उक्त सम्पत्तिको कार्य ।

(ग) दायित्वको रकम, प्रकृति तथा समयावधि ।

## ४. वित्तीय स्थिति विवरण वा लेखा टिप्पणीमा उल्लेख गर्नुपर्ने जानकारी

### ४.१ लेखा टिप्पणीले वित्तीय विवरणमा प्रस्तुत गरिएका शिर्षकहरुको निम्न रुपमा उप-वर्गीकरण (Sub Classification) गर्नुपर्दछः

(क) जायजेथा, प्लान्ट तथा उपकरणको सहकारीलाई उपयुक्त हुने वर्गीकरण गर्नुपर्दछ ।

(ख) प्राप्य तथा आसामीलाई कर्जा आसामी (Loans Receivables), व्यापारिक प्राप्य (Trade Receivables), सम्बन्धित पक्षबाट पाउनुपर्ने (Amount Due From Related Parties), अन्य प्राप्य आदिमा छुट्याउनु पर्दछ । साथै खुलासा (Disclosure) मा पनि जोखिममा रहेको Portfolio को आधारमा प्राप्य तथा आसामीलाई चालु, विगतको प्राप्य, पुनर्लिखित (Restructured) तथा मुद्धा मामिलामा रहेको आदिमा छुट्याई प्रस्तुत गर्नुपर्दछ ।

(ग) मालशेष (Inventories) लाई निम्नानुसार छुट्टयाउनु पर्दछः

(अ) सामान्य व्यावसायिक कारोबारमा बिक्रीका लागि राखिएको ।

(आ) बिक्री योग्य वस्तु उत्पादन प्रक्रियामा रहेको अर्धतयारी वस्तु ।

(इ) उत्पादन तथा सेवा प्रवाहमा प्रयोग हुने वस्तु तथा पदार्थ ।

(घ) व्यापारिक तथा अन्य भुक्तानी दिनुपर्ने रकमलाई व्यापारिक साहुलाई भुक्तानी दिनुपर्ने, सम्बन्धित पक्षलाई भुक्तानी दिनुपर्ने, विलम्बित आयआर्जन आदिमा छुट्टयाई लेखाङ्कन गर्नुपर्दछ ।

(ङ) कर्मचारी सुविधा तथा अन्य व्यवस्था ।

**४.२ सहकारीले निम्न कुराहरुलाई वित्तीय स्थिति विवरण वा लेखा टिप्पणीमा प्रस्तुतीकरण गर्नुपर्दछः**

(क) शेयर पूँजीको विवरण ।

(ख) पूँजी अन्तर्गतका सम्पूर्ण वैधानिक कोषको छुट्टाछुट्टै विवरण (Description) ।

(ग) अनुदानको अनुदानदाता, अनुदान रकम तथा अनुदानका शर्तहरुको विवरण ।

(घ) पूनर्मूल्याङ्कन जगेडाको योग तथा खर्च समेतको विवरण ।

**४.३ यदि प्रतिवेदन मितिमा सहकारीको सम्पत्ति वा सम्पत्ति तथा दायित्वको समूहको प्रमूख निःसर्ग (major Disposal) को लागि बाध्यकारी बिक्री सम्झौता विद्यमान भएमा निम्न जानकारीहरुको खुलासा गर्नुपर्दछः**

(क) सम्पत्ति वा सम्पत्ति तथा दायित्वको समूहको विवरण ।

(ख) बिक्री वा योजनाको तथ्य तथा परिस्थितिको विवरण ।

(ग) सम्पत्तिको किताबी मूल्य तथा यदि निसर्गमा सम्पत्ति तथा दायित्वको समूह समावेश हुने भएमा उक्त सम्पत्ति तथा दायित्वहरुको किताबी मूल्य ।

**४.४ खूद नाफाको बाँडफाँडलाई सहकारी ऐन तथा नियमको आधारमा नाफा/नोक्सान बाँडफाँड विवरणमा प्रस्तुत गर्नुपर्दछ । सम्पूर्ण कोषहरुको बाँडफाँड गरि आर्थिक वर्षको अन्त्यमा वित्तीय स्थिती विवरणको प्रस्तुतीकरण समावेश गर्नुपर्दछ ।**

# परिच्छेद -४

## कार्यसञ्चालन विवरण

**१. क्षेत्र**

यस परिच्छेदले निश्चित अवधिमा कार्यसञ्चालन विवरणमा प्रस्तुत कार्य सम्पादन गर्नुपर्ने जानकारी तथा त्यसको प्रस्तुतीकरणको उल्लेख गर्दछ ।

## २. कूल आयको प्रस्तुतीकरण

कार्यसञ्चालन विवरणमा नाफा वा नोक्सानीको प्रस्तुति गर्नुपर्दछः

सहकारीले कार्यसञ्चालन विवरणमा न्यूनतम रुपमा निम्नानुसारका रकमहरु प्रस्तुत गर्ने गरी शिर्षकहरुको प्रस्तुतीकरण गर्नुपर्दछः

(क) वस्तु तथा सेवा बिक्रीबाट प्राप्त आय

(ख) बिक्रीको लागत अथवा सेवाको प्रत्यक्ष खर्च

(ग) वित्तीय खर्च

(घ) बिक्री तथा बजारीकरण सम्बन्धी खर्च

(ङ) प्रशासनिक खर्च

(च) अन्य आय तथा व्यय

(छ) कर खर्च, (लागु हुने भएमा)

माथि उल्लेख गरिए बाहेक अन्य शिर्षक तथा उपशिर्षकहरु सहकारीको कार्यसञ्चालनलाई बुझ्न आवश्यक भएमा उक्त कुराहरु कार्यसञ्चालन विवरणमा समावेश तथा प्रस्तुतीकरण गर्नुपर्दछ ।

## ३. खर्चको विश्लेषण

सहकारीले खर्चको विश्लेषणलाई सहकारीमा खर्चको कार्यको आधारमा प्रस्तुतीकरण गर्नुपर्दछ । जस अन्तर्गत खर्चको वर्गीकरण बिक्रीको लागत, वितरण लागत, प्रशासकीय खर्च आदिको हिस्साको प्रस्तुत गरी खर्चलाई कार्यका आधारमा वर्गीकरण गरेतापनि सम्पत्तिका ह्रास खर्च कट्टी, सम्पत्तिका क्षय नोक्सान खर्च र कर्मचारी सुविधा खर्चका सम्बन्धमा थप खुलासा गर्नुपर्नेछ ।

## ४. कार्यसञ्चालन विवरणमा असर पार्ने सहकारीसँग सम्बन्धित लेखा शिर्षक (Accounts)

### ४.१ अन्य आय

(क) आयोजना सहुलियत

(ख) चन्दा तथा अनुदान सहुलियत

(ग) शिक्षा तथा तालिम सहुलियत

**४.२ अन्य व्यय**

(क) आकस्मिक खर्च

(ख) साधारणसभा खर्च

(ग) सम्बन्धन शुल्क

**५. खुद बचत (Surplus) बाँडफाँड/वितरण**

खुद बचत (उवार) लाई सहकारी ऐन, नियम तथा संस्थाको विनियममा रहेको व्यवस्था अनुसार बितरण गर्नुपर्दछ ।

# परिच्छेद -५

## इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

**१. क्षेत्र**

यस परिच्छेदले वित्तीय विवरणको अवधिमा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणमा प्रस्तुत गर्नुपर्ने व्यवस्था सम्बन्धमा व्याख्या गर्दछ ।

**२. इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण**

**२.१ उद्देश्य**

इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणमा वित्तीय विवरणको अवधिमा सदस्यद्वारा गरिएको लगानी तथा उक्त लगानीको फिर्ता, कोषको बृद्धि तथा उपभोग, चन्दा तथा अनुदानमा थपघट तथा पुनर्मूल्याङ्कन जगेडा आदिको प्रस्तुतीकरण गर्दछ ।

## २.२ इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणमा प्रस्तुत गर्नुपर्ने जानकारीहरु

सहकारीले इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणमा निम्न कारणबाट भएका परिवर्तनलाई अलग रुपमा खुलासा गरी शुरु तथा अन्तिम अवधिको किताबी मूल्यको मिलान गरी प्रस्तुतीकरण गर्नुपर्दछ ।

(क) सदस्यद्वारा गरिएको लगानी तथा उक्त लगानीको फिर्ता

(ख) चन्दा तथा अनुदान

(ग) वैधानिक कोषमा थपघट । जस अन्तर्गत कार्यसञ्चालन विवरणमा देखाइएको रकमसँग मिलान गरिएको खूद बचतको बाँडफाँड पर्दछ ।

(घ) पूनर्मूल्याङ्कन जगेडामा भएको थपघट ।

# परिच्छेद -६

# नगद प्रवाह विवरण

## १. क्षेत्र

यस परिच्छेदले नगद प्रवाह विवरणमा प्रस्तुत गरिने जानकारी तथा त्यसको प्रस्तुतीकरणको बारेमा उल्लेख गर्दछ । नगद प्रवाह विवरणले प्रतिवेदन अवधिमा सञ्चालन कारोबार, लगानी कारोबार तथा वित्तीय कारोबारबाट नगद तथा नगद सरहमा भएको परिवर्तनको बारेमा छुट्टाछुट्टै प्रस्तुतीकरण गरी जानकारी प्रदान गर्दछ ।

## २. नगद सरह (Cash Equivalents)

नगद सरह भन्नाले अल्पकालीन, अन्य उपयोगको लागि राखिएको लगानी बाहेक अल्पकालीन नगद प्रतिबद्धता पुरा गर्नको लागि राखिएका अति तरल लगानी आदिलाई जनाउँछ । तसर्थ, कुनैपनि लगानीको सामान्यतयः अल्पकालीन भुक्तान अवधि (Maturity Period) लगानी मितिदेखि तीन महिना वा सो भन्दा कम भएमा नगद सरह मानिनेछ ।

**३. नगद प्रवाह विवरणमा उल्लेख गर्नुपर्ने सुचनाहरुः**

प्रतिवेदन अवधिमा नगद वा नगद सरहमा भएको परिवर्तनलाई सञ्चालन कारोबार, लगानी कारोबार र वित्तीय कारोबारमा वर्गीकरण गरी नगद प्रवाह विवरण प्रस्तुत गर्नुपर्दछ ।

**३.१. सञ्चालन कारोबारः**

सञ्चालन कारोबार भन्नाले सहकारीको प्रमुख रुपमा आय सिर्जना गर्ने कारोबारलाई जनाउँछ । तसर्थ सञ्चालन कारोबारबाट नगद प्रवाह सामान्यतय नाफा वा नोक्सानको निर्धारणमा समावेश हुने कारोबार तथा अन्य घटना तथा परिस्थिति (Condition) द्वारा सिर्जना हुन्छन् ।सञ्चालन कारोबारबाट नगद प्रवाहका उदाहरण निम्नानुसार छन्ः

**प्राप्ति**

निम्न श्रोतबाट नगद प्राप्तिः

(क) वस्तुको बिक्री,

(ख) लगानीमा रहेको कर्जामा प्राप्त हुने व्याज, जरिवाना तथा अन्य शुल्कहरु

(ग) सेवा प्रदानबाट प्राप्ति

(घ) रोयल्टी, शुल्क तथा कमिशनबाट नगद प्राप्ति तथा अन्य आय

(ङ) व्यापारिक प्रयोजनका लागि राखिएको कर्जा लगानी तथा करार आदिबाट नगद प्राप्ति

**भुक्तानी**

(क) वस्तु तथा सेवाको लागि साहु वा प्रदायकलाई भुक्तानी

(ख) कर्मचारीलाई तथा कर्मचारीको पक्षमा भुक्तानी

(ग) आयकर भुक्तानी (यदि लागु हुने भएमा)

(घ) व्यापारिक प्रयोजनका लागि राखिएको कर्जा लगानी तथा करार आदिबाट नगद भुक्तानी

केही कारोबार, जस्तै जायजेथा, प्लान्ट तथा उपकरणको बिक्रीद्वारा सिर्जित लाभ वा हानीलाई नाफा-नोक्सानमा समावेश गरिन्छ । तथापी, उक्त

कारोबारसँग सम्बन्धित नगद प्रवाहलाई लगानीबाट नगद प्रवाहमा समावेश गरिन्छ ।

## ३.२ लगानी कारोबारः

लगानी कारोबार भन्नाले दीर्घकालीन सम्पत्ति तथा नगद सरहमा समावेश नहुने अन्य लगानीको खरिद वा बिक्रीलाई बुझिन्छ । लगानी कारोबारबाट नगद प्रवाहका उदाहरण निम्नानुसार छन्ः

(क) जायजेथा, प्लान्ट तथा उपकरण (स्वनिर्मित जायजेथा, प्लान्ट तथा उपकरण समेत), अदृश्य सम्पत्ति र अन्य दीर्घकालीन सम्पत्ति आदिको प्राप्तीका लागि गरिने नगद भुक्तानी ।

(ख) जायजेथा, प्लान्ट तथा उपकरण, अदृश्य सम्पत्ति तथा अन्य दीर्घकालीन सम्पत्ति आदिको बिक्रीबाट प्राप्त नगद ।

(ग) इक्वीटी तथा डेब्ट इन्स्ट्रुमेन्ट (Debt Instrument) तथा संयुक्त उद्यममा हित प्राप्तिको लागि गरिएको नगद भुक्तानी । (नगद सरह वा कारोबारको लागि राखिएको भनी वर्गिकरण गरिएको सामग्री बाहेक)

(घ) इक्वीटी तथा डेब्ट इन्स्ट्रुमेन्ट (Debt Instrument) तथा संयुक्त उद्यममा रहेको हित बिक्रीबाट प्राप्त गरिएको नगद भुक्तानी । (नगद सरह वा कारोबारको लागि राखिएको भनी वर्गिकरण गरिएका डेब्ट इन्स्ट्रुमेन्ट (Debt Instrument) बाहेक)

## ३.३ वित्तीय कारोबार

वित्तीय कारोबार भन्नाले सदस्यहरुको इक्विटी तथा सहकारीको ऋणको आकार तथा बनोटमा परिवर्तन हुने कारोबारलाई बुझिन्छ । वित्तीय कारोबारबाट नगद प्रवाहका उदाहरण निम्नानुसार छन्-

(क) शेयर जारी गरि प्राप्त नगद ।

(ख) सदस्यलाई शेयर फिर्ता बापत भुक्तानी गरिएको नगद ।

(ग) कर्जा, नोट्स, धितो कर्जा तथा अन्य अल्पकालीन तथा दीर्घकालीन कर्जा वापत प्राप्त नगद ।

(घ) कर्जाको भुक्तानी ।

(ङ) पट्टामा लिने व्यक्तिले वित्तीय पट्टा वापत भुक्तानी गर्न बाँकी रकम भुक्तानी ।

(च) शेयर पूँजी वापतको लाभांश तथा संरक्षित पूँजी फिर्ता वापतको नगद भुक्तानी ।

(छ) कोषको उपयोग गर्दा भएको भुक्तानी ।

## ४. सञ्चालन कारोबारबाट नगद प्रवाहको प्रस्तुतीकरण

सहकारीले सञ्चालन कारोबारबाट नगद प्रवाहको प्रस्तुतीकरण निम्न मध्ये कुनै एक विधिवाट गर्नुपर्नेछः

(क) अप्रत्यक्ष विधि, अन्तर्गत नाफा वा नोक्सानलाई गैरमौद्रिक कारोवार, विलम्बित तथा पूर्वभुक्तानी, लगानी तथा वित्तीय नगद प्रवाहसँग सम्बन्धित तत्व (Items) आदिलाई समायोजन (Adjust) गरी प्रस्तुति गरिन्छ ।

(ख) प्रत्यक्ष विधि, जस अन्तर्गत कुल नगद प्राप्ति तथा कुल नगद भुक्तानी आदिको प्रमुख वर्गहरुको प्रस्तुती गरिन्छ ।

### ४.१. अप्रत्यक्ष विधिः

अप्रत्यक्ष विधि अन्तर्गत नाफा नोक्सानलाई निम्न लिखित प्रभावहरुको समायोजन गरी सञ्चालन कारोबारबाट खुद नगद प्रवाह निर्धारण गरिन्छः

(क) मालशेष (Inventories) मा भएको परिवर्तन र सञ्चालन प्राप्य तथा भुक्तानी दिनुपर्ने ।

(ख) गैरमौद्रिक शिर्षक जस्तैः ह्रासकट्टी, व्यवस्था, पाकेको तर नगदमा प्राप्त नभएको आम्दानी ।

(ग) लगानी तथा वित्तीय कारोवारसँग सम्बन्धित मौद्रिक प्रभाव हुने अन्य सबै तत्वहरु ।

### ४.२ प्रत्यक्ष विधिः

प्रत्यक्ष विधि अन्तर्गत कुल नगद प्राप्ति तथा कूल नगद भुक्तानी आदिको मुख्य शिर्षकहरुसँग सम्बन्धित जानकारीहरुको खुलासा गरी प्रस्तुतीकरण गरिन्छ ।

## ५. लगानी तथा वित्तीय कारोबारबाट नगद प्रवाहको प्रस्तुतीकरण

सहकारीले लगानी तथा वित्तीय कारोबारबाट प्राप्त हुने कुल नगद प्राप्ति तथा कुल नगद भुक्तानी आदिको प्रमुख वर्गहरु छुट्टै रुपमा प्रस्तुत गर्नुपर्दछ ।

## ६. वैदेशिक मुद्रा नगद प्रवाह

सहकारीले वैदेशिक कारोबारबाट आर्जित नगद प्रवाहलाई नगद प्रवाहको मितिमा कायम विनिमय दरले उक्त वैदेशिक मुद्रालाई कार्यगत मुद्रामा परिवर्तन गरी लेखाङ्कन गर्नुपर्दछ । तथापी, शुरु तथा अन्त्यको नगद वा नगद सरहको मिलान गर्ने प्रयोजनको लागि वैदेशिक मुद्रामा रहेको वा प्राप्त तथा भुक्तानी गर्नुपर्ने रकममा विनिमय दरको परिवर्तनले पार्ने असरलाई नगद प्रवाह विवरणमा प्रस्तुत गर्नुपर्दछ । तसर्थ सहकारीले अवधिको अन्त्यमा उक्त मितिमा कायम विनिमय दरले उक्त अवधिमा रहेको वैदेशिक मुद्रा नगद वा नगद सरहलाई कार्यगत मुद्रामा पूनर्मूल्याङ्कन गर्नुपर्दछ । सहकारीले अनार्जित नाफा वा नोक्सानीलाई सञ्चालन, लगानी तथा वित्तीय जुन कारोवारबाट प्राप्त भएको हो सोही कारोवारमा प्रस्तुतीकरण गर्नुपर्दछ ।

## ७. आय कर

आय कर लागू हुने सरकारीले आयकर खर्चलाई सञ्चालन कारोबारबाट नगद प्रवाहको रुपमा छुट्टै प्रस्तुतीकरण गर्नुपर्दछ ।

## ८. गैरमौद्रिक कारोबार (Non-Cash Transactions)

सहकारीले नगद वा नगद सरहको प्रयोग आवश्यक नभएको लगानी तथा वित्तीय कारोबारलाई नगद प्रवाह विवरणमा उल्लेख गर्नुहुँदैन । सहकारीले उक्त कारोवारहरुलाई आवश्यक जानकारी प्रदान गर्ने गरी वित्तीय

विवरणमा अन्यत्र कतै खुलासा गर्नुपर्दछ । थुप्रै लगानी तथा वित्तीय कारोवारहरुले सहकारीको इक्वीटी तथा सम्पत्ति संरचनामा प्रभाव पार्ने भएता पनि चालु नगद प्रवाहमा प्रत्यक्ष असर पार्दैनन् । गैरमौद्रिक कारोवारलाई नगद प्रवाह विवरणमा समावेश नगर्ने कुरा नगद प्रवाह विवरणको उद्देश्यसँग मेल खान्छ किनकी गैरमौद्रिक शिर्षकहरुले वर्तमान अवधिमा कुनैपनि नगद प्रवाह सिर्जना गर्दैनन् । गैरमौद्रिक कारोवारका उदाहरण निम्नानुसार छन्ः

(क) प्रत्यक्ष सम्बन्धित दायित्वको सकारद्वारा वा वित्तीय पट्टाद्वारा सम्पत्तिको प्राप्ति ।

(ख) दायित्वको इक्विटीमा परिवर्तन ।

### ९. नगद वा नगद सरह

सहकारीले नगद तथा नगद सरहको रकमलाई नगद प्रवाह विवरण तथा वित्तीय स्थिति विवरणमा उल्लेख गरिने सोही रकमसँग मिलान हुने गरी प्रस्तुतीकरण गर्नुपर्दछ । तथापी नगद प्रवाह विवरण तथा वित्तीय स्थिति विवरणमा उल्लेख गरिएको नगद वा नगद सरहको रकम बराबरी भएमा हिसाब मिलान विवरण तयार गरिरहनुपर्दैन ।

नगद वा नगद सरहको सम्मिश्रण अन्तर्गत साथमा रहेको नगद (Cash on hand), बैंकमा रहेको नगद, चेक तथा अन्य नगदी तत्व (Cash Item), सहकारी महासंघमा रहेको नगद, रिभल्भिङ्ग फन्ड, चेन्ज फन्ड तथा सानो नगदी कोष आदि पर्दछन् ।

# परिच्छेद -७
# लेखा टिप्पणी

### १. क्षेत्र

यस परिच्छेदमा वित्तीय विवरणको लेखा टिप्पणीमा प्रस्तुत गर्नुपर्ने जानकारी र त्यसलाई प्रस्तुत गर्ने बारे उल्लेख गरिएको छ । लेखा टिप्पणीमा वित्तीय स्थिति विवरण, आय विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र नगद प्रवाहमा समावेश हुने जानकारी बाहेक अन्य जानकारीहरुलाई

समावेश गरिन्छ । लेखा टिप्पणीमा त्यस्ता वित्तीय विवरणहरुमा प्रस्तुत गर्न नहुने र पहिचान नहुने दुबै जानकारीहरुको विस्तृत विवरण प्रस्तुत गरिन्छ । यस परिच्छेदको प्रावधानका साथै प्राय अन्य खण्डमा लेखा टिप्पणीमा गरिने खुलासाको प्रावधानको बारेमा उल्लेख गरिएको छ ।

## २. लेखा टिप्पणीको ढाँचा

**लेखा टिप्पणीमाः**

(क) वित्तीय विवरणको प्रस्तुतिकरण आधार र प्रयोग भएका लेखा नीतिहरुको जानकारी समावेश गरिन्छ ।

(ख) वित्तीय विवरणमा पहिचान नहुने आवश्यक जानकारी खुलासा गरिन्छ ।

(ग) वित्तीय विवरणमा प्रस्तुत नगरिएका तर वित्तीय विवरणलाई बुझ्न आवश्यक हुने विवरण वा जानकारीहरुको खुलासा गरिन्छ ।

वित्तीय विवरणमा प्रस्तुत भएका हरेक तत्वलाई लेखा टिप्पणीसँग भिडाउनु पर्दछ ।

**सहकारी संस्थाले समान्यतयः निम्न अनुसारका क्रममा लेखा टिप्पणी प्रस्तुत गर्नुपर्दछः**

(क) नेपाल सहकारी वित्तीय प्रतिवेदन प्रारुप अनुसार वित्तीय विवरण तयार पारिएको छ भन्ने विवरण ।

(ख) प्रयोग भएका महत्वपूर्ण लेखा नीतिहरुको सारांश ।

(ग) वित्तीय विवरणमा प्रस्तुत भएकै क्रममा सो विवरण सँग सम्बन्धित सहयोगी जानकारीहरु

(घ) अन्य खुलासाहरु ।

## ३. लेखा नीतिहरु सम्बन्धी खुलासा

सहकारीले महत्वपूर्ण लेखा नीतिहरुको सारांशमा गनुपर्ने खुलासाहरुः

(क) वित्तीय विवरणको तयारीमा प्रयोग भएका मापनका आधारहरु (Measurement basis) ।

(ख) वित्तीय विवरण बुझ्नका लागि आवश्यक हुने अन्य लेखा नीतिहरु ।

### ४. निर्णय (Judgement) सम्बन्धी जानकारी

सहकारीको लेखा नीति अबलम्बन गर्दा प्रयोग भएको र वित्तीय विवरणमा समावेश भएका राशिमा सारयुक्त (material) असर गर्ने बाहेकका निर्णयहरु लेखा नीतिको सारांशमा उल्लेख गर्नुपर्दछ ।

### ५. अनुमान अनिश्चितताको मुख्य श्रोतका बारेमा जानकारी

सहकारीले लेखा टिप्पणीमा भविष्य सम्बन्धी मुख्य मान्यता, प्रतिवेदन मितिमा रहने अनुमान अनिश्चिताको मुख्य श्रोत र आउँदो वर्षभित्र सम्पत्ति र दायित्वको किताबी मूल्यमा सारयुक्त समायोजनको जोखिम उल्लेख गर्नुपर्दछ । त्यस्ता सम्पत्ति र दायित्वको विषयमा निम्नानुसार विवरण समावेश गर्नुपर्दछः

(क) त्यस्ता सम्पत्ति र दायित्वको प्रकृति र

(ख) त्यस्ता सम्पत्ति र दायित्वको प्रतिवेदन मितिको अन्त्यमा रहेको किताबी मूल्य ।

## परिच्छेद -८

## लेखा नीति, अनुमान र त्रुटिहरु

### १.उद्देश्य

यस परिच्छेदको उद्देश्य लेखानीति छनौट तथा परिर्वतन सम्बन्धि मापदण्ड निर्धारण गर्नु साथसाथै लेखा विधि र लेखा नीतिमा, लेखा अनुमानमा भएको परिवर्तन र त्रुटि सुधार सम्बन्धी मापदण्ड निर्धारण गर्नु हो ।

### २. क्षेत्र

यस परिच्छेदले वित्तीय विवरणको तयारीमा प्रयोग हुने लेखा नीति छनौट र त्यसको प्रयोग सम्बन्धी मार्गदर्शन प्रदान गर्दछ । यसले पछिल्लो अवधिको वित्तीय विवरणमा लेखा सम्बन्धी अनुमानमा भएको परिवर्तन र त्रुटि सुधारलाई पनि समेट्छ ।

## ३. लेखा नीति चयन र परिवर्तन

लेखा नीति भन्नाले सहकारी संस्थाको वित्तीय विवरण तयारीमा प्रयोग गर्ने विशिष्ट सिद्धान्त, आधार, नीति, नियम र अभ्यासहरु बुझिन्छ ।

यस परिच्छेदले कुनै कारोबार, अन्य घटना वा अवस्थाको बारेमा किटानका साथ उल्लेख गरेमा सहकारीले यसको पालना गर्नुपर्दछ । यस परिच्छेदका आवश्यकताहरु सारभूत (material) नभएको अवस्थामा सहकारीले त्यसलाई लागु नगर्दा पनि हुन्छ ।

यस परिच्छेदले कुनै कारोबार, अन्य घटना वा अवस्थाको बारेमा किटानका साथ उल्लेख नगरेमा सहकारीका संञ्चालक समितिले लेखा नीति निर्माण र प्रयोगमा निम्न अवस्थामा आफ्नो विवेक प्रयोग गर्न सक्नेछन्ः

(क) प्रयोगकर्ताका लागि आर्थिक निर्णय गर्न उपयोगी हुने भएमा ।

(ख) यदि त्यस वित्तीय विवरणले

- (अ) वित्तीय स्थिति, कार्य सञ्चालन उपलब्धी र नगद प्रवाह विश्वसनीय रुपमा प्रस्तुत गर्ने भएमा।
- (आ) कानूनी रुपमा मात्र नभएमा, अन्य घटना र अवस्थाहरु प्रतिबिम्बित गर्ने भएमा ।
- (इ) तटस्थ वा पूर्वाग्रह मुक्त भएमा ।
- (ई) विवेकपूर्ण भएमा (prudent)
- (उ) सारभुत रुपमा पूर्ण भएमा ।

संस्थाको संचालक समितिले विवेक प्रयोग गर्ने क्रममा निम्न श्रोतहरु घट्दो क्रममा उल्लेख तथा तिनको उपयोगिताको बिचार गर्नुपर्दछः

(क) यस परिच्छेदमा रहेका समान र सम्बन्धित समस्याहरु सम्बन्धी प्रावधन तथा मार्गदर्शनहरु ।

(ख) सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चको परिभाषा, लेखाङ्कन/पहिचानको मापदण्ड, मापनका आधार र सिद्धान्तहरु ।

## ४. लेखाङ्कन नीतिको एकरुपता

यस परिच्छेदले फरक लेखाङ्कन नीति उपयुक्त हुने तत्व (items) को वर्गिकरणको प्रवधान नगरेसम्म वा अनुमति नदिएसम्म सहकारी संस्थाले उस्तै खालका कारोबार, घटनाहरु र अवस्थाहरुमा समान लेखाङ्कन नीति लागु गर्नुपर्दछ । यदि यस प्रारुपले त्यस्तो वर्गिकरणको माग गर्दछ वा अनुमति दिन्छ भने उपयुक्त लेखा नीति छनौट गरि प्रत्येक वर्गका लागि एकरुपताका साथ प्रयोग गर्नुपर्दछ ।

## ५. लेखाङ्कन नीतिमा परिवर्तन

सहकारी संस्थाले निम्न अवस्थामा लेखा नीतिमा परिवर्तन गर्नुपर्दछः

(क) यस परिच्छेदमा भएका संशोधन वा परिवर्तनले माग गरेमा, वा

(ख) वित्तीय विवरणहरुले सहकारीको स्थिति विवरण, वित्तीय प्रदर्शन र नगद प्रवाह विवरणमा कारोबारको प्रभाव, घटना र अवस्थाहरुको विश्वासनीय र महत्वपूर्ण जानकारी दिने भएमा ।

**निम्न लिखित अवस्थाहरु लेखाङ्कन नीतिमा परिवर्तन होइनन्:**

(क) पहिले भइरहेका कारोवार, घटना वा अवस्थाहरु भन्दा सारभूत रुपमा फरक कारोवार, घटना वा अवस्थाहरुमा प्रयोग भएका फरक लेखाङ्कन नीति ।

(ख) पहिले नभएका वा सारयुक्त नभएका कुनै कारोबार, घटना वा अवस्थाहरुमा प्रयोग हुने नयाँ लेखाङ्कन नीतिहरु ।

(ग) यस परिच्छेदले सम्पत्तिको उचित मूल्य मापनको माग गरेको अवस्थामा उचित मूल्य मापन गर्न नसकिएमा लागत अवधारणा (cost model) मा परिवर्तन ।

यस परिच्छेदले विशेष कारोबार, घटना र अवस्थामा विधि छनौटको अनुमति दिन्छ र सहकारीले पहिलेको छनौटलाई परिवर्तन गर्छ भने यसलाई लेखा नीतिको परिवर्तन भनिन्छ ।

## ६. लेखाङ्कन नीतिमा परिवर्तनको लागु

लेखाङ्कन नीतिमा भएको परिवर्तनले पारेको संचयी (Cumulative) प्रभावलाई लेखाङ्कन नीति परिवर्तन भएकै समयमा आय व्यय विवरणमा लेखाङ्कन गरिन्छ ।

## ७. लेखाङ्कन नीतिमा भएका परिवर्तनको खुलासा

यदि यस परिच्छेदको संशोधनले चालु अवधि वा भविष्यमा प्रभाव पार्न सक्छ भने, सहकारी संस्थाले निम्नानुसार खुलासा गर्नुपर्दछ

(क) लेखाङ्कंन नीतिमा भएको परिवर्तनको प्रकृति ।

(ख) नाफा तथा नोक्सान विवरणमा पहिचान गरिएका लेखाङ्कन नीतिमा आएको परिवर्तनको संचयी (cumulative) प्रभाव ।

(ग) लेखाङ्कन नीतिमा स्वेच्छिक परिवर्तनको अवस्थामा नयाँ लेखाङ्कन नीतिले किन विश्वासनीय र सान्दर्भिक जानकारी प्रदान गर्दछ भन्ने कारण ।

## ८. लेखा अनुमानमा परिवर्तन

सम्पत्ति वा दायित्वको वर्तमान अवस्था तथा तीसँग सम्बन्धित भविष्यको संभावित आर्थिक लाभ मूल्याङ्कन र परिणामस्वरुप सम्पत्ति तथा दायित्वको किताबी मूल्यमा वा सम्पत्तिको सामयिक उपयोगको रकममा गरिएको समायोजनलाई लेखा अनुमानमा भएको परिवर्तन भनिन्छ । लेखा अनुमानको परिवर्तन, त्रुटिहरुको सुधार नभई नयाँ जानकारी वा विकासको परिणाम हो । लेखा नीति परिवर्तन र लेखा अनुमानको परिवर्तन बिचको फरक छुट्याउन नसकिने अवस्थामा त्यस्तो परिवर्तनलाई लेखा अनुमानको भएको परिवर्तन मानिन्छ ।

सहकारी संस्थाले लेखा अनुमानमा भएको परिवर्तनको परिणामलाई तत्पश्चात नाफा तथा नोक्सान विवरणमा तल उल्लेख गरिएको अवधिमा समावेश गर्नुपर्दछ ।

(क) यदि त्यस्ता परिवर्तनले सोही अवधिलाई मात्र असर गर्छ भने, परिवर्तन भएकै समयमा ।

(ख) यदि त्यस्ता परिवर्तनले सोही अवधि र भविष्यमा पनि असर गर्छ भने, परिवर्तन भएको समय र भविष्यमा।

लेखा अनुमानमा भएको परिवर्तनले जुन हदसम्म सम्पत्ति र दायित्वमा परिवर्तन गर्दछ वा ईक्वीटीको तत्वसँग सम्बन्धित हुन्छ, सहकारी संस्थाले परिवर्तन भएकै अवधिमा पहिचान गरी सम्बन्धित सम्पत्ति, दायित्व वा ईक्वीटीको किताबी रकममा समायोजन गर्नुपर्दछ ।

## ९. लेखा अनुमानमा परिवर्तन सम्बन्धी खुलासा

लेखा अनुमानमा परिवर्तनको प्रकृति र त्यस्ता परिवर्तनले सम्पत्ति, दायित्व, आम्दानी र खर्चमा वर्तमान समयमा परेको असरलाई सहकारी संस्थाले खुलासा गर्नुपर्दछ । सहकारी संस्थाले परिवर्तनको असरलाई एक वा सो भन्दा बढी अवधिमा अनुमान गर्नु व्यावहारिक हुने भएमा त्यसको पनि खुलासा गर्नुपर्दछ ।

## १०. विगत अवधिमा भएको त्रुटि सुधार

विगत अवधिमा भएको त्रुटि भन्नाले सहकारी संस्थाले एक वा सो भन्दा बढि अवधिमा विश्वासनीय जानकारीको प्रयोग गर्न असफल भई वा दुरुपयोग गरि सहकारी संस्थाको वित्तीय विवरणमा निम्न लिखित अवस्थामा भएको छुटफुट र गलत सूचना प्रवाहलाई जनाउँछः

(क) दिइएको अवधिको वित्तीय विवरण वितरणको लागि आधिकारिक हुँदा कायम रहेको

(ख) दिइएको वित्तीय विवरण तयार तथा प्रस्तुतिकरण गर्दा उपलब्ध तथा समावेश गरिएको भनी उचित रुपमा अनुमान गर्न सकिने ।

त्यस्ता त्रुटिमा गणनामा भएको त्रुटिको प्रभाव, लेखाङ्कन नीतिको प्रयोगको क्रममा भएको त्रुटि, तथ्यको अपव्याख्या वा नजरअन्दाज पर्दछन् ।

सहकारी संस्थाले विगतको अबधिमा भएको त्रुटिको प्रभाव हालको वित्तीय विवरणमा पहिचान गर्नुपर्दछ ।

## ११. विगतको अवधिमा भएको त्रुटिको खुलासा

सहकारी संस्थाले पहिलेको अवधिमा भएको त्रुटिबारे निम्नानुसारका खुलासा गर्नुपर्दछः

(क) पहिलेको अवधिमा भएको त्रुटिको प्रकृति ।

(ख) सम्भव भएसम्म, वित्तीय विवरणका शिर्षकमा असर पार्ने रकममा गरिएको सुधार।

(ग) खुलासा गर्नुपर्ने रकम निर्धारण गर्न सम्भव नभएमा सोको व्याख्या।

क्रमिक अवधिका वित्तीय विवरणमा माथि उल्लेखित खुलासाहरुलाई दोहोऱ्याइरहनु पर्दैन ।

# परिच्छेद -९
# मालशेष

## १. उद्देश्य

यस परिच्छेदले जिन्सी सम्बन्धी लेखाङ्कन विधिको व्याख्या गर्दछ । जिन्सी सम्बन्धी मुख्य मुद्धा लागत मूल्यलाई सम्पत्तिका रुपमा लेखाङ्कन गर्नु र सम्बन्धित जिन्सीको बिक्री गरी आय प्राप्त नभएसम्म उक्त रकमलाई आउँदो लेखा अवधिमा सार्नु हो । यस परिच्छेदले लागत निर्धारण तथा खुद असुली मुल्यमा गिरावट समेतलाई समायोजन गरी सोको क्रमिक लेखाङ्कन गर्ने व्यवस्थाको व्याख्या गर्दछ । यस परिच्छेदले लागत निर्धारण गर्ने लागत सुत्रको बारेमा पनि निर्देशन दिन्छ ।

## २. क्षेत्र

यस परिच्छेदले जिन्सीको लेखाङ्कंन र मापन सम्बन्धि सिद्धान्त निर्धारण गर्दछ ।

## ३. परिभाषा

यस परिच्छेदमा निम्न अनुसारका शब्द र त्यसको अर्थ प्रयोग गरिएको छः

जिन्सी अन्तर्गत निम्न लिखित सम्पत्तिहरु पर्दछन्ः

(क) सामान्य व्यावसायिक कारोबारमा बिक्रीका लागि राखिएको ।

(ख) बिक्री योग्य वस्तु उत्पादन प्रक्रियामा रहेको अर्धतयारी वस्तु ।

(ग) उत्पादन तथा सेवा प्रवाहमा प्रयोग हुने वस्तु तथा पदार्थ ।

खुद असुली मूल्य (Net Realizable Value) भन्नाले साधारण व्यवसायको क्रममा बिक्री मूल्यमा कार्य पूर्णताको अनुमानित लागत र बिक्रीमा लाग्ने अनुमानित लागत घटाएर बाँकी रहेको रकम बुझिन्छ ।

उचित मूल्य भन्नाले मापन गर्ने मितिमा बजारका सहभागीहरु बिच सम्पत्ति बेच्दा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्दा तिर्नुपर्ने मूल्यलाई बुझिन्छ ।

## ४. जिन्सीको मापन

सहकारी संस्थाले जिन्सीलाई लागत वा खुद असुली मूल्य मध्ये जुन कम हुन्छ त्यसमा नै मापन गर्नुपर्दछ ।

## ५. जिन्सीको लागत

सहकारीले जिन्सीको लगतमा खरिद गर्दा लाग्ने सबै लागत, रुपान्तरण गर्न लाग्ने लागत तथा वर्तमान परिस्थिति वा अवस्थासम्म ल्याउन लाग्ने लागतलाई समावेश गर्नुपर्दछ ।

## ५.१ जिन्सी खरिदको लागत

जिन्सीको खरिद लागतमा आयात शुल्क र अन्य करहरु (कर विभागले सहकारीलाई फिर्ता हुने खालका कर बाहेक), तयारी वस्तु, कच्चा पदार्थ र सेवा प्राप्तिसँग प्रत्यक्षरुपमा सम्बन्धित ढुवानी तथा अन्य लागतलाई समावेश गरिन्छ। व्यापारिक छुट तथा अन्य छुटलाई खरिद लागत निर्धारण गर्दा घटाउनु पर्दछ ।

सहकारीले विलम्वित फछ्र्यौट शर्तमा (deffered settlement term) जिन्सी खरिद गर्न सक्दछ । कतिपय अवस्थामा, त्यस्ता व्यवस्थाले प्रभावकारी रुपमा वित्तीय तत्वहरु उल्लेख गर्दैनन्, जस्तैः सामान्य बिक्री व्यवस्था र विलम्वित फछ्र्यौट शर्त बिचको फरक । यस्तो अवस्थामा त्यस्ता फरकलाई ब्याज खर्चका रुपमा सम्झौताको अवधिमा लेखाङ्कन गर्नुपर्दछ र त्यस फरकलाई जिन्सीको लागतमा जोड्नु हुदैंन ।

## ५.२ रुपान्तरण (Conversion) लागत

जिन्सीको रुपान्तरण लागतमा उत्पादन भएको प्रत्येक वस्तुहरुमा प्रत्यक्षरुपमा सम्बन्धित लागत (जस्तै प्रत्यक्ष ज्याला खर्च) पर्दछ । यसमा कच्चा पदार्थलाई तयारी वस्तुमा रुपान्तरण गर्दा लागेका स्थिर (Fixed Overhead) र परिवर्तनशिल सिरोभार (Variable Overhead) को व्यवस्थित बाँडफाँडलाई पनि समावेश गरिन्छ । स्थिर सिरोभार (Fixed Overhead)भन्नाले उत्पादनको मात्रासँग प्रत्यक्षरुपमा असम्बन्धित हुने (जस्तै ह्रास खर्च र फ्याक्ट्री भवन तथा उपकरणको संभार खर्च र फ्याक्ट्री व्यावस्थापन तथा प्रशानिक खर्च) अप्रत्यक्ष खर्चलाई बुझिन्छ । परिवर्तनशील सिरोभार (Variable Overhead) भन्नाले प्रत्यक्ष वा लगभग प्रत्यक्षरुपमा उत्पादनको मात्रासँगै परिवर्तन हुने (जस्तैः अप्रत्यक्ष कच्चा पदार्थ खर्च र अप्रत्यक्ष ज्याला खर्च) उत्पादनसँग सम्बन्धित अप्रत्यक्ष खर्चलाई बुझिन्छ ।

## ५.३ उत्पादन सिरोभारको बाँडफाँड

सहकारी संस्थाले स्थिर उत्पादन सिरोभारको बाँडफाँड उत्पादन उपकरणहरुको सामान्य क्षमताका आधारमा गर्नुपर्दछ । सामान्य क्षमता भन्नाले सामान्य परिस्थितिमा नियोजित संभारको कारण क्षमतामा भएको कमीलाई ध्यानमा राखेर हुने निश्चित अवधि वा मौसमको औसत अनुमानित उत्पादनलाई बुझाउँछ । यदि वास्तविक उत्पादन सामान्य क्षमता बराबर भए उत्पादन सिरोभारको बाँडफाँड प्रकृयामा वास्तविक उत्पादनलाई प्रयोग गर्न सकिन्छ । वस्तुको प्रत्येक उत्पादित इकाईमा बाँडफाँड गरिएको स्थिर सिरोभारको रकम, कम उत्पादन वा निष्क्रिय प्लान्ट (plant) को कारण बृद्धि हुदैन । बाँडफाँड नभएको सिरोभारको रकम खर्चका रुपमा सो सिर्जना भएकै अवधिमा लेखाङ्कन गरिन्छ । असामान्य उच्च उत्पादनको अवधिमा प्रत्येक उत्पादित वस्तुमा बाँडफाँड गरिएको स्थिर सिरोभारको रकम घटाइन्छ जसका कारण जिन्सीलाई लागत भन्दा बढिमा मापन गरिदैंन । अस्थिर उत्पादन सिरोभारको रकम उत्पादनको प्रत्येक इकाइमा उत्पादन सुबिधाहरुको वास्तविक प्रयोगको आधारमा बाँडफाँड गरिन्छ ।

## ५.४ संयुक्त उत्पादन र सहायक उत्पादन

उत्पादन प्रक्रियामा एक वा सो भन्दा बढी वस्तुसँगसँगै उत्पादन हुनसक्दछन् । संयुक्त वस्तुको उत्पादन वा मुख्य वस्तुसँगै सहायक वस्तु (by-product) को उत्पादनलाई यस अवस्थाको उदाहरणको रुपमा लिन सकिन्छ । जब कच्चा पदार्थको लागत वा रुपान्तरण/परिवर्तनको लागत अलग-अलग रुपमा पहिचान हुदैंनन् तब सहकारीले त्यस्ता खर्चलाई तर्कसंगत र एकरुपताका साथ बाँडफाँड गर्न सकिन्छ । बाँडफाँड निम्न प्रकृया अनुसार गर्न सकिन्छ, जस्तै उत्पादन प्रक्रियामा जब उत्पादित वस्तु अलग-अलग रुपमा पहिचान गर्न सकिन्छ वा उत्पादन प्रकृया पूरा भएको प्रत्येक वस्तुको सापेक्ष बिक्री मूल्य (relative sale value) । प्राय जसो सहायक वस्तु (by-product) प्रकृति अनुसार सारयुक्त हुदैंनन् । यस्तो अवस्था आएमा सहकारी संस्थाले त्यस्ता वस्तुलाई बिक्री मूल्यबाट उत्पादन तथा बिक्रीसँग सम्बन्धित लागतलाई घटाएर बाँकी रहेको रकममा मापन गर्नुपर्दछ, सो रकम मुख्य वस्तुको लागतबाट घटाइन्छ । परिणामस्वरुप मुख्य वस्तुको किताबी मूल्य र लागत सारयुक्त रुपमा फरक हुदैंनन् ।

## ५.५ जिन्सीमा समावेश गरिने अन्य लागत

कुनै लागत जिन्सीलाई वर्तमान स्थान र परिस्थितिमा ल्याउन लागेको अवस्थामा सहकारी संस्थाले उक्त हदसम्म जिन्सीको लागतमा अन्य लागत पनि समावेश गर्नुपर्दछ ।

## ६. जिन्सीको लागतमा समावेश नगरिने लागत

जिन्सीको लागतमा समावेश नहुने र सिर्जना भएकै अवधिमा खर्चका रुपमा पहिचान गरिनु पर्ने लागतका केही उदाहरणहरुः

(क) नष्ट सामग्री, श्रम वा अन्य उत्पादन लागतको असामान्य राशि ।

(ख) भण्डारण लागत जबसम्म यस्ता भण्डारण उत्पादनका लागि आवश्यक हुदैंनन् ।

(ग) जिन्सीलाई वर्तमान स्थान र परिस्थितिमा ल्याउन योगदान नगर्ने प्रशासनिक सिरोभारहरु ।

(घ) बिक्री गर्दा लाग्ने लागत ।

## ७. सेवा प्रदायकको जिन्सी लागत

सेवा प्रदायकसँग जिन्सी भएको अवस्थामा त्यसलाई उत्पादन लागतमा मापन गरिन्छ । यस्तो लागतमा मुख्यतः ज्याला खर्च र सेवा प्रदान गर्न प्रत्यक्षरुपमा संलग्न रहेका जनशक्तिको लागत सहित पर्यवेक्षक अधिकारी र बाँडफाँड गर्न मिल्ने सिरोभार रकम पनि पर्दछ । ज्याला र बिक्रीसँग सम्बन्धित अन्य
लागत र सामान्य प्रशासनिक खर्च यसमा समावेश नगरि जुन समयमा सिर्जना भएको हो त्यही अवधिमा खर्चको रुपमा पहिचान गरिन्छ । सेवा प्रदायकको जिन्सीको मूल्यमा प्राय जसो जिन्सीमा लाभ मार्जिन र बाँडफाँड गर्न नमिल्ने सिरोभार समावेश गरिएको हुदैंन ।

## ८.लागत मापन गर्ने पद्धतिहरु (जस्तैः स्टयान्डर्ड कस्टिङ्ग, खुद्रा विधि तथा तत्कालिन खरिद मूल्य)

सहकारीले जिन्सीको लागत मापन गर्नको लागि यदि मापनको नतिजा लागतको निकटतम मूल्यमा हुने भएमा स्टयान्डर्ड कस्टिङ्ग, खुद्रा विधि तथा तत्कालिन खरिद मूल्य पद्धति आदि लागत मापन पद्धतीहरुको प्रयोग गर्न सक्नेछन । स्टयान्डर्ड कस्टिङ्गमा सामग्री, तथा आपूर्तिको सामान्य स्तर, श्रम, तथा क्षमताको उपयोग आदिलाई समेटिन्छ । मापन पद्धतीहरुको नियमितरुपमा समीक्षा र आवश्यक भएमा वर्तमान अवस्थाको आधारमा परिमार्जन गरिन्छ । खुद्रा विधिमा मापन गर्दा जिन्सीको बिक्री मूल्यमा कुल नाफाको उचित प्रतिशत घटाइ मापन गरिन्छ ।

## ९. लागत सुत्र

सहकारी संस्थाले जिन्सीको लागत पहिचान गर्दा अन्तर-परिवर्तन गर्न नसकिने वस्तु र उत्पादित सामान वा सेवा यदि विशिष्ट प्रयोजनका लागि राखिएको हो भने प्रत्येक वस्तुको लागत पहिचान गर्नुपर्दछ ।

सहकारी संस्थाले जिन्सीको मापन पहिले आउने पहिले जाने पद्धति, पछि आउने पहिले जाने पद्धति वा औसत भारित पद्धतिमा गर्न सक्दछ । समान किसिमका जिन्सीका लागि समान लागत सुत्र प्रयोग गरिन्छ । फरक प्रकृति वा फरक प्रयोग भएका जिन्सीका लागि फरक लागत सुत्र प्रयोग गर्न सकिन्छ ।

## १०. जिन्सीको क्षयीकरण

सहकारी संस्थाले प्रतिवेदन अवधीको अन्त्यमा जिन्सीमा क्षयीकरण भए नभएको मूल्याङ्कन गर्नुपर्दछ । क्षति, पुरानो हुनु वा बिक्री मूल्यमा गिरावटका कारण किताबी मूल्य पुर्णरुपमा recoverable हुदैंनन् । यदि जिन्सीको एक वस्तु (वा वस्तुहरुको समूह) क्षयीकरण भएमा यस परिच्छेदले जिन्सीलाई बिक्री मूल्यमा बिक्रीसँग सम्बन्धित लागत र क्षयीकरण नोक्सानी पहिचान गर्न लागेको लागत घटाएर बाँकी रकममा जिन्सीको मापन गर्नुपर्दछ ।

## ११. खर्चको रुपमा पहिचान

सहकारी संस्थाले जिन्सीको बिक्री गर्दा जिन्सीको किताबी मूल्यलाई खर्चका रुपमा आय सिर्जना भएकै अवधिमा लेखाङ्कंन गर्नुपर्दछ । त्यस्ता जिन्सीलाई अन्य सम्पत्तिको खातामा लेखाङ्कन गर्नुपर्दछ, जस्तैः स्वयं निर्मित सम्पत्ति वा उपकरणमा प्रयोग भएको जिन्सी । यसरी अन्य सम्पत्तिमा बाँडफाँड गरिएको जिन्सीलाई यस परिच्छेदले त्यस्ता सम्पत्तिका लागि तोके अनुसार लेखाङ्कन गर्नुपर्दछ ।

## १२. खुलासा

सहकारीले देहाय अनुसारको खुलासा गर्नुपर्दछः

(क) जिन्सीको मापन गर्न प्रयोग भएको लेखानीतिका साथै लागत सूत्र ।

(ख) सहकारीलाई सान्दर्भिक भएसम्म जिन्सीको किताबी मूल्य र जिन्सीको वर्गिकरणमा किताबी मूल्य ।

(ग) खर्चको रुपमा लेखाङ्कन गरिएको जिन्सीको रकम ।

(घ) आय व्यय खातामा लेखाङ्कन गरिएको क्षयीकरण नोक्सानी ।

(ङ) दायित्व बापत संरक्षणका रुपमा राखिएको धितो जिन्सीको किताबी मूल्य ।

## परिच्छेद -१०

## संयुक्त उद्यममा लगानी

### १. उद्देश्य

यस परिच्छेदको उद्देश्य संयुक्त उद्यममा लगानीको लेखापालनको वर्णन गर्नु तथा लेखापालनका लागि इक्वीटी प्रणाली (Equity Method) को प्रयोगको आवश्यकता प्रष्ट्याउनु हो ।

### २. क्षेत्र

यो परिच्छेद लगानीकर्ताको वित्तीय विवरणमा संयुक्त उद्यममा लगानीको लेखापालनका लागि प्रयोग हुन्छ ।

### ३. परिभाषा

संयुक्त उद्यम (Joint Venture) ले अनुबन्धीय सम्झौताद्वारा दुई वा अधिक क्रियाकलापमा आवद्ध हुने अवस्थालाई जनाउँछ ।

संयुक्त नियन्त्रण (Joint Control) भन्नाले आर्थिक गतिविधि माथिको नियन्त्रणलाई करार मार्फत बाँडफाँड गर्न सहमत हुनु भन्ने बुझिन्छ । सो संयुक्त नियन्त्रण (Joint Control), आर्थिक गतिविधि सम्बन्धि रणनितीक वित्तीय तथा कार्यकारी निर्णयका लागि नियन्त्रण शक्ति बाँडेका पक्षहरुले सर्वसम्मति जनाएमा मात्र कायम रहन्छ । संयुक्त उद्यमले संयुक्त नियन्त्रित सञ्चालनहरु, संयुक्त नियन्त्रित सम्पत्तिहरु अथवा संयुक्त नियन्त्रित संस्थाहरुलाई जनाउँछ ।

## ४. संयुक्त उद्यममा लगानीको मापन

लगानीकर्ताले संयुक्त उद्यममा गरेका सबै लगानीहरु लागत अवधारणाको (Cost Model) प्रयोग गरी लेखाङ्कन गर्नु पर्दछ ।

## ५. लागत अवधारणा (Cost Model)

लगानीकर्ताले संयुक्त उद्यममा गरेका सबै लगानीहरु लागतमा संचित क्षयीकरण नोक्सानी (Cost less accumulated impairment loss) घटाइ मापन गर्नुपर्दछ ।

## ६. वित्तीय विवरणमा प्रस्तुतीकरण

लगानीकर्ताले संयुक्त उद्यममा गरेका सबै लगानीहरु दिर्घकालीन सम्पत्तिको रुपमा वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्दछ ।

## ७. खुलासा

संयुक्त उद्यममा लगानी गर्नेहरुले निम्न उल्लेखित विषयवस्तुहरु खुलाउनु पर्दछः-

(क) संयुक्त उद्यममा रहेको लगानी सम्बन्धी लेखा नीति

(ख) संयुक्त उद्यममा रहेको लगानीको किताबी मूल्य (Carrying amount)

(ग) आम्दानीको रुपमा समावेश गरिएको लाभांश तथा अन्य प्राप्ति ।

# परिच्छेद -११
# लगानी

## १. उद्देश्य

यस परिच्छेदले लगानीको लेखा विधि र सोको खुलासाको व्याख्या गर्दछ ।

## २. क्षेत्र

यस परिच्छेदले नेपाल सरकारले जारी गरेको ऋणपत्र, नेपाल बैंकले जारी गरेको ट्रेजरी विल वा सहकारी ऐनले निर्धारण गरेको अन्य लगानी उपकरणहरुको लेखाङ्कनको व्याख्या गर्दछ ।

## ३. परिभाषा

**ऋणपत्र** भन्नाले नेपाल सरकारले जारी गरेको धितोपत्र (Bond) भन्ने बुझिन्छ ।

**राष्ट्र बैंक** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैंक भन्ने बुझिन्छ ।

**ट्रेजरी विल** भन्नाले नेपाल सरकारले जारी गरेको ट्रेजरी विल भन्ने बुझिन्छ ।

**सरकार (Government)** भन्नाले नेपाल सरकार, सरकारी निकाय तथा अन्य स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायहरुलाई जनाउँछ ।

## ४. सहकारीले गरेको लगानी

सहकारी संस्थाले आफ्ना सदस्यहरुबाट संकलन गरेको निक्षेपलाई देहायका प्रयोजनका लागि मात्र उपयोग गर्नुपर्दछः

- सदस्यबीच ऋण लगानी
- नेपाल सरकारले जारी गरेको ऋणपत्र खरीद
- नेपाल सरकारले जारी गरेका ट्रेजरी बिल (Treasury bill) खरीद

उक्त निक्षेप अन्य कुनै प्रयोजन जस्तै अचल सम्पत्ति खरीद, पुर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैंकको (सहकारी बैंक बाहेक) शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुदैन ।

## ५. सहकारीको लगानीको क्षेत्र (Areas of Investment)

लगानीको लागतमा खरीद लागत जस्तै ब्रोक्रेज, शुल्क र महशुलहरु समावेश हुन्छन् । सहकारीले गरेको लगानी अल्पकालीन वा दीर्घकालीन हुन सक्दछन् । अल्पकालीन लगानी भन्नाले सहजै असूल (realizable) गर्न सकिने र लगानी गरेको मितिबाट एक वर्ष भन्दा अधिक स्वामित्वमा राख्ने मनसाय नभएको लगानीलाई बुझाउँछ । अल्पकालीन लगानी बाहेकका अन्य सबै लगानी नै दीर्घकालीन लगानी हुन् ।

अल्पकालीन लगानीलाई लागत वा उचित बजार मूल्य मध्येको कम रकममा लेखाङ्कन गर्नुपर्दछ । असुली मूल्य (Realizable Value) मा हुने गिरावटलाई नाफा/नोक्सान खातामा डेबिट गर्नुपर्दछ । यद्यपी, लगानीको असुली मूल्य पुनः बृद्धि भएमा लगानीको लागतको हदसम्म हुने अल्पकालीन लगानी बृद्धिलाई नाफा/नोक्सान खातामा क्रेडिट गर्नुपर्दछ । दीर्घकालीन लगानीलाई प्राय लागत मूल्यमा लेखाङ्कन गरिन्छ । अस्थायी रुपमा भएको गिरावट बाहेक, दीर्घकालीन लगानीको किताबी मूल्यमा हुने अन्य गिरावटलाई नाफा/नोक्सान खातामा लेखाङ्कन गर्नुपर्दछ । लगानीको मूल्यमा बृद्धि आउनु अथवा गिरावट आउनुको परिस्थिति विद्यमान नरहेमा किताबी मूल्यमा आएको गिरावटलाई रिभर्सल गर्नुपर्दछ ।

## ६. लगानीको निःसर्ग

लगानी निःसर्ग गर्दा, लगानीको किताबी मूल्य र निःसर्ग गर्दा प्राप्त हुने खुदमूल्य बिचको फरक रकमलाई नाफा/नोक्सान विवरणमा लेखाङ्कन गर्नुपर्दछ ।

## ७. खुलासा

सहकारी संस्थाले सम्पूर्ण लगानीहरुका लागि प्रयोग भएको लेखा नीतिको खुलासा गर्नुपर्दछ ।

# परिच्छेद -१२

# जायजेथा, प्लान्ट तथा उपकरण

## १. उद्देश्य

यस परिच्छेदको उद्देश्य जायजेथा, प्लान्ट तथा उपकरण (Property, Plant & Equipment) सम्बन्धी लेखा नीतिको व्याख्या गर्नु हो । जसले गर्दा सहकारी संस्थाका वित्तीय विवरणका प्रयोगकर्ताहरुले संस्थाका जायजेथा, प्लान्ट तथा उपकरण र त्यसमा लागेको लगानी बारे बुझ्न सक्दछन् । जायजेथा, प्लान्ट तथा उपकरणको लेखाङ्कनको मुख्य उद्देश्य भनेको त्यसलाई सम्पत्तिको रुपमा लेखाङ्कन गर्ने, तिनीहरुको किताबी मूल्य निर्धारण गर्ने र त्यससँग सम्बन्धित ह्रास र क्षयीकरण नोक्सानी (Impairment loss) लाई वित्तीय विवरणमा समावेश गर्नु हो ।

## २. क्षेत्र

यो परिच्छेदको उपयोग जायजेथा, प्लान्ट तथा उपकरणको लेखापालको लागि हुनेछ ।

## ३. परिभाषा

**जायजेथा, प्लान्ट तथा उपकरणअन्तर्गत निम्नानुसारका भौतिक सम्पत्तिहरु समावेश हुन्छन्ः**

(क) कुनै बस्तुको उत्पादन वा सेवाहरुको आपूर्तिको लागि वा अरुलाई भाडामा दिनको लागि अथवा प्रशासनिक प्रयोगका लागि राखिएको, र

(ख) एक भन्दा बढी अवधिका लागि प्रयोगमा आउने अपेक्षा राखिएको ।

**जायजेथा, प्लान्ट तथा उपकरणमा निम्न उल्लेखित सम्पत्तिहरु समावेश हुदैनन्:**

(क) कृषि गतिविधिसँग सम्बन्धित जैविक सम्पत्ति

(ख) खनिज अधिकार र खनिज भण्डारहरु, जस्तै तेल, प्राकृतिक ग्यास र अरु गैर नविकरणीय स्रोतहरु

**किताबी मूल्य (Carrying Amount)** भन्नाले संचित ह्रास र संचित क्षयीकरण घटाए पछिको सम्पत्तिको मूल्य बुझिन्छ ।

**लागत** भन्नाले सम्पत्ति खरिद गर्दा वा निर्माण गर्दा तिरेको जम्मा नगद वा नगद सरह अथवा त्यसको लागि दिइएको प्रतिफलको उचित मूल्य तथा सम्पत्तिको प्रारम्भिक लेखाङ्कन गरिएको रकमलाई बुझिन्छ ।

**ह्रासयोग्य रकम** भन्नाले सम्पत्तिको लागत, अथवा त्यसको प्रतिस्थापित लागतबाट शेष मूल्य (Cost less residual value) घटाई बाँकी रहेको रकम बुझिन्छ ।

**ह्रास** भन्नाले सम्पत्तिको ह्रासयोग्य रकमलाई सो सम्पत्तिको उपयोगी आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गरेको रकमलाई बुझिन्छ ।

**उचित मूल्य (Fair Value)** भन्नाले मापन मितिमा बजार सहभागी (Market Participant) बीच क्रमिक लेनदेनमा सम्पत्तिको बिक्री अथवा दायित्वको हस्तान्तरणबाट प्राप्त हुन आउने मूल्यलाई जनाउँछ ।

**क्षयीकरण नोक्सानी (Impairment Loss)** भन्नाले किताबी रकम भन्दा असुली रकम (Recoverable Amount) कम भएमा, सो बराबरको रकमलाई जनाउँछ ।

## ४. पहिचान (Recognition)

यस प्रारुपमा उल्लेखित पहिचान मापदण्ड सहकारी संस्थाले कुनै पनि वस्तुलाई जायजेथा, प्लान्ट तथा उपकरणको रुपमा लेखाङ्कन गर्ने वा नगर्ने भन्ने विषयमा प्रयोग गर्नु पर्दछ । त्यसैले सहकारी संस्थाले कुनै पनि सम्पत्ति निम्न लिखित अवस्थामा मात्र जायजेथा, प्लान्ट तथा उपकरणको रुपमा समावेश गर्नु पर्दछ:

(क) त्यस सम्पत्तिसँग सम्बन्धित भविष्यको आर्थीक लाभ सहकारी संस्थाले प्राप्त गर्ने सम्भावना भएमा, र

(ख)	वस्तुको लागत विश्वसनीय रुपमा मापन गर्न सकिने भएमा ।

जायजेथा, प्लान्ट तथा उपकरणसँग सम्बन्धित पाटपूर्जा तथा सहायक उपकरणहरु प्राय मौज्दातको रुपमा समावेश गरिन्छ  साथै प्रयोग भैसकेको मौज्दातलाई आय विवरणमा खर्चका रुपमा लेखाङ्कन गरिन्छ । तथापि, यदि सहकारी संस्थाले मूख्य पाटपूर्जा तथा सहायक उपकरणहरु एक लेखा अवधि भन्दा बढि समय सम्म प्रयोग हुने अपेक्षा गर्दछ भने, सो लाई जायजेथा, प्लान्ट तथा उपकरणको रुपमा लेखाङ्कन गर्नु पर्दछ । त्यसै गरी यदि पाटपूर्जा तथा मर्मत उपकरणहरु जायजेथा, प्लान्ट तथा उपकरणसँग सम्बन्धित  तत्वहरुसँग मात्रै प्रयोग हुने अवस्थामा सो पाटपूर्जालाई पनि जायजेथा, प्लान्ट तथा उपकरणको रुपमा समावेश गर्न सकिन्छ ।

जायजेथा, प्लान्ट तथा उपकरणका कुनै भागहरु नियमित अन्तरालमा प्रतिस्थापन गर्नु आवश्यक हुन्छ (जस्तै भवनको छानो) । यदि सो प्रतिस्थापनले सहकारी संस्थामा भविष्यको आर्थिक लाभमा बृद्धि हुने अपेक्षा भएमा सो प्रतिस्थापनको लागतलाई जायजेथा, प्लान्ट तथा उपकरणको किताबी मूल्यमा जोड्नु पर्दछ । प्रतिस्थापित अंशको किताबी मूल्यलाई अपलेखन (Derecognize) गरिन्छ ।

यदि जायजेथा, प्लान्ट तथा उपकरणको मुख्य अंशहरुको आर्थिक लाभ खपतको ढाँचाभन्दा अत्याधिक रुपमा फरक छ भने सहकारी संस्थाले सम्पत्तिको प्रारम्भिक लागत सो मुख्य अंशहरुमा बाँडफाँड गरी सो मुख्य अंशहरुको आफ्नो छुट्टै उपयोगी आयुको आधारमा ह्रासको रकम लेखाङ्कन गर्नु पर्दछ ।

जग्गा र भवन दुई फरक सम्पत्ति हुन् । त्यसैले सहकारी संस्थाले यी दुई संगै खरिद वा प्राप्त गरेको भए पनि दुवैलाइ छुट्टै लेखाङ्कन गर्नु पर्दछ ।

## ५. पहिचान अवधिमा मापन

सहकारी संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणको प्रारम्भिक लेखाङ्कन गर्दा त्यसको लागतमा मापन गर्नुपर्दछ ।

## ५.१ लागतका तत्वहरु

जायजेथा, प्लान्ट तथा उपकरणका लागतमा निम्न उल्लेखित तत्वहरु समावेश हुन्छन्ः

(क) कानुनी शुल्क, दलाली शुल्क, भन्सार र फिर्ता नहुने खरिद कर समावेश भएको खरिद मूल्य,

(ख) सम्पत्तिलाई व्यवस्थापनले कार्यसञ्चालन गर्न आवश्यक ठानेको अवस्था तथा स्थानसम्म ल्याउन लाग्ने प्रत्यक्ष खर्चहरु । यी खर्चहरुमा स्थलको तयारी खर्च, प्रारम्भिक डेलिभरी खर्च, स्थापना तथा जडान खर्च र कार्यक्षमताको परीक्षण खर्चहरु समावेश हुन्छ ।

(ग) उपकरण उत्खनन् तथा हटाउन (Cost of dismantling and removing) र स्थलको पुनस्थापना गर्ने खर्च र उपकरण प्राप्त गर्दा सहकारी संस्थाले व्यहोरेको दायित्व वा मालशेष उत्पादन गर्न भन्दा बाहेकका लागि निश्चित अवधिका लागि उपकरण प्रयोग गरे वापतको खर्चको प्रारम्भिक अनुमान ।

(घ) ब्याज तथा सम्पत्तिको निर्माण र विकासका लागि प्रयोग हुने कर्जाको लागत ।

तल उल्लेखित लागत जायजेथा, प्लान्ट तथा उपकरणमा लागेको लागत मानिदैन र सहकारी संस्थाले यी लागतहरु खर्चको रुपमा लेखाङ्कन गर्नु पर्दछ ।

(क) नयाँ सुविधा स्थापनाको खर्च,

(ख) नयाँ सेवा वा उत्पादनको प्रारम्भिक (Introductory) खर्च (विज्ञापन र प्रचार खर्च सहित)

(ग) नयाँ स्थानमा वा नयाँ वर्गका ग्राहकहरुसँग व्यापार संचालनको खर्च (कर्मचारी प्रशिक्षणको खर्च सहित)

(घ) प्रशासनिक तथा अरु सामान्य खर्चका लागतहरु

केही कार्यहरु जायजेथा, प्लान्ट तथा उपकरणको निर्माण र विकास गर्ने क्रममा घटित हुन्छन् तर त्यस्ता कार्यहरु उक्त सम्पत्तिलाई सहकारीले आवश्यक ठानेको अवस्था तथा स्थानसम्म ल्याउनको लागि आवश्यक हुदैंनन् । त्यस्ता आकस्मिक कार्यहरु निर्माण तथा विकास कार्य भन्दा अघि वा त्यस अवधिमा घटित हुन सक्दछन् । जस्तै कुनै भवनलाई निर्माण क्रममा निर्माण सम्पन्न नभएसम्म पार्किङ्गको रुपमा उपयोग गरि आय आर्जन गर्न सकिन्छ । आकस्मिक कार्यहरु सम्पत्तिलाई सहकारीले आवश्यक ठानेको अवस्था तथा स्थानसम्म ल्याउनको लागि अपरिहार्य नहुने भएकाले त्यस्ता आय तथा सम्बन्धित खर्चहरुलाई नाफा नोक्सानमा लेखाङ्कन गरिन्छ र ती शिर्षकलाई सम्बन्धित वर्गिकरणमा आय वा व्ययको रुपमा समावेश गरिन्छ ।

## ५.२ लागतको मापन

जायजेथा, प्लान्ट तथा उपकरणको लागत भन्नाले पहिचान मितिमा त्यसको नगद बराबरको रकमलाई बुझिन्छ । यदि भुक्तानी सामान्य क्रेडिट अवधिभन्दा बढी विलम्वित भएमा, लागत भन्नाले भविष्यमा भुक्तानी गर्ने रकमको वर्तमान मूल्य बुझिन्छ ।

## ५.३ सम्पत्तिको विनिमय

जायजेथा, प्लान्ट तथा उपकरण गैरमौद्रिक सम्पत्ति अथवा गैरमौद्रिक तथा मौद्रिक सम्पत्तिको योगको विनिमयद्वारा प्राप्त गर्न सकिन्छ । तल उल्लेखित अवस्थामा बाहेक सहकारी संस्थाले त्यसरी प्राप्त गरेको सम्पत्ति उचित मूल्यमा लेखाङ्कन गर्नुपर्दछ ।

(क) विनिमयमा व्यापारिक तत्वको अभाव भएमा

(ख) दिइएको सम्पत्तिको वा प्राप्त भएको सम्पत्तिको उचित मूल्य सार्थक रुपमा मापन गर्न नसकेमा । यस्तो अवस्थामा सो सम्पत्तिलाई किताबी मूल्यमा लेखाङ्कन गर्नुपर्दछ ।

## ६. प्रारम्भिक लेखाङ्कन पछिको मापन

सहकारी संस्थाले प्रारम्भिक लेखाङ्कन पछि सबै जायजेथा, प्लान्ट तथा उपकरणहरुको लागतबाट संचित ह्रास र क्षयीकरण नोक्सानी घटाई मापन गर्नुपर्दछ । सहकारी संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणका दैनिक मर्मत खर्च तथा सञ्चालनका लागतहरु आय विवरणमा खर्च भएकै अवधिमा लेखाङ्कन गर्नुपर्दछ । अधिकारीहरुद्वारा जारी दिशानिर्देशहरुको आधारमा जग्गाको पुनर्मूल्याङ्कन गर्न सकिन्छ । मूल्याङ्कनको क्रममा भएको वृद्धिलाई वित्तीय विवरणमा इक्विटी खण्डको पुनर्मूल्याङ्कन कोषमा लेखाङ्कन गर्नुपर्दछ ।

## ७. ह्रास

यदि जायजेथा, प्लान्ट तथा उपकरणको प्रमुख अंशहरुको आर्थिक लाभको खपतको प्रवृति सारभूत् रुपमा फरक छन् भने सहकारी संस्थाले सम्पत्तिको प्रारम्भिक लागत उक्त प्रमुख अंशहरुमा बाँडफाँड गरी उक्त अंशहरुको उपयोगी आयुको आधारमा ह्रासको रकम लेखाङ्कन गर्नुपर्दछ । अरु सम्पत्तिहरुमा, एकल सम्पत्तिको रुपमा तिनीहरुको उपयोगी आयुको आधारमा ह्रासको रकम लेखाङ्कन गर्नुपर्दछ । अपवादको रुपमा, जग्गाको उपयोगी आयु असीमीत हुने भएकोले जग्गामा ह्रासकट्टी गरिदैन ।

यस प्रारुपको अरु कुनै परिच्छेदमा, ह्रास कट्टी गरिएको रकमलाई सम्पत्तिको लागतमा समावेश गर्न नभनेसम्म प्रत्येक अवधिको ह्रास कट्टीलाई आय विवरणमा समावेश गर्नु पर्दछ (उदाहरणको लागि, उत्पादनमा प्रयोग हुने जायजेथा, प्लान्ट तथा उपकरणको ह्रास मालशेषको लागतमा समावेश हुन्छ) ।

### ७.१ ह्रास योग्य रकम र ह्रास कट्टीको अवधि

सहकारी संस्थाले सम्पत्तिको ह्रासयोग्य रकमलाई सो सम्पत्तिको उपयोगी आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गर्नु पर्दछ ।

सम्पत्तिको प्रयोग कसरी भइरहेको छ, महत्वपूर्ण अप्रत्याशित टुट-फुट, प्राविधिक विकास र बजार मूल्यमा परिवर्तन जस्ता कारकहरुले गर्दा शेष मूल्य र उपयोगी आयुमा परिवर्तन आउने संकेत देखाउँछ । यदि त्यस्ता संकेतहरु छन् भने, सहकारी संस्थाले तिनीहरुको पछिल्लो अनुमानहरुको समीक्षा गर्नु पर्दछ र यदि ती अनुमानहरु वर्तमान अपेक्षाहरु भन्दा भिन्न हुन्छन् भने सहकारी संस्थाले आफ्नो शेष मूल्य, उपयोगी आयु र ह्रासको विधि संशोधन गर्नु पर्दछ । सहकारी संस्थाले शेष मूल्य, उपयोगी आयु र ह्रासको विधि परिवर्तनको लेखाङ्कनलाई लेखा अनुमानमा परिवर्तनको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

सम्पत्ति प्रयोगका लागि उपलब्ध भइसके पछि त्यसमा ह्रास कट्टी शुरु हुन्छ । प्रयोगका लागि उपलब्ध भन्नाले, सम्पत्तिलाई व्यवस्थापनले कार्यसञ्चालन गर्न आवश्यक ठानेको अवस्था तथा स्थानसम्म ल्याउनुलाई बुझिन्छ । कुनै पनि सम्पत्ति प्रतिस्थापित गरिन्छ भने, त्यसमा ह्रास कट्टी हुन बन्द हुन्छ । सम्पत्ति निष्कृय भएमा वा सक्रिय प्रयोग नभएमा पनि पूर्ण रुपमा ह्रासयोग्य भएसम्म त्यस सम्पत्तिमा ह्रास कट्टी हुन बन्द हुदैन ।

सहकारी संस्थाले उपयोगी आयु निर्धारण गर्दा निम्न उल्लेखित कारकहरुमा ध्यान दिनुपर्दछ ।

(क) सम्पत्तिको अपेक्षित उपयोग । सम्पत्तिको अपेक्षित क्षमतालाई ध्यानमा राखी उपयोगको मूल्यांङ्कन गरिन्छ ।

(ख) अपेक्षित भौतिक टुट फुट, जुन सम्पत्तिको प्रयोग तथा मर्मत तालिका, सम्पत्ति निष्कृय भएको बेलाको मर्मत संभार जस्ता कार्यगत तत्वहरुमा निर्भर हुन्छन् ।

(ग) उत्पादन प्रकृयामा सुधार तथा बदलाव वा वस्तु वा सेवाको बजार मागमा बदलाव आदिका कारणले भएको प्राविधिक अथवा व्यापारिक रुपमा पुरानो वा जिर्ण भएमा ।

(घ) सम्पत्तिका प्रयोगमा कानुनी वा अन्य कुनै सीमाहरु ।

### ७.२ ह्रास कट्टीका विधिहरु

सहकारी संस्थाले सम्पत्तिबाट अपेक्षित भविष्यको आर्थिक लाभको उपयोगिताको प्रवृतिको प्रतिनिधित्व गर्नै ह्रास कट्टी विधिको छनौट गर्नुपर्दछ । सम्भावित ह्रास कट्टीका केहि विधिहरु समदर विधि, घट्दो दर विधि वा प्रयोगमा आधारित विधि आदि हुन् ।

अघिल्लो प्रतिवेदन मितीभन्दा अहिले सहकारी संस्थालाई भविष्यमा प्राप्त हुने आर्थिक लाभको ढाँचामा केही महत्वपूर्ण परिवर्तन भएको संकेत विद्यमान भएमा सहकारी संस्थाले ह्रास कट्टीको विधिलाई भविष्यमा प्राप्त हुने आर्थिक लाभको ढाँचामा चित्रण गर्ने गरि परिवर्तन गर्नुपर्दछ । सहकारी संस्थाले सो परिवर्तनलाई लेखा अनुमानको परिवर्तनको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

## ८. क्षयीकरण

### ८.१ क्षयीकरणको मापन तथा लेखाङ्कन

हरेक प्रतिवेदन मितिमा, सहकारी संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणका कुनै सम्पत्ति वा सम्पत्तिका समुह क्षयीकृत भएको छ वा छैन भनेर निर्धारण गर्नुपर्दछ र यदी छ भने त्यस क्षयीकरणलाई कसरी मापन गर्ने र लेखाङ्कन गर्ने भनेर पनि निर्धारण गर्नुपर्दछ ।

### ८.२ क्षयीकरणको लागि क्षतिपूर्ति

तेश्रो पक्षबाट प्राप्त हुने क्षयीकरण बापतको क्षतिपूर्ति रकम सहकारी संस्थाले सो रकम प्राप्त भएपछि मात्र लेखाङ्कन गर्नुपर्दछ।

### ८.३ बिक्रीका लागि राखिएको जायजेथा, प्लान्ट तथा उपकरण

विगतमा अपेक्षित मितिभन्दा अगावै सम्पत्तिको निःसर्गको योजनाले सम्पत्तिको क्षयीकरणलाई अंकित गर्दछ र यसले सम्पत्तिको क्षयीकरण भएको छ वा छैन भन्ने कुराको निर्धारण गर्नका लागि सम्पत्तिको असुलयोग्य रकम (Recoverable Amount) को गणना गर्नको लागि निर्देश गर्दछ ।

## ९. प्रतिस्थापन (De-recognition)

सहकारी संस्थाले निम्न उल्लेखित अवस्थाहरुमा जायजेथा, प्लान्ट तथा उपकरणको प्रतिस्थापन गर्नुपर्दछ ।

(क) निःसर्ग गर्दा ।

(ख) यदि सम्पत्तिको प्रयोग बाट वा निःसर्ग बाट भविष्यको आर्थिक लाभको अपेक्षा नभएमा ।

सहकारी संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणको प्रतिस्थापनमा हुने लाभ वा नोक्सानीलाई निसर्गकै बेला आय विवरणमा समावेश गर्नुपर्दछ । सहकारी संस्थाले त्यस्ता लाभलाई आयको रुपमा वर्गीकरण गर्नु हुदैन ।

सम्पत्ति निःसर्गको मिति निर्धारण गर्दा सहकारी संस्थाले वस्तुको बिक्रीबाट हुने आयको लेखाङ्कन गर्ने त्यी विधि पालना गर्नुपर्दछ । निःसर्ग गर्दाको आय र किताबी मूल्यको फरकलाई आधार मानी सहकारी संस्थाले प्रतिस्थापन गर्दाको लाभ वा नोक्सानीको निर्धारण गर्नुपर्दछ ।

## १०. खुलासा

सहकारी संस्थाले प्रत्येक वर्गको जायजेथा, प्लान्ट तथा उपकरणको लागि उचित भएसम्म निम्न उल्लेखित खुलासा गर्नुपर्दछ ।

(क) कुल किताबी मूल्यको निर्धारण गर्ने मापनको आधार

(ख) प्रयोग गरिएको ह्रास कट्टीको विधि

(ग) प्रयोग गरिएको उपयोगी आयु तथा ह्रास कट्टीको दर

(घ) प्रतिवेदन अवधिको शुरु र अन्त्यको कुल किताबी मूल्य र संचित ह्रासको रकम

(ङ) निम्न उल्लेखित तत्वहरुको समावेश गरी प्रतिवेदन अवधिको शुरु र अन्त्यको तयार गरिएको कुल किताबी मूल्यको मिलान विवरणः

- थप (Additions)
- निःसर्ग
- लगानी सम्पत्तिमा परिवर्तन
- क्षयीकरण नोक्सानी समावेश वा रद्द गरेको रकम
- ह्रास कट्टीको रकम

- अन्य परिवर्तनहरु

उक्त मिलान विवरण पूर्व अवधिका लागि तयार गर्नुपर्दैन ।

सहकारी संस्थाले निम्न लिखित कुराहरुको पनि खुलासा गर्नुपर्दछः

(क) सहकारी संस्थाको प्रतिवन्धित अधिकार रहेको वा दायित्व वापत बन्धक राखिएको जायजेथा, प्लान्ट तथा उपकरणको अस्तित्व तथा किताबी मूल्य ।

(ख) जायजेथा, प्लान्ट र उपकरणको प्राप्तिका लागि अनुबन्धीय प्रतिबद्धता ।

(ग) जग्गाको मूल्य निर्धारण भएको छ भने, मूल्याङ्कन मितिमा स्वतन्त्र पेशागत मूल्याङ्कनकर्ताको मूल्याङ्कनमा आधारित उचित मूल्य ।

# परिच्छेद -१३

# अदृश्य सम्पत्ति (Intangible Assets)

## १. उद्देश्य

यस परिच्छेदको उद्देश्य अरु कुनै परिच्छेदमा स्पष्ट रुपमा व्याख्या नगरिएको अदृश्य सम्पत्तिको लेखाङ्कन विधिको व्याख्या गर्नु हो । निर्दिष्ट मापदण्ड पूरा भएको खण्डमा मात्र सहकारीले अदृश्य सम्पत्तिको लेखाङ्कन गर्न सक्नेछ । यस परिच्छेदमा अदृश्य सम्पत्तिको रकम मापन (measure) गर्ने तरिका तथा अदृश्य सम्पत्तिको निर्दिष्ट खुलासाको आवश्यकताको व्याख्या गरिएको छ ।

## २. क्षेत्र

यस परिच्छेद सबै अदृश्य सम्पत्तिको लेखाङ्कनमा लागू हुन्छ ।

## ३. परिभाषा

अदृश्य सम्पत्ति भन्नाले पहिचान गर्न सकिने तर भौतिक अस्तित्व नभएका गैरमौद्रिक सम्पत्ति भन्ने बुझिन्छ । यस्तो सम्पत्तिको पहिचान निम्न अवस्थामा गरिन्छः

(क) छुट्याउँन सकिने भएमा जस्तैःसहकारीबाट छुट्याउँन वा विभाजित गर्न सकिने र एकलरुपमा वा सम्बन्धित करार, सम्पत्ति वा दायित्वसँगै बिक्री हस्तान्तरण, लाइसेन्समा लिन, भाडामा दिन वा आदानप्रदान गर्न सकिने

(ख) करार वा अन्य कानूनी अधिकारबाट सृजना हुने (त्यस्ता अधिकारहरु सहकारीबाट वा अन्य अधिकार वा जिम्मेवारीबाट छुट्याउँन सकिने वा नसकिने तथा हस्तान्तरण गर्न सकिने वा नसकिने जे भएतापनि) अदृश्य सम्पत्तिमा निम्न उल्लेखित सम्पत्तिहरु समावेश हुदैनन्-

(क) वित्तीय सम्पत्ति, वा,

(ख) खनिज अधिकार र खनिज भण्डारहरु (जस्तैः तेल, प्राकृतिक ग्यास र अन्य गैरनविकरणीय स्रोतहरु)

**ह्रास खर्च (Amortiztion)** भन्नाले अदृश्य सम्पत्तिको ह्रासयोग्य रकमलाई सो सम्पत्तिको उपयोगी आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गरेको रकमलाई बुझिन्छ ।

**किताबी रकम (Carrying Amount)** भन्नाले संचित ह्रास र संचित क्षयीकरण घटाए पछिको सम्पत्तिको मूल्य बुझिन्छ ।

**लागत (Cost)** भन्नाले सम्पत्ति खरिद गर्दा वा निर्माण गर्दा तिरेको जम्मा नगद वा नगद सरह अथवा

त्यसको लागि दिइएको प्रतिफलको उचित मूल्य तथा सम्पत्तिको प्रारम्भिक लेखाङ्कन गरिएको रकमलाई बुझिन्छ ।

**ह्रासकट्टी योग्य रकम (Depreciable amount)** भन्नाले सम्पत्तिको लागत, अथवा त्यसको प्रतिस्थापित लागतबाट शेष मूल्य (Cost less residual value) घटाई बाँकी रहेको रकम बुझिन्छ ।

**उचित मूल्य (Fair Value)** भन्नाले मापन मितिमा बजार सहभागी बीच क्रमिक लेनदेनमा सम्पत्तिको बिक्री अथवा दायित्वको हस्तान्तरणबाट प्राप्त हुन आउने मूल्यलाई जनाउँछ ।

**क्षयीकरण नोक्सानी (Impairment Loss)** भन्नाले किताबी रकम भन्दा असुली रकम (Recoverable Amount) भन्दा कम भएमा, कम भए जति रकमलाई जनाउँछ ।

**अदृश्य सम्पत्तिको शेष मूल्य (Residual value of intangible asset)** भन्नाले सम्पत्तिको उपयोगी आयुको अपेक्षित अन्तिम अवस्थामा वा सम्पत्ति निःसर्ग गर्न योग्य भैसकेको अवस्थामा सो सम्पत्तिलाई निःसर्ग गर्दा बापत पाउने अनुमानित रकमबाट निःसर्गको लागत घटाई बाँकी रहेको रकमलाई बुझाउँछ ।

उपयोगी आयु भनेको

क) सम्पत्ति प्रयोगका लागि उपलब्ध हुने अनुमानित अवधि, वा

ख) सम्पत्तिको प्रयोगबाट संस्थाले अनुमानित गरेको उत्पादन संख्या वा यस्तै एकाइहरु (similar units) हो ।

## ४. पहिचान

### ४.१ अदृश्य सम्पत्तिका पहिचान सम्बन्धी सामान्य सिद्वान्त

सहकारी संस्थाको अदृश्य सम्पत्तिको पहिचान गर्ने वा नगर्ने बारे निर्धारण गर्न यस प्रारुपको मापन मापदण्डहरुको प्रयोग गर्नुपर्दछ । निम्न अवस्थामा सहकारीले सम्पत्तिलाई अदृश्य सम्पत्तिको रुपमा लेखाङ्कन गनुपर्दछः

(क) सहकारीमा सम्पत्तिबाट भविष्यमा अपेक्षित आर्थिक लाभ प्रवाह हुने सम्भावना भएमा,

(ख) सम्पत्तिको लागत वा मूल्य विश्वासनीय रुपमा मापन गर्न सकिने भएमा,

(ग) अदृश्य तत्वमा आन्तरिक रुपमा गरिएको खर्चको फलस्वरुप सिर्जित सम्पत्ति नभएमा,

सहकारीले सम्पत्तिको उपयोगि आयुभरि कायम रहने आर्थिक अवस्थाहरु बारेमा व्यवस्थापनको उपयुक्त अनुमानको प्रतिनिधित्व गर्ने उचित तथा सहयोगी अवधारणाहरुको प्रयोग गरि संभावित आर्थिक लाभहरुको अपेक्षाको मूल्याङ्कन गर्नुपर्दछ । सहकारीले प्रारम्भिक पहिचानको समयमा उपलब्ध प्रमाणको आधारमा सम्पत्तिको प्रयोगबाट भविष्यमा प्राप्त हुने आर्थिक लाभको प्रवाहको निश्चितताको स्तर निर्धारण गर्न आफ्नो विवेक प्रयोग गर्दछ । उक्त क्रममा बाह्य प्रमाणलाई अधिक वजन दिइन्छ ।

## ५. प्रारम्भिक मापन

सहकारीले प्रारम्भमा अदृश्य सम्पत्तिलाई लागतमा मापन गर्नुपर्दछ ।

### ५.१ अलग प्राप्ति

अलग्गै प्राप्त भएका अदृश्य सम्पत्तिको लागतमा निम्न कुरा समावेश हुनेछन्

(क) आयात शुल्कहरू र फिर्ता नहुने खरिद कर समावेश भएको व्यापारिक छुट र कटौती पछिको खरीद मूल्य,

(ख) सम्पत्तिलाई प्रयोग योग्य अवस्थामा ल्याउन लागेको प्रत्यक्ष खर्च ।

### ५.२ चन्दा तथा अनुदानको माध्यमबाट प्राप्ति (Acquisition)

चन्दा तथा अनुदानको माध्यमबाट अधिग्रहण गरिएको अदृश्य सम्पत्तिको लागतलाई अनुदान प्राप्त भएको मितिको बजार मूल्यमा लेखाङ्कन गरिन्छ ।

### ५.३ सम्पत्तिको विनिमय

अदृश्य सम्पत्तिलाई मौद्रिक वा गैरमौद्रिक सम्पत्ति वा मौद्रिक तथा गैरमौद्रिक सम्पत्तिको संयोजनको विनिमयद्वारा प्राप्त गर्न सकिन्छ । सहकारीले अदृश्य सम्पत्तिको लागतलाई निम्न बाहेकका अवस्थामा बजार मूल्यमा मापन गर्नुपर्दछः

(क) लेनदेनमा व्यवसायिक सारको (commercial substance) कमी भएमा वा

(ख) दिइएको वा प्राप्त भएको सम्पत्ति दुवैको बजार मूल्य विश्वासनीय रुपमा मापन गर्न नसकिने अवस्था भएमा ।

उपयुक्त अवस्थामा, सम्पत्तिको लागतको मापन दिइएको किताबी मूल्य (carrying amount) मा गर्नुपर्दछ ।

## ५.४ आन्तरिक गतिविधिद्वारा सिर्जना भएको अदृश्य सम्पत्ति

सहकारीले अनुसन्धान र विकास दुबैका लागि गरिएको खर्चलाई यस प्रारुप अनुसार अन्य छुट्टै सम्पत्तिको अंशको रुपमा लेखाङ्कनको लागि योग्य नभएको अवस्थामा आन्तरिक रुपमा अदृश्य वस्तुमा गरिएको सम्पूर्ण रकमलाई खर्च भएकै मितिमा खर्चका रुपमा लेखाङ्कन गर्नुपर्दछः

अघिल्लो अनुच्छेदमा लागू हुने उदाहरणहरूको रूपमा, सहकारीले निम्न वस्तुहरूमा गरिएको खर्चहरुलाई अदृश्य सम्पत्तिको रुपमा लेखाङ्कन नगरी खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछः

(क) आन्तरिक रूपले सिर्जित ब्रान्ड, चिन्ह, प्रकाशन शीर्षक, ग्राहक सूची र भौतिक रुपमा समान वस्तुहरु ।

(ख) प्रशिक्षण गतिविधिहरु

(ग) विज्ञापन तथा प्रचार गतिविधिहरू

(घ) सहकारीको कुनै भाग वा सबैको स्थानान्तरण वा पुनर्गठन

यद्यपि, माथि उल्लेखित अनुच्छेदले, कुनै वस्तु वा सेवा प्राप्ति अघि गरेको कुनै भुक्तानी पूर्व भुक्तानीको रुपमा लेखाङ्कन नगरिने भनेर जनाउँदैन ।

## ६. पूर्व खर्चलाई सम्पत्तिको रुपमा पहिचान गर्न नहुने

प्रारम्भमा खर्चको रुपमा लेखाङ्कन गरिएको अदृश्य वस्तुमा गरिएको खर्चलाई पछिको मितिमा अदृश्य सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गर्न पाइने छैन ।

## ७. पहिचान पछिको मापन

सहकारीले अदृश्य सम्पत्तिको मापन लागतमा संचित ह्रास खर्च (accumulated amortization) र संचित क्षयीकरण (impairment loss) घटाएर मापन गर्नुपर्दछ ।

## ८. उपयोगी जिवनभरि ह्रास खर्च (amortization)

यस प्रारुपका लागि, सबै अदृश्य सम्पत्तिको निश्चित उपयोगी जीवन भएको रुपमा लिनुपर्दछ । अनुबन्धित (contractual) वा अन्य कानुनी अधिकारबाट सिर्जित अदृश्य सम्पत्तिको उपयोगी आयु उक्त अनुबन्धित वा कानुनी अधिकारको समयावधि भन्दा बढि हुन सक्दैन, तर सहकारीले गरेको सम्पत्तिको उपयोगको अनुमानका आधारमा कम हुन सक्छ । यदि अनुबन्धित वा अन्य कानुनी अधिकार नवीकरण गर्न सकिने गरी सीमित अवधिको लागि प्रदान गरिएको भएमा अदृश्य सम्पत्तिको नविकरणमा कुनै उल्लेख्य खर्च नभएमा अवस्था विद्यामान भएमा मात्र सो सम्पत्तिको उपयोगी आयुमा नवीकरण अवधि समावेश गर्नुपर्दछ ।

यदि सहकारी संस्थाले अदृश्य सम्पत्तिको उपयोगी आयुको विश्वासनीय रुपमा अनुमान गर्न सक्षम नभएमा, उक्त सम्पत्तिको आयु पाँच (५) वर्ष मानिने छ ।

## ८.१ ह्रास अवधि तथा ह्रास विधि

सहकारी संस्थाले सम्पत्तिको ह्रासयोग्य रकमलाई सो सम्पत्तिको उपयोगी आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गर्नुपर्दछ ।यस प्रारुपको अन्यत्र कतै खर्चहरुलाईः मालशेष वा जायजेथा, प्लान्ट तथा उपकरणको अंशको रुपमा लेखाङ्कन गर्नुपर्ने अवस्थामा बाहेक हरेक अवधिको ह्रास रकमलाई खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

सम्पत्ति प्रयोगका लागि उपलब्ध भइसके पछि त्यसमा ह्रास कट्टी शुरु हुन्छ । प्रयोगका लागि उपलब्ध भन्नाले, सम्पत्तिलाई व्यवस्थापनले कार्यसञ्चालन गर्न आवश्यक ठानेको अवस्था तथा स्थान सम्म ल्याउनुलाई बुझिन्छ । कुनै पनि सम्पत्ति अपलेखन हुन्छ भने, त्यसमा ह्रास कट्टी हुन बन्द हुन्छ । सहकारीले ह्रास को त्यस्तो विधि छनोट गर्नुपर्छ जसले सम्पत्तिको भविष्यको अपेक्षित आर्थिक लाभको ढाँचा बयान गर्छ । यदि सहकारीले ह्रास खर्च विधि विश्वासनीय ढँगमा छनोट गर्न नसकेमा समदर प्रणाली (Straight Line Method) प्रयोग गर्नुपर्दछ ।

## ८.२ शेष मूल्य (Residual Value)

सहकारीले निम्न लिखित अवस्थामा बाहेक अदृश्य सम्पत्तिको शेष मूल्य शुन्य मान्नुपर्ने हुन्छः

(क) सम्पत्तिको उपयोगी आयु समाप्त भएपछि कुनै तेस्रो पक्षले खरिद गर्ने प्रतिबद्धता दिएको खण्डमा, वा

(ख) सम्पत्तिका लागि सक्रिय बजार उपलब्ध भएमा

(अ) उपलब्ध बजारको आधारमा शेष मूल्य पत्ता लगाउन सकिने भएमा

(आ) सम्पत्तिको उपयोगी आयुको अन्त्यमा त्यस्तो बजार उपलब्ध भएमा ।

## ८.३ क्षयीकरण अवधि र क्षयीकरण विधिको समिक्षा

कारकहरु (Factors) जस्तै अदृश्य सम्पत्तिको प्रयोग विधि, प्राविधिक स्तरोन्नती तथा बजार मूल्यमा परिवर्तन जस्ता कारकहरुले पछिल्लो प्रतिवेदन मितिदेखि सम्पत्तिको उपयोगि आयु वा शेष मूल्यमा परिवर्तन भएको कुराको संकेत गर्दछ । यदि यस्ता संकेतहरु विद्यमान भएमा सहकारीले यसको अघिल्लो अनुमानहरुको समिक्षा गर्नुपर्दछ र यदि हालको अपेक्षाहरु भिन्न छन् भने शेष मूल्य, क्षयीकरण विधि तथा यसको उपयोगी आयुलाई संशोधन गर्नुपर्दछ । सहकारीले शेष मूल्य, क्षयीकरण विधि तथा उपयोगी आयुमा भएको परिवर्तनलाई लेखा अनुमानको परिवर्तनको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

## ९. आयु समाप्ति र निःसर्ग (Retirements and Disposals)

सहकारीले निम्न अवस्थामा अदृश्य सम्पत्तिको लगत कट्टा गरि फाइदा वा घाटाको रुपमा नाफा/नोक्सान खातामा लेखाङ्कन गर्नुपर्ने हुन्छ ।

(क) निःसर्ग (Disposals) भएमा वा,

(ख) भविष्यमा सम्पत्तिको प्रयोग वा निःसर्गबाट आर्थिक लाभको अपेक्षा नभएको खण्डमा ।

## १०. खुलाशा

सहकारीले प्रत्येक वर्गका अदृश्य सम्पत्तिहरुको निम्न कुराहरुको खुलाशा गर्नुपर्ने हुन्छः

(क) प्रयोग गरिएको ह्रास कट्टीका विधि

(ख) प्रयोग गरिएको उपयोगी आयु तथा ह्रास कट्टीको दर

(ग) प्रतिवेदन अवधिको शुरु र अन्त्यको कुल किताबी मूल्य र संचित ह्रासको रकम

(घ) निम्न उल्लेखित तत्वहरुको समावेश गरि तयार गरिएको प्रतितवेदन अवधिको शुरु र अन्त्यको कुल किताबी मूल्यको मिलान विवरणः

- थप (Additions)
- निःसर्ग
- क्षयीकरण नोक्सानी
- ह्रास कट्टीको रकम
- अन्य परिवर्तनहरु

उक्त मिलान विवरण पूर्व अवधिका लागि तयार गर्नुपर्दैन ।

सहकारी संस्थाले निम्न उल्लेखित कुराहरुको पनि खुलासा गर्नुपर्दछः

(क) सहकारी संस्थाको वित्तीय विवरणका लागि कुनै पनि व्यक्तिगत अदृश्य सम्पत्तिको महत्वपूर्ण व्याख्या, किताबी रकम र बाँकी ह्रासयोग्य आयु ।

(ख) चन्दा तथा अनुदानको माध्यमबाट प्राप्त तथा शुरूमा उचित बजार मूल्यमा (fair value) लेखाङ्कन गरिएको अदृश्य सम्पत्तिः

(अ) सुरुवातमा लेखाङ्कन गरिएको उचित बजार मूल्य, र

(आ) सम्पत्तिको किताबी मूल्य (carrying value)

(ग) सहकारी संस्थाको प्रतिवन्धित अधिकार रहेको वा दायित्व वापत बन्धक राखिएको अदृश्य सम्पत्तिको अस्तितत्व तथा किताबी मूल्य ।

(घ) अदृश्य सम्पत्तिको प्राप्तिका लागि अनुबन्धीय प्रतिबद्धता ।

सहकारीले उक्त लेखा अवधिमा लेखाङ्कन गरिएको अनुसन्धान तथा विकास खर्चको कूल रकमको खुलासा गर्नुपर्दछ ।

# परिच्छेद -१४

## खुद बचत (Net Surplus) को बाँडफाँड तथा वितरण

### १. उद्देश्य

यस परिच्छेदको उद्देश्य खुद बचतको बाँडफाँड तथा वितरणका लागि लेखाङ्कन बिधि निर्धारण गर्नु हो।

### २. क्षेत्र

यस परिच्छेद सहकारी ऐन, २०७४ अन्तर्गत तोकिएको खुद बचतको बाडफाँड तथा वितरणको लेखाङ्कनमा लागु हुनेछ ।

खुद बचतको निर्धारण निम्नानुसार गरिन्छः

(क) सहकारीको विनियम (By – Laws) अनुसार

(ख) प्रत्येक आर्थिक वर्षको अन्तमा वा विनियमले तोके अनुसार अन्य कुनै समयमा हरेक सहकारीले खुद बचतको निर्धारण गर्नु पर्ने छ ।

(ग) नाफाको रुपमा नलिइ सदस्यद्वारा लिइएको ऋण वा सहकारीद्वारा उपलब्ध गराइएको वस्तु तथा सेवा वापतको रकम भन्दा बढी भुक्तानीको रुपमा वा सदस्यहरुलाई अन्य सञ्चालन कारोबारबाट सम्पत्तिको आन्तरिक प्रवाह समेत सहकारीलाई वस्तु वा सेवा उपलब्ध गराए बापत भुक्तानी दिनुपर्ने रकम र सोको वितरण गरिएको अवस्थामा सदस्यहरुलाई फिर्ता गर्नुपर्ने रकमको फरकको रुपमा ।

### ३. बाँडफाँड र वितरण

सहकारी ऐन, २०७४ मा ब्यवस्था भए अनुसार, सम्पुर्ण सहकारी संस्थाहरुद्वारा अनिवार्य रुपमा खुद बचतको बाँडफाँड तथा वितरण निम्न अनुसार गर्नुपर्दछ ।

(क) खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम जगेडा कोषमा छुट्याउनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा २५% (पच्चीस प्रतिशत) रकम संरक्षित पूँजी फिर्ता कोषमा जम्मा गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको ०.५ % सहकारी प्रवद्र्धन कोष छुट्याइने छ ।

(घ) माथि उल्लेखित रकम छुट्याई बाँकी रहेको रकम सहकारी ऐन तथा नियमावली संस्थाको आवश्यकता अनुसार स्थापना गरेको कोषमा छुट्याउनु पर्नेछ ।

## ४. खुलासा (Disclosure)

सहकारी संस्थाले विनियम (By - Laws) अनुसार खुद बचतको (Surplus) वितरण गर्ने तरिका खुलासा गर्नुपर्ने छ ।

# परिच्छेद -१५

## पट्टा (Leases)

### १. उद्देश्य

यस परिच्छेदको उद्देश्य पट्टाको सम्बन्धमा पट्टादार (Lessee) र पट्टादाता (Lessor) लाई लागु हुने उपयुक्त लेखाङ्कन नीतिहरु र खुलासाको निर्धारण गर्नु हो ।

### २. क्षेत्र

तल उल्लेख भए बाहेक सम्पुर्ण पट्टाहरुको लेखाङ्कनमा यस परिच्छेदको व्यवस्था लागु हुनेछः

(क) खनिज, तेल, प्रकृतिक ग्याँस र समान प्रकृतिका पुनर्उत्पादन नहुने स्रोतहरुको उत्खनन् वा प्रयोग सम्बन्धी पट्टा ।

(ख) चलचित्र, भिडियो रेकर्ड, नाटक, पाण्डुलिपिहरु (Manuscripts), पेटेंन्ट, प्रतिलिपी अधिकार (Copyright) जस्ता चिजहरुका लागि इजाजत सम्झौता ।

**तथापि, यो परिच्छेद निम्न उल्लेखित मापनको आधारका रुपमा लागु हुने छैनः**

(क) पट्टादारको स्वामित्वमा रहेको लगानी सम्पत्तिका रुपमा लेखाङ्कन भएको सम्पत्ति ।

(ख) पट्टादाताले सञ्चालन पट्टा (Operating Leases) अन्तर्गत दिएको लगानी सम्पत्ति ।

(ग) पट्टादाताले वित्तीय पट्टा अन्तर्गत राखेको जैविक सम्पत्तिहरु ।

(घ) पट्टादाताले सञ्चालन पट्टा (Operating Leases) अन्तर्गत दिएको जैविक सम्पत्ति ।

पट्टादाताद्वारा सम्पत्तिको सञ्चालन तथा मर्मत सम्भारको लागि उल्लेख्य रुपमा सेवा गर्नुपर्ने भएतापनि सम्पत्तिको प्रयोग गर्ने अधिकारको हस्तान्तरण गर्ने सम्झौता भएमा यो परिच्छेद लागु हुन्छ । सम्झौता अन्तर्गत सम्पत्ति प्रयोग गर्ने अधिकारको हस्तान्तरण नभएमा यो परिच्छेद लागु हुँदैन ।

## ३. परिभाषाहरु

**पट्टा (Leases)** भनेको पट्टादाताले पट्टादारलाई भुक्तानी वा श्रृंखलाबद्ध भुक्तानीको प्रतिफलस्वरुप एक सहमत अवधिका लागि सम्पत्ति प्रयोगको अधिकार प्रदान गर्ने सम्झौता भन्ने बुझिन्छ ।

**वित्तीय पट्टा** भन्नाले सम्पतीसँग सम्बन्धित लगभग सम्पूर्ण जोखिम तथा प्रतिफल हस्तान्तरण गर्ने पट्टालाई जनाउँछ ।

**सञ्चालन पट्टा (Operating Leases)** भन्नाले वित्तीय पट्टा बाहेकका सबै पट्टालाई जनाउँछ ।

**रद्द गर्न नमिल्ने पट्टा** भन्नाले निम्न उल्लेखित कारणले मात्र रद्द गर्न सकिने पट्टालाई जनाउँछः

- केही आकस्मिक (Remote) घटनाहरु घटित हुनाले
- पट्टा दिने व्यक्तिको अनुमतिमा
- यदि पट्टादार उही पट्टादातासँग उही वा समान प्रकृतिको नयाँ पट्टामा प्रवेश गरेमा वा
- पट्टाको प्रारम्भमा नै पट्टादारले अतिरिक्त भुक्तानी गरेमा पट्टाको निरन्तरता हुने कुरा निश्चित भएमा ।

**पट्टाको प्रारम्भ (Inception of the Lease)**: पट्टा सम्झौताको मिति वा पट्टाको प्रारम्भिक व्यवस्थाका लागि पक्षहरुबाट प्रतिबद्धता भएको मिति जुन पहिला आउँछ त्यसलाई पट्टा स्थापना भएको मिति मानिन्छ । यस मितिमाः

(क) पट्टालाई वित्तीय पट्टा वा सञ्चालित पट्टामा वर्गिकृत गरिन्छ र

(ख) वित्तीय पट्टाको हकमा, पट्टाको अवधिको शुरुवातमा लेखाङ्कन हुने रकम निर्धारण गरिन्छ ।

**पट्टा अवधिको शुरुवात (The Commencement of the Lease Term):** पट्टा अवधिको शुरुवात भनेको पट्टा लिने व्यक्तिले पट्टामा लिएको सम्पत्तिको प्रयोग गर्ने अधिकार अभ्यास गर्न पाउने मिति हो । उक्त मिति पट्टाका विभिन्न तत्वहरु जस्तैः सम्पत्ति, दायित्व, आय, व्यय आदिको प्रारम्भिक मापन गर्ने मिति हो ।

**पट्टा अवधिः** पट्टा अवधि भन्नाले त्यस्तो रद्द गर्न नसकिने अवधि हो,जसमा पट्टामा लिने व्यक्तिले अन्य थप शर्तहरु समेत सम्पत्ति पट्टामा लिने करार गर्दछ जसको लागि पट्टामा लिने व्यक्तिसँग थप भुक्तानी समेत वा थप भुक्तानी बाहेक नै पट्टालाई सुचारु गर्ने विकल्प हुन्छ । जहाँ प्रारम्भमा नै पट्टामा लिने व्यक्तिले विकल्पको अभ्यास गर्दछ भन्ने कुरा प्रायः निश्चित नै हुन्छ ।

**न्युनतम पट्टा भुक्तानी (Minimum Lease Payment):** न्युनतम पट्टा भुक्तानी भन्नाले भैपरि आउने भाडा बाहेक पट्टादारले पट्टा अवधिमा सेवाको मूल्य तथा करको रुपमा भुक्तानी गर्नुपर्ने रकम बुझिन्छ । यसमा निम्न लिखित कुराहरु पनि पर्दछन् ।

(क) पट्टादार लागि, पट्टादार वा सोको सम्बन्धित पक्षले भुक्तानी दिन प्रत्याभुत गरेको रकम ।

(ख) पट्टादाताका लागि, निम्न पक्षहरुले पट्टादारलाई प्रत्याभुत गरेको शेष मूल्य,

- पट्टादार
- पट्टादारसँग सम्बन्धित पक्ष
- प्रत्याभुति दिए अनुसारको दाहित्व निर्वाह गर्न आर्थिक रुपमा संक्षम हुने पट्टादाताको असम्बन्धित पक्ष।

तथापी, यदि पट्टादारलाई पट्टामा दिइएको सम्पत्ति, उक्त सम्पत्ति खरिद गर्ने विकल्प सकार गर्ने समयमा कायम रहेको बजार मूल्य भन्दा अनि न्यून मूल्यमा सकार गर्ने विकल्प रहेको र पट्टाको प्रारम्भमै उक्त विकल्प सकार गर्ने निश्चित प्रायः भएमा न्यूनतम भुक्तानी अन्तर्गत पट्टा अवधिभरि सकार गर्नको लागि लाग्ने रकम पर्दछन् ।

**उचित मुल्यः** उचित मूल्य भनेको, निष्पक्ष लेनदेन कारोबारमा जानकार तथा इच्छुक पक्ष बिच सम्पत्ति विनिमय वा दायित्व फछ्र्यौट गर्दा सिर्जना हुने रकम हो ।

**आर्थिक आयु (Economic Life):** आर्थिक आयु भन्नाले तल उल्लेखित कुनै एउटालाई जनाउँछः

(क) एक वा एकभन्दा बढी प्रयोगकर्ताले सो सम्पत्तिको प्रयोग गर्ने अपेक्षित समयअवधि, वा

(ख) सम्पत्तिको प्रयोगबाट संस्थाले अनुमान गरेको उत्पादन संख्या वा समान एकाइहरु (similar units)

**<u>उपयोगी आयु (Useful Life):</u>** उपयोगी आयु भन्नाले पट्टा अवधिको शुरुवातदेखि अनुमानित बाँकी आयु । जुन अवधिभित्र पट्टाका सर्तहरुले सिमित नगरिकन सम्पत्तिमा निहित आर्थिक लाभको सहकारीद्धारा उपभोग गरिसक्ने अनुमान गरिएको अवधिलाई जनाउँछ ।

**<u>प्रत्याभूत शेष मूल्य (Guranteed Residual Value)</u>** भन्नालेः
(क) पट्टादारको लगि, पट्टादार वा सो व्यक्तिसँग सम्बन्धित व्यक्तिले भुक्तानीका लागि प्रत्याभुत गरेको अंश ।
(ख) पट्टादाताका लागि पट्टादाता वा  पट्टादातासँग सम्बन्धित वित्तीय दायित्व भुक्तानी गर्न सक्षम व्यक्तिले दिएको प्रत्याभुति ।

**<u>प्रत्याभुत नगरेको शेष मूल्य (Unguranteed Residual Value):</u>** भन्नाले पट्टा सम्पत्तिको शेष मूल्यको त्यस्तो अंश हो जसको पट्टादाताद्धारा अशुली हुने कुराको प्रत्याभुति नभएको वा पट्टादातासँग सम्बन्धित व्यक्तिद्धारा एकलरुपमा प्रत्याभुति दिइएको रकम जनाउँछ ।

**<u>प्रारम्भिक प्रत्यक्ष लागतः</u>** प्रारम्भिक प्रत्यक्ष लागत भन्नाले पट्टामा दिने उत्पादक तथा डिलरद्धारा गरिएको खर्च बाहेक पट्टाको व्यवस्थापन गर्ने कार्यसँग प्रत्यक्षरुपमा सम्बन्धित लागतलाई जनाउँछ ।

कुल लगानीः पट्टामा कुल लगानी भन्नाले तल उल्लेख को योगफल होः
(क) वित्तीय पट्टामा पट्टादाताबाट पाउनुपर्ने न्युनतम भुक्तानी
(ख) पट्टादातालाई आर्जन भएको बाँकी ग्यारेन्टी नगरेको शेष मुल्य ।
**<u>पट्टामा खुद लगानीः</u>** पट्टामा खुद लगानी भन्नाले कुल लगानीलाई पट्टामा अन्तर्निहीत व्याजदरले डिस्काउन्ट गरिएको रकमलाई जनाउँछ ।

**<u>अनार्जित (Unearned) वित्तीय आयः</u>** अनार्जित वित्तीय आय निम्न रकमहरु बीचको अन्तर होः

- पट्टाको कुल लगानी तथा
- पट्टामा खुद लगानी

**<u>पट्टामा अन्तर्निहित (Implicit):</u>** पट्टामा अन्तर्निहित (Implicit) व्याजदर भन्नाले पट्टाको प्रारम्भमाः

(क) न्युनतम पट्टा लगानी र

(ख) प्रत्याभूत नगरिएको शेष मूल्यको वर्तमान मूल्यको योगलाईः-

(अ) पट्टामा दिइएको सम्पत्तिको उचित बजार मूल्य, र

(आ) पट्टादाताको प्रारम्भिक प्रत्यक्ष लागतसँग बराबर बनाउँने व्याजदरलाई जनाउँछ ।

**<u>पट्टादारको ऋणको बढ्दो व्याजदरः</u>** पट्टादारको ऋणको बढ्दो व्याजदर भन्नाले समान पट्टामा तिर्नुपर्ने व्याजदर वा उक्त व्याजदर निर्धारण गर्न नसकेको अवस्थामा पट्टाको शुरुवातमा यदि पट्टादारले सम्पत्ति खरिद गरेको भए सो सम्पत्ति खरिद गर्न लाग्ने रकम ऋणको समान शर्त तथा समान धितो राखी प्राप्त गर्दा लाग्ने व्याजदरलाई जनाउँछ ।

**<u>भैपरी आउने (Contingent) भाडाः</u>** भैपरी आउने (Contingent) भाडा भन्नाले समयको भुक्तानी बाहेकको कारणले परिवर्तन हुने तत्वको भविष्यको मूल्यमा आधारित भैपरी आउन सक्ने अनिश्चित भाडाको अंशलाई जनाउँछ ।

पट्टा सम्झौता वा प्रतिवद्धताले (Commitment) पट्टा अवधिको सुरुवात र पट्टा प्रारम्भ बीचमा पट्टामा दिएको सम्पत्तिको निर्माण अथवा खरिद मूल्यमा आउने सक्ने परिवर्तनलाई वा अरु कुनै कारणले मूल्य स्तर पट्टादाताको वित्तपोषणको लागत आदिलाई यदि त्यसो भएमा कुनै पनि परिवर्तनको प्रभाव पट्टाको सुरुवातमा भएको मानिन्छ ।

## ४. पट्टाको वर्गीकरण

सम्पत्तिसँग सम्बन्धित लगभग सम्पूर्ण जोखिम तथा प्रतिफल हस्तान्तरण गर्ने पट्टालाई वित्तीय पट्टाका रुपमा वर्गीकृत गरिन्छ । यदि स्वामित्वमा रहेको पर्याप्त जोखिम तथा प्रतिफल हस्तान्तरण हुदैनन् भने त्यस्तो पट्टालाई सञ्चालन (Operating) पट्टाका रुपमा वर्गीकृत गरिन्छ ।

कुनै पट्टा वित्तीय पट्टा वा सञ्चालन पट्टा के हो भन्ने कुरा करारको स्वरुप भन्दा पनि कारोबारको सार वा अस्तित्व (Substance) मा निर्भर हुन्छ । एकल तथा संयुक्त रुपमा कुनै पट्टालाई वित्तीय पट्टामा पहिचान गर्नुपर्ने अवस्थाहरु निम्नानुसार छन्ः

(क) पट्टा अवधिको अन्तमा पट्टामा रहेको सम्पत्ति माथिको स्वामित्व पट्टादारको नाममा हस्तान्तरण हुन्छ ।

(ख) पट्टादारलाई पट्टामा दिइएको सम्पत्ति, उक्त सम्पत्ति खरिद गर्ने विकल्प सकार गर्ने समयमा कायम रहेको बजार मूल्य भन्दा अति न्यून मूल्यमा सकार गर्ने विकल्प रहेको र पट्टाको प्रारम्भमै उक्त विकल्प सकार गर्ने निश्चित प्रायः हुन्छ ।

(ग) स्वामित्व हस्तारन्तरण नभएता पनि सम्पत्तिको आयुको अधिकांश अंश वा भाग पट्टा अवधिले समेट्छ ।

(घ) पट्टा अवधिको प्रारम्भमा न्युनतम पट्टा भुक्तानीको वर्तमान मूल्य र उक्त मितिमा कायम उचित बजार मूल्यको रकम समान प्रायः भएमा ।

(ङ) पट्टामा रहेको सम्पत्ति त्यस्ता बिशेष प्रकृतिको सम्पत्ति जसलाई पट्टादारले मात्र कुनै मुख्य परिमार्जन बिना प्रयोग गर्न सक्दछ ।

**पट्टालाई एकल वा सामूहिक रुपमा वित्तीय पट्टाको रुपमा वर्गीकरण गराउँन सक्ने सूचक तथा अवस्थाहरु निम्नानुसार छन्ः**

(क) पट्टादारले पट्टा खारेज गर्न सक्ने अवस्थामा पट्टा खारेज गरेको कारण पट्टादाताले घाटा व्यहोर्नु परेमा पट्टामा लिने व्यक्तिले क्षतिपूर्ति प्रदान गर्ने भएमा

(ख) पट्टामा सम्पत्तिको शेष मूल्यमा परिवर्तनको कारणले हुने नाफा वा घाटा पट्टादारले व्यहोर्ने भएमा

(ग) पट्टादारसँग दोस्रो अवधीमा पनि बजारको दर भन्दा उल्लेख्य रुपमा न्यून रकममा पट्टा सुचारु गर्ने क्षमता भएमा ।

माथि उल्लेखित उदाहरण तथा सूचकहरु सर्वदा निर्णायक होइनन् । यदी स्वामित्वसँग अन्तर्निहित जोखिम तथा प्रतिफलको हस्तान्तरण नहुने कुरा अन्य विशेषताहरुले स्पष्ट गर्दछन भने त्यस्तो पट्टालाई सञ्चालन पट्टाको रुपमा वर्गिकरण गर्नुपर्दछ ।

पट्टाको वर्गीकरण प्रारम्भमा नै गरिन्छ र पट्टामा लिने दिने दुबै पक्ष उक्त पट्टाको व्यवस्थामा परिवर्तन गर्न सहमत भई उक्त परिवर्तनले गर्दा वर्गिकरणमा भएको परिवर्तन बाहेक अन्य अवस्थामा सुरुमा गरिएको वर्गिकरण परिवर्तन हुदैंनन् ।

## ५. वित्तीय पट्टा - पट्टादारको वित्तीय विवरण

### ५.१ प्रारम्भिक लेखाङ्कन (Recognition)

पट्टा अवधिको सुरुवातमा, पट्टादारले सम्पत्ति प्रयोग गर्ने अधिकार र वित्तीय पट्टा बापतको दायित्वलाई क्रमशः सम्पत्ति तथा दायित्वको रुपमा बजार मूल्य वा सो भन्दा न्यून हुने भएमा पट्टाको सुरुवातमा नै निर्धारण गरिएको न्यूतम पट्टा भुक्तानीको वर्तमान मूल्यमा आफ्नो वित्तीय विवरणमा लेखाङ्कन गर्नुपर्दछ ।पट्टासँग सम्बन्धित प्रारम्भिक प्रत्यक्ष खर्चलाई सम्पत्तिको रुपमा पहिचान गरिएको रकममा जोडिन्छ । न्यूतम पट्टा भुक्तानीको वर्तमान मूल्य गणना गर्दा पट्टासँग अन्तर्निहित व्याजदरको प्रयोग गर्नुपर्दछ । यदि उक्त व्याजदरको निर्धारण गर्न नसकिएमा पट्टादारको ऋणको बढ्दो व्याजदर (Incremental borrowing rate) को प्रयोग गर्नुपर्दछ ।

### ५.२ क्रमिक मापन (Subsequent Measurement)

पट्टादारले ब्याज विधि (Effective interest method) वा समदर विधिद्धारा न्युनतम पट्टा भुक्तानीको रकमलाई व्याज (finance charge) र दायित्वको भुक्तानीको अंशको रुपमा विभाजन गर्नुपर्दछ । पट्टादारले वित्तीय लागतलाई बाँकी रहेको दायित्वमा समान व्याजदर कायम हुने गरी सम्पूर्ण पट्टा अवधिमा बाँडफाँड गर्नुपर्दछ । पट्टादारले भैपरी आउने पट्टाको भाडा रकमलाई जुन समयमा घटित हुन्छन् सोही समयमा लेखाङ्कन गर्नुपर्दछ ।

पट्टादारले पट्टामा लिएको सम्पत्तिलाई यस प्रारुपको सम्बन्धित भागमा उल्लेख गरिएको सोही सम्पत्तिको प्रकार अनुसारको विधि प्रयोग गरी ह्रास कट्टी गर्नुपर्दछ । यदि पट्टाअवधिको अन्त्यमा उक्त सम्पत्ति पट्टादारलाई हस्तान्तरण हुने कुरा विश्वासनीय रुपमा निश्चित नभएमा सम्पत्तिलाई पट्टा अवधि वा उपयोगी आयु मध्ये न्यून अवधिमा पूर्णरुपमा ह्रास कट्टी गर्नुपर्दछ । पट्टामा लिने व्यक्तिले प्रत्येक प्रतिवेदन मितिमा उक्त सम्पत्तिको क्षयीकरण नोक्सानीको पनि परिक्षण गर्नुपर्दछ ।

## ५.३ खुलासाहरु (Disclosures)

पट्टादारले वित्तीय पट्टाका लागि निम्नानुसार खुलासा गर्नुपर्दछ ।

(क) सम्पत्तिको प्रत्येक वर्गका लागि, सोको प्रतिवेदन अवधिको अन्त्यमा कायम किताबी मूल्य

(ख) निम्न अवधिका लागि प्रतिवेदन अवधीको अन्त्यमा रहेको भविष्यमा हुने न्यूनतम् पट्टा भुक्तानीको कुल रकमः

- एक वर्षसम्म
- एक वर्षपछि देखि पाँच वर्षसम्म
- पाँच वर्ष भन्दा पछि

(ग) भैपरी आउने भाडाको जानकारी नविकरण वा खरिद विकल्प तथा मूल्य बृद्धि सम्बन्धी बुँदा, सह-पट्टा, पट्टा सम्झौताले लगाएको प्रतिबन्धहरु आदि समेत पट्टादारको महत्वपूर्ण पट्टा सम्झौताको बारेमा सामान्य व्याख्या ।

उक्त खुलासा यस प्रारुपको अन्य खण्डको अन्य उल्लेखित खुलासाको प्रावधानको अतिरिक्त आवश्यकता हो ।

# ६. सञ्चालन पट्टा - पट्टादारको वित्तीय विवरण

## ६.१ लेखाङ्कन (Recognition) तथा मापन

पट्टादारले सञ्चालन पट्टा अन्तर्गतको भुक्तानीलाई निम्न लिखित अवस्थामा बाहेक (वीमा तथा मर्मत बाहेक) समदर विधि अनुसार खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

(क) भुक्तानी सोही आधारमा नभएपनि उपभोक्ताको हितको प्रवृत्तिको प्रतिनिधिको रुपमा अन्य कुनै आधार उपस्थित भएमा वा

(ख) पट्टादातालाई दिइने भुक्तानीमा पट्टामा दिने व्यक्तिको अनुमानित मुद्रास्फितिद्धारा हुने लागत बृद्धिलाई क्षतिपूर्ति गर्ने गरी सामान्य मुद्रास्फितिको दरमा बृद्धि हुने गरी निर्धारण गरिएको भएमा ।

यदि पट्टादातालाई गरिने भुक्तानी सामान्य मुद्रास्फिति बाहेक अन्य कारणले फरक पर्न गएमा (ख) को व्यवस्था पूरा हुदैंन ।

## ६.२ खुलासा (Disclosures)

सञ्चालन पट्टाका लागि पट्टादारले निम्न लिखित कुराहरु खुलाउनु पर्दछः-

(क) निम्न अवधिका लागि प्रतिवेदन अवधिको अन्त्यमा स्थगन गर्न नसकिने सञ्चालन पट्टामा रहेको भविष्यमा हुने न्यूनतम पट्टा भुक्तानीको कुल रकमः

- एक वर्षसम्म
- एक वर्षपछि देखि पाँच वर्षसम्म
- पाँच वर्ष भन्दा पछि

(ख) खर्चको रुपमा पहिचान गरिएको पट्टा भुक्तानी

(ग) भैपरी आउने भाडाको जानकारी नविकरण वा खरिद विकल्प तथा मूल्य बृद्धि सम्बन्धी बुँदा, सह-पट्टा, पट्टा सम्झौताले लगाएको प्रतिबन्धहरु आदिका सथै पट्टादारको महत्वपूर्ण पट्टा सम्झौताको बारेमा सामान्य व्याख्या ।

# ७. पट्टादाताको वित्तीय विवरणः वित्तीय पट्टा

## ७.१ प्रारम्भिक लेखाङ्कन (Initial recognition) तथा मापन

पट्टाको कुल लगानी भनेको निम्न कुराहरुको योग होः

(क) वित्तीय पट्टा अन्तर्गत पट्टादातालाई प्राप्त हुने न्यूनतम पट्टा भुक्तानी ।

(ख) पट्टादातालाई प्राप्त हुने प्रत्याभुत नभएको शेष मूल्य ।

उत्पादक वा डिलर पट्टादाता संलग्न पट्टा बाहेक अन्य वित्तीय पट्टाका लागि प्रारम्भिक प्रत्यक्ष लागत लाई वित्तीय पट्टा वापत प्राप्य रकमको प्रारम्भिक मापनमा समाहित गरिन्छ र पट्टा अवधिभर पहिचान गरिएको आयका रकमलाई घटाइन्छ ।

## ७.२ पछिल्ला मापन (Subsequent Measurement)

वित्तीय आयको लेखाङ्कन (recognition) वित्तीय पट्टादाताको स्थीर आवधिक प्रतिफल दरको ढाँचा अनुसार हुने गरी गर्नुपर्दछ । सेवाको लागत बाहेक समयगत पट्टा भुक्तानीलाई साँवा तथा अनार्जित वित्तीय आय दुवैको रकम घट्ने गरी कूल लगानीको रकम घटाउनुको लागि प्रयोग गरिन्छ । यदि पट्टादाताको कुल लगानीको रकम गणना गर्ने समयमा प्रयोग भएको प्रत्याभूत नगरिएको शेष मूल्यमा परिवर्तन भएका सूचकहरु उपलब्ध भएमा पट्टा अवधिभर बाँडिएको आयलाई परिमार्जन गर्नुपर्दछ र पाकेको रकममा भएको कमीलाई तत्काल नाफा वा नोक्सानमा लेखाङ्कन गर्नुपर्दछ ।

## ७.३ उत्पादक वा डिलर पट्टादाताः

उत्पादक वा Dealer lessors डिलरले प्रायः ग्राहकहरुलाई खरिद गर्ने वा पट्टामा लिने विकल्प प्रधान गर्दछन् । उत्पादक वा Dealer lessors डिलरद्धारा दिइएको वित्तीय पट्टाले निम्न दुई प्रकारका आयहरुको सिर्जना गर्दछः-

(क) पट्टामा दिइएको सम्पत्तिको मात्र वा व्यापारिक छुट सहित सोझै बिक्री गरेको प्राप्त हुने नाफा वा घाटाको सरह हुने नाफा वा नोक्सान

(ख) पट्टा अवधिभरको वित्तीय आम्दानी

उत्पादक वा डिलर पट्टाको सुरुवातमा लेखाङ्कन गरिएको बिक्रीको रकम उक्त सम्पत्तिको उचित बजार मूल्य वा सो भन्दा न्यून हुने भएमा उपलब्ध बजार दरमा मूल्याङ्कन गरिएको न्यूनतम पट्टा भुक्तानीको वर्तमान मूल्य हुनेछ ।

पट्टाको शुरुवातमा लेखाङ्कन गरिएको बिक्री लागतको रकम पट्टामा दिइएको सम्पत्तिको लागत वा प्रत्याभूत नगरिएको शेष मूल्यको नगरिएको वर्तमान मूल्यको वर्तमान मूल्य घटाए पछिको किताबी मूल्य (यदि फरक भएमा) । बिक्री रकम र बिक्री लागत बीचको फरक रकम सहकारीको सोझै बिक्री सम्बन्धि नीति अनुसार लेखाङ्कन गरिएको बिक्री नाफा हो ।

यदि कृत्रिम रुपमा कम व्याजदर अंकित गरिएको भएमा बिक्रीको नाफा यदि बजारको प्रचलित व्याजदरको प्रयोग गरेको भए हुने नाफाको रकम सीमित हुन्छ । पट्टामा दिने उत्पादक वा डिलरले खर्च गरेको पट्टाको व्यवस्थापनसँग सम्बन्धित लागतलाई बिक्रीको नाफाको लेखाङ्कन गर्ने समयमा खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

## ७.४ खुलासाहरु (Disclosures)

पट्टादाताले वित्तीय पट्टाको लागि निम्नानुसार खुलासा गर्नुपर्दछः

क) प्रतिवेदन मितिको अन्त्यमा कायम रहेको कुल लगानी र प्रतिवेदन मितिको अन्त्यमा प्रप्त हुने न्यूनतम् पट्टा भुक्तानी बीचको मिलान । यसका अतिरिक्त पट्टाको कुल लगानी र प्रतिवेदन अवधिको अन्त्यमा प्राप्त हुने न्यूनतम् पट्टा भुक्तानी बीचको मिलान । यसका अतिरिक्त पट्टादाताले पट्टाको कुल लगानी र प्रतिवेदन अवधिको अन्त्यमा प्राप्त हुने न्यूनतम् पट्टा भुक्तानीको मूल्यको बारेमा निम्न अवधिका लागि खुलासा गर्नुपर्दछ ।

मूल्य खुलाउनु पर्ने छः-

- एक वर्षसम्म
- एक वर्षपछि देखि पाँच वर्षसम्म
- पाँच वर्ष भन्दा पछि

ख) नपाकेको (unearned) वित्तीय आय

ग) पट्टादाताको हितमा प्राप्त हुने प्रत्याभूत नभएको शेष मुल्य ।

घ) संकलन नहुने (Uncollectible) प्रायः न्युनतम् पट्टा भुक्तानीका लागि संचित (accumulated) क्षतिपूर्ति ।

ङ) त्यस अवधिमा आयको रुपमा लेखाङ्कन गरिएको भैपरी आउने भाडा

च)	भैपरी आउने  भाडाको जानकारी नविकरण वा खरिद विकल्प तथा पट्टा सम्झौताले लगाएको प्रतिबन्धहरु आदिका साथै पट्टादारको महत्वपूर्ण पट्टा सम्झौताको बारेमा सामान्य व्याख्या ।

## ८. सञ्चालन पट्टाः पट्टादाताको  वित्तीय विवरण

### ८.१ लेखाङ्कन (Recognition) र मापन

पट्टादाताले सञ्चालन पट्टासँग सम्बन्धित सम्पत्तिलाई उक्त सम्पत्तिको प्रकृति अनुसार वित्तीय स्थिति विवरणमा लेखाङ्कन गर्नु पर्दछ ।

पट्टामा दिने व्यक्तिले सञ्चालन पट्टा अन्तर्गतको आयलाई निम्न लिखित अवस्थामा बाहेक (विमा तथा मर्मत बाहेक) समदर विधि अनुसार आयको रुपमा नाफा वा नोक्सानमा लेखाङ्कन गर्नुपर्दछ ।

क)	भुक्तानी सोही आधारमा नभएपनि पट्टामा रहेको सम्पत्तिबाट पट्टामा लिने व्यक्तिलाई प्राप्त हुने हितको प्रवृत्तिको प्रतिनिधिको रुपमा अन्य कुनै आधार उपस्थित भएमा वा

ख)	पट्टादातालाई भुक्तानीलाई पट्टादाताको अनुमानित मुद्रास्फितिद्धारा हुने लागत बृद्धिलाई क्षतिपूर्ति गर्ने गरी समान्य मुद्रास्फितिको दरमा बृद्धि हुने गरी निर्धारण गरिएको भएमा ।

यदि पट्टादातालाई गरिने भुक्तानी सामान्य मुद्रास्फिति बाहेक अन्य कारणले फरक पर्न गएमा (ख) को व्यवस्था पूरा हुदैंन ।

पट्टादाताले ह्रासकट्टी सहित पट्टा आम्दानी आर्जन गर्न गरेको लागतलाई खर्चमा लेखाङ्कन गर्नु पर्दछ । पट्टामा दिएको ह्रासयोग्य सम्पतीको ह्रास निति समान प्रकृतिका अन्य सम्पत्तिमा लागु हुने ह्रास नीतिसँग समान हुनुपर्दछ ।

पट्टादाताले सञ्चालन पट्टाको व्यवस्थापनसँग सम्बन्धित प्रत्यक्ष खर्चलाई पट्टामा रहेको सम्पत्तिको किताबी मूल्यमा जोड्नु पर्दछ र उक्त खर्चलाई पट्टाको आयकै आधारमा पट्टा अवधिभर खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

## ८.२ खुलासा

सञ्चालन पट्टाका लागि पट्टादाताले निम्न बुँदाहरु खुलासा गर्नुपर्दछः

(क) निम्न अवधिका लागि प्रतिवेदन अवधिको अन्त्यमा स्थगन गर्न नसकिने सञ्चालन पट्टामा रहेको भविष्यमा हुने न्यूनतम पट्टा भुक्तानीको कुल रकमः

- एक वर्षसम्म
- एक वर्षपछि देखि पाँच वर्षसम्म
- पाँच वर्ष भन्दा पछि

(ख) खर्चको रुपमा पहिचान गरिएको पट्टा भुक्तानी

(ग) भैपरी आउने  भाडाको जानकारी नविकरण वा खरिद विकल्प तथा पट्टा सम्झैताले लगाएको प्रतिबन्धहरु आदिका सथै पट्टादारको महत्वपूर्ण पट्टा सम्झैताको बारेमा सामान्य व्याख्या ।

यसको अतिरिक्त यस प्रारुप (Framework) को अन्य खण्डमा उल्लेखित सम्पत्तिको खुलासाको आवश्यकता सम्पत्ति सञ्चालन पट्टामा दिने पट्टादातालाई प्रभावकारी हुन्छ ।

## ९. बिक्री र फिर्ता पट्टा कारोबार

बिक्री र पट्टा फिर्ता पट्टा लेनदेनले सम्पत्तिको बिक्री र सोही सम्पत्तिको पट्टा फिर्ताको कारोबारलाई समेट्छ । पट्टा भुक्तानी र बिक्री मूल्य प्राय अन्तरसम्बन्धित हुन्छन् किनभने ति सम्झौता एउटै प्याकेजमा हुने गर्दछन् । बिक्री तथा पट्टाफिर्ता कारोबारको लेखाङ्कन पट्टाको प्रकारमा भर पर्दछ ।

## ९.१ वित्तीय प्रकृतिको बिक्री तथा बिक्री र फिर्ता पट्टा लेनदेन

सम्पत्ति बेचेर पुनः पट्टामा लिदा यदि बिक्री मूल्य भन्दा किताबी मूल्य कम छ भने त्यस्तो फरक रकमलाई आम्दानी नदेखाई अवधिमा कट्टा गर्नुपर्दछ ।

## ९.२ बिक्री फिर्ता पट्टा कारोबारमा हुन आउने सञ्चालन पट्टा

यदि बिक्र्री तथा फिर्तापट्टा सञ्चालन पट्टाको रुपमा कायम हुन्छ र उक्त कारोबार उचित बजार मूल्यमा स्थापित भएको स्पष्ट भएमा बिक्रेता पदाधिकारीले नाफा वा नोक्सानलाई तत्काल लेखाङ्कन गर्नुपर्दछ । यदि बिक्री मूल्य भन्दा कम भएमा उक्त कम रकमलाई भविष्यमा हुने बजार मूल्य भन्दा कम पट्टा भुक्तानीले पूर्ति गर्ने अवस्थामा बाहेक बिक्रेता पट्टादारले नोक्सानी रकमलाई तत्काल लेखाङ्कन गर्नुपर्दछ ।

उक्त अवस्थामा बिक्रेता पट्टादारले नोक्सानी रकमलाई पट्टाको अवधिभर स्थगन गरी पट्टा भुक्तानीकै अनुपातमा कट्टी गर्नुपर्दछ । यदि बिक्री मूल्य उचित बजार मूल्य भन्दा बढी भएमा बिक्रेता पट्टादारले उचित बजार मूल्य भन्दा बढी भएजति रकमलाई पट्टाको अवधिभर स्थगन गरी पट्टा भुक्तानीकै अनुपातमा कट्टी गर्नुपर्दछ ।

## ९.३ खुलासा

पट्टादार र पट्टादाताका लागि आवश्यक हुने खुलासाहरु बिक्री तथा पट्टा फिर्ता कारोबार दुबैमा समान रुपमा लागु हुन्छन् । महत्वपूर्ण पट्टा सम्झौताले माग गरेको विवरण बिक्री तथा पट्टा फिर्ता कारोबार सम्बन्धी सम्झौता वा शर्तहरुको असान्दर्भिक व्यवस्था वा प्रावधानलाई समेट्छ ।

# परिच्छेद -१६

## व्यवस्था तथा भैपरी आउने (Provisions and Contingencies)

## १. उद्देश्य

यस परिच्छेदको उद्देश्य व्यवस्था, भैपरी आउने सम्पत्ति तथा दायित्वका लागि प्रयोग गरिएको उचित मापदण्ड तथा मापनका आधार प्रदान गर्नु तथा प्रयोगकर्तालाई त्यसको प्रकृति, समय र रकमबारे स्पष्ट पार्न टिप्पणीमा पर्याप्त जानकारी खुलासा भएको सुनिश्चित गर्नु हो ।

## २. क्षेत्र

सम्पूर्ण सहकारीहरुले निम्न उल्लेखित अवस्था बाहेकका व्यवस्था, भैपरी आउने सम्पत्ति तथा दायित्वको लेखाङ्कनमा यस परिच्छेदको प्रयोग गर्नुपर्दछः

(क) अनरियोस (Onerous) करार बाहेक कार्यान्वयन अनुबन्ध (Executory Contracts) द्वारा सिर्जित परिणाम, तथा

(ख) अन्य परिच्छेदमा समावेश भएको ।

**कार्यकारी सम्झौता (Executory Contracts)** भन्नाले कुनै पनि पक्षले आफ्नो दायित्व कार्यान्वयन नगरिएको वा दुबै पक्षले समान रुपमा आंशिक दायित्व कार्यान्वयन गरिएको करारलाई जनाउँछ ।

## ३. परिभाषा

यस परिच्छेदमा निर्दिष्ट अर्थ (Meaning Specified) सहित निम्न शब्दावलीको उल्लेख गरिएको छः

**व्यवस्था** भनेको अनिश्चित समय र रकमको दायित्व हो ।

**दायित्व** विगतका घटनाहरुबाट उत्पन्न भएको सहकारीको एक जिम्मेवारी हो जसको फछ्र्यौंट गर्दा संस्थालाई आर्थिक लाभ दिने श्रोतको बाह्य प्रवाहको अपेक्षा गरिन्छ ।

**दायित्व सिर्जना गर्ने घटना (An obligating event)** भन्नाले कानुनी र रचनात्मक (constructive) दायित्व सिर्जना गर्ने घटना हो जसले दायित्व फछ्र्यौंट बाहेक निकायसँग कुनै पनि यथार्थपरक विकल्प नहुने अवस्थाको सिर्जना गर्दछ ।

कानुनी दायित्व निम्नानुसार सिर्जना हुने दायित्व होः

(क) करार (स्पष्ट र निस्क्रिय शर्तहरुबाट)

(ख) कानुन (Lagislation)

(ग) कानुनको अन्य संचालन

**प्रभावकारी (constructive) दायित्व** भनेको निकायको कार्यबाट सिर्जित हुने दायित्वलाई बुझिन्छ ।

(क) विगतको अभ्यासको स्थापित ढाँचा, प्रकाशित नीतिहरु वा पर्याप्त निश्चित वर्तमान विवरणबाट निकायले अन्य पक्षहरुलाई जिम्मेवारी स्वीकार गर्ने संकेत गरेको छ ।

(ख) फलस्वरुप निकायले अन्य पक्षलाई उक्त दायित्व पुरा गर्ने मान्य अपेक्षा सिर्जना गरेको छ ।

**भैपरी आउने दायित्व** भन्नाले:

(क) विगतको घटनाबाट सिर्जना हुने सम्भावित दायित्व हो जसको अस्तित्व निकायको अधीनमा नभएको एक वा बढी अनिश्चित भावी घटना घट्नु वा नघट्नुबाट सुनिश्चित हुन्छ ।

(ख) विगतको घटनाबाट सिर्जना भएको वर्तमान दायित्व तर निम्न लिखित कारणहरुले गर्दा लेखाङ्कन नगरिएको:

(अ) दायित्व समापन गर्दा आर्थिक लाभ संलग्न श्रोतहरुको निकायबाट बाहिरी प्रवाहको आवश्यकता हुने सम्भावना नभएमा वा

(आ) उचित विश्वसनियताका साथ दायित्वको रकम मापन गर्न नसकिने भएको ।

**भैपरी आउने सम्पत्ति** भन्नाले विगतको घटनाबाट सिर्जना हुने संभावित सम्पत्ति हो जसको अस्तित्व निकायको अधिनमा नभएको एक वा बढी अनिश्चित भावी घटना घट्नु वा नघट्नुबाट सुनिश्चित हुन्छ ।

**अनरियोस करार (Onerous Contracts)** भन्नाले त्यस्तो करार हो जस अन्तर्गत प्राप्त हुन सक्ने आर्थिक लाभ भन्दा दायित्व पुरा गर्ने अपरिहार्य लागत अधिक हुन्छ ।

**पुनःसंरचना (Restructuring)** भन्नाले व्यवस्थापनद्वारा नियोजित र नियन्त्रित कार्य हो र निम्न लिखित मध्ये कुनैको सारयुक्त परिवर्तन हुनु हो:

(क) निकायद्वारा संचालित व्यापारको क्षेत्र वा

(ख) उक्त व्यापार संचालनको तरिका ।

**व्यवस्था तथा अन्य दायित्वः** व्यवस्थालाई अन्य दायित्व जस्तै व्यापारमा तिर्नुपर्ने रकम र भुक्तानी दिन बाँकीबाट अलग्याउन सकिन्छ किनभने यसमा राफसाफ गर्न लाग्ने भावी खर्च र समयको अनिश्चितता हुन्छ । यसको विपरीत, व्यापारमा तिर्नुपर्ने रकम भनेको प्राप्त भइसकेको मालसामान र सेवा बापत तिर्नुपर्ने दायित्व हो ।

यस खण्डको व्यवस्था कुनै पनि कार्यकारी करारमा उक्त करार अनरियोस (Onerous) करार नभएसम्म लागु हुनेछैन । कार्यकारी करार भन्नाले कुनै पनि पक्षले आफ्नो दायित्व कार्यान्वयन नगरिएको वा दुबै पक्षले समान रुपमा आंशिक दायित्व कार्यान्वयन गरिएको अनुबन्ध भन्ने बुझिन्छ ।

"व्यवस्था" शब्दको प्रयोग कहिलेकाहीं अन्य सन्दर्भमा पनि गरिन्छ जस्तै ह्रासकट्टी, सम्पतिको क्षयिकरण र संकलन गर्न नसकिने प्राप्य । उक्त व्यवस्थाहरु दायित्वको पहिचान भन्दा पनि सम्पतिको किताबी मूल्यको समायोजन हुन, त्यसैले यस खण्डमा समावेश गरिएका छैनन् ।

## ४. प्रारम्भिक पहिचान (Initial Recognition

सहकारीले निम्न लिखित अवस्थामा मात्र व्यवस्थाको लेखाङ्कन गर्नुपर्दछः

(क) सहकारीको प्रतिवेदन मितिमा विगतको घटनाको फलस्वरुप दायित्व कायम रहेको भएमा ।

(ख) सहकारीले भुक्तानी गर्दा आर्थिक लाभ हस्तान्तरण गर्ने आवश्यकताको सम्भावना भएमा ।

(ग) दायित्वको रकम विश्वासनीय रुपमा अनुमान गर्न सकिने भएमा ।

सहकारीको प्रतिवेदन मितिमा विगतको घटनाको फलस्वरुप दायित्व कायम रहेको अवस्था भनेको सहकारीसँग दायित्व मिलान गर्नु बाहेक अन्य विकल्प नहुनु हो । सहकारी समक्ष कानूनद्धारा लागु गराउन सकिने कानूनी दायित्व भएमा वा विगतका घटनाहरुद्धारा तेस्रो पक्षलाई सहकारीले दायित्व भुक्तानी गर्ने कुराको विश्वासनीय अनुमान हुने अवस्थाको सिर्जना गर्ने रचनात्मक (Constructive) दायित्व विद्यमान भएको अवस्थामा उपरोक्तानुसार अवस्था कायम रहन्छ । सहकारीका भविष्यका घटनाहरुले सिर्जना गर्ने दायित्वहरु घटित हुने जतिसुकै संभावना भएपनि तथा करार नै गरिएको भएता पनि उक्त शर्त पुरा गर्दैनन् ।

## ५. प्रारम्भिक मापन (Initial Measurement

सहकारीले व्यवस्थालाई प्रतिवेदन मितिमा उक्त व्यवस्था वापतको दायित्वको भुक्तान गर्न आवश्यक पर्ने रकमको उत्तम अनुमानमा मापन गर्नुपर्दछ । उत्तम अनुमान भन्नाले सहकारीले प्रतिवेदन अवधिको अन्त्यमा दायित्व फछ्र्यौट गर्न भुक्तानी गर्नुपर्ने रकम वा सोही समयमा तेस्रो पक्षलाई हस्तान्तरण गर्नुपर्ने रकमलाई बुझिन्छ ।

(क) व्यवस्थामा तत्वहरुको ठूलो जनसंख्या समावेश भएको अवस्थामा व्यवस्था रकमको अनुमानले सम्पूर्ण संभावित परिणामको सम्बन्धित संभाव्यताको आधारमा गरिएको मापनको प्रतिनिधित्व गर्दछ । तसर्थ दिएको रकमको घाटाको संभाव्यता कति छ (जस्तैः ६०% वा ९०%) भन्ने कुराले गर्दा व्यवस्थाको रकममा फरक पर्दछ । यदि संभावित परिणामको (Continuous range) विद्यमान छ र उक्त range को प्रत्येक point जस्तै उत्तीकै संभावित भएमा range को mid-point को प्रयोग गर्नुपर्दछ ।

(ख) एकल दायित्वबाट व्यवस्था सिर्जित भएको अवस्थामा एकलरुपमा अधिक संभावित परिणाम नै उक्त दायित्व राफसाफ गर्न आवश्यक हुने रकमको उत्तम अनुमान हुनसक्दछ । तथापि, उक्त अवस्थामा पनि, सहकारीले अन्य संभावित परिणामलाई पनि ध्यानमा राख्दछ । अन्य संभावित परिणामहरु अधिक संभावित परिणामभन्दा अति ज्यादा वा अति कम भएमा उत्तम अनुमानको रकम ज्यादा वा कम हुन्छ ।

समसामयिक मूल्यको (time value of money) असर सारयुक्त भएमा, व्यवस्थाको रकम उक्त दायित्व भुक्तान गर्न आवश्यक पर्ने रकमको वर्तमान मूल्य हुनेछ । छुट दरले समयको मौद्रिक मूल्यको वर्तमान बजार मूल्याङ्कनलाई प्रतिबिम्ब गर्दछ । दायित्वसँग सम्बन्धित जोखिमलाई छुट दर या दायित्व भुक्तान गर्न आवश्यक हुने अनुमानित रकममा प्रतिबिम्बित गर्नुपर्दछ, तर दुबैमा होइन ।

सहकारीले सम्पत्तिको अपेक्षित निःसर्गबाट हुने लाभलाइ व्यवस्थाको मापनमा समावेश गर्नु हुदैंन ।

व्यवस्था फछ्र्यौट गर्न आवश्यक पर्ने कहि वा सबै रकम अर्को पक्षले सोधभर्ना गर्न सक्दछ (उदाहरणको लागि बीमा दाबी) । सहकारीले दायित्वको फछ्र्यौट गर्दा सोधभर्ना प्राप्त गर्ने कुरा वस्तुतः निश्चित भएमा सोधभर्नाको रकमलाई एक अलग सम्पत्तिको रुपमा लेखाङ्कन गर्नुपर्दछ । सोधभर्नाका लागि पहिचान गरिने रकम व्यवस्थाको रकम भन्दा अधिक हुनेछैन । वित्तीय विवरणमा सोधभर्नाको प्राप्यलाई सम्पतिको रुपमा प्रस्तुत गरिनेछ र व्यवस्थासँग समायोजन (offset) गरिने छैन । आय विवरणमा, सहकारीले व्यवस्था सम्बन्धि खर्चसँग अर्को पक्षबाट प्राप्त हुने सोधभर्नालाई समायोजन (offset) गर्न सक्दछ ।

## ६. क्रमिक मापन (Subsequent Measurement)

सहकारीद्धारा जुन खर्चहरुको लागि व्यवस्था गरिएको थियो उक्त व्यवस्था बापत सोही खर्चहरुको मात्र लेखाङ्कन गर्नुपर्दछ । सहकारीले प्रत्येक प्रतिवेदन मितिमा व्यवस्थाहरुको समीक्षा गर्नु पर्दछ र प्रतिवेदन मितिमा दायित्वलाई फर्छ्यौट गर्न आवश्यक पर्ने रकमको वर्तमान उत्तम अनुमानलाई प्रतिबिम्बित गर्ने गरी समायोजन गर्नु पर्नेछ । व्यवस्थालाई प्रारम्भमै सम्पत्तिको अंशको लागतको रुपमा लेखाङ्कन गरिएको रकममा भएको कुनै समायोजनलाई सहकारीले नाफा नोक्सान विवरणमा लेखाङ्कन गर्नुपदर्छ ।

दायित्व फछ्र्यौट गर्नका लागि आवश्यक रकमलाई वर्तमान मूल्यमा मापन गरिएको अवस्थामा (Unwinding of discount) लाई सो अवधिको नाफा नोक्सान विवरणमा वित्तीय खर्चको रुपमा मापन गर्नुपर्दछ ।

## ७. भैपरी आउने दायित्व

भैपरी आउने दायित्व भन्नाले सम्भावित तर अनिश्चित दायित्व वा असंभावित र अनुमान गर्न नसकिने भएका कारणले लेखाङ्कन नगरिएको वर्तमान दायित्वलाई बुझिन्छ । स्रोतको बाहिरी प्रवाहको संभावना न्यून भएको अवस्थामा बाहेक भैपरी आउने दायित्वको खुलासा आवश्यक हुन्छ । सहकारी दायित्वको लागि संयुक्त वा अनेक प्रकारले उत्तरदायी भएमा, अन्य पक्षबाट पूरा गर्ने अपेक्षा गरिएको दायित्वको अंशलाई भैपरी आउने दायित्वको रुपमा लेखाङ्कन गरिन्छ ।

## ८. भैपरी आउने सम्पत्ति

सहकारीले भैपरी आउने सम्पत्तिलाई सम्पतिको रुपमा पहिचान गर्न हुदैंन । आर्थिक लाभको भित्री प्रवाहको संभावना भएमा भैपरी आउने सम्पतिको खुलासा आवश्यक हुन्छ । तथापि, भावी आर्थिक लाभको भित्री प्रवाहको संभावना वस्तुतः निश्चित (Virtually certain) भएमा सम्बन्धित सम्पत्ति भैपरी आउने सम्पत्ति मानिदैन र सम्पत्तिको रुपमा लेखाङ्कन गरिनु उचित हुन्छ ।

## ९. खुलासाहरु

### ९.१ व्यवस्थाबारे खुलासाहरु

व्यवस्थाको हरेक वर्गको लागि सहकारीले निम्न कुरा खुलासा गर्नुपर्दछः

क) निम्न तत्वहरु समावेश गरिएको मिलान विवरणमाः

- अवधिको सुरुवात र अन्त्यको किताबी मूल्य,
- चालु अवधिमा थप व्यवस्थाका साथै हालको मूल्य (Discounted amount) को मापनमा फरकबाट हुने समायोजन
- चालु अवधिमा व्यवस्था वापत चार्ज गरिएको रकम
- उक्त अवधिभरि प्रयोग नभई फिर्ता भएको रकम

ख) दायित्वको प्रकृति, अपेक्षित रकम र परिणामस्वरुप भुक्तानीको समयक्रमको संक्षिप्त व्याख्या ।

ग) उक्त बाह्य प्रवाहको रकम र समयक्रमको अनिश्चितताको संकेत ।

घ) कुनै पनि अपेक्षित सोधभर्नाका लागि पहिचान गरिएको सम्पत्तिको रकम उल्लेख भएको अपेक्षित सोधभर्नाको रकम ।

### ९.२ भैपरी आउने दायित्वको खुलासाहरु

फछ्र्यौंट गर्दा श्रोतहरुको बाह्य प्रवाहको संभाव्यता अधिक न्यून नभएसम्म, व्यवहारिक हुने भएमा सहकारीले प्रतिवेदन मितिमा हरेक वर्गको लागि भैपरी आउने दायित्वको प्रकृतिको संक्षिप्त रुपमा निम्नानुसार खुलासा गर्नुपर्दछः

क) आर्थिक प्रभावको अनुमानको बारेमा,

ख) कुनै बाह्य प्रवाहको रकम र समयको अनिश्चितताको संकेतको बारेमा ।

ग) कुनै पनि सोधभर्नाको संभावनाको बारेमा

माथी उल्लेखित मध्ये यदि एक वा बढी खुलासा गर्न अव्यवहारिक हुने भएमा उक्त तथ्यको उल्लेख गर्नुपर्दछ ।

## ९.३ भैपरी आउने सम्पत्तिको खुलासाहरु

यदि आर्थिक लाभको भित्री प्रवाहको संभावना हुन्छ तर वस्तुतः निश्चित (virtually certain) नभएमा, सहकारीले प्रतिवेदन अवधिको अन्त्यमा भैपरी आउने सम्पत्तिको प्रकृतिको विवरणको खुलासा गर्नुपर्दछ र यदि अनावश्यक लागत तथा श्रमबिना नै व्यवहारिक हुने भएमा यसको आर्थिक प्रभावको अनुमानको खुलासा गर्नुपर्दछ । उपरोक्तानुसारको खुलासा गर्न अव्यवहारिक हुने भएमा उक्त तथ्यको उल्लेख गर्नुपर्नेछ ।

## ९.४ पूर्वाग्रही (Prejudicial) खुलासाहरु

अति दुर्लभ अवस्थामा सहकारी संस्थाको सम्पत्ति वा दायित्वको विषयसँग सम्बन्धित अन्य पक्षहरुसँगको विवाद स्थितिमा यस खण्ड अन्तर्गत खुलासा गर्न माग गरिएको जानकारीले हानी पुऱ्याउन सक्छ । त्यस्तो अवस्थामा, सहकारीले जानकारी खुलासा गर्न आवश्यक हुदैंन, तर तथ्यका साथसाथै विवादको सामान्य प्रकृतिलाई खुलासा गर्नुपर्नेछ र जानकारी खुलासा नगरिएको कारण पनि उल्लेख गर्नुपर्दछ ।

# परिच्छेद-१७
# दायित्व र इक्विटी

## १. उद्देश्य

यस परिच्छेदको उद्देश्य दायित्व र इक्विटीको लेखाङ्कनको व्याख्या गर्नु हो ।

## २. क्षेत्र

यस परिच्छेदले वित्तीय उपकरणलाई दायित्व वा इक्विटीको रुपमा वर्गीकरणको लागि सिद्धान्त स्थापित गर्दछ र सहकारीको सदस्यको भूमिका निर्वाह गर्ने व्यक्ति वा अन्य पक्षहरुलाई जारी गरिएको इक्विटी उपकरणहरुको लेखापालनलाई सम्बोधन गर्दछ ।

यस खण्ड निम्न उल्लेखित बाहेक सबै प्रकारका वित्तीय उपकरणहरुको वर्गीकरणमा लागु हुनेछः

(क) रोजगारदाताहरुको कर्मचारी लाभ योजना अन्तर्गतको अधिकार र दायित्वहरु

(ख) शेयरमा आधारित भुक्तानीको कारोबार अन्तर्गतको वित्तीय उपकरण, करार र दायित्व

## ३. दायित्व वा इक्विटी उपकरणको वर्गिकरण

इक्विटी भन्नाले सम्पूर्ण दायित्वको कटौती पछि सहकारीको सम्पत्तिमा बाँकी रहने शेष हित **(Residual Interest)** बुझिन्छ । दायित्व भनेको विगतका घटनाहरुबाट उत्पन्न भएको सहकारीको एक जिम्मेवारीलाई जनाउँछ जसको फछ्र्यौट गर्दा संस्थालाई आर्थिक लाभ दिने श्रोतको बाह्य प्रवाहको अपेक्षा गरिन्छ । इक्विटिले हटाइने सदस्यलाई गरीएको भुक्तानीको फलस्वरुपको सदस्यद्वारा गरिएको लगानी घटाएर अन्य सदस्यद्वारा गरिएको लगानी समावेश गर्दछ । इक्विटीले वैधानिक कोष, दान र अनुदान तथा पूनर्मूल्याङ्कनलाई कोषलाई समेत समावेश गर्दछ ।

## ४. प्रारम्भिक निष्कासन (Original Issue of Shares)

सहकारीले शेयर निष्कासन गर्दा उपकरणहरु जारी गरिएको र सदस्यहरुले ती उपकरण बापत नगद वा अन्य श्रोत प्रदान गर्नुपर्ने बाध्यता हुन्छ । जारी शेयरलाई इक्विटीको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

(क) यदि सहकारीले नगद वा अन्य श्रोत प्राप्त गर्नु अघि इक्विटी उपकरण जारी गर्दछ भने सहकारीले वित्तीय विवरणमा त्यस प्राप्त गर्नुपर्नेलाई सम्पत्तिको रुपमा नभई इक्विटीमा समायोजन गरी प्रस्तुत गर्नुपर्दछ ।

(ख) यदि सहकारीले इक्विटी उपकरण जारी गर्नु अघि नगद वा अन्य श्रोत प्राप्त गर्दछ र सहकारीले प्राप्त भएको नगद वा अन्य श्रोत पुन तिर्न आवश्यक हुदैन र इक्विटीको समान वृद्धि अनुरुप प्राप्त भएको (extent of consideration) को रुपमा पहिचान गर्नुपर्नेछ ।

(ग) इक्विटी उपकरणहरु लिन स्वीकार गरेको तर जारी नभएको हदसम्म र सहकारीले अझैसम्म नगद वा अन्य श्रोत प्राप्त नगरेको अवस्थामा सहकारीले इक्विटीमा वृद्धि भनेर पहिचान गर्नु हुदैंन ।

सहकारीले जारी गरेको इक्विटी उपकरणहरुलाई अंकित मूल्य (par value) मा मापन गर्नुपर्दछ ।

# परिच्छेद -१८

# सरकारी अनुदानको लेखाङ्कन

## १. उद्देश्य

यस परिच्छेदको उद्देश्य सरकारी अनुदानको लेखाङ्कन र सोको लेखा टिप्पणीमा खुलासा सम्बन्धी व्याख्या गर्नु हो ।

## २. क्षेत्र

यस परिच्छेद सरकारी अनुदानको लेखाङ्कन गर्नका लागि तथा अन्य सरकारी सहायताको खुलासामा लागु हुनेछ ।

## ३. परिभाषा

यस परिच्छेद निम्न उल्लेखित सर्तहरु अर्थ सहित प्रयोग गरिएको छः

**सरकार (Government)** भन्नाले नेपाल सरकार, स्थानीय सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायहरुलाई जनाउँछ ।

**सरकारी सहायता (Government Assistance):** भन्नाले एक वा बढी निकायलाई आर्थिक लाभ प्रदान गर्न सरकारले बनाएको योजना हो । यस परिच्छेदको प्रयोजनको लागि सरकारी सहायता अन्तर्गत सामान्य व्यापारिक

अवस्थालाई असर पार्ने कार्यहरु (जस्तैः कुनै पनि क्षेत्रमा गरिने पूर्वाधार विकास वा प्रतिस्पर्धीहरुमाथि लगाइने व्यापारिक प्रतिबन्ध) मार्फत प्रदान गरिएको सुविधालाई समावेश गर्दैन ।

**सरकारी अनुदान (Government Grants):** भन्नाले सञ्चालन गतिविधिसँग सम्बन्धित निश्चित शर्तहरुको विगत वा भविष्यमा गरिने पालन बापत सरकारद्धारा श्रोतहरुको स्थानान्तरणको रुपमा प्रदान गरिने सरकारी सहायतालाई जनाउँछ । उचित मूल्याङ्कन गर्न नसकिने र निकायको सामान्य व्यापारिक कारोबारबाट अलग्याउन नसकिने सरकारसँगको कारोबार सरकारी अनुदान अन्तर्गत पर्दैनन् ।
सम्पत्तिसँग सम्बन्धित अनुदानहरु अन्तर्गत त्यस्ता अनुदानहरु पर्दछन् जसको प्राथमिक शर्त अनुदानका लागि योग्य निकायहरुले खरीद, निर्माण अथवा दीर्घकालीन सम्पतिको प्राप्ति गर्नु हुन्छ । सम्पतिको प्रकार वा स्थान अथवा प्राप्ति गरिसक्नुपर्ने वा स्वामित्वमा रहि सक्नुपर्ने अवधि आदिमा प्रतिबन्ध जस्ता सहायक शर्तहरु पनि उल्लेख गरिएको हुन् सक्दछ । सम्पत्तिसँग सम्बन्धित सरकारी अनुदान बाहेकका अन्य अनुदान आयसँग सम्बन्धित अनुदान हुन् ।

**छुट योग्य ऋण (Forgivable Loans):** भन्नाले कुनै निश्चित निर्धारित शर्त अन्तर्गत ऋणदाताले पुनः भुक्तानीमा मिनाहा दिइएको ऋणलाई जनाउँछ ।

**उचित मूल्य (Fair Value):** मापन मितिमा बजार सहभागी बीच क्रमिक लेनदेनमा सम्पत्तिको बिक्री अथवा दायित्वको हस्तान्तरणबाट प्राप्त हुन आउने मूल्यलाई उचित मूल्य (Fair Value) भनिन्छ ।

## ३.१ सरकारी अनुदानको पहिचान

निम्न लिखित उचित निश्चितता नभएसम्म बजार मूल्यमा प्राप्त हुने गैरमौद्रिक अनुदान समेतका सरकारी अनुदानलाई लेखाङ्कन गर्नुहुदैंनः

क) संस्थाले सम्बन्धित सर्तहरु पालना गर्ने नभएसम्म

ख) अनुदान प्राप्त हुने नभएसम्म

## ४. सम्पत्तिसँग सम्बन्धित अनुदानको खुलासा

सम्पत्तिसँग सम्बन्धित सरकारी अनुदानको उचित मूल्य वित्तीय विवरणमा विलम्वित आय वा सम्पत्तिको किताबी मूल्यबाट सो अनुदान घटाई प्रस्तुत गर्नुपर्दछ ।

सम्पत्तिसँग सम्बन्धित अनुदानको (वा अनुदानको उपयुक्त भाग) वित्तीय विवरणमा प्रस्तुतिको दुई विधिहरु स्वीकार्य विकल्पको रुपमा प्रयोग गरिन्छ ।

पहिलो विधि अनुसार अनुदानलाई बिलम्बित आय **(deferred income)** को रुपमा पहिचान गर्दछ जुन सम्पतिको उपयोगी जीवनभरि क्रमबद्ध रुपमा आय विवरणमा लेखाङ्कन गरिन्छ ।

दोश्रो विधि अनुसार सम्पत्तिको किताबी मूल्य हिसाब गर्दा अनुदानलाई कटौती गर्दछ । अनुदानलाई घट्दो ह्रास खर्चको रुपमा ह्रासयोग्य सम्पतिको जीवनभरि आय विवरणमा लेखाङ्कन गरिन्छ ।

सम्पत्ति खरिद तथा सम्बन्धित आनुदान प्राप्तीले नगद प्रवाहमा असर पर्दछ । उक्त प्रयोजनका लागि तथा सम्पत्तिमा कुल लगानीलाई देखाउनका लागि अनुदान रकमलाई वित्तीय स्थिती विवरणमा प्रस्तुतिकरण प्रयोजनका लागि सम्बन्धित सम्पत्तिबाट घटाएको वा नघटाएको जे भएता पनि उक्त घटबढलाई नगद प्रवाह विवरणमा छुट्टै शिर्षकको रुपमा खुलासा गरिन्छ ।

## ५. आयसँग सम्बन्धित अनुदानको खुलासा

आयसँग सम्बन्धित अनुदानलाई छुट्टै शिर्षकमा वा अन्य सामान्य शिर्षक (जस्तै अन्य आय) अन्तर्गत नाफा वा नोक्सानको अंशको रुपमा प्रस्तुतिकरण गरिन्छ । वैकल्पिक रुपमा उक्त रकमलाई सम्बन्धित खर्च शिर्षकबाट घटाएर पनि देखाउन सकिन्छ ।

## ६. सरकारी अनुदानको पुनर्भुक्तानी

पुनर्भुक्तानी गर्नुपर्ने भएको अनुदान लेखा अनुमानको परिवर्तनको रुपमा लेखाङ्कन गर्नु पर्दछ । आयसँग सम्बन्धित अनुदानको पुनर्भुक्तानी सुरुमा अनुदानसँग सम्बन्धित अपलेखन नगरिएको (unamortized) अनुदानसँग सम्बन्धित विलम्वित आयबाट घटाउनु पर्दछ । यदि पुनर्भुक्तानीको रकम विलम्वित आयभन्दा बढी भएमा अथवा विलम्वित आय नभएमा सो पुर्नभुक्तानी तुरुन्त आय विवरणमा लेखाङ्कन गर्नु पर्दछ । सम्पत्तिसँग सम्बन्धित अनुदानको पुर्नभुक्तानीको लेखाङ्कन सम्पतिको किताबी मूल्यमा बृद्धि गरी वा विलम्बित आय शेषबाट सो पुर्नभुक्तानी रकमलाई घटाइ लेखाङ्कन गर्नु पर्दछ । अनुदान नभएको भए आय विवरणमा समावेश गरिने थप संचित ह्रासलाई तुरुन्त आय विवरणमा समावेश गर्नु पर्दछ ।

## ७. खुलासाहरु

निम्न उल्लेखित मुद्दाहरु खुलासा गर्नु पर्दछः

(क) सरकारी अनुदानको लेखाङ्कन गर्न प्रयोग गरिएको लेखा नीतिका सधै वित्तीय विवरणमा प्रस्तुतिकरणको ढाँचा,

(ख) वित्तीय विवरणमा समावेश गरिएको सहकारी अनुदानको सीमा र प्रकृति, साथै संस्थालाई प्रत्यक्ष रुपमा लाभ पुर्‍याउने कुनै अन्य प्रकृतिका सरकारी सहयोगको संकेत भएमा, तथा

(ग) लेखाङ्कन गरिएको सरकारी सहयोगसँग सम्बन्धित पूरा नगरिएको शर्तहरु र अरु कुनै अनिश्चितता ।

# परिच्छेद -१९
## कर्जाको लागत

### १. उद्देश्य

यस परिच्छेदको उद्देश्य योग्य सम्पत्तिको (qualifing assets) प्राप्ति, निमार्ण तथा उत्पादन गर्नका लागि प्रत्यक्ष रुपमा भूमिका खेलेको कर्जा लागतका लागि लेखा नीति प्रष्ट्याउनु हो ।

### २. क्षेत्र

यस भागले कर्जाको लागतको लेखापालन व्याख्या गर्दछ । कर्जाको लागत भन्नाले सहकारीले लिएको कर्जासँग सम्बन्धित ब्याज तथा अन्य लागत बुझिन्छ ।

### ३. परिभाषा

कर्जाको लागत भन्नाले निकायले लिएको कर्जासंग सम्बन्धित ब्याज तथा अन्य लागत बुझिन्छ । कर्जाको लागतमा निम्न उल्लेखित कुराहरु समावेश हुन्छन्ः

(क) प्रभावकारी ब्याज विधि प्रयोग गरी मापन गरिएको ब्याज खर्च

(ख) वित्तीय पट्टा अन्तर्गत लेखाङ्कन गरिने वित्तीय शुल्क

(ग) ब्याज खर्चमा हदसम्म समायोजन हुने विदेशी मुद्रा कर्जा अन्तर्गतको विनिमय भिन्नता ।

योग्य सम्पत्ति (qualifing assets) भन्नाले बिक्री अथवा प्रयोगका लागि तयार हुन पर्याप्त समय लाग्ने सम्पत्ति बुझिन्छ ।

परिस्थिति अनुसार निम्न उल्लेखित मध्ये कुनै योग्य सम्पत्ति हुन सक्छः

(क) मालशेष

(ख) उत्पादनको लागि प्रयोग हुने उपकरण

(ग) उर्जा उत्पादनको लागि प्रयोग हुने उपकरण

(घ) लगानी सम्पत्ति

वित्तीय सम्पत्ति र छोटो समयवधीमा उत्पादन गर्न सकिन मालशेषहरुलाई योग्य सम्पत्ति (qualifing assets) मानिदैन । प्राप्ति हुँदा प्रयोगको लागि अथवा

बिक्रीको लागि तयारि अवस्थामा भएका सम्पत्तिहरुलाई योग्य सम्पत्ति (qualifing assets) मानिदैन ।

## ४. पहिचान (Recognition)

सहकारीले सबै कर्जाको लागत सम्बन्धित अवधिमै खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ । योग्य सम्पत्तिको (qualifing assets) प्राप्ति, निर्माण तथा उत्पादनसँग प्रत्यक्ष रुपमा सम्बन्धित कर्जाको लागतलाई सम्पत्तिको लागतको रुपमा पूँजीकृत गर्नुपर्दछ । पूँजीकरणको लागि योग्य कर्जा लागतको रकम यस प्रारुपको आधारमा निर्धारण गर्नुपर्दछ । सो कर्जा लागत सम्पत्तिको लागतको रुपमा तब मात्र पुँजिकृत गर्नुपर्दछ जब त्यस लागतबाट भविष्यको आर्थिक लाभ हुनुका साथै त्यसलाई विश्वासनीय रुपमा मापन गर्न सकिन्छ ।

योग्य सम्पत्तिको (qualifing assets) प्राप्ति , निमार्ण तथा उत्पादनको लागि प्रत्यक्ष रुपमा सम्बन्धित कर्जाको लागत त्यस्ता कर्जा लागत हो जसलाई संस्थाले योग्य सम्पत्ति प्राप्तिका लागी कर्जा नलिएको अवस्थामा व्यहोर्न पर्दैनथ्यो । सहकारीले योग्य सम्पत्ति खरीद गर्नका लागि नै कर्जा लिएको खण्डमा सो योग्य सम्पत्ति संग प्रत्यक्ष रुपमा सम्बन्धित कर्जाको लागतको सजिलै पहिचान गर्न सकिन्छ ।

योग्य सम्पत्ति (qualifing assets) प्राप्त गर्नका लागि विशेष रुपमा लिइएको कर्जाको पूँजीकरणको लागि योग्य कर्जा लागतको रकम कर्जामा लागेको सम्बन्धित अवधिको वास्तविक कर्जा लागत बाट सो कर्जा रकमको अल्पकालीन लगानीबाट भएको कुनै पनि आय घटाएर निर्धारण गर्नुपर्दछ ।

योग्य सम्पत्ति (qualifing assets) का लागि कर्जा लिंदा र सो सम्पत्तिमा लगानी हुनु अघि कर्जा लागत व्यहोर्नु पर्दा सो कर्जा वा कर्जाको कुनै अंशलाई अन्य कुनै ठाउँमा अल्पकालीन समयका लागि लगानी गर्नुपर्ने आवश्यक हुनसक्छ, त्यस्तो अवस्थामा चालु अवधिमा पूँजीकृत गर्नुपर्ने रकम निर्धारण गर्ने क्रममा उक्त लगानीबाट प्राप्त भएको आयलाई कर्जा लागतबाट घटाइन्छ ।

संस्थाले सामान्य रुपमा लिएको कर्जाको रकमलाई योग्य सम्पत्ति प्राप्तिको लागि प्रयोग गरिएको अवस्थामा पूँजीकरण योग्य कर्जाका लागतको निर्धारण उक्त सम्पत्ति बापत खर्च भएको रकमको पूँजीकरणको दर प्रयोग गरि गर्नुपर्दछ । उक्त पूँजीकरणको दर चालु अवधिमा कुनै योग्य सम्पत्ति प्राप्तिको लागि विशेष रुपमा लिएको कर्जा बाहेक चालु अवधिमा तिर्न बाकीं कर्जा लागतको औसत भारित (weighted average) दर हुन्छ । चालु अवधिमा पूँजीकृत भएको कर्जा लागतका रकम सोही अवधिमा भएको कर्जा लागत भन्दा बढी हुनु हुँदैन ।

## ५. पूँजीगत शुरुवात (Commencement of capitalization)

सहकारीले कर्जाको लागतलाई योग्य सम्पत्तिको लागतमा समावेश गरी सुरुवाती मिति (Commencement Date) बाट पूँजीकरण गर्न सुरु गर्नुपर्दछ । जुन मितिमा निम्न उल्लेखित सबै शर्तहरु पुरा हुन्छन् , त्यस मितिलाई पूँजीकरणका लागि सुरुवाती मिति मानिन्छः

(क) जब सहकारीले सम्पत्तिका लागि खर्च गर्दछ ।

(ख) जब सहकारीले कर्जा लागत सिर्जना गर्दछ ।

(ग) जब सहकारीले सम्पत्तिलाई प्रयोग वा बिक्रीका लागि तयार हुने अवस्थामा ल्याउन आवश्यक क्रियाकलापहरु गर्दछ ।

## ६. पूँजीकरणको निलम्बन (Suspension of Capitalization)

थप अवधिको समयमा योग्य सम्पत्तिको सक्रिय विकास निलम्बित भएको अवस्थामा निकायले कर्जा शुल्कको पूँजीकरण निलम्बित गर्नु पर्दछ ।

## ७. पूँजीकरणको समाप्ति (Cessation of Capitalization)

योग्य सम्पत्तिलाई प्रयोग वा बिक्रीको लागि तयार हुने अवस्थामा ल्याउन आवश्यक क्रियाकलापहरु सम्पन्न भएपछि निकायले कर्जाको लागतलाई पूँजीकरण गर्न बन्द गर्नु पर्दछ ।

निकायले योग्य सम्पत्तिको अरु भागहरुको निर्माण कार्य जारी भइरहदा केही भागहरुको निर्माण कार्य सम्पन्न भई त्यस्ता प्रत्येक भागहरु प्रयोग गर्न सक्षम भएमा, योग्य सम्पत्तिका सो भागलाई प्रयोग वा बिक्रीको लागि तयार हुने अवस्थामा ल्याउन आवश्यक क्रियाकलापहरु सम्पन्न भएपछि, त्यस भाग सँग सम्बन्धित कर्जाको लागतलाई पूँजीकरण गर्न बन्द गर्नु पर्दछ ।

### ८. खुलासा (Disclosures)

वित्तीय विवरणमा निम्न उल्लेखित कुराहरु खुलासा गर्नु पर्दछ ।

(क) कर्जा लागतका लागि अपनाइएको लेखा नीति

(ख) अवधिमा पूँजीकृत गरिएको वा खर्चका रुपमा लेखाङ्कन गरिएको कर्जा लागतको रकम

(ग) पूँजीकरणको लागि योग्य भएको कर्जा लागतको रकम निर्धारण गर्न प्रयोग गरिएका पूँजीकरण दर (साधारण कर्जामा पूँजीकरण दर लगाउन आवश्यक भएमा) ।

# परिच्छेद -२०

## सम्पत्तिको क्षयीकरण (Impairment of Assets)

### १. उदेश्य

सहकारीले आफ्नो सम्पत्तिलाई असुल योग्य रकम भन्दा बढी रकममा लेखाङ्कन गरेको छैन भनी आश्वस्त हुन प्रयोग गर्ने प्रकियाहरुको वर्णन गर्नु यस परिच्छेदको उदेश्य हो ।

## २. क्षेत्र

यो परिच्छेद निम्न उल्लेखित सम्पत्तिहरु बाहेक अरु सम्पत्तिहरुको क्षयीकरणको लेखाङ्कन गर्नका लागि प्रयोग गर्नु पर्दछ । निम्न उल्लेखित सम्पत्तिहरुको क्षयीकरणको आवश्यकता यस प्रारुपको अरु भागहरुमा प्रष्टयाइएको छ ।

(क) कर्मचारी लाभबाट उत्पन्न भएको सम्पत्तिहरु

(ख) वित्तीय सम्पत्तिहरु

## ३. परिभाषा

कुनै पनि सम्पत्तिमा संचित ह्रास र संचित क्षयीकरण नोक्सानी कटौती पछि मूल्याङ्कन गरिएको मूल्यलाई किताबी मूल्य (Carrying cost) भनिन्छ ।

अन्य सम्पत्ति वा  सम्पत्तिको समूहबाट श्रृजना भएको नगद प्रवाह बाट स्वतन्त्र भई नगदको भित्री प्रवाहको श्रृजना गर्ने सम्पत्तिको सबै भन्दा सानो पहिचान योग्य समूहलाई नगद उत्पादन इकाई (Cash generating unit) भनिन्छ ।

**संस्थागत सम्पत्ति (Corporate assets)** भन्नाले ख्याती बाहेकको अरु सम्पत्ति जसले समिक्षामा रहेको नगद उत्पादन इकाई (Cash generating unit) तथा अन्य नगद उत्पादन इकाई (Cash generating unit) बाट भविष्यमा श्रृजना हुने नगद प्रवाहमा योगदान दिने सम्पत्तिलाई जनाउछ ।

वित्तीय लागत र आयकर खर्च बाहेक सम्पत्तिको निस्सर्गमा प्रत्यक्ष रुपमा लागेको बढ्दो लागतलाई निस्सर्ग लागत (Cost of disposal) भनिन्छ ।

**ह्रास योग्य रकम** भन्नाले सम्पत्तिको लागत, अथवा त्यसको प्रतिस्थापित लागतबाट शेष मूल्य (Cost less residual value) घटाइ बाँकी रहेको रकम बुझिन्छ ।

**ह्रास** भन्नाले सम्पत्तिको ह्रासयोग्य रकमलाई सो सम्पत्तिको उपयोगी आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गरेको रकमलाई बुझिन्छ ।

**उचित मूल्य (Fair value)** यस्तो मूल्य हो जुन सम्पत्ति बेच्दा प्राप्त हुन्छ वा बजार सहभागीहरु माझ मापन मितिमा क्रमशः दायित्व हस्तान्तरण गर्दा तिर्ने रकमलाई उचित मूल्य भनिन्छ ।

## ४. मालशेषको क्षयीकरण

### ४.१ बिक्री प्रकृया पूरा गर्न लाग्ने लागत घटाई आएको बिक्री मूल्य

सहकारी संस्थाले प्रत्येक प्रतिवेदन मितिको अन्त्यमा कुनै मालशेष क्षयीकरण भए नभएको मुल्याङ्कन गर्नुपर्दछ । सहकारी संस्थाले प्रत्येक मालशेषको किताबी मूल्यलाई त्यसको बिक्री मूल्यबाट सो बिक्री गर्न लाग्ने खर्च घटाई आएको रकमसँग तुलना गरी मूल्याङ्कन गनुपर्दछ । सहकारी संस्थाले मालशेषको क्षयीकरण भएको अवस्थामा सो मालशेष वा सो को समूहको किताबी मूल्यलाई घटाइ त्यसको बिक्री मूल्यबाट सोको बिक्री लागत घटाइ आएको रकममा लेखाङ्कन गर्नुपर्दछ । उक्त घटाइएको रकम क्षयीकरण हो र सोलाई नाफा/नोक्सान खातामा लेखाङ्कन गर्नुपर्दछ ।

प्रत्येक मालशेषको व्यक्तिगत रुपमा बिक्री मूल्यबाट सो बिक्री गर्दा लाग्ने खर्च घटाई आउने रकम निर्धारण गर्न नसकिएको अवस्थामा सहकारीले उस्तै प्रयोजन भएका तथा एउटै भौगोलिक क्षेत्रमा उत्पादन तथा बजारीकरण हुने वस्तुसँग सम्बन्धित मालशेषलाई एउटै समुहमा समूहीकरण गर्नुपर्दछ ।

### ४.२ क्षयीकरणको रिभर्सल (Reversal of impairment)

सहकारीले प्रत्येक पछिल्लो प्रतिवेदन मितिमा निर्माण तथा बिक्री लागत घटाइ बिक्री मूल्यको मूल्याङ्कन गर्नुपर्दछ । विगतमा देखिएको परिस्थिति जसले गर्दा मालशेषको क्षयीकरण लेखाङ्कन गरिएको थियो उक्त परिस्थिति विद्यमान नरहेको अवस्थामा वा मालशेषको बिक्री मूल्यमा बिक्री लागत घटाइ आएको रकममा बृद्धि भएको स्पष्ट प्रमाण भएको अवस्थामा सहकारीले लागत रकम र बिक्री मूल्यबाट बिक्री लागत घटाइ आएको रकममध्ये कम रकम नयाँ किताबी मूल्य हुने गरी क्षयीकरणको रकम रिभर्सल गर्नुपर्दछ ।

## ५. मालशेष बाहेक अन्य सम्पत्तिको क्षयीकरण

### ५.१ सामान्य सिद्धान्तहरु

सम्पत्तिको अशुली मूल्य त्यसको किताबी मूल्य भन्दा कम भएको अवस्थामा मात्र सहकारीले सम्पत्तिको किताबी मूल्यलाई घटाइ सो सम्पत्तिलाई अशुली मूल्यमा लेखाङ्कन गर्नुपर्दछ । उक्त घटाइएको रकम क्षयीकरण हो र सोलाई नाफा/नोक्सान खातामा लेखाङ्कन गर्नुपर्दछ ।

### ५.२ क्षयीकरण सुचकहरु

सहकारीले प्रत्येक प्रतिवेदन मितिमा सम्पत्तिको क्षयीकरण भए नभएको मूल्याङ्कन गर्नुपर्दछ । त्यस्तो कुनै सुचक विद्यमान भएको अवस्थामा सहकारीले अशुली रकमको अनुमान गर्नुपर्दछ । त्यस्तो कुनै सुचक विद्यमान नभएको अवस्थामा सहकारीले अशुली रकमको अनुमान गर्नुपर्दैन ।

कुनै सम्पत्तिको अशुली मूल्य अनुमान गर्न नसकेको अवस्थामा सहकारीले उक्त सम्पत्तिमा समाहित भएको नगद उत्पादन इकाईको अशुली मूल्य अनुमान गर्नुपर्दछ । अशुली मूल्यको मापनको लागि नगद प्रवाहको पूर्वानुमान आवश्यक हुँदा र कहिलेकाँही सम्पत्ति आफैले सो नगद प्रवाह सिर्जना नगर्दा उक्त अवस्था आउन सक्दछ ।

सम्पत्तिको क्षयीकरणको कुनै संकेत छ वा छैन भनी निर्धारण गर्नाको लागि सहकारीले आन्तरिक तथा बाह्य संकेतहरुमा ध्यान पुर्याउनुपर्दछ ।

**जानकारीका बाहृय स्रोतहरु**

(क) सम्पत्तिको प्रयोग वा समयको प्रवाहले चालु अवधिमा सम्पत्तिको मूल्य अपेक्षा गरेको मूल्य भन्दा अत्याधिक मात्रामा (Significantly) घटेको संकेत भएमा ।

(ख) चालु अवधिमा वा निकटको भविष्यमा, निकाय सञ्चालन हुने अथवा निकायले आफ्नो सम्पत्ति प्रयोग गर्ने प्राविधिक, बजार, आर्थिक, वा कानूनी वातावरणमा निकायलाई प्रतिफल हुने गरी महत्वपूर्ण परिवर्तन भएमा।

(ग) सम्पत्तिको प्रयोगमा रहेको मूल्य (Value in use) मापन गर्न प्रयोग हुने डिस्काउन्ट दर (Discount rate) मा असर हुने गरी र सम्पत्तिको असुल योग्य रकम सारभूत रुपमा कम हुने गरि ब्याजदर वा लगानीको प्रचलित प्रतिफल दरमा बृद्धि भएमा ।

(घ) निकायको सम्पत्तिको कुल किताबी मूल्य त्यसको बजार मूल्य (Market capitalization) भन्दा बढि भएमा

**जानकारीको आन्तरिक स्रोतहरु**

(क) सम्पत्तिको भौतिक क्षति भएको वा अप्रचलनताको सुचक भएमा ।

(ख) चालु अवधिमा वा नजिक भविष्यमा निकायको सम्पत्तिको अपेक्षित प्रयोगको हद वा प्रयोगको तरिकामा निकायलाई प्रतिकूल हुने गरी महत्वपूर्ण परिवर्तन भएमा ।

त्यस्ता महत्वपूर्ण परिवर्तनमा सम्पत्ति निस्कृय हुनु, सम्पत्ति प्रयोगमा रहेको कारोबारको पुनःसंरचना वा बन्द गर्ने योजना हुनु, अपेक्षित मितिभन्दा अघि निःसर्ग गर्ने योजना हुनु र सम्पत्तिको उपयोगि आयु असीमित नभई सिमित मूल्याङ्कन हुनु आदि पर्दछन् ।

(ग) सम्पत्तिको आर्थिक प्रदर्शन अपेक्षित भन्दा खराब भएको संकेत आन्तरिक प्रतिवेदनमा जनाएमा ।

यदि सम्पत्तिमा क्षयीकरण नोक्सानी नभएता पनि क्षयीकरण हुने संकेत देखिएमा सहकारीले सम्पत्तिको बाँकी रहेको उपयोगी आयु, ह्रास विधि वा सम्पत्तिको शेष मूल्य, यस प्रारुपको खण्ड अनुसार समायोजन गर्नुपर्दछ ।

## ५.३ अशुली मूल्यको मापन

उचित बजार मूल्यबाट बिक्री लागत घटाइ आएको रकम र प्रयोगमा रहेको मूल्य (Value in use) मध्ये बढी हुने मूल्य कुनै सम्पत्ति वा नगद उत्पादन इकाईको अशुली मूल्य हो ।

सम्पत्तिको उचित मूल्यबाट बिक्री लागत घटाई आएको रकम र त्यसको प्रयोगमा रहेको मूल्य दुवैलाई सहकारीले सँधै निर्धारण गरिरहनु आवश्यक छैन । यी रकम मध्ये कुनै एउटा पनि किताबी मूल्यभन्दा बढी हुने अवस्थामा सम्पत्ति क्षयीकरण भएको मानिने छैन र सो अवस्थामा अर्को रकम अनुमान गर्न आवश्यक छैन ।

यदि सम्पत्तिको प्रयोगमा भएको मूल्य त्यस सम्पत्तिको उचित बजार मूल्यबाट बिक्री लागत घटाई आएको मूल्यभन्दा बढी छ भने सो सम्पत्तिको उचित बजार मूल्यबाट बिक्री लागत घटाई आएको रकमलाई अशुली मूल्यको रुपमा लेखाङ्कन गर्न सकिन्छ । उक्त अवस्था प्राय निःसर्गको लागि राखिएको सम्पत्तिको लागि लागु हुन्छ ।

## ५.४ उचित मूल्यमा बिक्री मूल्य घटाई आएको रकम

उचित बजार मूल्यमा बिक्री मूल्य घटाई आएको रकम भनेको दुई जानकार र इच्छुक पक्षहरुबीच (Arms length transaction) मा हुने कारोबार रकमबाट निःसर्ग गर्दा  लाग्ने रकम घटाई आउने रकम हो ।

## ५.५ प्रयोगमा आएको मूल्य (Value in Use)

प्रयोगमा आएको मूल्य भन्नाले सम्पत्तिको प्रयोगबाट प्राप्त हुने भविष्यको नगद प्रवाहको वर्तमान मूल्य भन्ने बुझिन्छ । उक्त वर्तमान मूल्यको गणना निम्नानुसार गरिन्छः

(क) सम्पत्तिको निःसर्ग गर्दा तथा सम्पतिको निरन्तर प्रयोगबाट हुने नगदको बाह्य र आन्तरिक प्रवाहको अनुमानबाट, तथा

(ख) उक्त भविष्यको नगद प्रवाहको उचित डिस्काउन्ट दरको प्रयोग गरेर ।

**सम्पत्तिको प्रयोगमा रहेको मूल्यको गणनाले निम्न तत्वहरुको प्रतिनिधित्व गर्दछः**

(क) सहकारीले सम्पत्तिबाट अपेक्षा गरेको भविष्यको नगद प्रवाहको अनुमान

(ख) भविष्यको नगद प्रवाहको रकम वा समायावधिमा हुने संभावित फरकबारे अपेक्षाहरु

(ग) चालु जोखिममुक्त व्याजको बजारी दरले प्रतिनिधित्व गर्ने Time Value of Money

(घ) सम्पत्तिमा निहित भएको अनिश्चितालाई व्यहोर्ने मूल्य

(ङ) अन्य तत्वहरु जस्तै तरलता जसलाई बजार सहभागीहरुले सहकारीले सम्पत्तिबाट प्राप्त गर्ने अपेक्षा गरेको नगद प्रवाहको मूल्य निर्धारण प्रकृयालाई प्रतिनिधित्व गर्दछ ।

**प्रयोगमा रहेको मूल्यको मापन गर्दा भविष्यको नगद प्रवाहको अनुमानमा निम्न तत्व समाहित हुन्छन्ः**

(क) सम्पत्तिको निरन्तर प्रयोगबाट हुने नगद प्रवाहको पूर्वानुमान

(ख) सम्पत्तिको निरन्तर प्रयोगद्वारा आन्तरिक नगद प्रवाह सृजना गर्न आवश्यक तथा विश्वसनीय तथा एकरुपतासँग सम्पत्तिमा प्रत्यक्ष विभाजन तथा बाँडफाँड गर्न सकिने गरि गरिएको बाह्य नगद प्रवाहको पूर्वानुमान ।

(ग) जानकार वा इच्छुक पक्षहरुबीच सामान्य कारोबार (arm length transaction) को रकममा सम्पत्तिलाई निःसर्ग गर्दा त्यसको उपयोगी आयुका अन्त्यमा प्राप्त हुने सक्ने अपेक्षित खुद नगद प्रवाह ।

सहकारीले उपलब्ध भएसम्म कुनै तत्कालीन वित्तीय बजेट वा पूर्वानुमान नगद प्रवाहको अनुमान गर्न प्रयोग गर्न सक्दछ । निकटतम् बजेट वा भविष्यवाणीले (Forecast) समावेश गर्ने अवधिभन्दा पछिको नगद प्रवाहलाई अनुमान गर्न बढ्दो बृद्धिदर सान्दर्भिक (Justified) नभएसम्म सहकारीले क्रमिक (subsequent) वर्षहरुको लागि स्थिर वा घट्दो बृद्धिदरको प्रयोग गरी बजेट वा भविष्यवाणी (Forecast) को आधारमा पूर्वानुमान (Projection) लाई अनुमान गर्न सक्दछ ।

**भविष्यको नगद प्रवाहको अनुमानले निम्न कुराहरु समेट्दैनः**

(क) वित्तीय गतिविधिबाट हुने नगदको बाह्य वा आन्तरिक प्रवाह

(ख) आयकर खर्च वा आम्दानी

चालु अवस्था रहेको सम्पत्तिका लागी भविष्यको नगद प्रवाहको अनुमान गर्नुपर्दछ । भविष्यको नगद प्रवाहको अनुमानले निम्न श्रोतबाट उत्पन्न हुने अपेक्षा भएका भविष्यमा हुने अनुमानित नगदको आन्तरिक वा बाह्य प्रवाहलाई समेट्दैनः

(क) भविष्यमा हुने पुनःसंरचना जसको लागी वचनवद्धता प्रदान गरेको हुदैन

(ख) सम्पत्तिको कार्यक्षमताको सुधार वा वृद्धिबाट वर्तमान मूल्यको गणनामा प्रयोग हुने डिस्काउन्ट दर निम्न कुराहरुको मूल्याङ्कनलाई सम्बोन्धन गर्ने कर अघिको दर हुनुपर्दछ ।

(क) Time value of money &

(ख) दोहोरो गणना हुन नदिन सम्पत्ति को प्रयोगमा रहेको मूल्य मापन गर्नको लागि प्रयोग गरिएको डिस्काउन्ट दरले भविष्यका अनुमानित नगद प्रवाह समायोजन गरिएको जोखिमलाई प्रतिबिम्बित गर्नुहुँदैन ।

## ५.६ नगद उत्पादन इकाईको क्षयीकरण लेखाङ्कनको पहिचान तथा मापन

नगद उत्पादन इकाईको अशुली मूल्य सोको किताबी मूल्यभन्दा कम भएमा मात्र क्षयीकरण नोक्सानीको मूल्याङ्कन गर्नुपर्दछ । नगद उत्पादन इकाईमा पर्ने सम्पत्तिको किताबी मूल्य घट्ने गरी क्षयीकरण नोक्सानीको बाँडफाँड गर्नुपर्दछ ।

तथापी नगद उत्पादन इकाई अन्तर्गतको सम्पत्तिको सहकारीले किताबी मूल्यलाई निम्नलिखित रकम मध्ये जुन बढी हुन्छ सो रकमभन्दा अधिक रकमले घटाउनु हुदैनः

(क) त्यसको बिक्री लागतबाट उचित मूल्य घटाई आएको रकम (यदि निर्धारण गर्न सकेमा)

(ख) त्यसको प्रयोगमा रहेको मूल्य (यदि निर्धारण गर्न सकेमा)

(ग) शुन्य

माथि उल्लेखित अनुच्छेदले लगाएको प्रतिबन्धका कारण कुनै क्षयीकरण नोक्सानीको रकम बाँडफाँड गर्न नसकिने अवस्थामा उक्त क्षयीकरण नोक्सानीलाई नगद उत्पादन इकाईको अन्य सम्पत्तिमा त्यसको किताबी मूल्यको आधारमा बाँडफाँड गर्नुपर्दछ ।

## ६. क्षयीकरण नोक्सानीको रिभर्सल

प्रत्येक प्रतिवेदन मितिमा सहकारीले पहिले लेखाङ्कन गरेको क्षयीकरण नोक्सानी कायम नभएको वा कम भएको संकेतको मूल्यङ्कन गर्नुपर्दछ । यदि कुनै त्यस्तो संकेत देखिएमा सहकारीले पहिले लेखाङ्कन गरेको क्षयीकरण नोक्सानी पूरा वा त्यसको केही भाग मात्र रिभर्सल गर्ने हो भनी निर्धारण गर्नुपर्दछ । सो निधार्रण गर्ने प्रकृया सम्पत्तिको विगतको क्षयीकरण नोक्सानी निम्न लिखित मध्ये कुन रकममा आधारित थियो भन्ने कुरामा निर्भर गर्दछः

(क) प्रत्येक सम्पत्तिको असुलयोग्य रकम ;

(ख) सम्पत्तिसँग सम्बन्धित नगद उत्पादक ईकाइको असुल योग्य रकम ।

## ७. प्रत्येक क्षयीकृत सम्पत्तिको असुल योग्य रकम अनुमान गरेको खण्डमा रिभर्सलः

प्रत्येक क्षयीकृत सम्पत्तिको असुल योग्य रकमको आधारमा विगतको क्षयीकरण नोक्सानी मापन गरिएको छ भने, निम्न उल्लेखित आवश्यकता लागु गराउनु पर्दछ ।

क) सहकारीले चालु प्रतिवेदन मिति वा सम्पत्तिको असुल योग्य रकमको अनुमान गर्नुपर्दछ ।

ख) सम्पत्तिको अनुमानित असुल योग्य रकम त्यसको किताबी मूल्यभन्दा बढी भएको खण्डमा सहकारीले तल बुँदा नं (ग) को दायरामा रही किताबी मूल्यलाई असुल योग्य रकम बराबर हुने गरी बढाउनुपर्दछ । सो बढाइएको रकम क्षयीकरण नोक्सानीको रिभर्सल हुन्छ । सहकारीले सो रिभर्सल तत्काल आय विवरणमा समावेश गर्नु पर्दछ ।

ग) क्षयीकरण नोक्सानीको रिभर्सलले गर्दा सम्पत्तिको किताबी मूल्य, विगतका अवधिमा क्षयीकरण नोक्सानी लेखाङ्कन नगरी, ह्रास समायोजन गरी जति किताबी मूल्य हुने थियो सो भन्दा बढी हुनु हुदैंन ।

घ) क्षयीकरण नोक्सानीको रिभर्सल लेखाङ्कन गरिसके पछि, सहकारीले सम्पत्तिको परिष्कृत किताबी मूल्यमा शेषमूल्य घटाई, सो रकमलाई बाँकी रहेको उपयोगि आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गरी सम्पत्तिको ह्रास खर्च समायोजन गर्न पर्दछ ।

## ८. नगद उत्पादन इकाईको असुली रकम अनुमान गरेको खण्डमा रिभर्सलः

क्षयीकरण नोक्सानी सम्पत्तिसँग सँम्बन्धित नगद उत्पादन इकाईको असुली रकमको आधारमा मापन गरेको खण्डमा निम्न उल्लेखित आवश्यकताहरु लागु गर्नुपर्दछः

(क) सहकारीले चालु प्रतिवेदन मिति वा नगद उत्पादन इकाईको असुल योग्य रकमको अनुमान गर्नुपर्दछ ।

(ख) नगद उत्पादन ईकाइको अनुमानित असुली रकम भन्दा किताबी मूल्य बढी भएको खण्डमा सो बढी भएको रकम क्षयीकरण नोक्सानीको रिभर्सल हुन्छ । सहकारीले क्षयीकरण नोक्सानी रिभर्सलको रकम तल उल्लेखित बुदाँहरुको दायरामा रही नगद उत्पादन ईकाइको सम्पत्तिको किताबी मूल्यको समान अनुपातको आधारमा बाँडफाँड गर्नुपर्दछ । सो किताबी मूल्यको बृद्धिलाई प्रत्येक सम्पत्तिको क्षयीकरण नोक्सानीको रिभर्सलको रुपमा आय विवरणमा तुरुन्त लेखाङ्कन गर्नुपर्दछ ।

(ग) क्षयीकरण नोक्सानीको रिभर्सल नगद उत्पादन ईकाइमा बाँडफाँड गर्ने क्रममा सो रिभर्सल निम्न लिखित मध्ये कम रकम भन्दा बढी हुनु हुदैनः

(अ) असुली रकम

(आ) विगतका अवधिमा क्षयीकरण नोक्सानी लेखाङ्कन नगरी, ह्रास समायोजन गरी जति किताबी मूल्य

(घ) बुँदा नं (ग) को दायरामा रही कुनै क्षयीकरण नोक्सानीको रिभर्सल गरी सम्पत्तिमा बाँडफाँड गर्न नपाएको खण्डमा सो रिभर्सलको रकम नगद उत्पादन इकाईको अरु सम्पत्तिहरुमा समान अनुपातको आधारमा बाँडफाँड गर्नुपर्दछ ।

(ङ) क्षयीकरण नोक्सानीको रिभर्सल लेखाङ्कन गरिसके पछि लागु भएसम्म सहकारीले नगद उत्पादन इकाईको प्रत्येक सम्पत्तिको परिष्कृत किताबी मूल्यमा शेष मूल्य घटाई, सो रकमलाई बाँकी रहेको उपयोगी आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गरी सम्पत्तिको ह्रास खर्च समायोजन गर्न पर्दछ ।

## ९. खुलासा

सहकारीले प्रत्येक सम्पत्तिका वर्गहरुका लागि निम्न लिखित कुराहरु खुलासा गर्नुपर्दछः

(क) चालु अवधिको आय विवरणमा समावेश गरेको क्षयीकरण नोक्सानी र कार्य विवरणमा क्षयीकरण नोक्सानी समावेश गरेको सम्बन्धित शिर्षक ।

(ख) चालु अवधिको आय विवरणमा समावेश गरिएको क्षयीकरण नोक्सानीको रिभर्सल र कार्य विवरणमा (र समावेश गरेका आय विवरणमा) क्षयीकरण नोक्सानीको रिभर्सल समावेश गरेको सम्बन्धित शिर्षक ।

सहकारीले निम्न उल्लेखित सम्पत्ति वर्गहरुका सम्बन्धमा आवश्यक सूचनाको खुलासा गर्नुपर्दछ ।

(अ) मालशेष

(आ) जायजेथा, प्लान्ट तथा उपकरण (लागत विधि प्रयोग गरी लेखाङ्कन गरिएको लगानी सम्पत्ति समेत)

(इ) अदृश्य सम्पत्ति

(ई) सहयोगी निकायमा लगानी (Investment in associates)

(उ) संयुक्त उद्यमीमा लगानी (Investment in joint ventures)

(ऊ) सहायक निकायमा लगानी (Investment in subsidiary)

# परिच्छेद -२१
# कर्मचारी लाभ

## १. उद्देश्य

कर्मचारीले प्रदान गरेको सेवाको सट्टामा सहकारीले प्रदान गरेको सबै प्रकारका प्रतिफल नै कर्मचारी लाभ हुन । यस खण्डमा समेटिएका कर्मचारी लाभहरु देहाय बमोजिमका छन् ।

**(क) अल्पकालीन कर्मचारी लाभ** (Short Term Employee benefits)

कर्मचारीले प्रदान गरेको सम्बन्धित सेवाको सट्टामा सहकारीले आ.व. सकिएको अन्तिम १२ महिनामा सम्पूर्ण रुपमा तिर्न बाँकी भएका सबै लाभहरु (सेवा निवृत्त भुक्तानी बाहेक) नै अल्पकालीन कर्मचारी लाभ हुन् । तलब, भत्ता तथा सामाजिक सुरक्षा बापत भत्ता साथैः

(अ) पारिश्रमिक सहित बार्षिक बिदा तथा पारिश्रमिक सहित बिरामी बिदा,

(आ) नाफा बितरण तथा बोनस र

(इ) गैरमौद्रिक लाभ (जस्तैः औषधि उपचार बापत सुबिधा, बासस्थान, सवारी साधन र कार्यरत कर्मचारीका निमित्त अन्य भौतिक सामग्री तथा सुबिधाहरु)

**(ख) सेवा पश्चात्को कर्मचारी लाभ** (Post Employment Benefits)

सहकारीले सेवाको समापन पछि उपलब्ध गराउने सबै लाभहरु (सेवा निवृत लाभ बाहेकका) नै दीर्घकालीन कर्मचारी लाभ हुन् । जस्तैः

(अ) अवकाश पछिका लाभ (जस्तैः पेन्सन तथा एकमुष्ठ भुक्तानी)

(आ) अन्य सेवा पश्चात कर्मचारी लाभ (जस्तै सेवा पश्चात् कर्मचारी जिवन बिमा र सेवा पश्चात् कर्मचारी औषधि उपचार सुविधाहरु)

## (ग) अन्य दीर्घकालीन कर्मचारी लाभ

सहकारीले कर्मचारीद्वारा सम्बन्धित सेवा प्रदान गरेको सट्टामा आ.व. सकिएको अन्तिम १२ महिनामा पूर्ण रुपमा भुक्तानी योग्य नहुने लाभहरु (दीर्घकालीन कर्मचारी लाभ र अन्तिम लाभ बाहेकका) नै अन्य दीर्घकालीन कर्मचारी लाभ हुन् ।

## (घ) सेवा निवृत भुक्तानी (Termination Benefits)

सहकारीले देहाय बमोजिमका अवस्थाहरुमा उपलब्ध गराउने कर्मचारी लाभ नै सेवा निवृत भुक्तानी हुनः

(अ) सहकारीले सामान्य अवकाश समयावधिभन्दा अगावै कर्मचारी कटौती गर्ने निर्णय गरेमा,

(आ) उक्त सुबिधाहरुको सट्टामा स्वेच्छिक अवकाश लिने कर्मचारीहरुको निर्णय भएमा ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा देहाय बमोजिमका शब्दहरुका परिभाषा निम्नानुसार हुनेछन्ः

### कर्मचारी लाभ

कर्मचारी लाभ भन्नाले सहकारीले कर्मचारीद्वारा सेवा प्रदान गरेबापत र सेवा समापनको अवधिमा दिइएका सबै प्रकारका प्रतिफल हुन् ।

### अल्पकालीन कर्मचारी लाभ

अल्पकालीन कर्मचारी लाभ भन्नाले सहकारीले कर्मचारीद्वारा सम्बन्धित सेवा प्रदान गरेको सट्टामा आ.व. सकिएको अन्तिम १२ महिनामा सम्पूर्ण रुपमा तिर्न बाँकी भएका सबै लाभहरु (सेवा निवृत्त भुक्तानी बाहेक) लाई जनाउँछ ।

### सेवा पश्चात्को कर्मचारी लाभ

सेवा पश्चात् कर्मचारी लाभ भन्नाले सहकारीले सेवाको समापन पछि उपलब्ध गराउने सबै लाभहरु (सेवा निवृत्त भुक्तानी वा अल्पकालीन लाभबाहेक) लाई जनाउँछ ।

### अन्य दीर्घकालीन कर्मचारी लाभ

अन्य दीर्घकालीन कर्मचारी लाभ भन्नाले अल्पकालीन कर्मचारी लाभ, दीर्घकालीन कर्मचारी लाभ र सेवा निवृत भुक्तानी बाहेकका अन्य सबै प्रकारका लाभ हुन् ।

### सेवा निवृत भुक्तानी

सहकारीले देहाय बमोजिमका अवस्थाहरुमा उपलब्ध गराउने कर्मचारी लाभ नै सेवा निवृत भुक्तानी हुन्ः

(क) सहकारीले सामान्य अवकाश समयावधिभन्दा अगावै कर्मचारी कटौती गर्ने निर्णय गरेमा,

(ख) उक्त सुबिधाहरुको सट्टामा स्वेच्छिक अवकाश लिने कर्मचारीहरुको निर्णय भएमा ।

## ३. कर्मचारी लाभ लेखाङ्कनको सामान्य सिद्धान्त General Recognition)

प्रतिवेदन समायावधिमा सहकारीलाई सेवा प्रदान गरेवापत कर्मचारीहरु लाभ प्रप्त गर्नका लागि योग्य भएमा सबै प्रकारका लाभहरुलाई सहकारीले खर्चको रुपमा पहिचान गर्नुपर्दछ ।

(क) प्रत्यक्ष रुपमा कर्मचारीलाई दिएको वा कर्मचारी लाभ कोषमा जम्मा गरेको रकम घटाइसके पछि आउने रकमलाई दायित्वको रुपमा पहिचान गरिनेछ । यदि प्रतिवेदन समायावधिभन्दा अगावै सेवा बापतको तिनुपर्ने दायित्वभन्दा भुक्तानी रकम बढी भएको अवस्थामा उक्त रकमले आउदो समयमा गर्नुपर्ने भुक्तानी वा नगद फिर्ताको रकमलाई घटाउने भएमा उक्त बढि रकमलाई सम्पत्तिको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

(ख) यस प्रारुपको अन्य खण्डमा उक्त लाभ रकमलाई सम्पत्ति (जस्तैः शेषमाल वा सम्पत्ति, प्लान्ट र उपकरण आदिको लागतको रुपमा लेखाङ्कन गरिएको अवस्थामा बाहेक खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

## ४. अल्पकालीन कर्मचारी लाभ

### ४.१ संरचना (Composition)

अल्पकालीन कर्मचारी लाभ अन्तर्गत देहाय बमोजिमका खर्चहरु समावेश गरिनेछः

(क) तलव, भत्ता तथा सामाजिक सुरक्षा योगदान

(ख) कर्मचारीले सेवा प्रदान गरेको अवधि भुक्तान भएको बाह्र महिनाको अवधिभित्र कर्मचारीले बिदा लिइसक्ने अनुमान भएको अवस्थामा अल्पकालिन क्षतिपूर्ति सहितको बिदा

(ग) कर्मचारीले सेवा प्रदान गरेको अवधि भुक्तान भएको बाह्र महिनाको अवधिभित्र भुक्तानी गर्नुपर्ने नाफाको हिस्सा वा बोनसहरु

(घ) गैरमौद्रिक लाभ (जस्तैः औषधिउपचार, बासस्थान, सवारी साधन सम्बन्धी वा सामग्री वा सुविधा सहुलियत)

## ४.२ अल्पकालीन लाभहरुको साधारण मापन (Measurement of Short Term Banefits)

कर्मचारीहरुले सहकारीलाई सेवा प्रदान गरेको अवस्थामा सहकारीले यस परिच्छेदको खण्ड २ अनुसार लेखाङ्कन गरिएको रकमलाई उक्त सेवा प्रदानको सट्टामा दिएको डिस्काउन्ट नगरिएको अल्पकालीन लाभ रकममा मापन गर्नुपर्दछ ।

## ४.३ अल्पकालीन क्षर्तिपूर्ति सहितको बिदाको लेखाङ्कन तथा मापन (Recognition & Measurement Short Term Compensated Absesces)

सहकारीले वार्षिक बिदा र बिरामी बिदासहित विभिन्न कारणले भएका अनुपस्थितिहरुलाई क्षतिपूर्ति गर्नुपर्नेछ । कर्मचारीले वर्तमान अवधिको पाकेको बिदा उपभोग नगरिकन उक्त क्षतिपूर्तियोग्य रकमहरुलाई संचित गरी आगामी वर्षहरुमा जिम्मेवारी सार्न सकिनेछ । उदाहरणका लागि संचित हुने विदा अन्तर्गत वार्षिक बिदा र बिरामी बिदा आदि पर्दछन् । सहकारीले कर्मचारीले प्रदान गरेको सेवा वापत सृजना हुने थप क्षतिपूर्ति सहितको बिदाको अधिकार भविष्यमा बढ्न जाने देखिएमा उक्त संचित रकम मापन गरी खर्च पहिचान गर्नुपर्छ । सहकारीले प्रतिवेदन अवधिको अन्त्यसम्ममा उपभोग नगरेको बिदा वापतको संचित क्षतिपूर्ति रकमलाई डिस्काउन्ट नगरिएको थप मूल्यमा खर्च मापन गर्नुपर्छ । प्रतिवेदन अवधिमा उक्त रकमलाई सहकारीले चालु दायित्वको रुपमा प्रस्तुतिकरण गर्नुपर्छ ।

सहकारीले अन्य क्षतिपूर्ति सहितको बिदा (संचित बाहेक) लाई अनुपस्थिति भएको बेलामा पहिचान गर्नुपर्छ ।

## ४.४ नाफाको हिस्सा र बोनस योजनाको पहिचान

सहकारीले देहाय वमोजिमको अवस्थामा मात्र नाफाको हिस्सा र बोनस योजना वापतको अनुमानित लागतलाई पहिचान गर्नुपर्छः

(क) विगतका घटनाहरुको परिणमस्वरुप उक्त रकमहरु भुक्तानी गर्नुपर्ने वर्तमान कानूनी तथा रचनात्मक दायित्व सिर्जना भएमा ।

(ख) दायित्वको विश्वासनीयरुपमा अनुमान गर्न सकिने भएमा ।

## ५. सेवा पश्चात्को लाभः निश्चित योगदान योजना र निश्चित लाभ योजनाबीच भिन्नता

सेवा पश्चात्को लाभ अन्र्तगत निम्न कुराहरु पर्दछन्

(क) अवकाश लाभ, जस्तैः पेन्सन, र

(ख) अन्य सेवा पश्चातको लाभ, जस्तैः कर्मचारी जीवन वीमा र औषधोपचार सुबिधा

सेवा पश्चातको लाभ योजनालाई सिद्धान्त, शर्त वा वन्देजका आधारमा निश्चित योगदान योजना वा निश्चित लाभ योजनामा वर्गीकरण गरिन्छ ।

**निश्चित योगदान योजना** (Defined contribution Plans) अन्तर्गत, सहकारीको कानूनी वा रचनात्मक दायित्व सहकारीले उक्त कोषमा योगदान गरिदिने रकममा सीमित हुनेछ । तसर्थ कर्मचारीले प्राप्त गरेको सेवा पश्चातको कर्मचारी लाभको निर्धारण सहकारीले सेवा पश्चातको कर्मचारी लाभमा योगदान गरेको रकम वा वीमा कम्पनीमा (योगदानबाट प्राप्त भएको रकमको लगानीबाट प्राप्त लाभ समेत) सहकारी (शायद कर्मचारी समेत) ले तिरेको योगदान रकमको आधारमा गरिन्छ । परिणामस्वरुप, वास्तविक (Actuarial) जोखिम (लाभ रकम अनुमानित भन्दा कम हुने) र लगानी जोखिम (सम्पत्तिमा लगानी गरेको रकम अनुमानित लाभ रकम तिर्न अपुग हुने) कर्मचारी माथि पर्नेछ ।

**निश्चित लाभ योजना** अन्तर्गतः

(क) सहकारीको दायित्व पूर्व तथा वर्तमान कर्मचारीहरुलाई तोकिएको लाभ पुर्‍याउनु हो ।

(ख) वास्तविक (Acturial) जोखिम (जब लाभ अनुमानित रकमभन्दा बढी हुन्छ) र लगानी जोखिम सहकारी माथि रहन्छ । वास्तविक (Acturial) वा लगानी अनुभव अनुमानभन्दा खराब भएमा सहकारीको दायित्व बढ्न सक्दछ ।

## ६. वीमित लाभ (Insured Benefits)

सेवा पश्चातको लाभ योजनाको लागि आवश्यक कोष रकमको लागि सहकारीले बीमा प्रिमियम तिर्न सक्नेछ । सहकारीले निम्नलिखित कानुनी वा रचानात्मक दायित्व नभएसम्म उक्त योजनालाई निश्चित योगदान योजना सरह मान्नुपर्नेछः

(क) तिर्नुपर्ने अवस्थामा सोझै कर्मचारी लाभ तिर्ने, वा

(ख) बीमकले विगत तथा वर्तमान सेवा वापतको कर्मचारी लाभको सम्पूर्ण रकम नतिरेमा थप रकम तिर्ने ।

सहकारीले उक्त कानुनी तथा रचनात्मक दायित्व कायम राखेमा, उक्त योजनालाई निश्चित लाभ योजनाको रुपमा लिनुपर्दछ ।

## ७. सेवा पश्चातको लाभः निश्चित योगदान योजना (Post-employment Benefits: Defined Cotribution Plans)

### ७.१ लेखाङ्कन तथा मापन

सहकारीले दिइएको अवधिमा तिर्नुपर्ने योगदानलाई निम्नानुसार लेखाङ्कन गर्नुपर्छः

(क) दायित्वको रुपमाः पहिला तिरिसकेको सबै रकम घटाइसके पछिको रकमलाई दायित्व मानिनेछ । यदि योगदान भुक्तानी तिर्नुपर्ने योगदानभन्दा बढी भएमा, सहकारीले उक्त बढी रकमलाई सम्पत्तिको रुपमा लेखाङ्कन गर्नुपर्नेछ ।

(ख) खर्चको रुपमाः यस प्रारुपको अन्य खण्डले उक्त लाभ खर्चहरु शेषमाल वा जायजेथा, प्लान्ट तथा उपकरणजस्ता सम्पत्तिको लागतको रुपमा लेखाङ्कनको माग नगरेसम्म खर्चको रुपमा लेखाङ्कन गर्नुपर्नेछ ।

## ८. सेवा पश्चात्को लाभः निश्चित लाभ योजना

### ८.१ पहिचान

निश्चित लाभ योजनाको साधारण लेखाङ्कनको सिद्धान्त लागु गर्दा, निम्नानुसार लेखाङ्कन गर्नुपर्नेछ ।

(क) निश्चित लाभ योजना अन्तर्गत दायित्वको लेखाङ्कन गर्दा नियोजित सम्पत्ति (Plan Assets) बाट विगतका सेवा लागत (Past Service Costs) घटाए पछि बाँकी रहने रकममा गर्नुपर्दछ ।

(ख) दिइएको अवधिमा दायित्वमा भएको परिवर्तनलाई उक्त समायावधिको निश्चित लाभ योजना वापतको खर्चको रुपमा लेखाङ्कन गर्नुपर्छ ।

### ८.२ निश्चित लाभ दायित्वको मापन

निश्चित लाभ योजना अन्तर्गत सहकारीले निश्चित लाभ दायित्वको मापन गर्दा देहाय बमोजिमका रकमहरुको खुद योगको रुपमा गर्नुपर्नेछः

(क) निश्चित लाभ योजना अन्तर्गत (निश्चित लाभ दायित्व) दायित्वको वर्तमान मुल्य, न्यून

(ख) प्रतिवेदन अवधिमा नियोजित सम्पत्तिको उचित मुल्य जसबाट दायित्वहरु प्रत्यक्ष भुक्तानी गरिन्छ, र

(ग) लेखाङ्कन नगरिएका विगतका सेवा लागत

## ८.३ डिस्काउन्टिङ्ग (Discounting)

सहकारीले यसको निश्चित लाभ दायित्वलाई डिस्काउन्टेड वर्तमान मूल्यमा मापन गर्नुपर्दछ । सहकारीले भविष्यमा हुने भुक्तानीलाई डिस्काउन्ट गर्ने दरको निर्धारण गर्दा प्रतिवेदन समायावधिमा उक्त समयको बजारमा भएको उच्चस्तरको संस्थागत ऋणपत्रको दरको आधारमा गर्नुपर्दछ । उक्त संस्थागत ऋणपत्र वा सरकारी ऋणपत्रको मुद्रा तथा शर्तहरु भविष्यका भुक्तानीको अनुमानित मुद्रा र समायावधिसँग एकरुप हुनुपर्दछ ।

## ८.४ वास्तविक मुल्याङ्कन विधि (Acturial Valuation Method)

सहकारीले अनावश्यक खर्च र प्रयास बिना नै यसको निश्चित दायित्व र अन्य सम्बन्धित खर्चहरु प्रक्षेपित एकाई क्रेडिट विधिको आधारमा मापन गर्न सक्ने भएमा सोही अनुसार गर्नुपर्दछ । निश्चित लाभहरु भविष्यको तलबमा आधारित हुन्छन् भने प्रक्षेपित एकाई क्रेडिट विधिअनुसार सहकारीले लाभ दायित्व मापन गर्दा अनुमानित भविष्यगत तलबवृद्धिलाई प्रतिविम्बित गर्ने गरी मापन गर्नुपर्दछ । यसका अतिरिक्त, प्रक्षेपित एकाई क्रेडिट विधिअनुसार सहकारीको निश्चित लाभ दायित्व मापन गर्दा अन्य थप एक्चुरियल मान्यताहरुका साथै ब्याजदर, अनुमानित तलबवृद्धिको दर, कर्मचारी आवातजावत (turnover), मृत्युदर र औषधोपचार सुबिधा (निश्चित लाभ औषधोपचार योजनाका निमित्त) हरु समावेश गरी मापन गर्नुपर्दछ ।

यदि सहकारीले अनावश्यक खर्च र प्रयासबिना नै यसको निश्चित दायित्व र अन्य सम्बन्धी खर्चहरु प्रक्षेपित एकाई क्रेडिट विधिको आधारमा मापन गर्न नसक्ने भएमा सहकारीले वर्तमान कर्मचारीका लागि निश्चित लाभ दायित्व मापन गर्न देहाय बमोजिम सरलीकरण प्रयोग गर्न सक्नेछः

(क) अनुमानित भविष्यगत तलबवृद्धिलाई वेवास्ता गर्ने (वर्तमान कर्मचारीले दीर्घकालीन कर्मचारी लाभ नपाउँदा सम्म हालकै तलबलाई नै मान्ने)

(ख) वर्तमान कर्मचारीहरुको भविष्यको सेवालाई वेवास्ता गर्ने (हालका र नयाँ कर्मचारीहरुको लाभ योजनाको समाप्ती भएको मान्ने)

(ग) प्रतिवेदन मिति र कर्मचारीले दीर्घकालीन कर्मचारी लाभ पाउने अनुमानित मिति बीचमा हुने वर्तमान कर्मचारीको सेवामा रहदाँको मृत्यूदरलाई वेवास्ता गर्ने (सबै कर्मचारीले सेवा पश्चातको कर्मचारी लाभ पाउँछन भन्ने मान्ने) तर, सेवा पश्चातको मृत्युदर अझै पनि ध्यानमा लिनुपर्दछ ।

यस प्रारुपले न त निश्चित लाभ दायित्वको गणनाका लागि विस्तृत एक्चुरियल मुल्याङ्कन गर्न कुनै स्वतन्त्र एक्चुरियललाई संलग्न गराउन माग गर्छ न त वार्षिक रुपमा त्यस्तो विस्तृत एक्चुरियल मुल्याङ्कन गर्न नै माग गर्छ । विस्तृत एक्चुरियल मुल्याङ्कन गर्ने समायावधिभित्रमा, यदि मुख्य एक्चुरियल अवधारणाहरु उल्लेख्य रुपमा परिवर्तन नभएमा, पूर्व अवधिका मापनहरुलाई कर्मचारी संख्या र तलब स्केल जस्ता कुराहरुको परिवर्तनका लागि समायोजन गरी निश्चित लाभ दायित्वलाई मापन गर्न सकिन्छ ।

## ८.५ आयोजनाको शुरुवात, परिवर्तन, कटौती र राफसाफ (Plan Introductions, Changes, Curtailments & Settlements)

यदि चालु अवधिमा निश्चित लाभ योजनाको शुरुवात भएको वा परिवर्तन भएको भएमा उक्त परिवर्तनलाई प्रतिबिम्बित गर्ने गरी निश्चित लाभ दायित्वलाई थपघट गर्नुपर्दछ र पाकेको विगतको सेवालाई वर्तमान अवधिको नाफा वा नोक्सानको मापन गर्दा खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ । नपाकेका विगतको सेवा खर्चहरुलाई योजनामा समेटिएका कर्मचारीहरुको बाँकी Vesting समयावधीमा कट्टी गर्नुपर्दछ । यसको विपरित, यदी योजनाको कटौती गरेमा (समेटिएका कर्मचारीहरुको समूह वा लाभ घटाएमा) वा वर्तमान समयमा राफसाफ गरेमा (रोजगारदाताको दायित्वपूर्ण रुपमा समाप्ति भएमा) निश्चित लाभ दायित्वलाई घटाउने वा हटाई सहकारीले हुन आउने नाफा वा घाटालाई वर्तमान समयावधिको नाफा/नोक्सानमा लेखाङ्कन गर्नुपर्दछ ।

## ८.६ निश्चित लाभ योजना सम्पत्ति (Defined Benefits Plan Assets)

यदि प्रतिवेदन मितिमा, निश्चित लाभ दायित्वको वर्तमान मुल्य उक्त मितिमा योजना सम्पत्तिको उचित मूल्य र कुनै लेखाङ्कन नभएको विगतका खर्चको योगभन्दा कम भएमा योजना वापत नाफा हुन्छ ।

## ८.७ निश्चित लाभ योजनाको लागत (Cost of Defined Benefits Plan)

सहकारीले चालु अवधिभरि कर्मचारीलाई तिरेको लाभ वा समयावधिभरि रोजगारदाताबाट गरिएको योगदानसँग सम्बन्धित परिवर्तन बाहेक अवधिभर निश्चित दायित्वमा हुने खुद परिवर्तनलाई लाभ योजनाको लागतको रुपमा लेखाङ्कन गर्नुपर्छ । यस प्रारुपको अन्य खण्ड अनुसार सम्पत्तिको लागत (जस्तैः मालशेष वा PPE) को रुपमा लेखाङ्कन गरिएको अवस्थामा बाहेक लागतलाई सम्पूर्ण रुपमा नाफा वा नोक्सानमा खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

## ८.८ एक्चुरियल नाफा तथा घाटाहरु (Acturial Gains & (Defined Benefits Plan Assets)

सहकारीले सम्पूर्ण नाफा र घाटाहरुलाई सम्बन्धित अवधिमा नै लेखाङ्कन गर्नुपर्दछ । सहकारीले सम्पूर्ण एक्चुरियल लाभ र घाटालाई नाफा/नोक्सानमा लेखाङ्कन गर्नुपर्दछ । योजनाको लागतको रुपमा लेखाङ्कन गरिने निश्चित लाभ दायित्वमा हुने खुद परिवर्तनमा निम्न बुदाँहरु समावेश गरिन्छः

(क) प्रतिवेदन अवधिभरि कर्मचारीले प्रदान गर्ने सेवाबाट हुन आउने लाभ दायित्वमा आएको परिवर्तन,

(ख) प्रतिवेदन अवधिभरि लाभ दायित्वमा हुन आउने ब्याज,

(ग) प्रतिवेदन अवधिमा योजना सम्पत्तिमा प्रतिफल तथा लेखाङ्कन गरिएको सोधभर्ना अधिकारको मुल्यमा हुने खुद परिवर्तन,

(घ) प्रतिवेदन अवधिमा सृजना हुने एक्चुरियल लाभ र घाटाहरु,

(ङ) प्रतिवेदन अवधिमा नयाँ योजना स्थापनाबाट वा हालको योजनामा हुन आउने परिवर्तनबाट निश्चित लाभ दायित्वमा घटबढ,

(च) प्रतिवेदन अवधिमा हालको आयोजनाको कट्टी वा राफसाफबाट लाभ दायित्वमा हुने कमी ।

कर्मचारी सेवाले निश्चित लाभ योजनाअन्तगत दायित्व उत्पन्न गर्छ । निश्चित लाभ योजना मापन गर्दा सहकारीले केही कर्मचारीहरुले निहित vesting आवश्यकता पूरा नगर्न सक्ने संभावनालाई ध्यानमा राख्नुपर्दछ । यसैगरि कर्मचारीहरु भविष्यमा कार्यरत नहुँदा घट्ने विशेष घटनाहरु घटेमा मात्र तिर्नुपर्ने भएमा कर्मचारीले घटना घटित भएमा लाभ पाउनसक्ने गरी सेवा प्रदान गरेको समयमा सेवा पश्चातको कर्मचारी लाभ (जस्तैः सेवा पश्चातको औषधोपचार सुबिधा) वापतको दायित्वको सृजना हुन्छ । निश्चित घटना घटित हुने संभावनाले दायित्वको मूल्याङ्कनमा असर गर्दछ, तर दायित्वको अस्तित्वको निर्धारण गर्दैन ।

निश्चित लाभको रकमलाई सरकारद्वारा प्रायोजित योजना अन्तर्गत कर्मचारीलाई दिइने रकम बराबर हुने गरी घटाइएमा सहकारीले उक्त निश्चित लाभ दायित्वलाई निम्नानुसारको अवस्थामा मात्र सरकारी योजना अन्तर्गत तिर्नुपर्ने लाभका आधारमा मापन गर्नुपर्दछः

(क) प्रतिवेदन मितिभन्दा अगाडि नै ती योजना लागु भएको भएमा ।

(ख) विगत इतिहास वा अन्य विश्वसनीय प्रमाणहरुले उक्त सरकारी लाभ केही पूर्वानुमान गर्न सकिने गरी संकेत गरेमा । (जस्तैः सामान्य मूल्यदर वा तलब स्केलमा हुने परिवर्तनकै समान दरमा परिवर्तन हुने)

## ८.९ शोधभर्ना (Reimbursements)

निश्चित लाभ दायित्व भुक्तान गर्नका लागि आवश्यक खर्च अन्य पक्षद्वारा शोधभर्ना गर्ने कुरामा सहकारी वस्तुतः निश्चित भएमा शोधभर्नाको अधिकारलाई छुट्टै सम्पत्तिको रुपमा लेखाङ्कन गर्नुपर्दछ । सहकारीले सम्पत्तिलाई उचित बजार मूल्यमा मूल्याङ्कन गर्नुपर्दछ । कार्य सञ्चालन विवरणमा निश्चित लाभ योजनासँग सम्बन्धित खर्चलाई शोधभर्ना बापतको रकम घटाइ लेखाङ्कन गर्न सकिने छ ।

## ९. अन्य दीर्घकालीन कर्मचारी लाभ

**उदाहरणका लागि अन्य दीर्घकालीन कर्मचारी लाभअन्र्तगत निम्न लिखित कुराहरु पर्दछन्ः**

(क) अन्य क्षतिपूर्ति सहितका अनुपस्थिति जस्तैः दीर्घ सेवा वा सट्टा बिदा

(ख) दीर्घ सेवा लाभ

(ग) दीर्घकालीन असक्षमता भएको अवस्थामा दिइने लाभहरु

(घ) कर्मचारीले सम्बन्धित सेवा प्रदान गरेको प्रतिवेदन अवधिको अन्त्यपछिका बाह्र (१२) महिना वा सो पछि भुक्तानी गर्नुपर्ने नाफाको हिस्सा तथा बोनसहरु

(ङ) आर्जन गरेको अवधिको अन्त्य पछिको बाह्र (१२) महिना वा सो भन्दा पछि भुक्तानी गरिएका बिलम्बित (Deferred) क्षतिपूर्ति ।

**सहकारीले अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्वलाई देहाय बमोजिमका खुद रकममा मापन गर्नुपर्छः**

(क) प्रतिवेदन मितिको लाभ दायित्वको वर्तमान मुल्य, न्युन

(ख) प्रतिवेदन अवधिमा नियोजित सम्पत्तिको उचित मूल्य जसबाट दायित्वहरु प्रत्यक्ष भुक्तानी गरिन्छ ।

सहकारीले दायित्वमा भएको परिवर्तनलाई यस प्रारुप अनुसार लेखाङ्कन गर्नुपर्नेछ ।

## १०. सेवा निवृत्त लाभ (Termination Benefits)

नियम कानुन, करार वा आफ्ना सदस्यहरु वा प्रतिनिधिहरुसँग गरेको सम्झौता वा व्यापारिक अभ्यासद्वारा सिर्जना भएको रचनात्मक दायित्व, चलन वा समान व्यवहारको इच्छाका कारण सहकारी संस्था कर्मचारीको सेवा निवृत्तपछि भुक्तानीका लागि प्रतिबद्ध हुनसक्छ । यस्ता भुक्तानी सेवा निवृत्त लाभ हुन् ।

## १०.१ लेखाङ्कन

सेवा निवृत्त लाभले सहकारी संस्थालाई भविष्यमा कुनै पनि आर्थिक लाभ नदिने भएकाले उक्त लाभलाई तत्काल आय व्यय विवरणमा खर्चका रुपमा पहिचान गरिन्छ ।

सहकारीले सेवानिवृत लाभको लेखाङ्कन गरेको अवस्थामा अवकास लाभ वा अन्य कर्मचारी लाभको कट्टौतीको लागि पनि लेखाङ्कन गर्नुपर्दछ ।

सहकारीले निम्नानुसारको प्रतिबद्धता गरेको अवस्थामा मात्र सेवा निवृत लाभ (Termination Benefits) लाई दायित्व तथा खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछः

(क) सामान्य सेवा निवृतिको समय अगावै कर्मचारी वा कर्मचारीको समुहको रोजगारी सेवा समाप्त गर्न वा

(ख) स्वेच्छिक अवकासका लागि प्रोत्साहित गर्नका लागि प्रस्ताव गरे बमोजिम सेवा समाप्ति लाभ प्रदान गर्न

सहकारीसँग सेवा समाप्तिका लागि विस्तृत औपचारिक योजना भएमा र योजनाबाट फिर्ता हुले वास्तविक संभाव्यता नभएमा सहकारी सेवा समाप्तिको लागि खुलस्त रुपमा प्रतिबद्ध हुन्छ ।

## १०.२ मापन

सहकारीले सेवा समाप्तिको लाभलाई प्रतिवेदन मितिमा दायित्व फछ्र्याैटको लागि आवश्यक पर्ने खर्चको उचित अनुमानको रकममा मापन गर्नुपर्दछ । स्वेच्छिक अवकाशका लागि प्रस्ताव गरिएको भएमा स्वेच्छिक अवकाश रोज्न सक्ने कर्मचारीको अनुमानित संख्याका आधारमा सेवा समाप्तिको लाभलाई मापन गर्नुपर्दछ ।

सेवा सम्पत्ति लाभ प्रतिवेदन मितिको बाह्र महिना वा सोभन्दा पछि तिर्नुपर्ने भएमा त्यसलाई वर्तमान मूल्यमा मापन गर्नुपर्दछ ।

## ११. खुलासा

### ११.१ अल्पकालीन कर्मचारी लाभबारे खुलासा

यस परिच्छेदले अल्पकालीन कर्मचारी सुविधाका बारेमा छुट्टै खुलासाको माग गर्दैन ।

### ११.२ निश्चित योगदान योजनाबारे खुलासा

सहकारी संस्थाले निश्चित योगदान योजना बापतको खर्चलाई आय व्यय विवरणमा खुलासा गर्नुपर्दछ ।

### ११.३ निश्चित लाभ योजनाबारे खुलासा

सहकारी संस्थाले लाभ योजनाका बारे निम्न खुलासाहरु गर्नुपर्छ ।यदि सहकारीका एकभन्दा बढी लाभ योजना छन् भने त्यस्ता विवरणको खुलासा एकमुष्ट रुपमा, छुट्टाछुट्टै रुपमा वा उपयोगी हुने गरि विभिन्न समूहहरुमा खुलासा गर्नुपर्दछः

(क) रकमको व्यवस्था गर्ने नीति समेत योजनाको प्रकारबारे सामान्य व्याख्या,

(ख) सहकारीको एक्चुरीयल नाफा वा घाटाको लेखाङ्कन गर्ने लेखा विधि तथा उक्त अवधिमा लेखाङ्कन गरिएको एक्चुरीयल नाफा वा घाटाको रकम ।

(ग) सहकारीले निश्चित लाभ दायित्वको मापनमा सरलीकरणको प्रयोग गरेको भएमा सोको संक्षिप्त स्पष्टीकरण ।

(घ) सबैभन्दा पछिल्लो विस्तृत एक्चुरीयल भ्यालुएसनको मिति र यदि उक्त मिति प्रतिवेदन मिति नभएमा प्रतिवेदन मितिमा निश्चित लाभ दायित्वको मापनको लागि गरिएको समायोजनको विवरण ।

(ङ) लाभ भुक्तानी तथा अन्य सबै शुल्कहरु छुट्टाछुट्टै रुपमा देखिने गरी शुरु तथा अन्तिम अवधिको मौज्दातको मिलान विवरण ।

(च) निम्नलिखित कुराहरु छुट्टाछुट्टै देखाई योजना सम्पत्ति (plan assets) को उचित बजार मूल्यको शुरु तथा अन्तिम मौज्दात तथा सम्पत्तिको रुपमा लेखाङ्कन गरिएको शोधभर्ना अधिकारको शुरु तथा अन्तिम मौज्दातको मिलान विवरणः

(अ) योगदान

(आ) लाभ भुक्तानी, र

(इ) योजना सम्पत्तिमा अन्य परिवर्तन ।

(छ) निम्नलिखित रकमहरु छुट्टाछुट्टै देखिने गरी उक्त अवधिको निश्चित लाभ योजनासँग सम्बन्धित कूल लागतः

(अ) नाफा वा नोक्सानमा खर्चको रुपमा लेखाङ्कन गरिएको रकम, तथा

(आ) सम्पत्तिको लागतमा समावेश भएको रकम ।

(ज) योजना सम्पत्तिको प्रत्येक वर्गको लागि इक्वीटी उपकरण, डेब्ट उपकरण, जायदात तथा अन्य सम्पत्ति समावेश गर्ने गरी तर सोमा नै सीमित नभई प्रत्येक वर्गले प्रतिवेदन मितिमा कुल योजना सम्पत्तिको बजार मूल्यको कति प्रतिशत हिस्सा समेट्छ भन्ने कुरा ।

(झ) निम्न लिखितको लागि योजना सम्पत्तिमा समावेश हुने रकमः

(अ) सहकारीको आफ्नै वित्तीय उपकरणको प्रत्येक वर्ग, तथा

(आ) सहकारीले ओगटेको वा प्रयोग गरेको कुनै जायजेथा ।

(ञ) योजना सम्पत्तिको वास्तविक प्रतिफल ।

(ट) निम्न कुराहरु समावेश गरि प्रयोग गरिएको एक्चुरीयल अवधारणाः

(अ) डिस्काउन्ट दर

(आ) वित्तीय विवरण प्रस्तुत गरिएको समयमा योजना सम्पत्तिमा अनुमानित प्रतिफल दर

(इ) तलव वृद्धिको अनुमानित दर

(ई) औषधोपचार लागतको प्रवृत्ति दर, तथा

(उ) प्रयोग भएका अन्य सारभूत एक्चुरीयल अवधारणा

उक्त मिलान विवरण विगत अवधिका लागि प्रस्तुत गर्नुपर्दैन ।

### ११.४ अन्य दिर्घकालीन लाभहरुको बारेमा खुलासा

सहकारीले कर्मचारीहरुलाई प्रदान गर्ने प्रत्येक वर्गका दिर्घकालीन लाभहरुलाई प्रतिवेदन मितिमा लाभको प्रकृति, दायित्वको रकम र उक्त रकम व्यवस्थाको सिमा उल्लेख गरी खुलासा गर्नुपर्दछ ।

### ११.५ सेवा समाप्ति लाभका खुलासा

प्रत्येक समापन लाभहरुलाई, सहकारी संस्थाले कर्मचारीलाई प्रदान गर्ने प्रत्येक प्रकारका लाभको प्रकृति, लेखाङ्कन नीति र दायित्वको रकम तथा प्रतिवेदन मितिमा उक्त रकम व्यवस्थाको सीमाको खुलासा गर्नुपर्दछ ।

सेवा समाप्तिको प्रस्ताव स्वीकार गर्ने कर्मचारीहरुको संख्या अनिश्चित भएमा भैपरी आउने दायित्व कायम रहन्छ । तसर्थ, सहकारीले दायित्वको भुक्तानीमा बाहिरी प्रवाहको सम्भावना न्युन भएको अवस्थामा बाहेक भैपरी आउने दायित्वको जानकारीको खुलासा गर्नुपर्दछ ।

## परिच्छेद -२२

## <u>प्रतिवेदन अवधिको अन्त्य पश्चात् घटित घटना</u>

### १. उद्देश्य

यस परिच्छेदको उद्देश्य निम्न उल्लेखित कुराहरुको व्याख्या गर्नु होः

(क) प्रतिवेदन अवधि पछि घटित घटनाहरुका निमित्त वित्तीय विवरणलाई समायोजन गर्ने समय

(ख) वित्तीय विवरणको लागि अधिकृत भएको मिति तथा प्रतिवेदन अवधि पश्चात घटित घटनाहरुबारे सहकारीले गर्नुपर्ने खुलासा ।

यस परिच्छेदमा कुनै संस्थामा प्रतिवेदन अवधि पश्चात घटेका घटनाहरुको कारणले निरन्तरताको अवधारण अनुपयुक्त भएको संकेत भएमा सहकारीले निरन्तरताको अवधारणालाई आधार मानी वित्तीय विवरण तयार गर्न आवश्यक नपर्ने कुराको व्याख्या गर्दछ ।

## २. क्षेत्र

यो परिच्छेद प्रतिवेदन अवधि पश्चात घटित घटनाहरुको लेखाङ्कन गर्ने र त्यसबारे खुलासा गर्न प्रयोग हुन्छ ।

## ३. परिभाषा

प्रतिवेदन अवधिको अन्त्य पश्चातको घटनाः प्रतिवेदन अवधिको अन्त्य पश्चात घटना भन्नाले प्रतिवेदन अवधि समाप्ति पछि र वित्तीय विवरणका लागि अधिकृत भएको मितिका बिचमा घटित दुबै अनुकुल र प्रतिवेदन घटनाहरुलाई प्रतिवेदन अवधि पश्चात् घटित घटनाहरु मानिन्छ । यी घटना दुई प्रकारका हुन्छन्ः

(क) प्रतिवेदन अवधिको अन्त्यमा सो घटनाहरु घटित हुने अवस्थाको प्रमाण हुने घटना (प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु)

(ख) प्रतिवेदन अवधिको अन्त्यमा सो घटनाहरु घटित हुने अवस्थाको संकेत हुने घटना (प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन नहुने घटनाहरु)

## ४. पहिचान तथा मापन

### ४.१. प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु

प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु प्रतिविम्वित हुने गरी सहकारी वित्तीय विवरणमा लेखाङ्कित रकमहरुका साथै सम्बन्धित खुलासाहरु पनि समायोजन गर्नुपर्दछ ।

निम्न लिखित प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरुको उदाहरणमा सहकारीले वित्तीय विवरणमा लेखाङ्कित रकमहरुको समायोजन गर्नुपर्दछ र पहिले समावेश नगरिएको शिर्षकहरु पनि समावेश गर्नुपर्दछ ।

(क) प्रतिवेदन अवधिको अन्त्यमा सहकारीको वर्तमान दायित्व भएको पुष्टि हुने प्रतिवेदन अवधिको अन्त्य पश्चात राफसाफ भएको अदालती मुद्दा । सहकारीले त्यस मुद्दासँग सम्बन्धित पहिलै लेखाङ्कन गरिएको व्यवस्थालाई समायोजन गर्नुपर्दछ अथवा नयाँ व्यवस्था खडा गर्नुपर्दछ । सहकारीले भैपरी आएको दायित्वको मात्र खुलासा गर्दैन तर सो राफसाफले दिएको थप प्रमाणहरुलाई आधार मानी प्रतिवेदन अवधिको अन्त्यमा दायित्वको निर्धारण गर्नु पर्दछ ।

(ख) प्रतिवेदन अवधिको अन्त्यमा सम्पत्तिको क्षयीकरण भएको अथवा पहिले लेखाङ्कन गरिसकेको क्षयीकरण नोक्सानीको समायोजन गर्नुपर्ने भएको भनी जनाउने प्रतिवेदन अवधिको अन्त्य पश्चात् प्राप्त भएको सुचना उदाहरणका लागिः

(अ) प्रतिवेदन अवधिको अन्त्य पश्चात् भएको दिवालिया ग्राहकको प्रायः प्रतिवेदन अवधिको अन्त्यमा पाउनुपर्ने रकम नोक्सानी भएको पुष्टि गराउँछ र सहकारीले त्यसै गरी पाउनुपर्ने रकमको किताबी मूल्य समायोजन गर्नुपर्दछ ।

(आ) प्रतिवेदन अवधिको अन्त्य पश्चात् भएको मालशेषको बिक्रीले प्रतिवेदन अवधिको अन्त्यमा क्षयीकरण मुल्याङ्कन गर्नका लागि त्यसको बिक्री मूल्यको प्रमाण दिन सक्छ ।

(ग) प्रतिवेदन अवधिको अन्त्य भन्दा अघि खरिद गरेको सम्पत्तिको लागत वा बिक्री गरेको रकमको प्रतिवेदन अवधिको अन्त्य पश्चात् निर्धारण ।

(घ) प्रतिवेदन अवधिको अन्त्यभन्दा अघि भएको घटनाको फलस्वरुप यदि सहकारीको प्रतिवेदन अवधिको अन्त्यमा कुनै कानूनी वा रचनात्मक दायित्व भएको खण्डमा नाफाको हिस्साको रकम वा वोनसको रकमको प्रतिवेदन अवधिको अन्त्य पश्चात् निर्धारण ।

(ङ) वित्तीय विवरणलाई गलत जनाउने गरी कुनै गल्ति वा जालसाजीको पहिचान ।

## ४.२ सहकारीले प्रतिवेदन अवधिको अन्त्य पश्चातको समायोजन घटनाहरु

सहकारीले प्रतिवेदन अवधिको अन्त्य पश्चातको समायोजन घटनाहरु देखाउन वित्तीय विवरणमा कुनै समायोजन गर्नुपर्दैन । प्रतिवेदन अवधिको अन्त्य पश्चातको समायोजन नहुने घटनाहरुका उदाहरणमा निम्न लिखितहरु समावेश हुन्छन्:

(क) प्रतिवेदन अवधि अन्त्य पछि र वित्तीय विवरण विवरणका लागि अधिकृत भएको मिति बिचमा लगानीको बजारी मूल्यमा भएको गिरावट । सो बजारी मूल्यको गिरावटले प्रायः प्रतिवेदन अवधिको अन्त्यमा भएको लगानीको अवस्थाबारे प्रतिबिम्बित गर्दैन तर त्यस पश्चात श्रृजना हुने परिस्थितिलाई प्रतिबिम्बित गर्दछ । त्यसैले सहकारीले वित्तीय विवरणमा लेखाङ्कन गरेको लगानीको रकम समायोजन गर्दैन । त्यसैगरी सहकारीले प्रतिवेदन अवधिको अन्त्यमा खुलासा गरेको लगानीको रकम पनि समायोजन गर्दैन तर थप खुलासा दिनुपर्ने हुन सक्छ ।

(ख) प्रतिवेदन अवधिको अन्त्य पछि र वित्तीय विवरण वितरणका लागि अधिकृत भएको मिति बिचमा भएको अदालती मुद्दाको अनुकुल फैसला वा समापनको परिणाम स्वरुप लिनुपर्ने रकम । यो प्रतिवेदन मितिमा भैपरी आउने सम्पत्ति हुन सक्छ र सोको खुलासा आवश्यक हुन सक्छ । तथापि, प्रतिवेदन मितिभन्दा अघि नै क्षतिको रकममा सहमति भइसकेको तर सो रकम विश्वासनीय रुपमा मापन गर्न नसकिएको कारणले लेखाङ्कन नगरिएको भए, सो समायोजन हुने घटना हुन जान्छ ।

## ४.३ सेयर पूँजीमा व्याज र संरक्षित फिर्ता

यदि सहकारीले प्रतिवेदन अवधिको अन्त्य पश्चात् सेयर पूँजीमा ब्याज र संरक्षित फिर्ताको घोषणा गरेको खण्डमा सहकारीले सो सेयर पूँजीमा ब्याज र संरक्षित फिर्ता प्रतिवेदन अवधिको अन्त्यमा दायित्वको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

# ५. खुलासा

## ५.१ वित्तीय विवरण वितरणका लागि अधिकृत भएको मिति

सहकारीले वित्तीय विवरण वितरणका लागि अधिकृत भएको मितिको र अधिकार दिनेहरुको खुलासा गर्नु पर्दछ ।

## ५.२ प्रतिवेदन अवधिको अन्त्य पश्चातको समायोजन नहुने घटनाहरु

सहकारीले प्रत्येक प्रतिवेदन अवधिको अन्त्य पश्चातको समायोजन नहुने घटनाको वर्गको लागि निम्न लिखित कुराहरुको खुलासा गर्नुपर्दछ ।

(क) घटनाको प्रकृति र

(ख) वित्तीय प्रभावको अनुमान वा सो अनुमान गर्न सकिदैन भनी विवरण

निम्न उल्लेखित प्रतिवेदन अवधिको अन्त्य पश्चातको समायोजन नहुने घटनाहरुका केही उदाहरणहरु हुन जुन सामान्य तह खुलासा गर्नु पर्दछ सो खुलासाले प्रतिवेदन अवधि अन्त्य पछि र वित्तीय विवरण वितरणका लागि अधिकृत भएको मिति बिचको सूचनाहरु प्रतिविम्वित गर्दछ ।

(क) संचालन बन्द गर्ने योजनाको घोषणा

(ख) सम्पत्तिको खरिद, निःसर्ग वा सम्पत्ति निःसर्गको योजना वा सरकारद्वारा जफत गरिएको सम्पत्ति

(ग) आयोगद्वारा क्षतीग्रस्त भएका प्रमुख उत्पादन उपकरणहरु

(घ) प्रमुख पुनःसंरचनाको घोषणा अथवा कार्यान्वयनको सुरुवात

(ङ) सहकारीको ऋण उपकरण वा इक्विटी उपकरणको निष्कासन वा पुनर्खरीद

(च) वैदेशिक मुद्राको विनिमय दर वा सम्पत्तिको मूल्यमा असामान्य परिवर्तन

(छ) महत्वपूर्ण प्रतिवद्धता वा भैपरी आउने दायित्व, उदाहरणका लागि महत्वपूर्ण प्रत्याभूतिको निस्काशन

(ज) प्रतिवेदन अवधिको अन्त्य पश्चातको घटनाबाट श्रृजना भएको मुख्य मुद्दा ।

# परिच्छेद -२३

## सम्बन्धित पक्षहरु

### १. उद्देश्य

यस परिच्छेदको उद्देश्य सहकारीको वित्तीय विवरणले सम्बन्धित पक्षसँगको, सम्बन्ध, कारोबार बाँकी मौज्दात तथा प्रतिबद्धता आदिले सहकारीको वित्तीय स्थिति तथा नाफा/नोक्सानमा असर पार्न सक्ने संभावनाको ध्यानाकर्षण गर्नको लागि आवश्यक खुलासा गर्नुपर्ने कुराको प्रत्याभूति गर्नु हो ।

### २. क्षेत्र

सहकारी संस्थाको वित्तीय विवरणले सम्बन्धित पक्षहरुको उपस्थिति, कारोबार तथा ती पक्षहरुसँगको बाँकी मौज्दात रहनुका कारणले संस्थाको वित्तीय स्थिति र नाफा नोक्सान खातामा पर्ने असरको खुलासा गर्न यस खण्डले माग गर्दछ ।

### ३. परिभाषा

यस परिच्छेदमा प्रयोग भएका निम्न शब्दहरुको व्याख्या गरिएको छः

सम्बन्धित पक्ष भन्नाले वित्तीय विवरण बनाउने निकायसँग सम्बन्धित कुनै व्यक्ति वा निकाय बुझाउँछ

(क) कुनै व्यक्ति वा सो व्यक्तिको परिवारको नजिकको सदस्य निम्न अवस्थामा रिपोर्टिङ निकायसँग सम्बन्धित पक्ष हुनेछः

- रिपोर्टिङ निकायमा नियन्त्रण वा संयुक्त नियन्त्रण भएमा
- रिपोर्टिङ निकायमाथि महत्वपूर्ण प्रभाव पार्न सकेमा
- रिपोर्टिङ निकायको वा सो निकायको मुख्य कम्पनिको महत्वपूर्ण व्यवस्थापन (key management personnel) को सदस्य भएमा

(ख) निम्न कुनै एक अवस्थामा कुनै निकाय रिपोर्टिङ निकायसँग सम्बन्धित निकाय हुनेछः

- उक्त निकाय सहकारीको संयुक्त निकाय भएमा
- यदि निकाय रिपोर्टिङ्ग सहकारीको कर्मचारीहरुको लाभको लागि रोजगारी पश्चात्को लाभ योजना भएमा वा निकाय रिपोर्टिङ्ग सहकारीसँग सम्बन्धित भएमा ।

प्रत्येक संभावित सम्बन्धित पक्षको सम्बन्धलाई मूल्याङ्कनको क्रममा सहकारीले कानूनी प्रावधानलाई मात्र नभई सम्बन्धको सारभूततालाई मूल्याङ्कन गर्नुपर्दछ ।

## ४. खुलासा

### ४.१ महत्वपूर्ण व्यवस्थापन कर्मचारीको क्षतिपूर्तिको खुलासाः

मुख्य व्यवस्थापन कर्मचारी (key management personnel) भन्नाले सञ्चालक (कार्यकारी वा अरु कुनै) सहित त्यस्ता व्यक्तिहरु बुझिन्छ जसले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहकारीका गतिविधिहरुको योजना बनाउने निर्देशनहरु दिने तथा नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका हुन्छन् । क्षतिपूर्तिले सबै प्रकारका कर्मचारी लाभलाई समेट्छ । कर्मचारी लाभभित्र सहकारीलाई सेवा दिए बापत आफ्ना कर्मचारीहरुलाई प्रदान गरिने सबै प्रकारका भुक्तानी तिर्न बाँकी भुक्तानी पर्दछन् ।

सहकारीले मुख्य व्यवस्थापन कर्मचारीको क्षतिपूर्तिको कुल रकमलाई खुलासा गर्नुपर्दछ ।

## ४.२ सम्बन्धित पक्षसँग कारोबारको खुलासा

सम्बन्धित पक्षसँगको कारोबार भनेको रकम लिएको वा नलिएको दुबै अवस्थामा कुनै सम्बन्धित पक्ष र सहकारी बीच हुने श्रोत, सेवा वा दायित्वहरुको आदन प्रदान हो । सम्बन्धित पक्षसँग कारोबारहरुको उदाहरण निम्नानुसार छन्:

(क) सहकारी र मुख्य व्यवस्थापन कर्मचारी बीचको कारोबार

(ख) सहकारी वा रिपोर्टिङ सहकारीलाई नियन्त्रण गर्ने व्यक्तिले प्रत्यक्ष रुपमा गरेको खर्च जुन अन्यथा रिपोर्टिङ सहकारीले व्यहोर्नुपर्ने थियो, त्यस्तो कारोबार ।

यदि सहकारीको सम्बन्धित पक्षहरुसँग कारोबार भएमा वित्तीय विवरणमा सो सम्बन्धको सम्भावित असरलाई बुझ्न आवश्यक हुने कारोबार, तिर्न बाँकी मौज्दात तथा प्रतिबद्धताको बारेमा जनकारीका साथै उक्त सम्बन्धित पक्षसँगको सम्बन्धको प्रकृतिको खुलासा गर्नुपर्दछ ।

खुलासाहरुले कम्तीमा पनि निम्न कुराहरुको खुलासालाई समावेश गर्नुपर्दछः

(क) कारोबारको रकम

(ख) तिर्न बाँकी मौज्दातको रकम र

(अ) उक्त तिर्न बाँकी मौज्दात फछ्यौंट गर्नका लागि गर्नुपर्ने भुक्तानीको प्रकृति तथा सो सुरक्षित भए नभएको जनकारीका साथै उक्त तिर्न बाँकी मौज्दातको शर्तहरु

(आ) प्राप्त गरेको वा प्रदान गरेको कुनै प्रत्याभूतिको विवरण

(ग) पाउनुपर्ने मौज्दातको रकमसँग सम्बन्धित नउठेको प्राप्यको व्यवस्था

(घ) सम्बन्धित पक्षहरुसँग पाउनुपर्ने खराब वा शंकास्पद ऋणलाई खर्चको रुपमा लेखाङ्कन गरिएको रकम

**सहकारीले निम्न लिखित प्रत्येक वर्गहरुको लागि छुट्टाछुट्टै रुपमा खुलासा गर्नुपर्दछः**

(क) मुख्य निकाय

(ख) संयुक्त नियन्त्रण भएको निकाय जसमा सहकारी संयुक्त निकायको रुपमा आवद्ध छ ।

(ग) निकाय वा सोको मुख्य निकायको महत्वपूर्ण व्यवस्थापन कर्मचारी

(घ) अन्य सम्बन्धित पक्षहरु

सहकारीले सम्बन्धित पक्षहरु भएको निम्न प्रकारको कारोबारहरुको खुलासा गर्नुपर्दछः

(क) तयारी भैसकेका वा तयारी हुन लागेका वस्तुको खरिद वा बिक्री

(ख) सम्पत्ति वा अन्य प्राप्तीको खरिद वा बिक्री

(ग) प्रदान गरेको वा प्राप्त गरेको सेवा

(घ) पट्टा

(ङ) अनुमतिपत्र अन्तर्गतको स्थानान्तरण

(च) प्रत्याभूति वा धितोको व्यवस्था/प्रावधान

(छ) सहकारीले अन्य पक्षको तर्फबाट वा सहकारीको तर्फबाट भएको दायित्वको फछ्र्यौट ।

वित्तीय विवरणमा सम्बन्धित पक्षसँगको कारोबारको प्रभावलाई बुझ्न उक्त कारोबार।को छुट्टाछुट्टै रुपमा खुलासा गर्नुपर्ने आवश्यक नभएमा सहकारीले उस्तै प्रकृतिका तत्वहरुको खुलासा समग्रमा गर्न सक्दछ ।

## परिच्छेद –२४

## बिशिष्टिकृत गतिविधि

### १. क्षेत्र

यस परिच्छेदले विशिष्टिकृत गतिविधिमा (जस्तैः कृषिमा) संलग्न सहकारी संस्थाहरुको वित्तीय प्रतिवेदन तयारको बारेमा मार्गदर्शन गर्दछ ।

## २. कृषि

यस परिच्छेद लागु हुने अर्थात कृषि गतिविधिमा संलग्न सहकारी संस्थाले लागत विधि (cost model) लाई आफ्नो जैविक सम्पत्तिको लेखा नीतिको रुपमा प्रयोग गर्नुपर्दछ ।

## ३. मापन (Recognition)

निम्नलिखित अवस्थामा मात्र जैविक सम्पत्ति तथा कृषि उपजको लेखाङ्कन गर्नुपर्दछः

(क) विगत गतिविधिको फलस्वरुप सम्पत्तिमाथि सहकारीको नियन्त्रण भएमा ।

(ख) सम्पत्तिसँग सम्बन्धित लाभको सहकारीमा आन्तरिक प्रवाह हुने संभावना भएमा, तथा

(ग) सम्पत्तिको लागत विश्वसनीय रुपमा मापन गर्न सकिने भएमा ।

## ४. मापन (Measurement)

४.१ सहकारीले जैविक सम्पतीलाई लागतमा संचित ह्रास तथा संचित क्षयीकरण नोक्सानीको रकम घटाई मापन गर्नुपर्दछ ।

सहकारीले आफ्नो जैविक सम्पत्तिबाट उब्जनी गरिएको कृषि उपजलाई लागतमा मापन गर्नुपर्दछ ।

### ४.२ खुलासाहरु (Disclosure)

सहकारीले जैविक सम्पतीको बारेमा निम्नानुसारको खुलासा गर्नुपर्दछः

(क) प्रत्येक वर्गको जैविक सम्पत्तिको विवरण,

(ख) प्रयोग गरिएको विवरणको विधि ,

(ग) उपयोगी आयु तथा प्रयोग गरिएको ह्रासदर,

(घ) शुरु तथा अन्तिम अवधिमा रहेको खुद किताबी मूल्य तथा संचित ह्रास रकम (संचित क्षयीकरण नोक्सानी समेत) ।

# भाग -३

## सहकारी संस्थाका लागि एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या

यसलाई अझ मूल शिर्षक, आधार शिर्षक, खर्च शिर्षक, खर्च उपशिर्षक गरी बर्गिकरण गर्दाः-

Can also take reference from नेपाल सरकारको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या

| लेखा संकेत नंम्बर | शीर्षक | विवरण | लेखा विधि | डेबिट/ क्रेडिट |
|---|---|---|---|---|
| १० | शेयर | सहकारी संस्थाले सदस्यहरुबाट शेयर वापत सङ्कलन गरेको रकमलाई शेयर पूँजी भनिन्छ ।शेयरले संस्थाको पूँजीको स-सानो हिस्सा वा अंशलाई बुझाउँछ । यसले संस्थाको सदस्यता प्रमाणित गर्दछ । शेयर पूँजी सहकारी संस्थाका लागि दायित्व हो किनभने सदस्यले सदस्यता त्यागेको बखत शेयर पूँजीको रकम फिर्ता दिनुपर्दछ । | संस्थाले शेयर विक्री गर्दा नगद प्राप्त भए संकेत नं ८० मा (नगद हिसाब)लाई डेबिट गरी संकेत नं १० (शेयर पूँजी) लाई क्रेडिट गर्नुपर्दछ । शेयर विक्री गर्दा रकम बैंकमा आउदाँ ९० (बैंक खाता) लाई डेबिट गरिन्छ । त्यस्तै कुनै सम्पत्ति सामान प्राप्त भएमा संकेत नं. १३० लाई डेविट गरिन्छ । फिर्ताको हकमा संकेत नं. १० लाई डेबिट गरिन्छ र संकेत नं. | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | | ८० (नगद हिसाब) वा ९० (बैंक खाता) वा संकेत नं. १३० (सम्पत्ति) लाई क्रेडिट गर्नुपर्दछ । | |
| २० | कोष | सहकारी संस्थाले आर्जन गरेको मुनाफा र अन्य बचतबाट छुट्याएर राखेको रकमलाई कोष भनिन्छ । सहकारी संस्थाले सहकारी ऐन, नियमावली, तथा संस्थाको विनियममा उल्लेख गरेअनुसारका कोषहरु खडा गर्न सक्नेछन् । | संस्थाले कोष सम्बन्धी हिसाब यस शिर्षकको सम्बन्धित लेखा शिर्षकमा राख्नुपर्दछ । यस अन्तर्गत मुख्यतः तिन प्रकारका कोषहरुको लेखा राखिन्छ । | क्रेडिट |
| २०.१ | जगेडा कोष | संस्थाको आर्थिक स्थिति सुदृढ गर्न खडा गरिएको कोषलाई जगेडा कोष भनिन्छ । यो कोषको रकम मुख्यतः संस्थाको सम्पत्ति वृद्धि गर्ने, चालु पूँजीको रुपमा प्रयोग गर्ने आदि कार्यमा उपयोग गर्न सकिन्छ । जगेडा कोषमा प्रायः निम्न रकमहरु पर्दछन् ।<br>क) कुनै वर्षको खुद बचत (नाफा) को घटिमा एक चौथाई रकम, | (क), (ख), (ग) र (घ) मा उल्लेखित रकम प्राप्त भएमा संकेत नं. (२०.१) जगेडा कोषलाई क्रेडिट गर्नुपर्दछ । | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | ख) सम्पत्ति सामानको लिलामी वा बिक्री गर्दा मूल्यभन्दा बढि रकम प्राप्त भै आएको मुनाफा,<br>ग) कुनै संस्था, संघ वा निकायबाट प्राप्त भएको पूँजिगत अनुदान ।<br>घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम । | | |
| २०.२ | संरक्षित पूँजी फिर्ता कोष | खुद मुनाफाको कम्तीमा २५ प्रतिशत रकम जगेडा कोषमा छुट्याएर बाँकी रहेको रकमको कम्तीमा २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा छुट्याइन्छ । | त्यस्तो रकम संकेत नं. २०.२ (संरक्षित पूँजी फिर्ता कोष) मा क्रेडिट गर्नुपर्दछ ।यस कोषमा बाँकी रहेको रकम जगेडा कोषमा फिर्ता गर्दा संकेत नं. २०.२ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| २०.३ | सहकारी प्रवर्धन कोष | खुद मुनाफाको कम्तीमा २५ प्रतिशत रकम जगेडा कोषमा छुट्याएर बाँकी रहेको रकमको कम्तीमा ०.५ प्रतिशत रकम सहकारी प्रबर्धन कोषमा छुट्याइन्छ । | त्यस्तो रकम संकेत नं. २०.३ (सहकारी विकास कोष) मा क्रेडिट गर्नुपर्दछ । | क्रेडिट |
| २०.४ | अन्य कोष | यस अन्तर्गत सहकारी संस्थाले २०.१, २०.२ तथा २०.३ | त्यस्तो रकम संकेत नं. २०.४ मा क्रेडिट गर्नुपर्दछ । | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | बाहेक सहकारी ऐन, नियमावली, तथा संस्थाको विनियममा उल्लेख गरे अनुसारका अन्य कोषहरु खडा गर्न सक्नेछ । | | |
| ३० | बचत/ निक्षेप | सहकारी संस्थाका सदस्यहरुले नियमित वा ऐच्छिक रुपमा संस्थामा जम्मा गरेको रकमलाई बचत वा निक्षेप भनिन्छ । | सहकारी संस्थाको लागि सदस्यले गरेको बचत रकम दायित्व भएकाले निक्षेप/बचतमा बृद्धि हुँदा यस शिर्षकको सम्बन्धित संकेत नं. लाई क्रेडिट गर्नुपर्दछ र बचत फिर्ता गर्दा सोही संकेत नं लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ३०.१ | नियमित बचत वा निक्षेप | नियमित बचत वा निक्षेप भन्नाले सदस्यहरुले नियमितरुपमा (रकम वा समयका हिसाबले अनिवार्य रुपमा) बचत गर्ने रकमलाई बुझाउँछ । | नियमित निक्षेप/बचतमा बृद्धि हुँदा संकेत नं. ३०.१ लाई क्रेडिट गर्नुपर्दछ र बचत फिर्ता गर्दा सोही संकेत नं. लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ३०.२ | ऐच्छिक बचत | नियमित बचत बाहेकका अन्य सबै बचत ऐच्छिक बचत हुन् । यस अन्तर्गत निम्न साहायक खाता राख्न सकिन्छः ३०.२.१ समय नतोकिएको बचत ३०.२.२ समय | ऐच्छिक निक्षेप/बचतमा बृद्धि हुँदा संकेत नं. ३०.२ लाई क्रेडिट गर्नुपर्दछ र बचत फिर्ता गर्दा सोही संकेत नं लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | तोकिएको बचत | | |
| ४० | तिर्नुपर्ने ऋण | सहकारी संस्थाले कुनै बैंक, वित्तीय संस्था, संगठन वा अन्य निकायबाट प्राप्त गरेको रकमलाई ऋण भनिन्छ। संस्थाले हिसाब नं. ४० अन्तर्गत ऋण प्राप्त गरेको व्यक्ति वा संस्थाहरुको देहाय अनुसार छुट्टाछुट्टै खाता राखुपर्दछ ।<br>४०.१ सहकारी क्षेत्रबाट प्राप्त ऋण<br>४०.२ अन्य क्षेत्रबाट प्राप्त ऋण | ऋण प्राप्त गर्दा दायित्व सिर्जना हुने भएकाले ऋण प्राप्त गरेको सम्बन्धित व्यक्ति वा निकायलाई लाई क्रेडिट गर्नुपर्दछ र ऋण चुक्ता गर्दा पहिले क्रेडिट गरेको शिर्षकलाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ५० | पूँजीगत अनुदान | संस्थाले पूँजीगत सम्पत्ति खरिदका लागि कुनै दाताबाट प्राप्त गरेको अनुदान रकम वा अनुदानको रुपमा प्राप्त गरेको सम्पत्तिहरुको लेखा यस शिर्षक अन्तर्गत राखिन्छ । | पूँजीगत अनुदान प्राप्त गर्दा दायित्व सिर्जना हुने भएकाले त्यस्ता अनुदान प्राप्त गर्दा संकेत नं. ५० लाई क्रेडिट गर्नुपर्दछ । | |
| ६० | चालु दायित्व | सामान्य संचालन चक्र (normal operating cycle) भित्र फर्छ्यौट हुने दायित्व चालु दायित्व हो, जुन<br>(क) वासलात मितिबाट १२ महिनाको अवधिमा | सहकारी संस्थाको चालु दायित्व बृद्धि हुँदा यस शिर्षकको सम्बन्धित संकेत नं. लाई क्रेडिट गर्नुपर्दछ । | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | भुक्तानी गर्न (due) योग्य हुन्छ ।<br>(ख) मुख्यत व्यापारीक प्रयोजनका लागि राखिन्छ ।<br>(ग) दायित्व फर्छ्यौट गर्न वासलात मितिबाट १२ महिनाभन्दा बढी बिलम्ब गर्न मिल्दैन । | | |
| ६०.१ | चालु व्यवसायिक दायित्व | सहकारी संस्थाको विभिन्न पक्षप्रतिको दायित्वलाई व्यापारिक दायित्व भनिन्छ । | सहकारी संस्थाको लागि यो शिर्षक दायित्व भएकाले, यस्तो रकममा बृद्धि हुँदा संकेत नं ६०.१ लाई क्रेडिट गरिन्छ र सोको भुक्तानी गर्दा उक्त संकेत नं लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.१ | व्यवसायिक दायित्व | उधारोमा व्यवसायिक प्रयोजनका वस्तु तथा सेवाको उपभोग गरे बापतको तिर्नुपर्ने दायित्व वा ऋणलाई व्यवसायीक दायित्व भनिन्छ । | सहकारी संस्थाले उधारोमा त्यस्ता वस्तु वा सेवा खरिद गर्दा संकेत नं ६०.१.१ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा उक्त संकेत नं. लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.२ | गैरव्यवसायिक दायित्व | उधारोमा व्यवसायिक प्रयोजन बाहेकका सामान वा सेवाको उपभोग गरे बापत तिर्नुपर्ने दायित्व वा | सहकारी संस्थाले उधारोमा त्यस्ता वस्तु वा सेवा खरिद गर्दा संकेत नं ६०.१.२ लाई क्रेडिट | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | ऋणलाई गैह व्यवसायीक दायित्व भनिन्छ । | गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं ६०.१.२ लाई डेबिट गर्नुपर्दछ । | |
| ६०.१.३ | अल्पकालीन ऋण | एक आर्थिक वर्षभित्र तिनुपर्ने गरी सहकारी संस्थाले कुनै बैंक तथा वित्तीय संस्था, संगठन वा व्यक्तिबाट प्राप्त गरेको ऋणलाई वा दीर्घकालीन ऋणको अशंलाई अल्पकालीन ऋण भनिन्छ । | चालु ऋणको बृद्धि हुँदा संकेत नं ६०.१.३ लाई क्रेडिट गर्नुपर्दछ र उक्त ऋण चुक्ता गर्दा सोही संकेत नं. लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.४ | तिर्नुपर्ने वित्तीय पट्टा-चालु | वित्तीय पट्टा अन्तर्गत प्राप्त सम्पतिको चालु अशंलाई वित्तीय पट्टा-चालु भनिन्छ । | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं ६०.१.४ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा उक्त संकेत नं. लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.५ | तिर्नुपर्ने तलब तथा ज्याला | तिर्नुपर्ने तलब तथा ज्याला भन्नाले सहकारी सस्थाले कर्मचारीलाई तलब/ज्यालाको रुपमा तिर्नुपर्ने रकम बुझिन्छ । | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं ६०.१.५ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं ६०.१.५ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.६ | तिर्नुपर्ने कर्मचारी सुविधा | तिर्नुपर्ने कर्मचारी सुबिधा भन्नाले कर्मचारीलाई कुनै सुबिधा बापत तिर्नुपर्ने रकम बुझिन्छ । | त्यस्तो दायित्वमा बृद्धि हुँदा संकेत नं ६०.१.६ लाई क्रेडिट गर्नुपर्दछर सोको भुक्तानी गर्दा संकेत नं | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | जस्तैः<br>(क) संचय कोष<br>(ख)उपचार खर्च<br>(ग) उपदान<br>(घ) अन्य कर्मचारी सुबिधा | ६०.१.६ लाई डेबिट गर्नुपर्दछ । | |
| ६०.१.७ | नियमनकारी निकायलाई तिर्नुपर्ने | नियमनकारी निकायलाई तिर्नुपर्ने रकम भन्नाले विभिन्न नियमनकारी निकाय, प्राधिकरण एजेन्सीलाई दर्ता, अनुमति सुपरीवेक्षण आदि बापत तिर्नुपर्ने रकम बुझिन्छ । | त्यस्तो दायित्वमा बृद्धि हुँदा संकेत नं. ६०.१.७ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं. ६०.१.७ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.८ | श्रोतमा कर कट्टी (TDS) | तिर्नुपर्ने श्रोतमा कर कट्टी (TDS) भन्नाले सहकारी संस्थाले विभिन्न निकायलाई भुक्तानी दिँदा काटेको अग्रिम कर बुझिन्छ । यस अन्तर्गत आय कर ऐन, २०५८ मा उल्लेख गरिए अनुसारका साहायक खाता राख्न सकिन्छ । | त्यस्तो कर कट्टी गर्दा संकेत नं. ६०.१.८ लाई क्रेडिट गर्नुपर्दछ र सो रकम सम्बन्धित निकायमा जम्मा गर्दा संकेत नं. ६०.१.८ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.९ | तिर्नुपर्ने आय कर | सहकारी संस्थाको कर योग्य आयमा तिनुपर्ने करलाई तिर्नुपर्ने आय कर भनिन्छ । | त्यस्तो दायित्व बृद्धि हुँदा संकेत नंम्बर ६०.१.९ लाई क्रेडिट गर्नुपर्दछ र सो रकम सम्बन्धित निकायमा जम्मा गर्दा संकेत नं. ६०.१.९ लाई डेबिट गर्नुपर्दछ। | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| ६०.१.१० | मूल्य अभिवृद्धि कर | मूल्य अभिबृद्धि कर भन्नाले सस्थाले सामान बिक्री गर्दा वा सेवा प्रदान गर्दा मूल्य अभिबृद्धि करका रुपमा उठाएको रकम बुझिन्छ । | त्यस्तो दायित्व बृद्धि हुँदा संकेत नंम्बर ६०.१.१० लाई क्रेडिट गर्नुपर्दछ र सो रकम सम्बधित निकायमा जम्मा गर्दा संकेत नः. ६०.१.१० लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.११ | स्थगन कर दायित्व/ सम्पत्ति | स्थगन कर दायित्व भन्नाले अस्थायी करयोग्य भिन्नता रकमलाई करको दरले गुणन गरी आउने रकमलाई जनाउँछ ।<br>स्थगन कर सम्पत्ति भन्नाले अस्थायी कट्टीयोग्य रकमलाई करको दरले गुणन गरी आउने रकमलाई जनाउँछ । | स्थगन कर दायित्व सिर्जना हुने अवस्थामा संकेत नं ६०.१.११ लाई क्रेडिट गर्नुपर्दछ भने १५०.३.४ (स्थगन कर खर्च) लाई डेबिट गर्नुपर्दछ ।<br>स्थगन कर सम्पत्ति सिर्जना हुने अवस्थामा संकेत नं ६०.१.११ लाई क्रेडिट गर्नुपर्दछ भने १५०.३.४ (स्थगन कर आय) लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.१२ | व्यवस्थाहरु | संस्थाले सहकारी ऐन वा नियमावली उल्लेख गरेअनुसार अथवा आफ्नो आवश्यकता अनुसार निम्न व्यवस्थाहरु गर्न सक्दछन ।<br>६०.१.१२.१ ऋण जोखिम व्यवस्था | त्यस्ता व्यवस्थाहरुको लेखा राख्दा सम्बन्धित व्यवस्था खर्चलाई डेबिट गरी संकेत ६०.१.१२ लाई क्रेडिट गर्नुपर्दछ । | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | ६०.१.१२.२ लगानी नेक्सानी व्यवस्था<br>६०.१.१२.३ समस्या ग्रस्त सम्पत्तिको लागि व्यवस्था<br>६०.१.१२.४ सञ्चित ह्रासकट्टी<br>६०.१.१२.५ अन्य व्यवस्थाहरु | | |
| ६०.१.१३ | तिर्नुपर्ने लेखा परीक्षण शुल्क | संस्थाले वित्तीय विवरणको लेखापरीक्षण गराए वापत तिर्नुपर्ने शुल्कलाई लेखापरीक्षण शुल्क भनिन्छ । | त्यस्तो दायित्व बद्धि हुँदा सकेत नं. ६०.१.१३ लाई क्रेडिट गर्नुपर्दछ र १५०.३.१.७ (लेखापरीक्षण शुल्क) लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.१.१४ | अन्य तिर्नुपर्ने | हिसाब नंम्बर ६०.१.१ देखि ६०.१.१३ सम्म नपरेका कुनै आर्थिक वर्षमा तिर्नुपर्ने/ बुझाउँनुपर्ने खर्चलाई यस शिर्षक अन्तर्गत लेखा राख्नुपर्दछ । | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं. ६०.१.१४ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं. ६०.१.१४ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.२ | **अन्य चालु दायित्व** | **यस अन्तर्गत निम्न प्रकारका दायित्व पर्दछन् ।** | **त्यस्ता दायित्वको बृद्धि हुँदा यस शिर्षक अन्तर्गतको सम्बन्धित संकेत नं लाई क्रेडिट गर्नुपर्दछ ।** | **क्रेडिट** |
| ६०.२.१ | क्रेताबाट पेश्की | क्रेताबाट पेश्की भन्नाले वस्तु तथा सेवा बापत क्रेतालाई | क्रेताबाट पेश्की पाउँदा संकेत नं. ६०.२.१ लाई | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | दिएको अग्रिम भुक्तानी बुझिन्छ । | क्रेडिट गर्नुपर्दछ र सोको फर्छ्यौट गर्दा संकेत नं. ६०.२.१ लाई डेबिट गर्नुपर्दछ । | |
| ६०.२.२ | तिर्न बाँकी ब्याज | संस्थाले बचतमा वा ऋणमा तिर्नुपर्ने ब्याजलाई यस अन्तर्गत लेखा राखिन्छ ।<br>६०.२.२.१ बचतमा तिर्न बाँकी ब्याज<br>६०.२.२.२ ऋणमा तिर्न बाँकी ब्याज | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं. ६०.२.२ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं. ६०.२.२ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.२.३ | ब्याज मुल्तवी | यस अन्तर्गत पाकेको तर प्राप्त नभएको ब्याज आम्दानीको लेखा राखिन्छ । | त्यस्तो ब्याज आम्दानीको लेखा राख्दा सकेत नं. १२०.४.४ लाई डेबिट गरी सकेत नं ६०.२.३ लाई क्रेडिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.२.४ | अग्रीम आय | यस अन्तर्गत सहकारी संस्थाले प्राप्त गरेको अग्रीम आयलाई लेखा राखिन्छ । | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं. ६०.२.४ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं. ६०.२.४ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ६०.२.५ | अन्य चालु दायित्व | माथि उल्लेखित शिर्षकमा नपरेका अन्य दायित्वलाई यस शिर्षकमा देखाईन्छ । | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं. ६०.२.५ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं. ६०.२.५ लाई | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | | डेबिट गर्नुपर्दछ । | |
| **७०** | **दीर्घकालीन दायित्व** | **दीर्घकालीन दायित्व भन्नाले एक आर्थिक वर्षभित्रै भुक्तानी गर्नु नपर्ने दायित्व बुझिन्छ ।** | **त्यस्ता दायित्वको बृद्धि हुँदा यस शिर्षक अन्तर्गतको सम्बन्धित संकेत नं लाई क्रेडिट गर्नुपर्दछ ।** | **क्रेडिट** |
| ७०.१ | तिर्नुपर्ने वित्तीय पट्टा दीर्घकालीन | वित्तीय पट्टा अन्तर्गत प्राप्त सम्पत्तिमा चालु आ. व. को रकम घटाई बाँकी भविष्यमा तिर्नुपर्ने पट्टा रकमलाई तिर्नुपर्ने दिर्घकालीन वित्तीय पट्टा बुझिन्छ । | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं. ७०.१ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं. ७०.१ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| ७०.२ | अन्य दीर्घकालीन दायित्व | संकेत नं. ७०.२ मा नपरेका अन्य दायित्वलाई यस शिर्षकमा देखाइन्छ । | त्यस्ता दायित्व बृद्धि हुँदा संकेत नं. ७०.२ लाई क्रेडिट गर्नुपर्दछ र सोको भुक्तानी गर्दा संकेत नं. ७०.२ लाई डेबिट गर्नुपर्दछ । | क्रेडिट |
| **८०** | **नगद वा नगद सरह** | **नगद वा नगद सरह भन्नाले लगानि वा अन्य प्रयोजन बाहेक अल्पकालीन नगद प्रतिबद्धता पूरा गर्न राखिएको नगद वा अल्पकालीन अत्याधिक तरल लगानी बुझिन्छ ।** | **नगद वा नगद सरह प्राप्त हुँदा यस शिर्षक अन्तर्गतको सम्बन्धित संकेत नं. लाई डेबिट गर्नुपर्दछ भने सोको भुक्तानी हुँदा उक्त संकेत नं. लाई क्रेडिट गर्नुपर्दछ ।** | **डेबिट** |
| ८०.१ | सेफमा रहेको नगद | सहकारी संस्थाको स्वामित्वमा रहेको नगदलाई नगद मौज्दात भनिन्छ । | नगद प्राप्त हुँदा संकेत नं. ८०.१ लाई डेबिट गर्नुपर्दछ र नगद भुक्तानी गर्दा संकेत | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | | नं. ८०.१ लाई क्रेडिट गर्नुपर्दछ । | |
| ८०.२ | सानो नगदी कोष | सानो नगदी कोष भन्नाले सहकारी संस्थाले दैनिक कारोबारमा हुने समान्य खर्चका लागि छुट्याइएको निश्चित रकम बुझिन्छ । | त्यस्तो कोषमा रकम जम्मा गर्दा संकेत नं. ८०.२ लाई डेबिट गर्नुपर्दछ र नगद भुक्तानी गर्दा संकेत नं. ८०.२ लाई क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| ८०.३ | चेक वा अन्य नगद | चेक र अन्य नगद भन्नाले दिनांकित चेक (dated cheque), हुलाकी मुद्रा आदेश (postal money order) र डिमान्ड ड्राफ्ट बुझिन्छ । | त्यस्तो सम्पत्तिमा बृद्धि हुँदा संकेत नं. ८०.३ लाई डेबिट गर्नुपर्दछ र सम्पत्ति घट्दा संकेत नं. ८०.३ लाई क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| ९० | बैंक | सहकारी संस्थाको नाममा बैंक खातामा (चालु, बचत वा मुद्दती खाता) जम्मा गरेको रकमलाई बैंक नगद भनिन्छ । यस अन्तर्गत निम्नअनुसारका साहायक खाता खोल्नुपदर्छ ।<br>९०.१ चालु खाता<br>९०.२ बचत खाता<br>९०.३ सहकारी संघमा रहेको खाता<br>९०.४ अल्पकालीन मुद्धति खाता | बैंक मौज्दात बृद्धि हुँदा यस शिर्षक अन्तर्गतको सम्बन्धित संकेत नं. लाई डेबिट गर्नुपर्दछ । | डेबिट |
| १०० | **लगानी** | **यस अन्तर्गत सहकारी संस्थाले** | **लगानी बृद्धि हुँदा यस शिर्षक अन्तर्गतको** | **डेबिट** |

| | | | | |
|---|---|---|---|---|
| | | **वित्तीय तथा गैरवित्तीय क्षेत्रमा गरेको लगानीहरु पर्दछन् ।** | **सम्बन्धित संकेत नं. लाई डेबिट गर्नुपर्दछ ।** | |
| १००.१ | वित्तीय लगानी | वित्तीय लगानी भन्नाले सहकारी सस्थाले वित्तीय क्षेत्रमा गरेको लगानी भन्ने बुझिन्छ ।<br>यस अन्तर्गत निम्न अनुसारका लगानी पर्दछन्ः<br>१००.१.१ शेयर लगानी<br>१००.१.२ बचतमा लगानी<br>१००.१.३ मुद्दती निक्षेप<br>१००.१.४ सेक्युरिटिमा लगानी<br>१००.१.५ अन्य क्षेत्रमा लगानी | वित्तीय लगानी बृद्धि हुँदा संकेत नं. १००.१ डेबिट गर्नुपर्दछ र उक्त लगानी हटाउँदा (Derecognized) संकेत नं. १००.१ क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १००.२ | गैरवित्तीय लगानी | गैरवित्तीय लगानी भन्नाले सहकारी संस्थाले वित्तीय क्षेत्र बाहेक अन्य क्षेत्रमा गरेको लगानी भन्ने बुझिन्छ ।<br>यस अन्तर्गत निम्न अनुसारका लगानी पर्दछन्ः<br>१००.२.१ | गैरवित्तीय लगानी बृद्धि हुँदा संकेत नं. १००.२ डेबिट गर्नुपर्दछ र सो लगानी हटाउँदा (Derecognized) संकेत नं. १००.२ क्रेडिट गर्नुपर्दछ । | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | घर/जग्गामा लगानी<br>१००.२.२ हायरपर्चेज लगानी | | |
| ११० | ऋण लगानी | यस अन्तर्गत सहकारी संस्थाले निम्न क्षेत्रमा गरेको ऋण लगानीहरु पर्दछन्:<br>११०.१ कृषि क्षेत्रमा लगानी<br>११०.२ उद्योगमा लगानी<br>११०.३ अन्य क्षेत्रमा लगानी | ऋण लगानी गर्दा यस शिर्षक अन्तर्गत सम्बन्धित शिर्षकलाई डेबिट गर्नुपर्दछ र सोको भुक्तानी पाउँदा उक्त शिर्षकलाई क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १२० | अन्य चालु सम्पत्ति | यस अन्तर्गत निम्नानुसार खाताहरुको लेखा राखिन्छ । | | डेबिट |
| १२०.१ | भुक्तानी पाउँनुपर्ने | भुक्तानी पाउनुपर्ने भन्नाले सक्रिय बजरमा नतोकिएको निश्चित वा निर्धारित मूल्य भएको वित्तीय सम्पत्ति भन्ने बुझिन्छ । | यो संस्थाका लागि सम्पत्ति भएकाले यसको बृद्धि हुँदा यस अन्तर्गतको सम्बन्धित संकेत नं.लाई डेबिट गर्नुपर्दछ र यो घट्दा सोही संकेत नंम्बरलाई क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १२०.१.१ | प्राप्य खाता-व्यापार | सदस्य तथा गैर-सदस्यलाई सेवा प्रधान र सामान बिक्रीबाट हुन आएको पाउनुपर्ने रकम भन्ने बुझिन्छ । | रकम प्राप्य हुँदा संकेत नं. १२०.१.१ डेबिट गर्नुपर्दछ र उक्त रकम प्राप्त हुँदा संकेत नं. १२०.१.१ क्रेडिट गर्नुपर्दछ । | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| १२०.१.२ | प्राप्य खाता-गैरव्यापारिक | प्राप्य खाता-गैरव्यापारिक भन्नाले व्यापारिक प्राप्य बाहेका अन्य प्राप्य रकम भन्ने बुझिन्छ । | रकम प्राप्य हुंदा संकेत नं. १२०.१.२ डेबिट गर्नुपर्दछ र उक्त रकम प्राप्त हुँदा संकेत नं. १२०.१.२ क्रेडिट गर्नुपर्दछ। | डेबिट |
| १२०.१.३ | पेश्की | पेश्की भन्नाले कार्यालय प्रयोजन तथा अन्य कुनै प्रयोजनका लागि दिएको नगद पेश्की भन्ने बुझिन्छ ।<br>१२०.१.३.१ कर्मचारीलाई पेश्की<br>१२०.१.३.२ सदस्यलाई पेश्की<br>१२०.१.३.३ अन्य पेश्की | पेश्की निकासा हुंदा संकेत नं. १२०.१.३ डेबिट गर्नुपर्दछ र उक्त पेश्की फर्छ्यौट हुंदा संकेत नं. १२०.१.३ क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १२०.१.४ | प्राप्य वित्तीय पट्टा | प्राप्य वित्तीय पट्टा भन्नाले वित्तीय पट्टा सम्झौता अन्तर्गत सामान तथा सम्पत्ति बिक्रिबाट पाउनुपर्ने रकम भन्ने बुझिन्छ । | पाउनुपर्ने अधिकार स्थापना हुंदा संकेत नं. १२०.१.४ डेबिट गर्नुपर्दछ र फर्छ्यौट हुंदा उक्त संकेत नं. क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १२०.१.५ | अन्य चालु प्राप्य | यस अन्तर्गत माथिको सूचीमा पर्ने बाहेकका अन्य सबै प्राप्य पर्दछन् । | त्यस्ता सम्पत्ति बृद्धि हुँदा संकेत नं. १२०.१.५ लाई डेबिट गर्नुपर्दछ र सोको भुक्तानी पाउँदा संकेत नं. १२०.१.५ लाई क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १२०.२ | **मालशेष (Inventory)** | **मालशेष भनेको त्यस्तो सम्पत्ति हो जुनः** | **मलशेष खरिद हुँदा संकेत नं. १५०.१** | **डेबिट** |

| | | | | |
|---|---|---|---|---|
| | | **क) साधारण व्यवसाय कारोवारको क्रममा बिक्रीको लागी राखिएको हुन्छ ।**<br>**ख) उक्त बिक्रीको लागि उत्पादन प्रकृयामा रहेको हुन्छ ।**<br>**ग) सामग्रीको रुपमा राखिएको अथवा उत्पादन प्रकृया वा सेवा प्रदान गर्न उपयोगका लागि आपूर्ति गरिएको हुन्छ ।** | **लाई डेबिट गर्नुपर्दछ र बिक्री हुँदा संकेत नं. १६०.५ क्रेडिट गर्नुपर्दछ ।** | |
| १२०.२.१ | व्यापारिक मालशेष | व्यापारिक मालशेष भन्नाले लेखा वा रिपोर्ट अवधीको अन्त्यमा बिक्रीका लागि कन्साइनमेन्ट(consignment) र ट्रान्जिटमा रहेको मौज्दात रहेको वस्तुको लागत भन्ने बुझिन्छ । | | डेबिट |
| १२०.२.२ | पाटपुर्जा/ सामग्री तथा अन्य मालशेष | पाटपूर्जा/सामग्री तथा अन्य मालशेष भन्नाले पाटपुर्जा/सामग्री तथा अन्य हातमा र ट्रान्जिटमा रहेको वस्तु भन्ने वुझिन्छ । | | डेबिट |
| १२०.२.३ | कच्चा पदार्थ मालशेष | कच्चा पदार्थ मालशेष भन्नाले लेखा वा रिपोर्ट अवधिको अन्त्यमा मौज्दात तथा ट्रान्जिटमा रहेको | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | कच्चा पदार्थको लागत भन्ने बुझिन्छ । | | |
| १२०.२.४ | प्रगतिमा रहेको मालशेष (WIP) | प्रगतिमा रहेको मालशेष भन्नाले लेखा वा रिपोर्ट अवधिको अन्त्यमा रहेको प्रगतिमा रहेको मालशेष वा कार्यको लागत भन्ने बुझिन्छ । | | डेबिट |
| १२०.२.५ | अन्तिम वस्तु मालशेष | अन्तिम वस्तु मालशेष भन्नाले लेखा वा रिपोर्ट अवधिको अन्त्यमा मौज्दात तथा बिक्रीका लागि तयार रहेको उत्पादित तथा प्रशोधित वस्तु र पुर्ण कार्यको लागत भन्ने बुझिन्छ । | | डेबिट |
| १२०.२.६ | मालशेष-कृषि उत्पादन | मालशेष-कृषि उत्पादन भन्नाले लागतमा मापन गरिएको उत्पादित फसल, जैविक सम्पत्ति भन्ने बुभिन्छ । | | डेबिट |
| १२०.२.७ | मालशेष-पट्टाका लागि उपकरण | मालशेष-पट्टाका लागि उपकरण भन्नाले पट्टा खरिद सम्झौताका लागि मौज्दातमा रहेको उपकरण भन्ने बुझिन्छ । | | डेबिट |
| १२०.३ | जैविक सम्पत्ति | जैविक सम्पत्ति भन्नाले बिक्रीका लागि राखिएको जीवित पशु तथा वनस्पति भन्ने | जैविक सम्पत्ति खरिद हुँदा संकेत नं.१५०.१ लाई डेबिट गर्नुपर्दछ र बिक्री हुँदा संकेत | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | बुझिन्छ । | नं. १६०.५ क्रेडिट गर्नुपर्दछ । | |
| १२०.४ | **अन्य चालु सम्पत्ति** | **अन्य चालु सम्पत्ति भन्नाले माथि उल्लेखित शिर्षकमा नपरेका चालु सम्पत्ति बुभिन्छ ।** | **अन्य चालु सम्पत्ति बृद्धि हुँदा यस शिर्षक अन्तर्गत सम्बन्धित शिर्षकलाई डेविट गर्नुपर्दछ र सो सम्पत्ति घट्दा उक्त शिर्षकलाई क्रेडिट गर्नुपर्दछ ।** | डेबिट |
| १२०.४.१ | वितरक लाई धरौटी | वितरकलाई धरौटी भन्नाले वितरकलाई दिइएको पेश्की भन्ने बुझिन्छ । | वितरकलाई पेश्की भुक्तानी हुँदा संकेत नं. १२०.४.१ लाई डेबिट गर्नुपर्दछ र फर्छ्यौट हुँदा उक्त संकेत नं. क्रेडिट गर्नुपर्दछ। | डेबिट |
| १२०.४.२ | अग्रिम भुक्तानी गरिएको खर्च | अग्रिम भुक्तानी गरिएको खर्च भन्नाले एक वर्ष भित्रमा अपलेखन (Amortised) हुनेगरी भुक्तानी दिइएको पेश्की भन्ने बुझिन्छ । | पेश्की भुक्तानी हुँदा संकेत नं. १२०.४.२ डेबिट गर्नुपर्दछ । | डेबिट |
| १२०.४.३ | अग्रिम कर भुक्तानी | अग्रिम कर भुक्तानी भन्नाले क्रेता वा अन्य कुनै व्यक्तिले श्रोतमा कट्टी गरेको कर (TDS) वा संस्थाले बुझाएको अग्रिम आयकर भन्ने बुझिन्छ ।<br>१२०.४.३.१ श्रोतमा कर कट्टी | रकम कट्टी हुदाँ संकेत नं. १२०.४.३ डेबिट गर्नुपर्दछ । | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | १२०.४.३.२ अग्रिम आयकर | | |
| १२०.४.४ | पाउनुपर्ने ब्याज | संस्थाले ऋण लगानी, बचत तथा अन्य कुनै श्रोतबाट प्राप्त गर्नुपर्ने ब्याजलाई पाउनुपर्ने व्याज भनिन्छ । | पाउनुपर्ने ब्याजमा बृद्धि हुँदा संकेत नं. १२०.४.४ लाई डेबिट गरी संकेत नं ६०.२.३ लाई क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १२०.४.५ | अन्य चालू सम्पत्ति | माथि उल्लेखित शिर्षकमा नपरेका अन्य चालु सम्पत्तिलाई यस शिर्षकमा देखाईन्छ । | उक्त सम्पत्ति रेकर्ड गर्दा संकेत नं. १२०.४.५ डेबिट गर्नुपर्दछ । | डेबिट |
| १३० | **स्थिर सम्पत्ति** | **स्थिर सम्पत्ति यस्ता भैतिक सम्पत्ति हुन जुनः<br>क) उत्पादन वा वस्तु तथा सेवा प्रदान गर्न, भाडामा दिन वा प्रशासनिक उद्देश्यका लागि राखिएको हुन्छ ।<br>ख) एक वर्ष भन्दा बढी प्रयोग गर्ने अपेक्षा गरिएको हुन्छ ।** | **स्थिर सम्पत्ति खरिद⁄प्राप्ती⁄निर्माण हुँदा स्थिर सम्पत्तिको सम्बन्धित संकेत नं. डेबिट गर्नुपर्दछ र स्थिर सम्पत्ति बिक्री हुँदा वा घट्दा वा अवमूल्यन हुँदा उक्त संकेत नं. क्रेडिट गर्नुपर्दछ । त्यस्तै त्यस्ता सम्पत्तिसँग सम्बन्धित खर्चहरु डेबिट गर्नुपर्छ भने सम्पत्तिमा ह्रासकट्टी हुँदा क्रेडीट गर्नुपर्दछ ।** | **डेबिट** |
| १३०.१ | **भौतिक सम्पत्ति** | **यस अन्तर्गत निम्न सम्पत्तिहरु पर्दछन् ।** | | **डेबिट** |
| १३०.१.१ | जमिन | जमिन भन्नाले मुख्य उद्देश्यका लागि जमिन प्राप्ती गर्दा लाग्ने लगत | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | र त्यससँग सम्बन्धित अन्य खर्चहरु भन्ने बुझिन्छ । | | |
| १३०.१.२ | जमिन सुधार (Land Improvement) | जमिन सुधार भन्नाले जमिन प्राप्ति पछि गरिएको सुधार खर्च जस्तै- तारबार, सडक निर्माण, पहिरो नियन्त्रण इत्यादि भन्ने बुझिन्छ । | | डेबिट |
| १३०.१.३ | भवन र सुधार | भवन र सुधार भन्नाले भवनको प्राप्ती/निर्माण लागत र स्वामित्वमा रहेको जमिन र मुख्य सञ्चालनका लागि हुने सुधार खर्च भन्ने बुझिन्छ । भवनको आयु बृद्धि गर्ने मर्मत तथा सुधार खर्चलाई पूँजीगत लागत मानिनेछ । लेखा/रिर्पोट अवधिको अन्त्यमा सम्पत्तिलाई उचित मूल्यमा (Fair value) देखाइन्छ । | | डेबिट |
| १३०.१.४ | पट्टामा भवन | पट्टामा भवन भन्नाले पट्टामा निर्माण गरिएको नयाँ भवन भन्ने बुझिन्छ । | | डेबिट |
| १३०.१.५ | वित्तीय पट्टामा स्थिर सम्पत्ति | वित्तीय पट्टामा स्थिर सम्पत्ति भन्नाले पट्टामा लिएको सम्पत्तिको उचित तथा वर्तमान | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | मूल्यमा मापन गरिएको मूल्य भन्ने बुझिन्छ । | | |
| १३०.१.६ | फर्निचर, फिक्चर र उपकरण | फर्निचर, फिक्चर र उपकरण भन्नाले चल (फर्निचर), अचल (फिक्चर) सम्पत्ति र सामान्य व्यापारिक कारोवारमा प्रयोग हुन कार्यालय/ उत्पादन/स्टोर उपकरण जस्तै- कुर्ची, टेबल, क्याबिन, कम्प्युटर, र यिनीहरु प्राप्ती गर्दा देखि प्रयोगका लागि तयार हुँदासम्म हुने अन्य सम्बन्धित खर्च भन्ने बुझिन्छ । | | डेबिट |
| १३०.१.७ | मेसिनरी, औजार र उपकरण | मेसिनरी, औजार र उपकरण भन्नाले स्वामित्वमा रहेको र वस्तु उत्पादन, सेवा प्रधान र मर्मत कार्यमा प्रयोग हुने मेसिनरी, औजार र उपकरणको लागत भन्ने बुझिन्छ । | | डेबिट |
| १३०.१.८ | कार्यालय उपकरण | कार्यालय उपकरण भन्नाले सहकारी कार्यालयमा प्रयोग हुने औजार, उपकरण भन्ने बुझिन्छ । | | डेबिट |
| १३०.१.९ | अन्य स्थिर सम्पत्ति | अन्य स्थिर सम्पत्ति भन्नाले माथिको | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | सूचीमा नपरेका स्थिर सम्पत्ति भन्ने बुझिन्छ । | | |
| १३०.२ | **अदृश्य सम्पत्ति** | **यस अन्तर्गत पहिचान गर्न सकिने तर भौतिक अस्तित्व नभएका भविष्यमा आर्थिक फाइदाको आशा गर्न सकिने गैरमौद्रिक सम्पत्ति पर्दछन् ।** | | **डेबिट** |
| १३०.२.१ | व्यापारिक चिन्ह (Trade mark) | यस अन्तर्गत कुनै पहिचान योग्य चिन्ह, डिजाइन वा अभिव्यक्तिलाई बुझाउँछ जसले विशेष श्रोतका वस्तु तथा सेवालाई एक अलग पहिचान दिन्छ । | | डेबिट |
| १३०.२.२ | प्रतिलिपि अधिकार | यसले वस्तुको विशेष प्रयोग वा वितरण गर्ने अधिकार तथा लेखक वा कलाकारबाट प्राप्त सेवालाई बुझाउँछ। | | डेबिट |
| १३०.२.३ | पेटेंट | पेटेंट भन्नाले सरकारी अधिकारीले कुनै हक वा शिर्षकलाई संशोधन गरी कुनै अवधिका लागि विशेष अधिकार प्रयोग, कुनै आविष्कार वा निर्माणका लागि प्रयोग गर्न नसकिने गरी प्रदान गर्ने एक हद बुझिन्छ । | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| १३०.२.४ | सफ्टवेयर | सफ्टवेयर भन्नाले कम्प्युटरमा तथा अन्य विद्युतीय उपकरणमा प्रयोग हुने सफ्टवेयर बुझिन्छ । | | डेबिट |
| १३०.२.५ | अन्य अदृश्य सम्पत्ति | यस अन्तर्गत संकेत नं १३०.२.१ देखि १३०.२.४ सम्ममा नपरेका अदृश्य सम्पत्तिहरु पर्दछन् । | | डेबिट |
| १३०.३ | जैविक सम्पत्ति | जैविक सम्पत्ति भन्नाले सहकारीले संस्थाको स्वामित्वमा रहेको जीवित पशु तथा वनस्पतिको लागतलाई बुझाउँछ । | कुनै जैविक सम्पत्तिमा बृद्धि हुँदा संकेत नं १३०.३ लाई डेबिट गर्नुपर्दछ भने उक्त सम्पत्ति घट्दा सोही संकेत नं लाई क्रेडिट गरिन्छ । | डेबिट |
| १४० | **अन्य दिर्घकालीन सम्पत्ति** | **यस अन्तर्गत निम्न दिर्घकालीन सम्पत्तिहरु पर्दछन् ।** | **त्यस्ता सम्पत्तिको बृद्धि हुदाँ यस शिर्षकको सम्बन्धित लेखा शिर्षक डेबिट गर्नुपर्दछ र सम्पत्ति घट्दा सोही लेखा शिर्षकलाई क्रेडिट गर्नुपर्दछ ।** | **डेबिट** |
| १४०.१ | धरौटी | धरौटी भन्नाले सस्थाले एक वर्षभन्दा बढी समयको लागि धरौटीमा राखेको रकम भन्ने बुझिन्छ । | धरौटी दिदाँ संकेत नं. १४०.१ लाई डेबिट गर्नुपर्दछ भने उक्त धरौटी फिर्ता आउँदा सोही संकेत नं. लाई क्रेडिट गर्नुपर्दछ । | डेबिट |
| १४०.२ | लिलाममा सकारेको सम्पत्ति | लिलाममा सकारेको सम्पत्ति भन्नाले संस्थाका ऋणीले समयमा ऋण चुक्ता | त्यस्ता सम्पत्ति सकार्दा संकेत नं. १४०.२ लाई डेबिट गरिन्छ । | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | नगरेको र संस्थाले लिलामी प्रकृयामा बिक्री नभएको सम्पत्ति बुझाउँछ । | | |
| १४०.३ | विविध सम्पत्ति | यस अन्तर्गत माथिको सुचीमा नपरेका सम्पत्तिहरु पर्दछन् । | | डेबिट |
| १५० | **खर्च** | **यस अन्तर्गत खरिद खर्च, प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरु पर्दछन् ।** | | **डेबिट** |
| १५०.१ | **खरिद** | **खरिद भन्नाले सहकारी संस्थाले व्यवसाय गर्नका लागि खरिद गरेको सामान भन्ने बुझिन्छ ।** | **कुनै पनि सहकारी संस्थाले व्यवसायिक उद्देश्यका लागि सामान खरिद गर्दा संकेत नं. १५०.१ लाई डेबिट गर्नुपर्दछ।** | **डेबिट** |
| १५०.२ | **प्रत्यक्ष खर्च** | **प्रत्यक्ष खर्च भन्नाले सहकारी संस्थाको प्रत्यक्ष रुपमा वस्तु उत्पादन तथा सेवा प्रदानसँग सम्बन्धित सम्पूर्ण खर्चहरु बुझिन्छ ।** | **यस किसिमका खर्चलाई सम्बन्धित संकेत नं अन्तर्गत डेबिट गर्नुपर्दछ । चालु आ.व वर्षका खर्चलाई मात्र यस अन्तर्गत लेखा राखिन्छ भने बाँकी भागको खर्चलाई चालु सम्पतिको रुपमा संकेत नं १२०.४.२ अन्तर्गत देखाईन्छ ।** | **डेबिट** |
| १५०.२.१ | ढुवानी | यस अन्तर्गत वस्तु तथा सामानको खरिद गरेको ठाउँ देखि | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | भण्डारणको ठाउँ सम्म ढुवानी गर्दाको खर्चलाई देखाइन्छ । | | |
| १५०.२.२ | प्रत्यक्ष ज्याला | यस अन्तर्गत सहकारी संस्थाले गरेको प्रत्यक्ष रुपमा वस्तु उत्पादन तथा सेवा प्रदानसँग सम्बन्धित हुने सम्पूर्ण ज्याला खर्चहरु पर्दछन् । | | डेबिट |
| १५०.२.३ | कारखाना सिरोभार | यस अन्तर्गत वस्तु उत्पादनमा लागेका ढुवानी तथा प्रत्यक्ष ज्याला बाहेकका अन्य सम्पूर्ण खर्चलाई देखाईन्छ । | | डेबिट |
| १५०.२.४ | मालशेष नोक्सान | मालशेष नोक्सान भन्नाले चुहावट, विच्छेद तथा लेखा हिसाब खाता र गणनामा आएको भिन्नताको कारणले मालशेषमा भएको गिरावट भन्ने बुझिन्छ । | | डेबिट |
| १५०.२.५ | अन्य प्रत्यक्ष खर्च | यस अन्तर्गत माथि नसमेटिएका अन्य सबै प्रत्यक्ष खर्चहरु पर्दछन् । | | डेबिट |
| १५०.३ | **अप्रत्यक्ष खर्च** | **अप्रत्यक्ष खर्च भन्नाले प्रत्यक्ष खर्च बाहेकका सबै खर्चहरु भन्ने बुझिन्छ । यस अन्तर्गत निम्न खर्चहरु** | **यस किसिमका खर्चलाई सम्बन्धित संकेत नं अन्तर्गत डेबिट गर्नुपर्दछ । चालु आ.व वर्षका** | **डेबिट** |

| | | | | |
|---|---|---|---|---|
| | | **पर्दछन्ः**<br>**१५०.३.१ प्रशासनिक खर्च**<br>**१५०.३.२ वित्तीय लागत खर्च**<br>**१५०.३.३ जोखिम व्यवस्था खर्च** | **खर्चलाई मात्र यस अन्तर्गत लेखा राखिन्छ भने बाँकी भागको खर्चलाई चालु सम्पतिको रुपमा संकेत नं. १२०.४.२ अन्तर्गत देखाईन्छ ।** | |
| १५०.३.१ | **प्रशासनिक खर्च** | **यस अन्तर्गत निम्न खर्चहरु पर्दछन् ।** | | **डेबिट** |
| १५०.३.१.१ | कर्मचारी खर्च | यस अन्तर्गत कर्मचारीको लागि गरीने निम्न खर्चहरु पर्दछन् । | | डेबिट |
| १५०.३.१.१.१ | तलब र ज्याला | यस अन्तर्गत सहकारी संस्थाले नियमीत कर्मचारी तथा करार कर्मचारीलाई तलब, ज्याला तथा अन्य भत्ताका रुपमा भुक्तानी गरिएको रकमलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.१.२ | कर्मचारी भत्ता | यस अन्तर्गत सहकारी संस्थाले कर्मचारीलाई प्रदान गर्ने भत्ता पर्दछ । | | डेबिट |
| १५०.३.१.१.३ | कर्मचारी बीमा | यस अन्तर्गत सहकारी संस्थाले कर्मचारीको वीमा गरे बापत प्रदान गर्ने बीमा खर्च पर्दछ । | | डेबिट |
| १५०.३.१.१.४ | कर्मचारी हितकोष | यस अन्तर्गत सहकारी संस्थाले कर्मचारीलाई कर्मचारी हितको लागि भुक्तानी गरेको | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | रकमलाई देखाइन्छ । | | |
| १५०.३.१.१.५ | पोशाक खर्च | यस अन्तर्गत सहकारी संस्थाले कर्मचारीलाई पोशाक खर्च बापत उपलब्ध गराएको रकमलाई देखाइन्छ। | | डेबिट |
| १५०.३.१.१.६ | औषधि उपचार खर्च | यस अन्तर्गत सहकारी संस्थाले कर्मचारीलाई औषधि उपचार खर्च बापत उपलब्ध गराएको रकमलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.१.७ | पेन्सन तथा उपदान व्यवस्था खर्च | यस अन्तर्गत सहकारी संस्थाले कर्मचारीलाई भविष्यमा प्रदान गर्नुपर्ने पेन्सन तथा उपदान रकमको व्यवस्थालाई देखाईन्छ । | | डेबिट |
| १५०.३.१.१.८ | कर्मचारीलाई अन्य सुविधा तथा व्यवस्था | यसअन्तर्गत सहकारी संस्थाले कर्मचारीलाई प्रदान गर्नुपर्ने अन्य सुविधा तथा व्यवस्थालाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२ | पानी, बिजुली तथा सरसफाइ | यस अन्तर्गत सहकारी संस्थाले व्यवसाय संचालनको अवधिमा पानी, बिजुली तथा सरसफाइमा खर्च गरेको रकमलाई देखाइन्छ । | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| १५०.३.१.३ | बैंक शुल्क | यस अन्तर्गत बैंक शुल्क तथा अन्य किसिमका शुल्कहरु पर्दछन् । | | डेबिट |
| १५०.३.१.४ | मसलन्द तथा छपाई | यस अन्तर्गत सहकारी संस्थाले व्यवसाय सञ्चालनको अवधिमा मसलन्द तथा छपाईमा खर्च गरेको रकमलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.५ | सूचना तथा संचार खर्च | यस अन्तर्गत कूरियर, टेलिफोन, मोबाईल फोन, ईन्टरनेट तथा अन्य संचारका माध्यमहरुमा गरिएको खर्चलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.६ | भाडा खर्च | यस अन्तर्गत सम्झौताका आधारमा तिरेको भाडालाई (कार्यालय भाडा, गोदाम भाडा तथा अन्य भाडा) देखाइन्छ । | | डेबिट |
| १५०.३.१.७ | लेखापरीक्षण शुल्क | यस अन्तर्गत सहकारी संस्थाले लेखा परिक्षण बापत लेखापरीक्षकलाई बुझाएको रकमलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.८ | लेखापरीक्षण खर्च | यस अन्तर्गत सहकारी संस्थाले लेखा परीक्षण गराउँदा लागेको खर्चहरुलाई देखाइन्छ। | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| १५०.३.१.९ | व्यवसायिक परामर्श शुल्क | यस अन्तर्गत कुनै विशेष उद्देश्यका लागि संस्थाद्वारा नियुक्त गरिएको विशेषज्ञ तथा परामर्शदातालाई तिरेको शुल्कलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.१० | मर्मत तथा संभार | यस अन्तर्गत सहकारी संस्थाले स्थिर सम्पत्तिको मर्मत तथा संभारका लागि गरेको खर्चलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.११ | ईन्धन खर्च | यस अन्तर्गत सहकारी संस्थाले आफ्ना वाहन (vehicle) तथा दैनिक आय संचालनका लागि पेट्रोल तथा ईन्धनका रुपमा गरेको खर्चलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.१२ | बीमा प्रीमियम खर्च | यस अन्तर्गत सहकारी संस्थाले बीमा प्रीमियमको रुपमा गरेको खर्चलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.१३ | बैठक भत्ता | यस अन्तर्गत बैठकमा उपस्थित बोर्डको निर्देशक, लेखा समितिको सदस्य तथा विधानमा उल्लेखित सदस्यलाई तिरेको भत्तालाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१ | जरिवाना | यस अन्तर्गत सहकारी | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| .१४ | | संस्थाले कुनै विभाग, प्राधिकरण वा अन्य कुनै पक्षलाई जरिवाना तथा दण्डको रुपमा तिरेको रकमलाई देखाइन्छ । | | |
| १५०.३.१ .१५ | दर्ता, नविकरण तथा अन्य कर | यस अन्तर्गत सरकारी कार्यालय तथा विभागलाई बुझाईने कर, शुल्क र अन्य चार्जलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१ .१६ | प्रशिक्षण र गोष्ठी खर्च | यस अन्तर्गत पदाधिकारी, सञ्चालक, कर्मचारी र सदस्यले भाग लिने प्रशिक्षण र गोष्ठीसँग सम्बन्धित र्खचहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१ .१७ | अनुसन्धान तथा विकास खर्च | यस अन्तर्गत संस्थाले गर्ने अनुसन्धान तथा विकास सम्बन्धी खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१ .१८ | सम्मान तथा पुरस्कार खर्च | यस अन्तर्गत संस्थाले गर्ने सम्मान तथा पुरस्कार सम्बन्धि खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१ .१९ | साधारण सभा तथा विस्तारित मञ्च खर्च | यस अन्तर्गत संस्थाले साधारण सभा तथा विस्तारित मञ्चसम्बन्धी गरेका खर्चलाई देखाइन्छ । | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| १५०.३.१.२० | विपत व्यवस्थापन खर्च | यस अन्तर्गत संस्थाको विपत व्यवस्थापनसँग सम्बन्धित खर्चलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२१ | उत्सव तथा प्रोत्साहन खर्च | यस अन्तर्गत संस्थाले उत्सवको समयमा गर्ने खर्चहरु तथा प्रोत्साहन खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२२ | अध्ययन तथा अवलोकन खर्च | यस अन्तर्गत संस्थाले गर्ने अध्ययन अवलोकन सम्बन्धी खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२३ | सुरक्षा खर्च | यस अन्तर्गत संस्थाले गर्ने सुरक्षा सम्बन्धी खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२४ | अतिथि सत्कार खर्च | यस अन्तर्गत संस्थाले अतिथिको स्वागत-सत्कार गर्ने क्रममा गरेका सम्पूर्ण खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२५ | अपलेखन खर्च | यस अन्तर्गत संस्थाले गरेको अपलेखन सम्बन्धी खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२६ | बजारीकरण तथा प्रवर्द्धन खर्च | यस अन्तर्गत संस्थाले आफ्नो वस्तु तथा सेवाको बजारीकरण | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | तथा अन्य प्रवर्द्धन सम्बन्धि गरेको खर्चहरुलाई देखाइन्छ । | | |
| १५०.३.१.२७ | यातायात तथा दैनिक भ्रमण भत्ता | यस अन्तर्गत संस्थाको यातायात तथा दैनिक भ्रमण भत्ता सम्बन्धी खर्चहरुलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२८ | ऋण प्रक्रियागत खर्च | यस अन्तर्गत संस्थाले ऋण लिंदा लाग्ने प्रक्रियागत खर्चलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.२९ | ह्रास खर्च | यस अन्तर्गत संस्थाले स्थिर सम्पत्तिमा चार्ज गर्ने ह्रास खर्चलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.३० | अवमुल्यन खर्च | यस अन्तर्गत संस्थाले सम्पत्तिमा गरेको अवमुल्यनलाई देखाइन्छ । | | डेबिट |
| १५०.३.१.३१ | अन्य खर्च | यस अन्तर्गत माथिको सूचीमा समावेश नगरिएका प्रशासनिक खर्चहरु पर्दछन् । | | डेबिट |
| १५०.३.२ | वित्तीय लागत खर्च | यस अन्तर्गत संस्थाले बचत र ऋणमा तिरेको ब्याज खर्च पर्दछ ।<br>१५०.३.२.१ बचतमा तिरेको ब्याज | | डेबिट |

| | | | | |
|---|---|---|---|---|
| | | १५०.३.२.२ ऋणमा तिरेको ब्याज | | |
| १५०.३.३ | जोखिम व्यवस्था खर्च | यस अन्तर्गत निम्न अनुसारका व्यवस्था खर्च पर्दछन् । १५०.३.३.१ ऋण जोखिम व्यवस्था खर्च १५०.३.२.२ लगानी नोक्सानी व्यवस्था खर्च १५०.३.२.३ समस्याग्रस्त सम्पत्तिको लागि व्यवस्था खर्च १५०.३.२.४ अन्य व्यवस्था खर्च | | डेबिट |
| १५०.३.४ | स्थगन कर खर्च /आय | स्थगन कर खर्च भन्नाले स्थगन कर सम्पत्तिमा कमि वा स्थगन कर दायित्वमा बृद्धिलाई जनाउँछ ।<br><br>स्थगन कर आय भन्नाले स्थगन कर सम्पत्तिमा बृद्धि वा स्थगन कर दायित्वमा कमिलाई जनाउँछ । | स्थगन कर खर्च सिर्जना हुने अवस्थामा संकेत नं १५०.३.४ लाई डेविट गर्नुपर्दछ भने ६०.१.११(स्थगन कर दायित्व) लाई क्रेडिट गर्नुपर्दछ । स्थगन कर आय सिर्जना हुने अवस्थामा संकेत नं १५०.३.४ लाई क्रेडिट गर्नुपर्दछ भने ६०.१.११(स्थगन कर सम्पत्ति) लाई डेबिट गर्नुपर्दछ । | डेबिट<br><br>क्रेडिट |
| १६० | **आम्दानी** | **आम्दानी भन्नाले सहकारी संस्थाले साधारण गतिविधिको** | **यस शिर्षक अन्तर्गतका आयलाई सम्बन्धित संकेत नं.** | *क्रेडिट* |

| | | | | |
|---|---|---|---|---|
| | | क्रममा बिक्री, सेवा, आय, कमीशन, ब्याज, लाभांश, रोयल्टी र भाडा लगायतका अन्य श्रोतबाट उठाएको आय बुझिन्छ । | अन्तर्गत क्रेडिट गर्नुपर्दछ । चालु आ.व. वर्षका आयलाई मात्र यस संकेत नं. अन्तर्गत लेखा राखिन्छ भने बाँकी भागको आयलाई चालु दायित्वको रुपमा संकेत नं ६०.२.४ अन्तर्गत देखाईन्छ । तर ब्याज आम्दानीलाई नगद आधारमा लेखा राख्नुपर्दछ । | |
| १६०.१ | वित्तीय लगानीबाट आम्दानी | यस अन्तर्गत संस्थाले वित्तीय क्षेत्रमा गरेको लगानीबाट प्राप्त गरेको आम्दानी पर्दछ ।<br>१६०.१.१ शेयर लगानीबाट आम्दानी<br>१६०.१.२ बचतमा लगानी आम्दानी<br>१६०.१.३ मुद्दती हिसाब खाता आम्दानी<br>१६०.१.४ सेक्युरिटीमा लगानी आम्दानी<br>१६०.१.५अन्य क्षेत्रमा लगानी आम्दानी | | क्रेडिट |
| १६०.२ | गैरवित्तीय लगानी | यस अन्तर्गत संस्थाले वित्तीय क्षेत्र बाहेकका अन्य क्षेत्रमा गरेको | | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | | लगानीबाट प्राप्त गरेको आम्दानी पर्दछ ।<br>१६०.२.१ घर/जग्गामा ऋण लगानीबाट आम्दानी<br>१६०.२.२ हायरपर्चेज ऋण लगानीबाट आम्दानी<br>१६०.२.३ अन्य आम्दानी | | |
| १६०.३ | ऋण लगानीबाट आम्दानी | यस अन्तर्गत संस्थाले निम्न क्षेत्रमा गरेको ऋण लगानीबाट प्राप्त आम्दानी पर्दछ ।<br>१६०.३.१ कृषि क्षेत्रमा लगानीबाट आम्दानी<br>१६०.३.२ उद्योगमा लगानीबाट आम्दानी<br>१६०.३.३ अन्य क्षेत्रमा लगानीबाट आम्दानी | | क्रेडिट |
| १६०.४ | सेवा सञ्चालनबाट आम्दानी | सेवा सञ्चालनबाट आम्दानी भन्नाले सेवा परिचालनबाट प्राप्त सबै आय बुझिन्छ । | | क्रेडिट |
| १६०.५ | विक्रीबाट आम्दानी | यस अन्तर्गत संस्थाले सामान विक्री गरेवापत वा सेवा प्रदान गरेवापत प्राप्त भएको वा प्राप्त हुन बाँकी रकम पर्दछ । | | क्रेडिट |
| १६०.६ | अन्य | यस अन्तर्गत निम्न | | क्रेडिट |

| | | | | |
|---|---|---|---|---|
| | आम्दानी | आम्दानी पर्दछ ।<br>१६०.६.१ प्रवेश शुल्क<br>१६०.६.२ छुट तथा कमिशन<br>१६०.६.३ आर्जित कुल नाफा | | |
| १६०.७ | ऋण जोखिम व्यवस्थाबाट आम्दानी | | | क्रेडिट |

नोटः सहकारी संघ/संस्थाले क्रमभंगता नगरीकन माथिउल्लेखित एकीकृत आर्थिक संकेत तथा वर्गिकरणमा थप गर्न सक्नेछन तर यसरी थपिने संकेत र बर्गीकरण सामान्य लेखाको आधारभूत सिद्धान्त अनुरूप हुनुपर्ने छ ।

## भाग -४

## सहकारी संस्थाका लेखा नीति

### (क) लेखा वर्षको परिभाषा

सहकारीको लेखा वर्ष श्रावणको पहिलो दिनबाट सुरु भई अर्को वर्षको असार मसान्तमा समाप्त हुन्छ।

### (ख) सदस्यलाई दिइएको ऋण

- ऋणको वर्गीकरण तथा ऋण सुरक्षण व्यवस्था

  यस शिर्षकमा सदस्यहरुलाई प्रत्यक्ष रुपमा प्रदान गरिएको ऋणको लेखा राखिन्छ । जस्तैः व्यापारिक ऋण, कृषि ऋण, हायरपर्चेज ऋण, घर जग्गा ऋण,शैक्षिक ऋण, वैदेशिक रोजगारी ऋण, आदि ।

सहकारी मापदण्ड अनुसार सहकारी संस्थाले देहाय बमोजिमको ऋण सुरक्षण व्यवस्था गर्नुपर्दछः

| ऋणको वर्गीकरण | वर्गीकरणका आधार | ऋण सुरक्षण व्यवस्थाको प्रतिशत |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ % |
| शंकास्पद ऋण | एक वर्षसम्म भाखा नाघेको | ३५ % |
| खराब ऋण | एक वर्षभन्दा बढी समयसम्म भाखा नाघेको | १०० % |

➢ ऋणको अपलेखन

खराब ऋण लगानीलाई संस्थाको संचालक समितिको निर्णय अनुसार अपलेखन गर्न सकिन्छ । ऋणको उपलेखन गर्नु ऋण मिनाहा गर्नु हैन । अपलेखन गरिएको ऋण भविष्यमा प्राप्त हुने नहुने निश्चित हुदैंन ।

➢ अपलेखन गरेको ऋणको प्राप्ति

अपलेखन गरेको ऋण रकम प्राप्त भएमा उक्त रकमलाई प्राप्त भएको मितिमा आयको रुपमा लेखा गरिन्छ ।

**(ग) आयको पहिचान**

सहकारी संस्थाले आयको पहिचान आर्थिक लाभ प्रवाहको संभाव्यता तथा उक्त आयलाई विश्वासनीय रुपमा मापन गर्न सक्ने अवस्थामा मात्र गर्न सक्दछ ।

आयको मापन गर्नु पूर्व निम्न पहिचानका मापदण्डहरु पूरा गर्नुपदर्छः

➢ **ऋण/लगानीबाट ब्याज आम्दानी**

ऋण/लगानीबाट ब्याज आम्दानीलाई उक्त आम्दानी प्राप्त भएको अवस्थामा मात्र आयको रुपमा लेखा राखिन्छ ।

- **सदस्यता शुल्क**

  सहकारी संस्थाले संस्थापक सदस्यहरुबाट प्राप्त गरेको सदस्यता शुल्कलाई प्राप्त भएकै समयमा आयको रुपमा र अन्य सदस्यबाट प्राप्त भएको सदस्यता शुल्कलाई जगेडा कोषमा लेखाङ्कन गर्नुपर्दछ ।

- **भाडाबाट आय**

  भाडाबाट हुने आम्दानीलाई प्रोदभावी अवधाराणा **(Accrual Basis)** अनुसार आयको रुपमा पहिचान गनुपर्दछ ।

- **लाभांश आम्दानी**

  लाभांश आम्दानी प्राप्त हुँदा उक्त आम्दानीलाई आयको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

- **वस्तुको बिक्रीबाट वा सेवा प्रदान गरे वापत हुने आम्दानी**

  उक्त आम्दानीलाई पहिचानको मापदण्ड पूरा गरेको अवस्थामा आयको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

**(घ) अनुदान**

अनुदान भन्नाले सहकारीलाई सःशर्त वा निःशर्त रुपमा प्राप्त हुने रकम बुभिन्छ । अनुदान मौद्रिक वा गैरमौद्रिक हुन सक्दछ र त्यसलाई उचित बजार मुल्यमा पहिचान गर्नुपर्दछ ।

पूँजीगत प्रकृतिको सहकारी अनुदानलाई जगेडा कोष अन्तर्गत लेखाङ्कन गर्नुपर्दछ ।

आयसँग सम्बन्धित अनुदानलाई छुट्टै शिर्षक अन्तर्गत नाफा वा नोक्सानको अंशको रुपमा प्रस्तुतिकरण गरिन्छ । वैकल्पिक रुपमा उक्त रकमलाई सम्बन्धित खर्च शिर्षकबाट घटाएर पनि देखाउन सकिन्छ ।

**(ङ) सेयर तथा ऋणपत्रमा लगानी**

अल्पकालीन लगानीलाई लागत वा उचित बजार मूल्य मध्येको कम रकममा लेखाङ्कन गर्नुपर्दछ ।

दीर्घकालीन लगानीलाई प्राय लागत मूल्यमा लेखाङ्कन गरिन्छ ।

लगानी निःसर्ग गर्दा, लगानीको किताबी मूल्य र निःसर्ग गर्दा प्राप्त हुने खुदमूल्य बिचको फरक रकमलाई नाफा/नोक्सान विवरणमा लेखाङ्कन गर्नुपर्दछ ।

**(च) संयुक्त उद्यममा लगानी**

लगानीकर्ताले संयुक्त उद्यममा गरेका सबै लगानीहरु लागतमा संचित क्षयीकरण नोक्सानी **(Cost less accumulated impairment loss)** घटाई मापन गर्नुपर्दछ ।

**(छ) जायजेथा, प्लान्ट तथा उपकरण**

- सहकारी संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणको प्रारम्भिक लेखाङ्कन गर्दा त्यसको लागतमा मापन गर्नुपर्दछ ।
- सहकारी संस्थाले प्रारम्भिक लेखाङ्कन पछि सबै जायजेथा, प्लान्ट तथा उपकरणहरुको लागतबाट संचित ह्रास र क्षयीकरण नोक्सानी घटाई मापन गर्नुपर्दछ ।
- सहकारी संस्थाले सम्पत्तिबाट अपेक्षित भविष्यको आर्थिक लाभको उपयोगिताको प्रवृतिको प्रतिनिधित्व गर्ने ह्रास कट्टी विधिको छनौट गर्नुपर्दछ । सम्भावित ह्रास कट्टीका केहि विधिहरु समदर विधि, घट्दो दर विधि वा प्रयोगमा आधारित विधि आदि हुन् ।
- सहकारी संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणको प्रतिस्थापनमा हुने लाभलाई जगेडा कोषमा र नोक्सानीलाई निःसर्गकै बेला आय विवरणमा समावेश गर्नुपर्दछ ।

**(ज) अदृश्य सम्पत्ति**

- सहकारीले प्रारम्भमा अदृश्य सम्पत्तिलाई लागतमा मापन गर्नुपर्दछ ।
- सहकारीले प्रारम्भिक मापन पछि अदृश्य सम्पत्तिको मापन लागतमा संचित परिसोधन खर्च **(accumulated amortization)** र संचित क्षयीकरण **(impairment loss)** घटाएर मापन गर्नुपर्दछ।

- सहकारी संस्थाले सम्पत्तिको ह्रासयोग्य रकमलाई सो सम्पत्तिको उपयोगी आयुमा व्यवस्थित तरिकाले बाँडफाँड गर्नुपर्दछ ।
- निःसर्ग गर्दा हुने नाफालाई जगेडा कोषमा र नोक्सानलाई कार्य सञ्चालन विवरणमा लेखाङ्कन गर्नुपर्दछ।

### (झ) सम्पत्तिमा क्षयीकरण

क्षयीकरणले कुनै पनि सम्पत्ति त्यसको उपयोगी मूल्यभन्दा बढी मूल्यमा प्रस्तुत हुँदैन भन्ने कुराको आश्वस्तता प्रदान गर्दछ । प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै संकेत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरणको परिक्षण गरिन्छ । कुनै क्षयीकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउनु पर्दछ ।

### (ञ) मालशेष

- सहकारी संस्थाले मालशेषलाई लागत वा खुद असुली मूल्य मध्ये जुन कम हुन्छ त्यसमा नै मापन गर्नुपर्दछ ।
- सहकारीले मालशेषको लागतमा खरिद गर्दा लाग्ने सबै लागत, रुपान्तरण गर्न लाग्ने लागत तथा वर्तमान परिस्थिति वा अवस्थासम्म ल्याउन लाग्ने लागतलाई समावेश गर्नुपर्दछ ।
- सहकारी संस्थाले मालशेषको मापन पहिले आउने पहिले जाने पद्धति, पछि आउने पहिले जाने पद्धति वा औसत भारित पद्धतिमा गर्न सक्दछ ।

### (ट) नगद वा नगद सरह

नगद प्रवाह विवरणको सम्बन्धमा नगद वा नगद सरहले हातमा रहेको नगद, डिमान्ड डिपोजिट तथा तत्काल नगदमा परिवर्तन गर्न सकिने अन्य अति तरल अल्पकालीन लगानी पर्दछन् ।

### (ठ) अग्रिम भुक्तानी

यसले भविष्यमा प्राप्त हुने सेवाको लागी गरिएको अग्रिम भुक्तानीलाई जनाउँछ (जस्तै बीमा प्रिमियम, घर भाडा, इन्टरनेट खर्च आदि) । यस्ता

भुक्तानीहरुलाई वित्तीय स्थिति विवरणमा देखाउनु पर्दछ र त्यसलाई उपयोगीताको आधारमा अपलेखन गर्नुपर्दछ ।

### (ड) व्यवस्था तथा भैपरी आउने

यस प्रारुपको अन्य खण्डले व्यवस्थालाई मालशेष वा जायजेथा, प्लान्ट तथा उपकरणको लागतको रुपमा पहिचान गर्न माग नगरेसम्म सहकारीले व्यवस्थालाई वित्तीय स्थिति विवरणमा दायित्वको रुपमा र व्यवस्थाको रकमलाई खर्चको रुपमा लेखाङ्कन गर्नुपर्दछ ।

**प्रारम्भिक मापनः** सहकारीले व्यवस्थालाई प्रतिवेदन मितिमा उक्त व्यवस्था वापतको दायित्वको भुक्तान गर्न आवश्यक पर्ने रकमको उत्तम अनुमानमा मापन गर्नुपर्दछ ।

**क्रमिक मापनः** सहकारीद्धारा जुन खर्चहरुको लागि व्यवस्था गरिएको थियो उक्त व्यवस्था बापत सोही खर्चहरुको मात्र लेखाङ्कन गर्नुपर्दछ ।

सहकारीले प्रत्येक प्रतिवेदन मितिमा व्यवस्थाहरुको समीक्षा गर्नुपर्दछ र प्रतिवेदन मितिमा दायित्वलाई फर्छ्यौट गर्न आवश्यक पर्ने रकमको वर्तमान उत्तम अनुमानलाई प्रतिबिम्बित गर्ने गरी समायोजन गर्नु पर्नेछ । व्यवस्थालाई प्रारम्भमै सम्पत्तिको अंशको लागतको रुपमा लेखाङ्कन गरिएको रकममा भएको कुनै समायोजनलाई सहकारीले नाफा नोक्सान विवरणमा लेखाङ्कन गर्नुपदर्छ । सहकारीले भैपरी आउने सम्पत्तिलाई सम्पतिको रुपमा पहिचान गर्न हुदैंन ।

### (ढ) प्रतिवेदन अवधिको अन्त्य पछिका घटनाहरु

प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु प्रतिविम्वित हुने गरी सहकारी वित्तीय विवरणमा लेखाङ्कित रकमहरुका साथै सम्बन्धित खुलासाहरु पनि समायोजन गर्नुपर्दछ ।

सहकारीले प्रतिवेदन अवधिको अन्त्य पश्चातको समायोजन घटनाहरु देखाउन वित्तिय विवरणमा कुनै समायोजन गर्नुपर्दैन ।

### (ण) तिर्नुपर्ने खर्च

प्रतिवेदन अवधिको अन्त्यमा भुक्तानी गर्न बाँकी रहेका खर्चहरु वित्तीय स्थिति विवरणमा दायित्वको रुपमा देखाउनु पर्दछ ।

भाग ५

# सहकारी संघ/संस्थाको नमूना वित्तय ढाँचा

बित्तीय कारोबार मात्र गर्ने सहकारी संघ/संस्थाको नमूना बित्तीय ढाँचा

| | | | |
|---|---|---|---|
| **.......................... सहकारी संस्था लिमिटेड** | | | |
| **....................................ठेगाना** | | | |
| **बित्तिय स्थितिको बिवरण** | | | |
| **xx आषाढ २०x२ को** | | | |
| **पुँजी तथा दायित्व** | **लेखा टिप्पणी** | **यस आ.ब.को** | **गत आ.ब.को** |
| शेयर पुँजी | १ | | |
| कोष हिसाब | २ | | |
| बचत तथा निक्षेप | ३ | | |
| बाह्य ऋण तथा सापटी | ४ | | |
| पुँजीगत अनुदान | ५ | | |
| चालु दायित्व तथा ब्यवस्था | ६ | | |
| कर दायित्व | ७ | | |
| दिर्घकालिन दायित्व | ८ | | |
| स्थगन कर दायित्व | ९ | | |
| **जम्मा** | | | |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | १० | | |
| बैक मौज्दात | ११ | | |
| लगानी हिसाब | १२ | | |
| कर्जा तथा सापट लगानी | १३ | | |
| चालु सम्पत्ति | १४ | | |
| स्थिर सम्पत्ति | १५ | | |
| अन्य दिर्घकालिन सम्पत्ति | १६ | | |
| स्थगन कर सम्पत्ति | ९ | | |
| **जम्मा** | | | |
| प्रमुख लेखानीति तथा टिप्पणी | | | |

| ..........................सहकारी संस्था लिमिटेड | | | |
|---|---|---|---|
| .............................ठेगाना | | | |
| नाफा \ नोक्सान हिसाबको बिवरण | | | |
| श्रावन १, २०x१ देखि xx आषाढ, २०X२ सम्मको | | | |
| **बिवरण** | **लेखा टिप्पणी** | **यस आ.ब.को** | **गत आ.ब.को** |
| ब्याज आम्दानी | १७ | | |
| ब्याज खर्च | १८ | | |
| **खुद ब्याज आम्दानी /(खर्च)** | | | |
| अन्य सञ्चालन आम्दानी | १९ | | |
| **कुल सञ्चालन आम्दानी** | | | |
| प्रशासनिक खर्च | २१ | | |
| ह्रास कट्टी खर्च | १५ | | |
| **सम्भाबित नोक्सानी ब्यबस्था अघिको सञ्चालन मुनाफा** | | | |
| सम्भाबित नोक्सानी ब्यबस्था | | | |
| **सञ्चालन मुनाफा /(नोक्सान)** | | | |
| गैर सञ्चालन आम्दानी | | | |
| सम्भाबित नोक्सानी ब्यबस्थाबाट फिर्ता | | | |
| **नियमित कारोबार बाट भएको मुनाफा / (नोक्सान)** | | | |
| असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | | | |
| **सम्पूर्ण कारोबार समाबेश पछिको खुद मुनाफा** | | | |
| कर्मचारी बोनस | | | |
| **कर अघिको नाफा /(नोक्सान)** | | | |
| आयकर खर्च | | | |
| यस बर्षको कर ब्यबस्था | ९ | | |
| बिगत बर्षसम्मको कर ब्यबस्था | | | |
| यस बर्षको स्थगन कर आम्दानी/खर्च | | | |
| **खुद नाफा/ (नोक्सान)** | | | |

| **बिवरण** | | **यस आ.ब.को** | **गत आ.ब.को** |
|---|---|---|---|
| **सञ्चालन गतिबिधिबाट नगद प्रवाह** | | | |
| कर पछिको नाफा / (नोक्सान) | | | |
| समायोजनः | | | |
| १.ह्रास कट्टी | (+) | | |
| २. क्षयिकरण खर्च | (+) | | |
| ३.बिभिन्न कोषको समायोजन | (+/-) | | |
| ४. कर भुक्तानी रकम | (-) | | |
| ५. | | | |
| **संञ्चालन गतिबिधिबाट नगद प्रवाह** | | | |
| चालु सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन | | | |
| १. निक्षेप हिसाबमा बृद्धि / (कमि) | | | |
| २. अन्य दायित्वमा तथा ब्यवस्थामा बृद्धि / (कमि) | | | |
| ३. भुक्तानी दायित्वमा बृद्धि / (कमि) | | | |
| ४. लगानीमा (बृद्धि / कमि) | | | |
| ५. चालु सम्पत्तिमा (बृद्धि) / कमि) | | | |
| ६. | | | |
| **कुल कार्यशिल पुँजीबाट नगद प्रवाह** | | | |
| **कुल संचालन गतिबिधिबाट नगद प्रावह (क)** | | | |
| ख) लगानी गतिबिधिबाटको नगद प्रवाह | | | |
| १. स्थिर सम्पत्तिको खरिद | | | |
| २. स्थिर सम्पत्तिको बिक्री | | | |
| ३. | | | |
| **कुल लगानी गतिबिधिबाटको नगद प्रवाह (ख)** | | | |
| बित्तिय गतिबिधिबाट नगद प्रवाह | | | |
| १. शेयर बिक्रिबाट प्राप्त रकम | | | |
| २. बाह्य ऋणमा बृद्धि / (कमि) | | | |
| **कुल बित्तिय गतिबिधिबाट नगद प्रवाह (ग)** | | | |
| कुल गतिबिधिबाट नगद प्रवाह (क+ख+ग) | | | |
| शुरू नगद तथा बैंक मौज्दात | | | |
| **चालु आ.ब. अन्तको नगद तथा बैंक मौज्दात** | | | |

**.......................... सहकारी संस्था लिमिटेड**

**....................ठेगाना**

**ईक्युटीमा भएको परिवर्तनको बिवरण**

**श्रावन १, २०x१ देखि xx आषाढ, २०X२ सम्मको**

| बिवरण | पुँजीकोष | जगेडा कोष | संरक्षित पुँजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांस कोष | कर्मचारी बोनस कोष | घाटापूर्ति कोष | सहकारी शिक्षा कोष | संस्था बिकास कोष | अन्य कोषहरू | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **शुरू मौज्दात** | - | | | | | | | | | | |
| लेखा नीतिमा भएको परिवर्तनको असर | | | | | | | | | | | |
| **परिवर्तित मौज्दात** | - | | | | | | | | | | |
| चुक्तापुँजि थप/ (फिर्ता) | - | | | | | | | | | | |
| सम्पत्तिमा भएका पूनमूल्यांकंन | | | | | | | | | | | |
| कोषबाट भएको भुक्तानी तथा खर्च () | | | | | | | | | | | |
| बिभिन्न कोषको समायोजन | | | | | | | | | | | |
| यस आ.ब.को खुद नाफा बाँडफाँड | | | | | | | | | | | |
| **अन्तिम मौज्दात** | - | | | | | | | | | | |

| ........................सहकारी संस्था लिमिटेड | | | |
|---|---|---|---|
| ............................ठेगाना | | | |
| खुद नाफा \ नोक्सान बाडँफाँडको बिवरण | | | |
| श्रावन १, २०xx देखि xx आषाढ , २०XX सम्मको | | | |
| | | | |
| **बिवरण** | | **यस. आ.ब.को** | **गत आ.ब.को** |
| यत आ.ब.को संचित मुनाफा | | | |
| यस आ.ब.को नाफा/नोक्सान | | | |
| **जम्मा** | क | | |
| **कोषमा बाँडफाँड** | | | |
| साधारण जगेडा कोष | | | |
| सहकारी बिकास कोष | | | |
| पुँजी फिर्ता जगेडा कोष | | | |
| शेयर लाभांस कोष | | | |
| कर्मचारी बोनस कोष | | | |
| घाटा पूर्तिकोष | | | |
| सहकारी प्रवर्द्धन कोष | | | |
| सहकारी शिक्षा कोष | | | |
| स्थगन कर जगेडा | | | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | | |
| अन्य कोषहरू............ | | | |
| **जम्मा** | ख | | |
| खूद संचित मुनाफा | क-ख | | |

एक भन्दा बढी उद्धेशयीय कारोबार गर्ने सहकारी संघ/संस्थाको नमूना बित्तीय बिवरणको ढाचा

| **........................ सहकारी संस्था लिमिटेड** | | | |
|---|---|---|---|
| **..................................ठेगाना** | | | |
| **बित्तिय स्थितिको बिवरण** | | | |
| **xx आषाढ २०x२ को** | | | |
| **पुँजी तथा दायित्व** | **लेखा टिप्पणी** | **यस आ.ब.को** | **गत आ.ब.को** |
| शेयर पुँजी | १ | | |
| कोष हिसाब | २ | | |
| बचत तथा निक्षेप | ३ | | |
| बाह्य ऋण तथा सापटी | ४ | | |
| पुँजीगत अनुदान | ५ | | |
| चालु दायित्व तथा ब्यवस्था | ६ | | |
| कर दायित्व | ७ | | |
| दिर्घकालिन दायित्व | ८ | | |
| स्थगन कर दायित्व | ९ | | |
| **जम्मा** | | | |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | १० | | |
| बैक मौज्दात | ११ | | |
| लगानी हिसाब | १२ | | |
| कर्जा तथा सापट लगानी | १३ | | |
| चालु सम्पत्ति | १४ | | |
| स्थिर सम्पत्ति | १५ | | |
| अन्य दिर्घकालिन सम्पत्ति | १६ | | |
| स्थगन कर सम्पत्ति | ९ | | |
| **जम्मा** | | | |
| प्रमुख लेखानीति तथा टिप्पणी | | | |

| ..........................सहकारी संस्था लिमिटेड | | | |
|---|---|---|---|
| ..............................ठेगाना | | | |
| नाफा \ नोक्सान हिसाबको बिवरण | | | |
| श्रावन १, २०x१ देखि xx आषाढ , २०X२ सम्मको | | | |
| **बिवरण** | **लेखा टिप्पणी** | **यस आ.ब.को** | **गत आ.ब.को** |
| **क. बित्तीय कारोबारबाट आम्दानी/(खर्च)** | | | |
| ब्याज आम्दानी | १७ | | |
| ब्याज खर्च | १८ | | |
| **बित्तीय कारोबार बाट खुद आम्दानी/(खर्च)** | | | |
| **ख. उत्पादन सम्बन्धित कारोबारबाट आम्दानी** | | | |
| बिक्रीबाट आम्दानी | १९ | | |
| व्यापारिक छूट दिएका | २० | | |
| **बिक्रीबाट खुद आम्दानी** | | | |
| बिक्री गरिएका वस्तुको लागत | २१ | | |
| **उत्पादन कारोबारबाट खुद आम्दानी/(खर्च)** | | | |
| **ग. उपभोक्ता सम्बन्धी कारोबारबाट आम्दानी** | | | |
| बिक्रीबाट आम्दानी | २२ | | |
| व्यापारिक छूट दिएका | २३ | | |
| **बिक्रीबाट खुद आम्दानी** | | | |
| बिक्री गरिएका वस्तुको लागत | २४ | | |
| **उपभोक्ता सम्बन्धी कारोबारबाट खुद आम्दानी/(खर्च)** | | | |
| **घ. श्रमिक सेवा सम्बन्धी कारोबारबाट आम्दानी** | | | |
| सेवा/बस्तु बिक्रीबाट आम्दानी | २५ | | |
| बिक्रिमा दिएको व्यापारिक छूट | २६ | | |
| **बिक्रीबाट खुद आम्दानी** | | | |
| बिक्री गरिएका सेवा/बस्तुको लागत | २७ | | |
| **श्रमिक सम्बन्धी कारोबारबाट खुद आम्दानी/(खर्च)** | | | |
| **सम्पूर्ण उद्धेश्य बाट प्राप्त कुल बचत/(नोक्सान) (क+ख+ग+घ)** | | | |
| अन्य आम्दानी | २८ | | |
| बैंक तथा बित्तिय संस्थाबाट प्राप्त ब्याज | २९ | | |
| **कुल सञ्चालन आम्दानी** | | | |
| प्रशासनिक खर्च | | | |

| | | | |
|---|---|---|---|
| ह्रास कट्टी खर्च | | | |
| **सम्भाबित नोक्सानी ब्यबस्था अघिको सञ्चालन मुनाफा** | | | |
| सम्भाबित नोक्सानी ब्यबस्था | | | |
| **सञ्चालन मुनाफा /(नोक्सान)** | | | |
| गैर सञ्चालन आम्दानी | | | |
| सम्भाबित नोक्सानी ब्यबस्थाबाट फिर्ता | | | |
| **नियमित कारोबार बाट भएको मुनाफा / (नोक्सान)** | | | |
| असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | | | |
| **सम्पूर्ण कारोबार समाबेश पछिको खुद मुनाफा** | | | |
| कर्मचारी बोनस | | | |
| **कर अघिको नाफा /(नोक्सान)** | | | |
| आयकर खर्च | | | |
| यस बर्षको कर ब्यबस्था | | | |
| बिगत बर्षसम्मको कर ब्यबस्था | | | |
| यस बर्षको स्थगन कर आम्दानी/खर्च | | | |
| **खुद नाफा/ (नोक्सान)** | | | |

| .......................... सहकारी संस्था लिमिटेड | | | |
|---|---|---|---|
| नगद प्रावह बिवरण | | | |
| श्रावन १, २०x१ देखि xx आषाढ , २०X२ सम्मको | | | |
| **बिवरण** | | **यस आ.ब.को** | **गत आ.ब.को** |
| **सञ्चालन गतिबिधिबाट नगद प्रवाह** | | | |
| कर पछिको नाफा / (नोक्सान) | | | |
| समायोजनः | | | |
| १.ह्रास कट्टी | (+) | | |
| २. क्षयिकरण खर्च | (+) | | |
| ३.बिभिन्न कोषको समायोजन | (+/-) | | |
| ४. कर भुक्तानी रकम | (-) | | |
| ५. | | | |
| **संञ्चालन गतिबिधिबाट नगद प्रवाह** | | | |
| चालु सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन | | | |
| १. निक्षेप हिसाबमा बृद्धि / (कमि) | | | |
| २. अन्य दायित्वमा तथा ब्यवस्थामा बृद्धि / (कमि) | | | |
| ३. भुक्तानी दायित्वमा बृद्धि / (कमि) | | | |
| ४. लगानीमा (बृद्धि / कमि) | | | |
| ५. चालु सम्पत्तिमा (बृद्धि) / कमि) | | | |
| ६. | | | |
| **कुल कार्यशिल पुँजीबाट नगद प्रवाह** | | | |
| **कुल संचालन गतिबिधिबाट नगद प्रावह (क)** | | | |
| **ख) लगानी गतिबिधिबाटको नगद प्रवाह** | | | |
| १. स्थिर सम्पत्तिको खरिद | | | |
| २. स्थिर सम्पत्तिको बिक्री | | | |
| ३. | | | |
| **कुल लगानी गतिबिधिबाटको नगद प्रवाह (ख)** | | | |
| **बित्तिय गतिबिधिबाट नगद प्रवाह** | | | |
| १. शेयर बिक्रिबाट प्राप्त रकम | | | |
| २. बाह्य ऋणमा बृद्धि / (कमि) | | | |
| ३. | | | |
| **कुल बित्तिय गतिबिधिबाट नगद प्रवाह (ग)** | | | |
| कुल गतिबिधिबाट नगद प्रवाह (क+ख+ग) | | | |
| शुरू नगद तथा बैंक मौज्दात | | | |
| **चालु आ.ब. अन्तको नगद तथा बैंक मौज्दात** | | | |

| ........................ सहकारी संस्था लिमिटेड | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ..................ठेगाना | | | | | | | | | | | |
| ईक्युटीमा भएको परिवर्तनको बिवरण | | | | | | | | | | | |
| श्रावन १, २०x१ देखि xx आषाढ , २०X२ सम्मको | | | | | | | | | | | |
| बिवरण | पुँजीकोष | जगेडा कोष | संरक्षित पुँजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांस कोष | कर्मचारी बोनस कोष | घाटापूर्ति कोष | सहकारी शिक्षा कोष | संस्था बिकास कोष | अन्य कोषहरू | जम्मा |
| शुरू मौज्दात | - | | | | | | | | | | |
| लेखा नीतिमा भएको परिवर्तनको असर | | | | | | | | | | | |
| परिवर्तित मौज्दात | - | | | | | | | | | | |
| चुक्तापुँजि थप/ (फिर्ता) | - | | | | | | | | | | |
| सम्पत्तिमा भएका पूनमूल्यांकंन | | | | | | | | | | | |
| कोषबाट भएको भुक्तानी तथा खर्च () | | | | | | | | | | | |
| बिभिन्न कोषको समायोजन | | | | | | | | | | | |
| यस आ.ब.को खुद नाफा बाँडफाँड | | | | | | | | | | | |
| **अन्तिम मौज्दात** | - | | | | | | | | | | |

| ..........................सहकारी संस्था लिमिटेड | | | |
|---|---|---|---|
| ..............................ठेगाना | | | |
| **खुद नाफा \ नोक्सान बाडँफाँडको बिवरण** | | | |
| **श्रावन १, २०xx देखि xx आषाढ , २०XX सम्मको** | | | |
| | | | |
| **बिवरण** | | **यस. आ.ब.को** | **गत आ.ब.को** |
| यत आ.ब.को संचित मुनाफा | | | |
| यस आ.ब.को नाफा/नोक्सान | | | |
| **जम्मा** | क | | |
| **कोषमा बाँडफाँड** | | | |
| साधारण जगेडा कोष | | | |
| सहकारी बिकास कोष | | | |
| पुँजी फिर्ता जगेडा कोष | | | |
| शेयर लाभांस कोष | | | |
| कर्मचारी बोनस कोष | | | |
| घाटा पूर्तिकोष | | | |
| सहकारी प्रवर्द्धन कोष | | | |
| सहकारी शिक्षा कोष | | | |
| स्थगन कर जगेडा | | | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | | |
| अन्य कोषहरू............. | | | |
| **जम्मा** | ख | | |
| खूद संचित मुनाफा | क-ख | | |